# परिच्छेद १
# परिचय

## १.१ अवधारणा तथा विकास

सहकारी संस्था संयुक्त स्वामित्व तथा लोकतान्त्रिक रूपमा आफ्ना साझा आर्थिक, सामाजिक र सांस्कृतिक आवश्यकता एवं आकांक्षा परिपूर्ति गर्न स्वेच्छिक रूपमा एकजुट हुने व्यक्तिहरूको स्वायत्त संगठन हो। सहकारितामा आत्मनिर्भरता, स्व-उत्तरदायित्व, लोकतन्त्र, समानता, सामाजिक न्याय र ऐक्यबद्धता जस्ता मूल्य मान्यताहरूलाई आधारभूत रूपमा अंगीकार गरिएको हुन्छ। यस्तै सहकारी संस्थाका सदस्यहरूले इमानदारिता, खुलापन, सामाजिक दायित्व, अरू प्रतिको संवेदनशीलता एवम् सकारात्मक चासो राख्ने जस्ता नैतिक मूल्यहरूमा विश्वास राखी सोही अनुसारको आचारण आत्मसाथ गरेका हुन्छन्। सहकारीको मूल्यमान्यतालाई व्यवहारमा उतार्न निम्नबमोजिमका सातवटा मार्गदर्शक सिद्धान्तहरूलाई अघि सारिएको छ :

- स्वेच्छिक तथा खुल्ला सदस्यता,
- सदस्यहरूद्धारा प्रजातान्त्रिक नियन्त्रण,
- सदस्यहरूको आर्थिक सहभागिता,
- स्वायत्तता एवं आत्मनिर्भरता,
- शिक्षा, तालिम र सूचना,
- सहकारी-सहकारीबीच सहकार्य,
- समुदाय प्रति चासो।

उपर्युक्त बमोजिमका सात सिद्धान्तहरु मध्ये जब एउटालाई बेवास्ता गरिन्छ सबै अपूर्ण हुन्छन्। सहकारितालाई कुनै एउटा मात्र सिद्धान्तका आधारमा निर्क्योल गर्न सकिँदैन। सहकारितालाई सम्पूर्णतामा हेरिनु पर्दछ। सहकारिताले स्वावलम्बन र सक्षमतालाई बढावा दिँदै आर्थिक तथा सामाजिक रूपान्तरणमा सघाउ पुऱ्याउनेछ। विश्वका कतिपय राष्ट्रहरूको आर्थिक तथा सामाजिक उत्थानमा सहकारी आन्दोलनले महत्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ। सहकारितालाई राष्ट्रको आर्थिक तथा सामाजिक

लक्ष्यसँग आबद्ध गरी उल्लेख्य उपलब्धि हासिल गर्न सक्षम भएका मुलुकहरू प्रशस्त रहेका छन् । निर्दिष्ट साझा उद्देश्यहरू हासिल गर्नका लागि व्यक्तिहरू मिलेर सहकारीको संरचनालाई परिचालित गर्नु नै सहकारिताको मूल मान्यता हो । सहकारी आन्दोलन युरोपमा डेढ सय वर्षअघि सुरु भएको हो भने दक्षिण एसियामा एक सय वर्ष अघि र नेपालमा पचास वर्ष अघि थालनी भएको पाइन्छ । छरिएको पुँजी, सीप र श्रमलाई एकत्रित गरी सामूहिक उपलब्धि हासिल गर्नमा सहकारिताले ठोस योगदान पुऱ्याउनेछ । **"सबैका लागि एक र एकका लागि सबै"** भन्ने नारा नै सहकारी आन्दोलनको मूल मन्त्र हो ।

नेपालमा वि.स.२०१० सालमा सहकारी विभागको स्थापनापछि सहकारी क्षेत्रको विकास आरम्भ भएको हो । २०१३ साल चैत्र २० गते पहिलो सहकारी संस्थाको रूपमा चितवन जिल्लामा बखान बहुउद्धेश्यीय सहकारी संस्था दर्ता भएको थियो । वि.स.२०१६ सालमा पहिलो पटक ऐनको निर्माण भए देखि सहकारीतालाई बैधानिकता दिएको देखिन्छ । सहकारी क्षेत्रको विकासका लागि २०४८ साल अघि पनि प्रयासहरू गरिएको थियो तथापि सहकारी सिद्धान्त अनुकूल प्रजातान्त्रिक वातावरणको अभावमा सहकारीका उद्यम ब्यवसायको प्रवर्द्धन हुने अवस्था भने थिएन । तत्कालीन पञ्चायती शासन कालमा सहकारी संस्थाको रूपमा राज्य स्वयंको व्यवस्थापनमा साझा संस्थाहरूको स्थापना गरियो । तर प्रत्यक्ष जनसहभागिताको अभावको कारणले यी प्रयासहरु दिगो हुन सकेनन् ।

२०४६ सालको राजनीतिक परिवर्तन पश्चात् सहकारिताको सिद्धान्त, मूल्य र मान्यताहरूलाई दृष्टिगत गरेर सहकारी ऐन, २०४८ लागू गरियो जसबाट सहकारी संस्थाहरूको संख्यात्मक वृद्धिमा ठूलो सघाउ पुग्न गएको छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३५ (२) मा "सरकार, सहकारी र निजी क्षेत्रको माध्यमबाट मुलुकको अर्थतन्त्रको विकास गर्ने नीति राज्यले अवलम्बन गर्नेछ" भन्ने प्रावधान उल्लेख गरिएबाट नेपालमा पहिलो पटक संविधानमा नै सहकारितालाई मान्यता दिएर सहकारी क्षेत्रको विकासलाई स्पष्ट दिशानिर्देश गर्नेतर्फ पहल भएको छ । यसका साथै हाल नेपालमा सहकारी संघ संस्थाहरूको सञ्जाल देशव्यापी रूपमा विस्तार भएको छ । हाल मुलुकमा ३१ हजार भन्दा बढी प्रारम्भिक सहकारी

संस्थाहरू, १८ वटा विषयगत केन्द्रीय संघहरू, १ वटा राष्ट्रिय सहकारी बैंक, १ वटा राष्ट्रिय सहकारी संघ, ६९ वटा जिल्ला सहकारी संघ र २४१ वटा विषयगत जिल्ला सहकारी संघहरू क्रियाशील रहेका छन्। यी संघसंस्थाहरूमा करिब ४५ लाख सदस्यहरू आबद्ध रहेका छन्। कुल सदस्यहरूमध्ये महिला सहभागिता ४४ प्रतिशत रहेको छ। नेपालमा महिलाहरूद्वारा मात्र सञ्चालित ३६०० भन्दा बढी सहकारी संस्थाहरू क्रियाशील छन्। जिल्लागत सहकारी संस्थाहरूको विवरण अनुसची-१ मा दिइएको छ। सहकारी क्षेत्रबाट वार्षिक करिब रु. ३ खर्बको आर्थिक कारोबार हुने गरेको अनुमान गरिएको छ। कुल वित्तीय कारोबारमा सहकारीको हिस्सा १८ प्रतिशत भन्दा बढी रहेको छ। सहकारी संस्थाहरूको कुल शेयर पुँजी रु. ३९ अर्ब, संकलित बचत निक्षेप रकम रु. १६३ अर्ब र लगानी रु. १५८ अर्ब रहेको छ। सहकारी क्षेत्रले मुलुकको कुल गार्हस्थ उत्पादनमा ३ प्रतिशत योगदान पुऱ्याएको अनुमान छ। सहकारी संघ संस्थाहरूमा ५३ हजारभन्दा बढी नेपाली नागरिकले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन्। महिला, आदिवासी/जनजाति, दलित, मधेसी, मुस्लिमलगायत पिछडिएको वर्ग र क्षेत्रका समुदायको सहकारीमा पहुँच बढ्न गएकोले जनसहभागितामा समेत उल्लेखनीय वृद्धि भएको छ। राज्य र निजी स्तरको पहुँच नपुगेका क्षेत्र तथा समुदायमा समेत सहकारिताको माध्यमबाट उद्यमशीलताको विकास हुन थालेको छ।

सहकारी संस्थाहरूको दर्ता खारेजी, अनुगमन, मुल्यांकन र प्रशिक्षणका लागि ३८ जिल्लामा सहकारी विभाग अन्तर्गतका निकायहरू स्थापना गरिएका छन्। यसैगरी सहकारी आन्दोलनमा सघाउ पुऱ्याउन संयोजनकारी भूमिका निर्वाह गर्ने गरी विशेष ऐन अन्तर्गत वि.सं. २०४९ मा राष्ट्रिय सहकारी विकास बोर्डको स्थापना भएको छ। सहकारी संस्थाहरूलाई सहज रूपमा वित्तीय सघाउ पुऱ्याउन २०६० सालमा राष्ट्रिय सहकारी बैंकको स्थापना समेत गरिएको छ। यसैगरी सहकारी ऐनमा उल्लेखित प्रावधान बमोजिम जिल्ला, केन्द्रीय तथा राष्ट्रियस्तरका सहकारी संघहरू रहने व्यवस्थाले सहकारी आन्दोलनलाई अघि बढाउनमा सघाउ पुग्ने अपेक्षा गरिएको छ।

उपर्युक्त बमोजिमका सकारात्मक पक्षहरूको बाबजुद नेपालको सहकारी क्षेत्रले अपेक्षाकृत प्रगति हासिल गर्न नसकेको भनाइलाई नकार्न सकिने स्थिति छैन। यसको मुख्य कारणहरूमा सहकारी क्षेत्रले मुलुकको आर्थिक स्थितिमा उल्लेख्य योगदान गर्न नसक्नु र सहकारी संस्थाहरूमा आबद्ध अधिकांश मानिसहरूको आर्थिक स्थितिमा सुधार हुन नसक्नुलाई लिन सकिन्छ।

## १.२ चुनौती तथा समस्याहरू

नेपालमा सहकारी क्षेत्रको विकासको विगत पाँच दशकभन्दा बढी अवधिमा भए गरेका प्रयासहरूको बाबजुद सहकारी क्षेत्रको अपेक्षित विकास हुन सकेको छैन। विभिन्न चुनौती तथा समस्याहरू विद्यमान रहेबाट सहकारी क्षेत्रको विकासमा अवरोधहरू देखा परिरहेका छन्। आवधिक योजनाहरू र सहकारी सम्बन्धी विभिन्न प्रकाशन तथा प्रतिवेदनहरूको अध्ययन विश्लेषण गर्दा सहकारी क्षेत्रको विकासतर्फ हाल विद्यमान प्रमुख विभिन्न चुनौती तथा समस्याहरू निम्नबमोजिम देखिएका छन् :

- दीर्घकालिन सोच सहितको दीर्घकालीन सहकारी योजना तर्जुमा हुन सकेको छैन,
- सहकारी संस्थाहरूको नियमन तथा अनुगमनका लागि आचारसंहितामा परिमार्जन हुन सकेको छैन,
- सहकारी क्षेत्रको संरचनात्मक र सङ्गठनात्मक व्यवस्था अपर्याप्त एवं अप्रभावकारी रहेको छ,
- औपचारिक सहकारी शिक्षा, तालिम तथा व्यवस्थित सहकारी एवं सचना प्रणाली र सूचना सम्प्रेषणको कमी रहेको छ,
- सहकारी संघसंस्थाहरूमा व्यावसायिक नेतृत्व विकास, व्यावसायिक क्षमता एवं पुँजीको अभाव रहनुका साथै सहकारी संघसंस्थाहरूबीच आपसी सहयोगको कमी रहेको छ,
- बचत तथा ऋण सहकारी संस्थाहरूको नियमन तथा निरीक्षणका लागि समुचित संस्थागत व्यवस्था हुन सकेको छैन,

- सहकारी संस्थाहरूमा सहकारीको मल्य, मान्यता तथा सिद्धान्तको पालना हुन नसकेको अनुभव गरिएको छ,
- सहकारीसम्बन्धी शिक्षा, सचना र तालिमको अपर्याप्तताले सहकारी संस्थाहरूको व्यवस्थापकीय ज्ञान र दक्षता सुदृढ हुन सकेको छैन,
- सहकारी संस्थाहरूको संस्थागत विकासमा सघाउ पुग्ने गरी सहकारी विभाग र मातहतमा कार्यालयहरूको कार्यक्षमतामा अपेक्षित सुधार हुन सकेको छैन ।

## १.३ विद्यमान अवसरहरू

विद्यमान स्थितिमा सहकारी क्षेत्रले विभिन्न बाधा अवरोधहरूको सामना गर्नुपरे तापनि यस क्षेत्रमा विभिन्न अवसरहरू विद्यमान रहेका छन् । नेपालको सहकारी क्षेत्रमा विद्यमान अवसरहरूबारे आवधिक योजना तथा अन्य सम्बद्ध दस्तावेजहरूलाई अध्ययन गर्दा निम्नबमोजिमका अवसरहरू विद्यमान रहेको पाइन्छ :

- अन्तरिम संविधानले लोककल्याणकारी आर्थिक विकासको नीति अवलम्बन गर्ने क्रममा सहकारी क्षेत्रको भमिकालाई महत्व दिएको छ,
- राज्यद्वारा सहकारी क्षेत्रलाई राष्ट्रिय विकासका तीन स्तम्भमध्ये एक सबल स्तम्भको रूपमा हेरिएको छ,
- सहकारी विभागको सङ्गठन सञ्जाल हाल ३८ जिल्लामा रहेको छ,
- सहकारी संघहरूको जिल्लादेखि राष्ट्रियस्तरसम्मको सञ्जाल विकास भइसकेको छ,
- सहकारी आन्दोलनलाई अघि बढाउन संयोजनकारी भमिका निर्वाह गर्ने गरी विशेष ऐन अन्तर्गत राष्ट्रिय सहकारी विकास बोर्ड गठन गरिएको छ,
- सहकारी संस्थालाई आवश्यक पर्ने वित्तीय सहयोग सहजता एवं सरलताका साथ उपलब्ध गराउन राष्ट्रिय सहकारी विकास बैंक सञ्चालनमा ल्याइएको छ,

- सहकारिताको विकासका लागि ग्रामीण तथा सहरी क्षेत्रमा स-साना बचत परिचालनका सम्भावनाहरू, लघु उद्यम कर्जाका लागि पर्याप्त माग र आर्थिक एवं सांस्कृतिक सशक्तीकरणका सम्भावनाहरू विद्यमान रहेका छन्,
- उत्पादन, प्रशोधन, बजार व्यवस्था, स्वास्थ्य, शिक्षा, विज्ञान प्रविधि, यातायात, सञ्चार, विद्युत्, आवास, बिमा आदिजस्ता क्षेत्रहरूमा सहकारीमार्फत लगानी गर्नमा आकर्षण बढेको छ,
- कृषक, वन उपभोक्ता, जल उपभोक्ता र महिला समहहरू सहकारीप्रति आकर्षित हुनु र महिलाद्वारा सञ्चालित सहकारी संस्थाको संख्यामा वृद्धि हुनु पनि सहकारी क्षेत्रका लागि सकारात्मक रहेको छ ।

## १.४ नेपालमा सहकारीताको संस्थागत विकास :

नेपाली समाजमा सहकारीताको इतिहास धेरै पुरानो छ । हाम्रो पूर्वीय समाजमा सहकारी सम्वन्धी गतिविधिहरु धेरै अगाडि देखि संचालन हुँदै आएका थिए । तत्कालीन अवस्थामा नेपाली समाजमा धर्मभकारी, ढिकुटी, पर्म, किपट तथा गुठीको रुपमा संचालित पुर्व सहकारीका स्वरुपहरु ज्यादै प्रचलित थिए । यिनै पुर्व सहकारीहरुलाई परिमार्जन र विकास गर्दै सहकारी प्रणालीलाई आर्थिक तथा सामाजिक विकासको आधारको रुपमा विकास गर्ने र ग्रामिण विकासको उपयुक्त र प्रभावकारी माध्यमको रुपमा उपयोग गर्ने प्रयासलाई संस्थागत गर्ने क्रममा वि.सं. २०१० सालमा तत्कालीन योजना, विकास तथा कृषि मन्त्रालय अर्न्तगत सहकारी विभागको स्थापना भएको थियो ।

सहकारी क्षेत्रको नियमन, नियन्त्रण र संचालनको लागि कानुनी ब्यवस्थापन गर्न सर्वप्रथम २०११ सालमा सहकारी समितिको वील-२०११ तयार गरी सल्लाहकार सभामा पेश भएको थियो । संसदको उपस्थिति नहुदा उक्त वील स्वीकृत हुन नसक्दा कार्यान्वयनमा आउन सकेन । त्यस अवस्थामा सहकारी पद्धतिको विकासको लागि तत्कालीन सरकारले कार्यकारी आदेश जारी गरी चितवन जिल्लामा वि.सं. २०१३ चैत्र २० गते पहिलो पटक **वखान बहुउद्देश्यीय सहकारी संस्था** लगायत २० वटा सहकारी संस्थाहरुको गठन गर्ने काम भयो । मुलुकमा प्रथम पंचबर्षीय योजना (२०१३-२०१८) लागु भई उक्त अवधिमा ४५०

सहकारी संस्थाहरु गठन गर्ने लक्ष्य निर्धारण भयो । यसरी सहकारी प्रणालीलाई संस्थागत गर्ने क्रममा सहकारी संस्था ऐन- २०१६ र सहकारी नियमहरु– २०१८, जारी भई लागु गरियो । तत्कालीन राजनीतिक प्रणालीसंग सुसंगत हुने किसिमले साझा संस्था ऐन, २०४१ र साझा संस्था नियमावली, २०४३ जारी गरी लागु गरियो । वि.स. २०४६ सालको राजनीतिक परिवर्तन पछि मात्र अन्तर्राष्ट्रिय सहकारी सिद्धान्त संग तादम्यता कायम हुने गरी सहकारी ऐन, २०४८ र सहकारी नियमावली, २०४९ जारी गरी लागु गरे पश्चात सहकारी संघ संस्थाहरु स्वतःस्फुर्त रुपमा गठन र संचालन हुने पद्धतिको थालनी हुने वातावरणको सृजना हुन पुग्यो । हाल सहकारी विभागले सहकारी संघ/संस्थाहरुको दर्ता, नियमन, तालीम तथा प्रवर्द्धन लगायतका कार्यहरु गर्दै आएकोछ ।

## १.५ नेपालमा सहकारीताको विकास संबन्धमा भएका नीतिगत व्यवस्थाहरुः

नेपालमा सर्वप्रथम वि.स.२०१० सालमा योजना विकास तथा कृषि मन्त्रालयको मातहतमा सहकारी विभागको स्थापना भएको थियो । वि.सं.२०१३ सालमा तत्कालिन सरकारको कार्यकारी आदेशमा चितवन जिल्लामा बखान बहुउद्धेश्यीय सहकारी संस्था समेतका २० वटा प्रारम्भिक सहकारी संस्थाहरु स्थापना भएका थिए । तत्कालिन अवस्थामा बाढी पिडित कृषकहरुलाई पुनर्वास गराउने र कृषि ऋणको ब्यवस्था गरी राहत उपलब्ध गराउने उद्देश्यले चितवन जिल्लामा खोलिएका सहकारी संस्थाहरुको कामवाट शिक्षा लिएर नेपाल सरकार द्वारा मुलुक भर सहकारी संस्थाहरु खोल्ने लक्ष्य निर्धारण गरियो । यसै सिलशिलामा संस्थागत कानुनी ब्यवस्था गर्न पहिलो पटक सहकारी संस्था ऐन, २०१६ जारी गरी लागु गरियो । यस ऐनको प्रभावकारी कार्यान्वयन गर्न सहकारी नियमहरु,२०१८ समेत जारी भयो । उल्लेखित ऐन नियमको परिधि भीत्र सरकारी निर्देशन र नियन्त्रणमा तत्कालिन अवस्थामा गठन भएका सहकारी संघ-संस्थाहरुले कृषि ब्यवसायको विकास र कृषि बजारको प्रवर्द्धनको लागि महत्वपुर्ण कामको थालनी गर्न पुगेको देखिन्छ । विशेष गरी कृषि समाग्रीहरुको आपुर्तीमा सुनिश्चितता गर्न र आवश्यक कृषि ऋणको ब्यवस्थावाट उत्पादन र उत्पादकत्व बृद्धि गरी आम कृषकहरुको जीवनस्तरमा सुधार ल्याउने उद्देश्यले सहकारी संघ संस्थाहरुको स्थापना भएको देखिन्छ । सहकारीताको संस्थागत विकास गर्न विभिन्न समयमा भएका नीतिगत र कानुनी प्रयासलाई निम्नानुसार

प्रस्तुत गर्न सकिन्छ :

१. नेपालमा सर्वप्रथम वि.स. २०१० सालमा योजना विकास तथा कृषि मन्त्रालयको मातहतमा सहकारी विभागको स्थापना भएको थियो
२. वि.स.२०१३ मा सहकारी संस्था गठनको लागि सरकार द्धारा कार्यकारी आदेश जारी गरी चितवन जिल्लामा १३ वटा प्रारम्भिक सहकारी संस्थाहरु गठन,
३. वि.स.२०१५ मा सहकारी विभाग अन्तरगत ग्राम विकास ब्लकको प्रशासनिक नियन्त्रणमा कर्मचारीहरु खटाई सहकारी प्रवर्द्धनका कार्यहरुको थालनी
४. वि.स.२०१६ मा सहकारी संस्था ऐन, २०१६ जारी
५. वि.स.२०१७ मा सहकारी विकास कोषको स्थापना
६. वि.स.२०१८ मा सहकारी नियमहरु २०१८ जारी, साझा संस्था लिमिटेडको स्थापना गरी साझा यातायात, साझा प्रकाशन, साझा भण्डार,साझा स्वास्थ्य र साझा पसलको स्थापना गरिएको, सहकारी संस्था ऐन,२०१६ मा प्रथम संसोधन गरिएको
७. वि.स.२०१९ मा केन्द्रीय सहकारी प्रशिक्षण केन्द्रको स्थापना भएको, सहकारी बैक ऐन जारी भएको र सहकारी विभाग पंचायत मन्त्रालयको मातहतमा सारिएको
८. वि.स.२०२० मा सहकारी बैकको स्थापना, ग्राम विकास ब्लकलाई पंचायतमा परिणत गरी जिल्ला पंचायतमा सहकारी शाखा राखिएको
९. वि.स.२०२१ मा सहकारी विभागको कार्यक्षेत्र भीत्र रहेका कर्मचारीहरु भुमिसुधार कार्यक्रममा खटाइएको,
१०. वि.स.२०२३ मा सहकारी विभागलाई भुमिसुधार कृषि तथा खाद्य मन्त्रालयमा राखी सहकारी विभागमा काम गर्ने कर्मचारीहरुलाई भुमिसुधार कार्यक्रममा लगाइएको
११. वि.स.२०२४ मा सहकारी बैकलाई कृषि विकास बैकमा गाभिएको तथा गाउ फर्क राष्टिय अभियानको कार्यक्रममा सहकारीलाई समाबेश गरिएको
१२. वि.स.२०२५ मा सहकारी विभागवाट हुदै आएको संस्था दर्ता तथा संचालन सम्वन्धी काम भुमिसुधार विभागलाई सुम्पिएको
१३. वि.स.२०२६ मा सहकारी विभागलाई भुमिसुधार मन्त्रालय अन्तरगत राखीएको, भक्तपुर जिल्लामा भुमिसुधार कार्यक्रमवाट संकलित अनिवार्य बचत सहकारी संस्थाको सेयरको रुपमा हस्तान्तरण गरिएको, सहकारी

संस्था दर्ता तथा संचालन सम्वन्धी काम भुमिसुधार विभागवाट पुन सहकारी विभागमा फिर्ता भएको, सहकारी खरिद बिकी तथा ऋण संघ जिल्ला साझा संघमा परिणत भएको

१४. वि.स.२०२७ मा सहकारी संस्था ऐन,२०१६ मा दोश्रो संसोधन गरिएको, सहकारी संस्थाको ब्यवस्थापनको जिम्मेवारी कृषि विकास बैकलाई दिएको, केन्द्र तथा जिल्ला स्तरमा सहकारी सुदृढीकरण समितिको ब्यवस्था गरिएको

१५. वि.स.२०३३ मा साझा कार्यकम अन्तरगत ३० जिल्लाका हरेक गा.वि.स.मा बहुमुखि साझा संस्थाको स्थापना, साझा कार्यकम मार्फत जनसंख्या शिक्षाको थालनी, कृषि सहकारीहरुको विकासमा एकिकृत अवधारण विषयक अन्तरराष्ट्रिय गोष्टीको आयोजना, केन्द्रीय साझा विकास समितिको ब्यवस्था, सहकारी नियमहरु २०१८ मा दोश्रो संसोधन, अनिवार्य बचत साझा संस्थाको सेयरको रुपमा परिणत गरियो,

१६. वि.स.२०३४ मा साझा संस्था प्रशासन तथा आर्थिक नियम २०३४ को ब्यवस्था भएको,

१७. वि.स.२०३५ मा साझा संस्थाको ब्यवस्थापनको जिम्मेवारी कृषि विकास बैकवाट पुन संचालक समितिमा फिर्ता, साझा कार्यकमको गुणात्मक विकासको लागि साझा संस्थाहरुको एकिकरण कार्यकमको संचालन, साझा संघ संस्थाको आर्थिक तथा प्रशासनिक नियम २०३५ को ब्यवस्था,

१८. वि.स.२०३७ मा नेपालको संविधान २०१९ को दोश्रो संसोधन गरी राज्यको निर्देशक सिद्धान्तमा तालाई आर्थिक मेरुदण्डको रुपमा समाबेश गरिएको, साझा संघ संस्थाको आर्थिक तथा प्रशासनिक नियम २०३७ को ब्यवस्था,

१९. वि.स.२०४१ मा सहकारी संस्था ऐन, २०१६ खारेज गरि साझा संस्था ऐन, २०४१ जारी,

२०. वि.स.२०४२ मा सहकारी विभागको नाम परिवर्तन गरि साझा विकास विभाग राखे पछि सबिकको सहकारी प्रशिक्षण केन्द्र, क्षेत्रीय सहकारी कार्यालय र जिल्ला सहकारी कार्यालयको नाम कमशःसाझा विकास प्रशिक्षण केन्द्र, क्षेत्रीय साझा विकास कार्यालय र साझा विकास शाखा राखियो,

२१. वि.स.२०४३ मा साझा संस्था नियमहरु २०४३ जारी, राष्ट्रिय साझा गोष्टीको आयोजना,

२२. वि.स.२०४४ मा साझा विकास विभाग कृषि मन्त्रालयमा समावेश, उच्चस्तरीय साझा विकास केन्द्रीय समन्वय समितिको गठन,

२३. वि.स.२०४५ मा अनिवार्य बचत बचतकर्तालाई फिर्ता दिने घोषणा, १७ सदस्यीय राष्ट्रिय सहकारी महासंघ परामर्श समितिको गठन र प्रतिवेदन प्रस्तुत,

२४. वि.स.२०४६ मा राष्ट्रिय साझा संगठनको लागि तदर्थ समिति गठन,

२५. वि.स.२०४७ मा ७ सदस्यीय राष्ट्रिय सहकारी महासंघ परामर्श समितिको गठन र प्रतिवेदन प्रस्तुत, राष्ट्रिय सहकारी विकास गोष्टीको आयोजना

२६. वि.स.२०४८ मा साझा केन्द्रीय कार्य समितिको विघटन, ११ सदस्यीय राष्ट्रिय सहकारी विकास बोर्डको गठन, साझा संस्था ऐन, २०४१ खारेज गरी सहकारी ऐन २०४८ जारी,

२७. वि.स.२०४९ मा सहकारी नियमावली जारी, साझा विकास विभागको नाम परिवर्तन भै सहकारी विभाग रहन गयो

२८. वि.स. २०५० मा राष्ट्रिय सहकारी संघ, केन्द्रीय बचत तथा ऋण सहकारी संघ, केन्द्रीय उपभोक्ता सहकारी संघ र केन्द्रीय दुग्ध उत्पादक सहकारी संघको गठन, सहकारी सुदृढीकरण उच्चस्तरीय समिति गठन र प्रतिवेदन प्रस्तुत,

२९. वि.स. २०५७ मा सहकारी ऐन २०४८ मा संसोधन, सहकारी सुधार सुझाव समिति गठन र प्रतिवेदन प्रस्तुत,

३०. वि.स.२०५८ मा सहकारी ऐन २०४८ अन्तरगत राट्रिय सहकारी बैंक लि.दर्ता भई कार्यक्रम संचालन ।

३१. वि.स.२०६१ मा सहकारी विभागको संरचना परिवर्तन, ६८ जिल्लामा रहेका सहकारी कार्यालयको संख्या कटौती गरी ३८ जिल्लामा डिभिजन सहकारी कार्यालय स्थापना ।

३२. सहकारी विभागवाट मिति २०६४।७।२१ मा सहकारी संघ संस्थाको नियमन निर्देशिका जारी ।

३३. सहकारी नियमन निर्देशिका परिमार्जन गरी सहकारी संघ संस्थाको दर्ता तथा नियमन सम्वन्धी मापदण्ड २०६५ जारी ।

३४. सहकारी नियमन निर्देशिका परिमार्जन गरी सहकारी संघ संस्थाको दर्ता तथा नियमन सम्वन्धी मापदण्ड २०६६ जारी ।

३५. २०६७ सालमा सहकारी संघ संस्थाको दर्ता तथा नियमन सम्वन्धी मापदण्ड २०६५ मा परिमर्जन ।

३६. सहकारी संघ संस्थाको दर्ता, संचालन, लेखापरीक्षण, अनुगमन तथा नियमन सम्वन्धी मापदण्ड २०६८ जारी ।

३७. २०६९ साल जेष्ठमा सहकारी क्षेत्रको लागि छुट्टै सहकारी तथा गरिबी निवारण मन्त्रालयको स्थापना भएको ।

३८. नेपाल सरकारबाट राष्ट्रिय सहकारी नीति, २०६९ स्वीकृत गरी जारी भएको ।

## १.६ सरकार र सहकारी क्षेत्र वीचको समन्वय

१. **सहकारी तथा गरिवी निवारण मन्त्रालय-** सहकारी क्षेत्रको नीति निर्माण, प्रवर्द्धन, विकास, बिस्तार तथा सरकार र सहकारी क्षेत्रबीचको समन्वयकारी भुमिका निर्वाह गर्ने निकाय ।

२. **राष्ट्रिय सहकारी विकास वोर्ड-**सहकारी क्षेत्रको नीति निश्लेषण, प्रवर्द्धन, विकास, बिस्तार र आवश्यकता अनुसार परामर्श र कानुनी सहयोग ।

३. **सहकारी विभाग-** सहकारी ऐन, २०४८ सहकारी नियमावली २०४९ र अन्य सम्वन्धित नियमहरुको कार्यान्वयन निकाय । कानुनतः सहकारी क्षेत्रको नियमनकारी निकाय हो सहकारी विभाग ।

४. सहकारी विभाग अन्तरगत केन्द्रीय सहकारी प्रशिक्षण केन्द्र-१, सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय-५ र डिभिजन सहकारी कार्यालय-३३ रहेका छन । केन्द्रीय सहकारी प्रशिक्षण केन्द्रबाट विशेषगरी प्रशिक्षक प्रशिक्षण र व्यवसायिक प्रकृतिका अधिकृतस्तरीय प्रशिक्षण कार्यक्रम संचालन हुदै आएका छन् ।

५. सहकारी विभाग र यस अन्तरगत सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय-५ र डिभिजन सहकारी कार्यालय-३३ वाट विभिन्न सहकारी संस्था तथा संघहरुको दर्ता, नियमन, तालीम र अनुगमन निरीक्षणको व्यवस्था हुँदै आएको छ ।

६. नेपालमा सहकारिताका आधारभुत र नैतिक मुल्य तथा अन्तर्राष्ट्रिय सहकारी सिद्धान्त अनुसार सहकारी संघ संस्थाहरुको स्थापना र संचालन गराउने जिम्मेवारी सहकारी विभागको हो ।

७. सहकारी ऐन, २०४८ वमोजिम सहकारी संघ संस्थाहरुको छाता संगठनकोरुपमा राष्ट्रिय सहकारी संघ लि.को गठन र संचालन भएको छ ।

८. सहकारी संघ संस्थाहरुको एक मात्र बैंक- राष्ट्रिय सहकारी संघ लि.को स्थापना र संचालन हुदै आएको छ ।

९. विभिन्न विषयगत संघ संस्थाहरुको ब्यवसायिक विकासमा सहयोग गर्नको लागि केन्द्रीय सहकारी संघहरुको गठन र संचालन हुदै आएको छ ।

### १.७ सहकारी ऐन २०४८ का मुख्य विशेषताहरु :

सहकारी संघ संस्थाहरुको गठन, नियमन र संचालनको लागि व्यवस्था गर्न सहकारी ऐन, २०४८ जारी भएको थियो । सहकारी ऐन, २०४८ जारी गर्ने समयमा १००० भन्दा कम संख्यामा रहेका सहकारी संस्थाहरु दुई दशकको अन्तरालमा बृद्धि भएर करिब ३१,५०७ भएका छन । यो ऐन अत्यन्त सरल तथा उदार रहेको छ । यसका मुख्य मुख्य विशेषताहरु यस प्रकार रहेका छन :

१. सरल दर्ता प्रकृया
२. कानुनी र संगठित व्यक्तित्व
३. सदस्यहरु बीच समानता
४. निर्वाचित संचालक समितिको व्यवस्था
५. स्वायत्त संस्था
६. स्वेच्छिक सदस्यता
७. स्वनियन्त्रित संयन्त्र
८. सहकारी आन्दोलनको संघीय स्वरुप
९. सदस्यहरुको सिमित दायित्व
१०. सहकारी उद्यम व्यवसायको व्यापक क्षेत्र
११. सहकारी संघ/संस्थालाई छुट सुविधा

## १.८ तेह्रौं योजना (२०७०/७१-२०७२/७३) मा सहकारी क्षेत्रः

### १. पृष्ठभुमि

नेपालको अन्तरिम संविधान २०६३ को धारा ३५ (२) ले "सरकार, सहकारी र निजी क्षेत्रको माध्यमबाट मुलुकमा अर्थतन्त्रको विकास गर्ने" भन्ने नीतिगत व्यवस्था गरेको छ । मुलुकको अर्थतन्त्रको विकासमा टेवा पुऱ्याउने विभिन्न उत्पादन क्षेत्रहरूमध्ये सहकारी क्षेत्र पनि पर्दछ सहकारी क्षेत्रलाई योजनाबद्ध रूपमा उत्पादन, बजारीकरण र सेवा प्रवाहमा संलग्न गराउनुपर्ने देखिन्छ । समुदायमा छरिएर रहेको श्रम, सीप, प्रविधि र पुँजीलाई एकत्रित गरी उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धिबाट राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउन तथा सदस्यहरूको आर्थिक तथा सामाजिक रूपान्तरण गरी सम्वृद्ध समाजको निर्माण गर्न सहकारी क्षेत्रको विकास, विस्तार र प्रवर्द्धन गरिनेछ । यसै पृष्ठभुमिमा सहकारी क्षेत्र सम्बन्धी योजना तर्जुमा गर्नुपर्ने देखिएको छ ।

### २. अद्यावधिक स्थिति

सहकारी क्षेत्रको विस्तारका लागि भएका प्रयासहरूले गर्दा आर्थिक वर्ष २०६९/७० को अन्त्य सम्ममा करिव २६,५०० प्रारम्भिक तहका सहकारी संस्था, ६६ जिल्ला सहकारी सङ्घ, १५७ विषयगत जिल्ला सहकारी सङ्घ, १७ वटा विषयगत केन्द्रीय सङ्घ, एउटा राष्ट्रिय सहकारी बैंक र सबैभन्दा माथिल्लो तहमा एक राष्ट्रिय सहकारी सङ्घ गरी जम्मा २४२ वटा जिल्ला, केन्द्रीय तथा राष्ट्रिय सहकारी संघहरू रहेका छन्। सहकारीमा ४० लाख भन्दा बढी व्यक्ति सदस्य रहेका छन् । महिला सहभागिता ४२ प्रतिशत रहेको, सहकारीको व्यवस्थापनमा महिलाको पहुँच २२ प्रतिशत पुगेको र महिलामात्र सदस्य रही सञ्चालित सहकारी २,६०० पुगेको स्थिति छ । कुल गार्हस्थ उत्पादनमा सहकारी क्षेत्रको योगदान ३ प्रतिशत पुगेको अनुमान छ भने ५० हजारभन्दा बढीलाई प्रत्यक्ष र ७ लाख भन्दा बढी लाई अप्रत्यक्ष रोजगारीको अवसर जुटेको छ । शहरी क्षेत्रमा सहकारीको बाहुल्य रहे पनि सबै जिल्लामा सहकारी संस्थाको विस्तार भएको छ । सहकारी विभागबाट मापदण्डका आधारमा सहकारी सङ्घसंस्थाको अनुगमन र नियमन गर्ने प्रणाली शुरूवात भएको छ । सहकारी क्षेत्रको विकास, विस्तार र प्रवर्द्धनका लागि सहकारी तथा गरिबी निवारण मन्त्रालयको स्थापना भएको छ ।

## ३. समस्या तथा चुनौतीहरू

सहकारी ऐन नियममा समय सापेक्ष परिमार्जन हुन नसक्नु, आर्थिक आयामका धेरै क्षेत्रमा सहकारी पद्धतिको व्यवसायलाई प्रोत्साहन गर्ने नीतिको अभाव हुनु, आमनागरिकमा सहकारीको उपयोग र उपादेयताका बारेमा पर्याप्त जानकारी नहुनु र उत्पादनशील क्षेत्रमा सहकारीको योगदान बढाउन नसकिनु जस्ता समस्या छन् । सहकारी क्षेत्रको सुशासनको अवस्था सन्तोषजनक छैन । आफ्ना सदस्यहरूको हितमा काम गर्नुपर्ने कतिपय सहकारी संस्थाले सदस्यहरूको भन्दा सीमित तथा सम्भ्रान्त समुहको हितमा काम गर्ने प्रवृत्तिले समग्र सहकारी क्षेत्रको विकास र विश्वासमा आघात पुगेको छ । त्यसैगरी उत्पादनशील क्षेत्रमा कार्य गरी सदस्यहरूलाई आत्मनिर्भर बनाउने भन्दा सेवा व्यापारमा केन्द्रित हुन गएकाले यस क्षेत्रबाट अपेक्षित रोजगारीका अवसरहरू समेत सृजना गर्न नसकिएको अवस्था छ । सहकारी विभागको संस्थागत सुदृढीकरण हुन नसकेको र सबै जिल्लामा सहकारी कार्यालय नभएकोले सहकारीसम्बन्धी सेवा उपलब्धतामा कठिनाई परेको छ । बचत तथा ऋणको कारोबार गर्ने सहकारी सङ्घसंस्थाका लागि समयसापेक्ष कानुनी व्यवस्था एवं अनुगमनको प्रभावकारी संरचनाको कमी भएबाट सहकारी मार्फत् हुने वित्तीय कारोबारलाई व्यवस्थित र भरपर्दो बनाउन सकिएको छैन ।

**४. दीर्घकालीन सोच :** सहकारिताको माध्यमबाट स्थानीय स्रोत, श्रम, सीप र पुँजीको अधिकतम परिचालन गर्ने ।

## ५. उद्देश्य

- सहकारीमा आधारित उद्योग व्यवसायको विकास र विस्तार गरी मुलुकको दिगो र समतामुलक आर्थिक तथा सामाजिक विकासमा योगदान पुऱ्याउने ।
- सहकारीको सिद्धान्त र मुल्यहरूको प्रवर्द्धन गर्दै सहकारीको व्यवस्थापनका विधि र प्रक्रियामा सुधार गरी सुशासन कायम गर्ने ।

## ६. रणनीति

- सहकारी सङ्घसंस्थाको संस्थागत विकास र सहकारीसम्बन्धी जनचेतना विस्तारमा टेवा पुऱ्याउने ।
- उत्पादन तथा सेवामा आधारित अन्य व्यवसायमा पनि सहकारी पद्धतिलाई क्रियाशील तुल्याउने ।
- महिला, गरिब, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, भुमिहीन तथा पिछडिएका वर्ग र श्रमिकको जीवनस्तरमा सुधार ल्याउन सहकारी पद्धतिको व्यवसायमा पहुँच बढाउने ।
- अनुगमन तथा नियमनलाई प्रभावकारी बनाई सहकारी क्षेत्रमा सुशासन कायम गर्ने ।

- सहकारी क्षेत्रको विकास, विस्तार र प्रवर्द्धनको लागि स्थानीय निकाय र विकास साझेदारको सहयोग समेत परिचालन गर्ने ।
- सहकारी क्षेत्रको विकासका लागि आवश्यक कानुनी व्यवस्था, दीर्घकालीन रणनीतिक योजनाको तर्जुमा एवं उपयुक्त सङ्गठन संरचनाको निर्माण गर्ने ।

७. **कार्यनीति**

- सहकारीसम्बन्धी औपचारिक र अनौपचारिक शिक्षाको प्रवर्द्धन गरिनेछ ।
- सहकारी व्यवस्थापनको दक्षता अभिवृद्धिका लागि तालिमलाई अनिवार्य गरिंदै लगिनेछ ।
- सुचना प्रविधिको उपयोग गरी सहकारी सुचना प्रणालीलाई प्रभावकारी बनाइनेछ ।
- सहकारी माध्यमबाट सबै किसिम र स्तरका उद्योग व्यवसाय स्थापना गर्न सकिने गरी क्षेत्रगत नीति, कानुन र संरचनामा परिमार्जन गरिनेछ ।
- कृषि उत्पादन, भण्डारण, प्रशोधन, बजारीकरण तथा कृषि सामग्री आपुर्तिको लागि कृषकको सहभागितामा स्थापना गरिएको सहकारी उद्योग व्यवसायलाई प्रोत्साहन गरिनेछ ।
- सहकारीमा आबद्ध विपन्न महिला, सीमान्तकृत गरिब, अपाङ्गता भएका व्यक्ति, भुमिहीन तथा पिछडिएको समुदाय र श्रमिकलाई स्वरोजगारमुलक उद्योग तथा व्यवसाय स्थापना गर्न आवश्यक पर्ने पुँजी र सीपमुलक तालिम उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।
- ग्रामीण तहमा उत्पादन तथा उपभोक्ता सहकारीलाई विभिन्न महशुलमा छुट सुविधा उपलब्ध गराउने व्यवस्था गरिनेछ ।
- सहकारी उद्योग व्यवसायको विकास र विस्तारका लागि पुँजी माथिको पहुँच पुऱ्याउन सहकारी विकास कोषमार्फत् सहुलियतपुर्ण ऋण तथा अनुदान उपलब्ध गराउने व्यवस्था गरिनेछ ।
- सदस्यको योगदानमा आधारित निक्षेप सुरक्षण कोषको व्यवस्था गरी निक्षेप सुरक्षाको व्यवस्था मिलाइनेछ ।
- वित्तीय सहकारीको व्यवस्थापनलाई प्रभावकारी र अनुशासित बनाउन सम्बन्धित केन्द्रीय सङ्घहरूमा स्थिरीकरण कोषको व्यवस्था गरिनेछ ।
- विषय र भौगोलिक निकटताका आधारमा “एक सदस्य एक सहकारी” को नीतिमार्फत्अस्वस्थ प्रतिस्पर्धा न्युन गरिनेछ । लागत लाभ र सुदृढ व्यवस्थापनका लागि सहकारी संस्थाको एकीकरणको कार्यलाई प्रोत्साहन गरिनेछ ।
- सहकारीताको प्रवर्द्धनका कार्यमा स्थानीय तहमा सरकारी तथा स्थानीय निकाय र सहकारी सङ्घसंस्था बीचमा सहकार्य र समन्वयको वातावरण बनाउन प्रभावकारी संयन्त्रको विकास गरिनेछ ।
- सहकारी क्षेत्रको विकास, विस्तार र प्रवर्द्धनका लागि दीर्घकालीन रणनीतिक योजना तर्जुमा गरिनेछ ।

- कृषि सहकारीको उत्पादनलाई बजारीकरण गर्न सघाउ पुऱ्याउन विभिन्न स्थानमा सहकारी बजार केन्द्रको विकास गरिनेछ ।
- सहकारीमा आबद्ध कृषकलाई सहुलियत कर्जाको लागि कृषि सहकारी संस्थाको स्वामित्वमा रहेको साना किसान विकास बैंक मार्फत् न्युन पुँजी परिचालनमा सहयोग उपलब्ध गराइनेछ ।
- बचत तथा ऋणको कारोबार गर्ने सहकारी बैंक र सङ्घसंस्थालाई व्यवस्थित रूपमा सञ्चालन गर्न ऐन नियमको तर्जुमा गरिनेछ ।
- सहकारी मैत्री कर प्रणालीको विकास गरिनेछ ।

## ८. मुख्य कार्यक्रमहरू

- **ऐन नियममा सुधार**: सहकारी ऐन नियमहरूमा समसामयिक सुधार, राष्ट्रिय सहकारी वैंक ऐनको तर्जुमा तथा राष्ट्रिय सहकारी विकास वोर्ड ऐनमा आवश्यक परिमार्जन गरिनेछ ।
- **संस्थागत सुधारः** सहकारी कार्यालय नभएका जिल्लाहरूमा क्रमशः सहकारी कार्यालयको स्थापना, सहकारी विभाग र अर्न्तगतका कार्यालयहरूको संगठन र व्यवस्थापन सर्भेक्षण, साझा यातायात, साझा प्रकाशन, साझा पसल, साझा भण्डारलाई पुर्ण रूपमा सहकारीकरण, सहकारी बचत सुरक्षण कोष र सहकारी ऋण सुरक्षण कोषको स्थापना तथा सञ्चालनको व्यवस्था गरिनेछ ।
- **सहकारी सुशासनः** सहकारी संस्थाहरू विशेषतः वित्तीय कारोवार गर्ने सहकारी संस्थाहरूको सघन अनुगमन गरी वित्तीय अनुशासन कायम, सहकारी क्षेत्रबाट गरिने लगानीको यथार्थता र पारदर्शिता कायम गर्न सहकारी कर्जा सुचना केन्द्र स्थापना, सहकारी लेखांकन तथा लेखापरिक्षण मापदण्ड तयारीका साथै सहकारी संघसंस्थामा नियमन, सुशासन र पारदर्शिता कायम गरिनेछ ।
- **पुँजीगत अनुदानः** लक्षित वर्ग र समुहका बीच गठन हुने सहकारी संघ संस्थाहरूको दिगो विकास र व्यावसायिक विस्तारका लागि बीउ पुँजी प्रदान, सहकारी मार्फत् कृषि एवं पशुजन्य र साना उद्योगको स्थापना तथा विकासको लागि पुँजीगत अनुदान, ग्रामीण तथा विपन्न समुदायमा सहकारी व्यवसाय सञ्चालनका लागि आवश्यक पर्ने पुँजी वाणिज्य बैंक तथा वित्तीय संस्थाहरूवाट कर्जा लगानी गर्ने संयन्त्रको विकास र पशु तथा बाली बीमा सेवा सञ्चालन जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- **क्षमता अभिवृद्धिः** राष्ट्रिय सहकारी संघ र केन्द्रीय सहकारी संघहरूको क्षमता अभिवृद्धिको लागि विभिन्न कार्यक्रमहरू सञ्चालन, सहकारी तालिम सञ्चालन पद्धतिमा सुधार, सहकारी सुचनाको उपयोगमा सर्वसाधारणको पहुँच विस्तारको लागि केन्द्रीय सहकारी

सुचना इकाईको निर्माण, सहकारी पद्धतिका विकास र विस्तारका लागि विभिन्न तहको शैक्षिक पाठ्यक्रममा समावेश र सुचना, शिक्षा तथा सञ्चार सामग्री आदि प्रकाशन गरिनेछ ।

- **विविधः** गरिव घरपरिवारको पहिचानको लागि परिचय पत्र वितरण, सरकार-सहकारी र निजी क्षेत्रको लागत साझेदारीमा विभिन्न उद्योग सञ्चालन, सहकारी मार्फत् गरिबी निवारण सम्बन्धी लक्षित कार्यक्रमहरू सञ्चालन गरी रोजगारी सृजना तथा ग्रामीण युवा स्वरोजगार कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

## ९. अपेक्षित उपलब्धिहरूः

सहकारीको उपादेयताको वारेमा जनचेतना वृद्धि भएको हुने, सहकारी क्षेत्रमा तालिम प्राप्त जनशक्तिका सङ्ख्यामा वृद्धि भएको हुने, नियमन कार्य प्रभावकारी र व्यवस्थापनमा सुधार आई सहकारी क्षेत्रमा सुशासन कायम भएको हुने, सहकारी क्षेत्रमा प्रत्यक्ष रोजगार र स्वरोजगारीको सङ्ख्यामा वृद्धि भएको हुने र महिला, दलित, गरिब एवं पछि परेको समुदायका व्यक्तिको जीवनस्तरमा सुधार ल्याउन योगदान पुगेको हुनेछ । साथै २०६९/७० मा केन्द्र र जिल्लास्तरका सहकारीहरूको संख्या २४२ रहेकोमा ३३० पुगेको हुने, प्रारम्भिक सहकारीहरूको संख्या २६,५०० बाट ३५,००० पुगेको हुने र सहकारीमा आबद्ध संख्या ४० लाखबाट बढेर ५० लाख पुगेको हुनेछ । यसैगरी यस क्षेत्रमा सेयर पुँजी ४५ अर्ब, वचत संकलन १७० अर्ब र ऋण लगानी १७० अर्ब पुगेको हुनेछ ।

# परिच्छेद–२

# सहकारी विभागको प्रशासनिक संरचना एवं संगठनात्मक ढांचाः

## २.१ प्रशासन र संगठन सम्वन्धी पृष्ठभमि

वि.सं. २०१० सालमा सहकारी विभागको स्थापना भएको थियो । सहकारी विभागको संगठन संरचना पनि समय समयमा परिवर्तन भै आएको छ । सहकारी विभागलाई विगतमा केलाएर हेर्दा यसका कर्मचारीहरुलाई बहुमखी विकास योजना, साझा संस्था लि., निर्देशित ग्राम विकास समिति, समन्वयात्मक कृषि विकास कार्यक्रम, अनिवार्य बचत, जनसंख्या शिक्षा, साना किसान संस्था, सहकारी संगठनको नीतिगत आधार, संगठन स्वरुप/ढांचा यसको परिचालन प्रणाली, सहकारी आन्दोलनको कार्यक्रम तयार गर्ने र केन्द्र देखि ग्रामीण तह सम्मको संगठन खडा गर्ने सम्मका कार्यमा संलग्न गरिंदै आएको छ ।

सहकारी ऐन २०४८ तथा सहकारी नियमावली, २०४९ लागु भए पछि विगतका सहकारी ऐन, नियम बमोजिम सरकारी नियन्त्रणमा संचालन भैरहेको सहकारी संस्थाहरु स्वशासित एवं, स्वायत्तताको अवधारणा अनुरुप संचालन हुन पुगे । तर समय सापेक्ष समायोजन नभएबाट जिल्लामा सहकारी कार्यालयहरुको उपादेयता एवं प्रभाव कम आंकलन भएको महशुस हुन गयो । यद्यपी सहकारी संस्थाहरु उल्लेखीय रुपमा गठन गई संचालनमा आएका छन् र लाखौं जनताहरुबाट करौडौंको वचत रकम सहकारी संस्थामा निक्षेपमा रहन गएबाट अनुगमन, सुपरिवेक्षण, तालीम व्यवस्थापन, परामर्श लगायतका कार्यमा सरकारी स्तरबाट सहयोग पुऱ्याउनु पर्ने दायरा झन फराकिलो हुंदै गएको छ ।

सहकारी विभागको प्रशासनिक संगठन संरचना पुनरावलोकन गर्ने सन्दर्भमा वेला वेलामा गोष्ठी, अन्तरक्रिया छलफल भै रहेको पाईन्छ । वि.सं. २०५१ मा सहकारी विभाग अन्तर्गत सांगठनिक संरचनामा सुधार विषयक एक अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको थियो । जसमा कर्मचारी दरवन्दी र कार्यालय संख्या सम्बन्धी कार्यमा सरकारमा पेश भएको थियो । वि.सं. २०५३ सालमा कृषि आयोजना सेवा केन्द्रबाट Study on the Structural and Legal Aspects Relating to Department of Cooperatives नामक अध्ययन प्रतिवेदन तयार पारी त्यसमा प्रशासनिक संगठन, पदीय विवरण, कार्यालय रहने स्थान निर्धारण गरिएको थियो । कृषि मंत्रालयबाट सहकारीताको दिशामा तथा

विभागीय संरचना सम्बन्धी प्रतिवेदन २०५४ मा सहकारीता सान्दर्भिकता, सहकारी क्षेत्रका चुनौतीहरुलाई स्पष्ट रुपमा उजागर गर्दै सहकारी विभाग र अन्तर्गत कार्यालयहरुले नियमन कार्य गर्ने, घुम्ती तालीम संचालन सुचना तथा तथ्यांक संकलन गर्ने कार्य तोकिएको थियो ।

वि.सं.२०५७ मा सामान्य प्रशासन मंत्रालयबाट प्रशासनिक सुधार मार्फत आर्थिक मितव्ययिता ल्याउन कार्यवोझ कम भएका कार्यालयहरुलाई हटाउने कार्यक्रम सञ्चालनमा ल्याइएको थियो । वि.सं. २०५७ पौषमा सम्पन्न भएको राष्ट्रिय सहकारी कार्यशाला गोष्ठीबाट नेपालमा सहकारीताको विकासलाई समय सापेक्ष रुपमा गति प्रदान गर्न महत्वपुर्ण सुझाव प्रस्तुत गरिएको थियो । सार्वजनिक खर्च पुनरावलोकन आयोगले जिल्ला स्थित सहकारी कार्यालयहरु खारेज गर्ने र सहकारी संघ संस्था उद्योग दर्ता लगायतका कार्यका लागि जिल्ला राजिष्ट्रारको कार्यालय स्थापना गर्ने सुझाव दिएको थियो । यस किसिमबाट सहकारी विभागको प्रशासनिक संगठन संरचना पुनरावलोकन गर्ने प्रयास हुंदै आएकोमा २०६१।१।१ देखी सहकारी विभागको वर्तमान संगठन संरचना लागु हुंदै आएको छ ।

नेपालमा सहकारी संघ/संस्थाहरुको प्रवर्द्धन र दिगो विकासको लागि सरकारी स्तरबाट समेत प्रभावकारी भुमिका निर्वाह गर्न अत्यन्त आवश्यक भएकोले स्थानीय र केन्द्रीय स्तरमा प्रशासनिक संगठन जरुरी देखिएको छ । यसका लागि सहकारी विभाग, तालीम केन्द्रहरु र जिल्ला स्थित कार्यालयहरु कायम राख्नु जरुरी देखिएको छ । सहकारी कार्यालयहरुलाई जिल्लामा कायम राख्दा सहकारी संस्थाहरुको स्थापना र प्रभावकारीतालाई ध्यान दिईएकोछ ।

वर्तमान संगठन संरचना प्रारम्भ हुनु अगाडि सहकारी विभाग अन्तर्गत १ सहकारी प्रशिक्षण केन्द्र र ६८ जिल्लामा जिल्ला सहकारी कार्यालयहरु थिए । वि.सं. २०६१।१।१ देखि लागु भएको वर्तमान संगठन संरचनामा विभाग, एक केन्द्रिय सहकारी प्रशिक्षण केन्द्र, पांच विकास क्षेत्रमा एक एक वटा सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय र ३३ जिल्लामा डिभिजन सहकारी कार्यालयहरु रहेका छन् । हाल कायम रहेका कार्यालयहरुमा राजपत्रांकित प्रथम श्रेणी देखि श्रेणी विहिन कर्मचारीहरुको समेत जम्मा ५९४ दरवन्दी रहेको छ । निजामति ऐन, २०४९ का तेश्रो संशोधन, २०७० पश्चात निश्चित समयावधी सेवा गर्ने कर्मचारीहरुलाई बढुवा समायोजन गर्दा सहकारी विभागको कर्मचारी दरबन्दीमा केही परिवर्तन भएको भएतापनि विभाग र अन्तरगतका कार्यालयको कुल दरबन्दी संख्या ५९४ मा कुनै परिवर्तन गरिएको छैन ।

**२.२ कार्यालयगत दरवन्दी विवरण :** सहकारी विभाग र अन्तरगतका केन्द्रीय सहकारी प्रशिक्षण केन्द्र, स.प्र.डि.का. (५) र डिभिजन सहकारी कार्यालयहरुको बर्तमान दरबन्दी विवरण निम्नानुसार कायम रहेको छ :

| कार्यालय (दरवन्दी निकाय) | दरवन्दी संख्या |
|---|---|
| क) सहकारी विभाग | ३५ |
| ख) केन्द्रीय सहकारी प्रशिक्षण केन्द्र | २० |
| ग) सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय सुनसरी र कास्की (२ x १८) | ३६ |
| घ) सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय, चितवन र बाँके (२ X १९) | ३८ |
| ङ) सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय, कैलाली | १७ |
| च) डिभिजन सहकारी कार्यालय, काठमाडौं | १७ |
| छ) डिभिजन सहकारी कार्यालय, ललितपुर र काभ्रे (२X१६) | ३२ |
| ज) डिभिजन सहकारी कार्यालय, सर्लाही र बारा (२ x १५) | ३० |
| झ) डिभिजन सहकारी कार्यालय- (मोर्‍ङ, रुपन्देही, झापा, सिराहा, धनुषा, तनँहु, नुवाकोट, पर्सा, मकवानपुर, सुर्खेत र दाङ्ग (११ x १४) | १५४ |
| ञ) डिभिजन सहकारी कार्यालय-बाग्लुङ्क, कपिलवस्तु, दोलखा, धादिङ्क, जुम्ला, रौतहट, भक्तपुर कंचनपुर, बर्दिया,बैतडी, र डोटी (११ x १३) | १४३ |
| ट) डिभिजन सहकारी कार्यालय, धनकुटा, उदयपुर, स्याङ्जा, पाल्पा, इलाम र नवलपसार (६ x १२) | ७२ |
| **जम्मा दरवन्दी :-** | **५९४** |

## २.३ स्वीकृत दरबन्दी :

सहकारी विभाग र अर्न्तगतका कुल ४० कार्यालयहरुमा विभिन्न श्रेणी र समुहका कुल ५९४ जना कर्मचारीहरुको दरवन्दी रहेको छ। कर्मचारीहरुको श्रेणीगत विवरण निम्नानुसार रहेको छ :

| क.सं | पदनाम | सेवा/श्रेणी | विभाग | के.स.प्र. केन्द्र | स.प्र.डि.का ५ | डि.स.का. ३३ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | रजिष्ट्रार | रा.प.प्र. | १ | – | | – | १ |
| २ | वरिष्ठ कृषि अर्थविज्ञ | रा.प.द्वि. | १ | – | | – | १ |
| ३ | उप रजिष्ट्रार | रा.प.द्वि. | २ | – | | | २ |
| ४ | प्राचार्य | ,, | – | १ | ५ | – | ६ |
| ५ | उप सचिव लेखा | ,, | १ | – | | – | १ |
| ६ | वरिष्ठ सहकारी अधिकृत | ,, | – | – | – | ४ | ४ |
| ७ | शाखा अधिकृत | रा.प.तृ. | ७ | – | – | – | ७ |
| | सहकारी प्रशिक्षक | ,, | – | ५ | १४ | – | १९ |
| ८ | सहकारी अधिकृत | ,, | – | – | | ३५ | ३५ |
| ९ | लेखा अधिकृत | ,, (लेखा) | १ | १ | ५ | – | ७ |
| १० | कानून अधिकृत | ,, (कानून) | १ | – | | – | १ |
| ११ | कृषि प्रशिक्षक | ,, (कृषि) | – | १ | | – | १ |
| १२ | कम्प्यूटर अधिकृत | ,, (विविध) | १ | – | | – | १ |
| १३ | सहकारी निरीक्षक | रा.प.अनं.प्र | – | – | २३ | १२९ | १५२ |
| १४ | ना.सू. | ,, | ६ | २ | – | – | ८ |
| १५ | कम्प्यूटर अप्रेटर | ,, (विविध) | ३ | २ | ५ | १ | ११ |
| १६ | लेखापाल | ,, (लेखा) | | | | १२ | १२ |
| १७ | स.स.नि./खरिदार | रा.प.अनं.द्वि. | १ | – | १४ | ११६ | १३१ |
| १८ | स.ले.पा. | ,, (लेखा) | १ | – | | २१ | २२ |
| १९ | स.कम्प्यूटर | रा.प.अनं.द्वि. | २ | | | १६ | १८ |
| २० | टाईपिष्ट | वेग अनूसार | | १ | | १४ | १५ |
| २१ | ड्राइभर | श्रेणी विहिन | २ | २ | ५ | १ | १० |
| २२ | पियन | ,, | ५ | ५ | २० | ९९ | १२९ |
| कूल जम्मा | | | ३५ | २० | ९१ | ४४८ | ५९४ |

**२.४ सहकारी विभागको संगठनात्मक ढांचा :**



## २.५ सहकारी विभाग र अन्तरगतका कार्यालयहरुको स्वीकृत दरबन्दी र पद पुर्तिको विवरण (२०७१ साल असार मसान्त सम्म)

| क्र.स | पद तथा श्रेणी | दरबन्दी | पदपुर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|
| १. | सहसचिव (रा.प.प्रथम) | १ | १ | ० | |
| २. | उप सचिव वा सो सरह (रँ.प.द्धितिय) | १४ | ११ | ३ | |
| ३. | शाखा अधिकृत वा सो सरह (रा.प.तृतीय) | ७१ | ६१ | १० | |
| ४. | ना.सू. वा सो सरह (रा.प.अन.प्रथम) | १८८ | १६० | २८ | |
| ५. | खरीदार वा सो सरह (रा.प.अन.द्धितिय) | १८१ | १३८ | ४३ | |
| ६. | श्रेणी विहिन | १३९ | १३९ | ० | |
| | जम्मा | ५९४ | ५१० | ८४ | |

## २.६ सहकारी विभागवाट संचालन हुने क्रियाकलापहरु :

१. सहकारी सम्बन्धी सुचना प्रणालीको विकास, विस्तार र प्रयोग,
२. सहकारी प्रणालीको विकास र यसको योगदान सम्वन्धी अध्ययन/अनुसन्धान,
३. सहकारी संघ संस्थाहरुको अनुगमन निरीक्षण तथा कार्य सम्पादन मुल्याङ्कन,
४. संस्थागत विकास तथा सुशासनको लागि सहकारी शिक्षा, सुचना र संचार
५. सहकारी कानुनमा समसामयिक सुधार, सहकारी संघ संस्था संचालन मापदण्ड तथा निर्देशिकाको तयारी
६. संस्थागत सुदृढीकरण अन्तरगत सार्वजनिक सम्पतिको संरक्षण, तालीम हल तथा छात्रावास र कार्यालय भवन निर्माण,
७. समुह जागरण मार्फत सहकारीकरण, नयां संघ संस्था दर्ता र निष्कृय संघ संस्था विगटन र लिक्वीडेशन,
८. सहकारी अभियानका सम्वद्ध निकाय एवं संघ/संस्थाहरुको क्षमता अभिवृद्धिको लागि तालीम तथा प्रशिक्षण कार्यक्रम,
९. सहकारी अभियानका सम्वद्ध निकायहरुमा संस्थागत प्रतिनिधित्व,
१०. अनुगमन, निरीक्षण र अन्य नियमन सम्वन्धी कार्य ।

# परिच्छेद–३
# सहकारी संघ सस्थाहरुको संख्यात्मक विवरण :

## ३.१ सहकारी संघ संस्थाको पृष्ठभुमी :

सहकारी ऐन २०४८ जारी हुनु अगाडि मुलुक भर ८३० प्रारम्भिक सहकारी संस्थाहरु संचालनमा रहेका थिए । यो ऐन जारी हुनु अगाडि सहकारी संस्थाहरु कानुनतः सरकार द्वारा संचालित र निर्देशित थिए । वि.सं.२०४७ मा मुलुकमा प्रजातन्त्रको पुनस्थापना पछि जारी सहकारी ऐन २०४८ ले अन्तरराष्ट्रिय सहकारी सिद्धान्त र मुल्य मान्यताहरुको सुनिश्चितता गरेको हुदा सहकारी संघ संस्थाहरुले स्वतन्त्रता र स्वायत्तताको उपयोग गर्ने अवसर प्राप्त गरेवाट क्रमशः सहकारी संघ संस्थाहरुको संख्यामा बृद्धि हुदै गएको देखिन्छ । आ.ब. २०७०-७१ को अन्त्य सम्म सहकारी सस्थाहरुको संख्या ३११७७ पुगेको छ भने संघहरुको संख्या ३३० समेत जम्मा ३१५०७ पुगेको छ ।

## ३.२ सहकारी संघ संस्थाहरुको संख्यात्मक विकासक्रम :

| आ. ब. | सहकारी संस्थाहरुको संख्या | सहकारी संघहरुको संख्या |
|---|---|---|
| २०५४-५५ | ४३४९ | ८२ |
| २०५५-५६ | ४८६० | ८३ |
| २०५६-५७ | ५६७१ | ९७ |
| २०५७-५८ | ६४८४ | NA |
| २०५८-५९ | ७०७४ | NA |
| २०५९-६० | ७४४५ | NA |
| २०६०-६१ | ७५९८ | ११७ |
| २०६१-६२ | ८०४५ | १२१ |
| २०६२-६३ | ८५३० | १२९ |
| २०६३-६४ | ९७२० | १३९ |
| २०६४-६५ | ११३०२ | १४१ |
| २०६५-६६ | १५८१३ | १७१ |
| २०६६/६७ | २०१०२ | २०४ |

| | | |
|---|---|---|
| २०६७/६८ | २३३०१ | २३८ |
| २०६८/६९ | २६५०० | २५८ |
| २०६९/७० | २९५२६ | ३०४ |
| २०७०/७१ | ३११७७ | ३३० |

## ३.३ सहकारी संघ संस्थाहरुको एकिकृत सङ्ख्यात्मक विवरण :

(२०७१ आषाढ मसान्त सम्म)

| क्र.सं. | सहकारी संस्थाको किसिम | संख्या | कैफियत |
|---|---|---|---|
| १ | प्रारम्भिक सहकारी संस्था | ३११७७ | |
| २ | जिल्ला सहकारी संघ | ६९ | |
| ३ | विषयगत जिल्ला सहकारी संघ | २४१ | |
| ४ | विषयगत केन्द्रीय सहकारी संघ | १८ | |
| ५ | राष्ट्रिय सहकारी संघ | १ | |
| ६ | राष्ट्रिय सहकारी बैंक | १ | |
| | जम्मा | ३१५०७ | |

## ३.४ केन्द्रीय सहकारी संघहरुको विवरण :

१. नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.
२. केन्द्रीय दुग्ध सहकारी संघ लि.
३. केन्द्रीय तरकारी तथा फलफुल सहकारी संघ लि.
४. जुनार केन्द्रीय सहकारी संघ लि.
५. नेपाल केन्द्रीय उपभोक्ता सहकारी संघ लि.
६. नेपाल मौरीपालन केन्द्रीय सहकारी संघ लि.
७. नेपाल कृषि सहकारी केन्द्रीय संघ लि.
८. केन्द्रीय कफि सहकारी संघ लि.
९. केन्द्रीय उखु उत्पादक सहकारी संघ लि.
१०. नेपाल विद्युत केन्द्रीय सहकारी संघ लि.
११. नेपाल सुचना तथा संचार केन्द्रीय सहकारी संघ लि.
१२. नेपाल केन्द्रीय स्वास्थ्य सहकारी संघ लि.
१३. केन्द्रीय चिया सहकारी संघ लि.,

१४. नेपाल केन्द्रीय जडिबुटि सहकारी संघ लि.,
१५. नेपाल बहुउद्देश्यीय केन्द्रिय सहकारी संघ लि.,
१६. बीउँ उत्पादक केन्द्रिय सहकारी संघ लि.,
१७. नेपाल केन्द्रिय मत्स्य सहकारी संघ लि.
१८. केन्द्रीय पर्यटन सहकारी संघ लि.

**३.५ बिषयगत सहकारी संघहरुको संख्यात्मक विवरणः**

१. जिल्ला सहकारी संघ लि.-६९
२. जिल्ला बचत तथा ऋण सहकारी संघ लि.-६३
३. जिल्ला बहुउद्देश्यीय सहकारी संघ लि.-२१
४. जिल्ला दुग्ध सहकारी संघ लि.-३८
५. जिल्ला कृषि सहकारी संघ लि.-४८
६. जिल्ला उपभोक्ता सहकारी संघ लि.-२२
७. जिल्ला अदुवा सहकारी संघ लि.-२
८. जिल्ला जुनार सहकारी संघ लि.-२
९. जिल्ला पर्यटन सहकारी संघ लि.-२
१०. जिल्ला तरकारी फलफुल सहकारी संघ लि.-९
११. जिल्ला कफि सहकारी संघ लि.-११
१२. जिल्ला स्वास्थ्य सहकारी संघ लि.-१
१३. जिल्ला चिया सहकारी संघ लि.-५
१४. जिल्ला विद्युत् सहकारी संघ लि.-३
१५. जिल्ला जडिबुटी सहकारी संघ लि.-५
१६. जिल्ला मत्स्य उत्पादक सहकारी संघ लि.-३
१७. जिल्ला उखु उत्पादक सहकारी संघ लि.-१
१८. जिल्ला सुपारी उत्पादक सहकारी संघ लि.-१
१९. जिल्ला सामाजिक उद्यमी सहकारी संघ लि.-२
२०. जिल्ला सूचना संचार सहकारी संघ लि.-१

## ३.६ सहकारी कार्यालयहरुको प्रादेशिक कार्यक्षेत्र र संघ संस्थाहरुको संख्याः

(२०७१ आषाढ मसान्त सम्म)

| क.सं. | सहकारी कार्यालय | प्रादेशिक क्षेत्र | सहकारी संघको संख्या | सहकारी संस्थाको संख्या |
|---|---|---|---|---|
| १ | डिभिजन सहकारी कार्यालय इलाम | इलाम, ताप्लेजुङ र पांचथर | १४ | ८६९ |
| २ | डिभिजन सहकारी कार्यालय झापा | झापा | ९ | ७९० |
| ३ | डिभिजन सहकारी कार्यालय मोरङ | मोरङ | ८ | १०५१ |
| ४ | डिभिजन सहकारी कार्यालय धनकुटा | धनकुटा,तेह्रथुम, संखुवासभा र भोजपुर | १३ | ६९९ |
| ५ | डिभिजन सहकारी कार्यालय सिराहा | सिराहा र सप्तरी | ८ | १११३ |
| ६ | डिभिजन सहकारी कार्यालय उदयपुर | उदयपुर, सोलुखुम्बु, ओखलढुंङ्गा र खोटाङ | ८ | ६२० |
| ७ | डिभिजन सहकारी कार्यालय दोलखा | दोलखा, रामेछाप | १० | ९२५ |
| ८ | डिभिजन सहकारी कार्यालय धनुषा | धनुषा, महोतरी र सिन्धुली | १९ | १९५८ |
| ९ | डिभिजन सहकारी कार्यालय सर्लाही | सर्लाही | ४ | ८३६ |
| १० | डिभिजन सहकारी कार्यालय रौतहट | रौतहट | ५ | ६६४ |
| ११ | डिभिजन सहकारी कार्यालय काठमाण्डौं | काठमाण्डौं | ७ | ३६८५ |
| १२ | डिभिजन सहकारी कार्यालय ललितपुर | ललितपुर | ९ | १०३९ |
| १३ | डिभिजन सहकारी कार्यालय भक्तपुर | भक्तपुर | ५ | ६२१ |
| १४ | डिभिजन सहकारी कार्यालय काभ्रे | काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोक | १३ | १९८९ |
| १५ | डिभिजन सहकारी कार्यालय धादिङ | धादिङ | ६ | ४०१ |

| | | | | |
|---|---|---|---|---|
| १६ | डिभिजन सहकारी कार्यालय नुवाकोट | नुवाकोट र रसुवा | ४ | ५५७ |
| १७ | डिभिजन सहकारी कार्यालय बारा | बारा | ५ | ७५५ |
| १८ | डिभिजन सहकारी कार्यालय पर्सा | पर्सा | ३ | ६०८ |
| १९ | डिभिजन सहकारी कार्यालय मकवानपुर | मकवानपुर | ६ | ५१७ |
| २० | डिभिजन सहकारी कार्यालय तनहुं | तनहुं , गोरखा, लमजुङ र मनाङ | १६ | १००६ |
| २१ | डिभिजन सहकारी कार्यालय स्याङ्जा | स्याङ्जा | ८ | ३०२ |
| २२ | डिभिजन सहकारी कार्यालय बाग्लुङ | बाग्लुङ, पर्वत, म्याग्दी र मुस्ताङ | १७ | ८७९ |
| २३ | डिभिजन सहकारी कार्यालय नवलपरासी | नवलपरासी | ६ | ४६९ |
| २४ | डिभिजन सहकारी कार्यालय रुपन्देही | रुपन्देही | ५ | ६४९ |
| २५ | डिभिजन सहकारी कार्यालय पाल्पा | पाल्पा र गुल्मी | ११ | ४५२ |
| २६ | डिभिजन सहकारी कार्यालय कपिलबस्तु | कपिलबस्तु र अर्घाखंची | ५ | ६०४ |
| २७ | डिभिजन सहकारी कार्यालय दाङ | दाङ, रुकुम, रोल्पा, सल्यान र प्युठान | १७ | ११२२ |
| २८ | डिभिजन सहकारी कार्यालय बर्दीया | बर्दीया | ६ | ३४५ |
| २९ | डिभिजन सहकारी कार्यालय सुर्खेत | सुर्खेत, जाजरकोट र दैलेख | ९ | ९६५ |
| ३० | डिभिजन सहकारी कार्यालय डोटी | डोटी, बाझाङ, बाजुरा र आछाम | ९ | ६०६ |
| ३१ | डिभिजन सहकारी कार्यालय जुम्ला | जुम्ला, हुम्ला, डोल्पा, मुगु र कालिकोट | ४ | ५०१ |
| ३२ | डिभिजन सहकारी कार्यालय कञ्चनपुर | कञ्चनपुर र डडेल्धुरा | ९ | ५३७ |

| | | | | |
|---|---|---|---|---|
| ३३ | डिभिजन सहकारी कार्यालय बैतडी | बैतडी र दार्चुला | ४ | ३१६ |
| ३४ | सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय सुनसरी | सुनसरी | ५ | ५८५ |
| ३५ | सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय चितवन | चितवन | ८ | ६४८ |
| ३६ | सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय कास्की | कास्की | ६ | ५६३ |
| ३७ | सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय बांके | बांके | ५ | ४१० |
| ३८ | सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय कैलाली | कैलाली | ४ | ५२१ |
| | **जम्मा** | | **३१०** | **३११७७** |

## ३.७ जिल्लागत सहकारी संघ संस्थाहरुको संख्यात्मक विवरण :

| सि.नं. | जिल्ला | संस्था | संघ | सि.नं. | जिल्ला | संस्था | संघ |
|---|---|---|---|---|---|---|---|
| १ | ताप्लेजु' | १३४ | ५ | ३९ | स्या' जा | ३०२ | ८ |
| २ | पांचथर | २१३ | ४ | ४० | कास्की | ५६३ | ६ |
| ३ | इलाम | ५२२ | ५ | ४१ | मना' | ८ | ० |
| ४ | झापा | ७९० | ९ | ४२ | रुपन्देही | ६४९ | ५ |
| ५ | तेह्रथुम | १५२ | ४ | ४३ | कपिलवस्तु | ४५७ | ३ |
| ६ | भोजपुर | १५७ | ३ | ४४ | नवलपरासी | ४६९ | ६ |
| ७ | संखूवासभा | ११५ | २ | ४५ | अर्घाखांची | १४७ | २ |
| ८ | धनकुटँ | २७५ | ४ | ४६ | गुल्मी | २२५ | ६ |
| ९ | सुनसरी | ५८५ | ५ | ४७ | पाल्पा | २२७ | ५ |
| १० | मोर' | १०५१ | ८ | ४८ | मुस्ता' | ३५ | ० |
| ११ | ओखलढुंगा | १३७ | १ | ४९ | म्याग्दी | १८२ | ५ |
| १२ | सोलूखूम्वू | ५७ | ३ | ५० | पर्वत | २८० | ५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३ | खोटा' | १५६ | १ | ५१ | बाग्लु' | ३८२ | ७ |
| १४ | उदयपुर | २७० | ३ | ५२ | प्यूठान | १५८ | ३ |
| १५ | सिरहा | ५३४ | ३ | ५३ | रोल्पा | १२५ | ३ |
| १६ | सप्तरी | ५७९ | ५ | ५४ | सल्यान | १३५ | २ |
| १७ | दोलखा | ५१३ | ६ | ५५ | रुकुम | १३१ | ४ |
| १८ | रामेछाप | ४१२ | ४ | ५६ | दा' | ५७३ | ५ |
| १९ | सिन्धुली | ४७७ | ७ | ५७ | जुम्ला | १८७ | ३ |
| २० | सर्लाही | ८३६ | ४ | ५८ | हुम्ला | ९१ | ० |
| २१ | महोत्तरी | ६७१ | ७ | ५९ | मुगु | ७९ | ० |
| २२ | धनुषा | ८१० | ५ | ६० | डोल्पा | ५३ | ० |
| २३ | भक्तपुर | ६२१ | ५ | ६१ | कालिकोट | ९१ | १ |
| २४ | ललितपुर | १०३९ | ९ | ६२ | जाजरकोट | १३९ | २ |
| २५ | काठमाण्डौं | ३६८५ | ७ | ६३ | बर्दिया | ३४५ | ६ |
| २६ | काभ्रेपलाञ्चोक | १३६४ | ७ | ६४ | दैलेख | २५२ | २ |
| २७ | सिन्धूपाल्चोक | ६२५ | ६ | ६५ | सुर्खेत | ५७४ | ५ |
| २८ | धादि' | ४०१ | ६ | ६६ | बँ के | ४१० | ५ |
| २९ | नुवाकोट | ४३१ | ४ | ६७ | डँ टी | १९९ | २ |
| ३० | रसुवा | १२६ | ० | ६८ | बझा' | १२२ | २ |
| ३१ | चितवन | ६४८ | ८ | ६९ | अछाम | १९७ | २ |
| ३२ | मकवानपूर | ५१७ | ६ | ७० | कैलाली | ५२१ | ४ |
| ३३ | पर्सा | ६०८ | ३ | ७१ | बाजुरा | ८८ | ३ |
| ३४ | बारा | ७५५ | ५ | ७२ | दार्चुला | १२१ | २ |
| ३५ | रौतहट | ६६४ | ५ | ७३ | बैतडी | १९५ | २ |
| ३६ | तनहूं | ३३० | ६ | ७४ | डडेल्धुरा | १७४ | ४ |
| ३७ | लमजु' | २८१ | ४ | ७५ | कञ्चनपुर | ३६३ | ५ |
| ३८ | गोरखा | ३८७ | ६ | जम्मा | | ३११७७ | ३१० |

# ३.८ विषयगत सहकारी संघहरुको जिल्लागत संख्यात्मक विवरण :

| बहु उद्देश्यीय | बचत ऋण | दुग्ध | कृषि | उपभोक्ता | अदुवा | जुनार | पर्यटन | तरकारी फलफूल | कफि | स्वास्थ्य | उखु | चिया | विद्युत | जडिबुटी | सुपारी | मत्स्य | सामाजिक उद्यमी | सूचना तथा सञ्चार | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | १ | १ | | | | | | | | | १ | | | | | | | ५ |
| | १ | | १ | | | | | | | | | १ | | | | | | | ४ |
| | १ | १ | १ | | | | | | | | | १ | | | | | | | ५ |
| १ | १ | १ | १ | १ | | | | १ | | | | | | १ | १ | | | | ९ |
| | १ | १ | | | | | | | | | | १ | | | | | | | ४ |
| | १ | | १ | | | | | | | | | | | | | | | | ३ |
| | १ | | | | | | | | | | | | | | | | | | २ |
| | १ | १ | १ | | | | | | | | | | | | | | | | ४ |
| १ | १ | १ | १ | | | | | | | | | | | | | | | | ५ |
| १ | १ | १ | १ | १ | | | | १ | | | | | १ | | | | | | ८ |
| | | | | | | | | | | | | | | | | | | | १ |
| | १ | | १ | | | | | | | | | | | | | | | | ३ |
| | | | | | | | | | | | | | | | | | | | १ |
| | १ | १ | | | | | | | | | | | | | | | | | ३ |
| | १ | | १ | | | | | | | | | | | | | | | | ३ |
| १ | १ | १ | १ | | | | | | | | | | | | | | | | ५ |
| १ | १ | १ | | १ | | | १ | | | | | | | | | | | | ६ |
| | १ | | १ | | | १ | | | | | | | | | | | | | ४ |
| | १ | १ | १ | १ | | १ | | | | | | | | १ | | | | | ७ |
| | १ | १ | १ | | | | | | | | | | | | | | | | ४ |
| | १ | १ | १ | १ | | | १ | | | | | | | | | १ | | | ७ |
| | १ | | १ | | | | | | | | १ | | | | | १ | | | ५ |
| १ | १ | १ | १ | | | | | | | | | | | | | | | | ५ |
| १ | १ | १ | १ | १ | | | | | १ | | | १ | | १ | | | | | ९ |
| १ | १ | १ | १ | १ | | | | | | १ | | | | | | | | | ७ |
| १ | १ | १ | १ | १ | | | | १ | | | | | | | | | | | ७ |
| १ | १ | १ | १ | | | | | | १ | | | | | | | | | | ६ |
| | १ | १ | १ | १ | | | | १ | | | | | | | | | | | ६ |
| | १ | | १ | | | | | | १ | | | | | | | | | | ४ |
| | | | | | | | | | | | | | | | | | | | ० |
| १ | १ | १ | १ | | | | | १ | | | | | | १ | | | १ | | ८ |
| १ | १ | १ | १ | | | | | | | | | | | १ | | | | | ६ |
| | १ | | १ | | | | | | | | | | | | | | | | ३ |
| | १ | १ | १ | | | | | | | | | | | | | १ | | | ५ |
| | १ | १ | १ | १ | | | | | | | | | | | | | | | ५ |
| | १ | १ | १ | १ | | | | | १ | | | | | | | | | | ६ |
| | १ | | | १ | | | | | १ | | | | | | | | | | ४ |
| | १ | १ | १ | १ | | | | | १ | | | | | | | | | | ६ |
| १ | १ | १ | १ | १ | | | | १ | १ | | | | | | | | | | ८ |
| | १ | १ | १ | १ | | | | | १ | | | | | | | | | | ६ |
| | | | | | | | | | | | | | | | | | | | ० |
| | १ | १ | १ | १ | | | | | | | | | | | | | | | ५ |
| ० | १ | | १ | | | | | | | | | | | | | | | | ३ |
| १ | १ | १ | १ | | | | | | | | | | | | | | १ | | ६ |
| | | | १ | | | | | | | | | | | | | | | | २ |
| | १ | | १ | १ | १ | | | | १ | | | | | | | | | | ६ |
| | १ | १ | | | १ | | | | १ | | | | | | | | | | ५ |
| | | | | | | | | | | | | | | | | | | | ० |
| १ | १ | १ | | १ | | | | | | | | | | | | | | | ५ |
| १ | १ | १ | | | | | | | १ | | | | | | | | | | ५ |
| १ | १ | १ | १ | | | | | १ | | | | | | | | | | १ | ७ |
| | १ | | १ | | | | | | | | | | | | | | | | ३ |
| | १ | | १ | | | | | | | | | | | | | | | | ३ |
| | | | १ | | | | | | | | | | | | | | | | २ |
| | | | १ | १ | | | | १ | | | | | | | | | | | ४ |
| | १ | | १ | १ | | | | १ | | | | | | | | | | | ५ |
| | १ | | | १ | | | | | | | | | | | | | | | ३ |
| | | | | | | | | | | | | | | | | | | | ० |
| | | | | | | | | | | | | | | | | | | | ० |
| | | | | | | | | | | | | | | | | | | | ० |
| | | | | | | | | | | | | | | | | | | | १ |
| | १ | | | | | | | | | | | | | | | | | | २ |
| १ | १ | १ | १ | १ | | | | | | | | | | | | | | | ६ |
| | १ | | | | | | | | | | | | | | | | | | २ |
| १ | १ | १ | १ | | | | | | | | | | | | | | | | ५ |
| १ | १ | १ | १ | | | | | | | | | | | | | | | | ५ |
| | १ | | | | | | | | | | | | | | | | | | २ |
| | १ | | | | | | | | | | | | | | | | | | २ |
| | १ | | | | | | | | | | | | | | | | | | २ |
| | १ | | १ | | | | | | | | | | १ | | | | | | ४ |
| | १ | १ | | | | | | | | | | | | | | | | | ३ |
| | १ | | | | | | | | | | | | | | | | | | २ |
| | १ | | | | | | | | | | | | | | | | | | २ |
| | १ | १ | १ | | | | | | | | | | | | | | | | ४ |
| १ | १ | | १ | | | | | | | | | | १ | | | | | | ५ |
| २१ | ६३ | ३८ | ४९ | २२ | २ | २ | २ | ९ | ११ | १ | १ | ५ | ३ | ५ | १ | ३ | २ | १ | ३१० |

## ३.९ सहकारी कार्यालयहरुबाट आ.व. २०७०/७१ मा संकलित गैरकर राजस्व विवरण :

| क्र.स. | कार्यालय | प्रादेशिक क्षेत्र | रकम रु. |
|---|---|---|---|
| १ | सहकारी प्रशिक्षण तथा डिबिजन कर्यालय, सुनसरी | सुनसरी | ० |
| २ | सहकारी प्रशिक्षण तथा डिबिजन कर्यालय, चितवन | चितवन | १६१९०० |
| ३ | सहकारी प्रशिक्षण तथा डिबिजन कर्यालय, कास्की | कास्की | १२२१०० |
| ४ | सहकारी प्रशिक्षण तथा डिबिजन कर्यालय, बाँके | बाँके | ६४३०० |
| ५ | सहकारी प्रशिक्षण तथा डिबिजन कर्यालय, कैलाली | कैलाली | १०७९७१ |
| ६ | डिभिजन सहकारी कार्यालय, झापा | झापा | ९८८०० |
| ७ | डिभिजन सहकारी कार्यालय, इलाम | इलाम, ताप्लेजुङ र पाँचथर | १२५१०० |
| ८ | डिभिजन सहकारी कार्यालय, धनकुटा | धनकुटा, तेह्रथुम, संखुवासभा र भोजपुर | ११३६०० |
| ९ | डिभिजन सहकारी कार्यालय, मोरङ | मोरङ | १२३१०१ |
| १० | डिभिजन सहकारी कार्यालय, सिराहा | सिराहा र सप्तरी | ७६२०० |
| ११ | डिभिजन सहकारी कार्यालय, उदयपुर | उदयपुर, सोलुखुम्बु, ओखलढुंगा र खोटाङ | ४१५०० |
| १२ | डिभिजन सहकारी कार्यालय, धनुषा | धनुषा, महोत्तरी र सिन्धुली | १९०५०० |
| १३ | डिभिजन सहकारी कार्यालय, सर्लाही | सर्लाही | ५०४५० |
| १४ | डिभिजन सहकारी कार्यालय, रौतहट | रौतहट | २२००० |
| १५ | डिभिजन सहकारी कार्यालय, बारा | बारा | १०४००० |
| १६ | डिभिजन सहकारी कार्यालय, पर्सा | पर्सा | १५५३०० |
| १७ | डिभिजन सहकारी कार्यालय, मकवानपुर | मकवानपुर | ७७२०० |
| १८ | डिभिजन सहकारी कार्यालय, दोलखा | दोलखा | १९१५०० |
| १९ | डिभिजन सहकारी कार्यालय, काभ्रे | काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोक | ८३००० |
| २० | डिभिजन सहकारी कार्यालय, भक्तपुर | भक्तपुर | ६०००० |
| २१ | डिभिजन सहकारी कार्यालय, काठमाडौं | काठमार्डा | १०६४८०० |
| २२ | डिभिजन सहकारी कार्यालय, ललितपुर | ललितपुर | १९६०५० |
| २३ | डिभिजन सहकारी कार्यालय, नुवाकोट | नुवाकोट र रसुवा | २७२०० |
| २४ | डिभिजन सहकारी कार्यालय, धादिङ | धादिङ | ३२००० |
| २५ | डिभिजन सहकारी कार्यालय, तनहुँ | तनहुँ, गोरखा, लमजुङ र मनाङ | ९९१०० |
| २६ | डिभिजन सहकारी कार्यालय, बाग्लुङ | बाग्लुङ, पवर्त, म्याग्दी र मुस्ताङ | ० |
| २७ | डिभिजन सहकारी कार्यालय, स्याङ्जा | स्याङ्जा | ० |
| २८ | डिभिजन सहकारी कार्यालय, पाल्पा | पाल्पा | ३३२५० |
| २९ | डिभिजन सहकारी कार्यालय, नवलपरासी | नवलपरासी | ५६८०० |
| ३० | डिभिजन सहकारी कार्यालय, रुपन्देही | रुपन्देही | ६१५०० |
| ३१ | डिभिजन सहकारी कार्यालय, कपिलवस्तु | कापिलवस्तु र अर्घाखाचीँ | ० |
| ३२ | डिभिजन सहकारी कार्यालय, दाङ | दाङ, रुकुम, रोल्पा,सल्यान र प्यूठान | १०७६०० |
| ३३ | डिभिजन सहकारी कार्यालय, सुर्खेत | सुर्खेत, जाँजरकोट र दैलेख | ८३५०० |
| ३४ | डिभिजन सहकारी कार्यालय, बर्दिया | वर्दिया | ६५००० |
| ३५ | डिभिजन सहकारी कार्यालय, जुम्ला | जूम्ला, हुम्ला, डोल्पा, मुगु र कालिकोट | १६२४० |
| ३६ | डिभिजन सहकारी कार्यालय, डोटी | डोटी, बझाङ, बाजुरा र अछाम | ६०९०० |
| ३७ | डिभिजन सहकारी कार्यालय, कञ्चनपुर | कञ्चनपुर र डडेल्धुरा | ८१०० |
| ३८ | डिभिजन सहकारी कार्यालय, बैतडी | बैतडी र दार्चुला | ० |
| | **जम्मा** | | **३८८०५६२** |

## ३.१० आ.व. २०७०/७१ मा एकीकरण, दर्ता खारेजी र लिक्वीडेशन गरिएका सहकारी संस्थाहरुको विवरण

| क्र.स. | जिल्ला | नयाँ दर्ता | एकिकरण | दर्ता खारेजी | लिक्वीडेशन |
|---|---|---|---|---|---|
| १ | डिभिजन सहकारी कार्यालय, मकवानपुर | २४ | २ | १७ | ० |
| २ | डिभिजन सहकारी कार्यालय, कपिलवस्तु | २३ | ० | ० | ० |
| ३ | डिभिजन सहकारी कार्यालय, डोटी | ३८ | ० | ४ | ० |
| ४ | डिभिजन सहकारी कार्यालय, नवलपरासी | १६ | २ | १२ | ० |
| ५ | डिभिजन सहकारी कार्यालय, उदयपुर | ६५ | १ | ८ | ० |
| ६ | डिभिजन सहकारी कार्यालय, काठमाडौं | ५३ | २ | १९ | ० |
| ७ | डिभिजन सहकारी कार्यालय, ललितपुर | ३५ | २ | ८ | ० |
| ८ | डिभिजन सहकारी कार्यालय, भक्तपुर | १६ | ० | ० | ० |
| ९ | सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय, कैलाली | ५३ | ० | १ | ० |
| १० | डिभिजन सहकारी कार्यालय, सुर्खेत | ७७ | १ | ४ | ० |
| ११ | डिभिजन सहकारी कार्यालय, झापा | ८२ | २ | २ | २ |
| १२ | डिभिजन सहकारी कार्यालय, तनहूँ | ७४ | २ | ७ | ० |
| १३ | सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय, कास्की | २३ | ० | ५ | ० |
| १४ | डिभिजन सहकारी कार्यालय, स्याङ्जा | २९ | ० | २३ | ० |
| १५ | डिभिजन सहकारी कार्यालय, पाल्पा | ३० | ० | ८ | ० |
| १६ | डिभिजन सहकारी कार्यालय, रुपन्देही | २८ | ० | २४ | ० |
| १७ | सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय, चितवन | ३४ | २ | २२ | ० |
| १८ | डिभिजन सहकारी कार्यालय, बारा | ७० | १ | १८ | ० |
| १९ | डिभिजन सहकारी कार्यालय, पर्सा | ४४ | ० | १३ | ० |
| २० | डिभिजन सहकारी कार्यालय, रौतहट | ११२ | १ | १२ | ० |
| २१ | डिभिजन सहकारी कार्यालय, धनुषा | १८८ | १ | ९ | ० |
| २२ | डिभिजन सहकारी कार्यालय, सर्लाही | ३० | ० | ६ | ० |
| २३ | डिभिजन सहकारी कार्यालय, सिराहा | ९६ | ० | १८ | ० |
| २४ | डिभिजन सहकारी कार्यालय, मोरङ | ८८ | १ | ३० | ० |
| २५ | सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय, सुनसरी | ४२ | ० | ४ | ० |
| २६ | डिभिजन सहकारी कार्यालय, काभ्रे | ७३ | १ | ८ | २ |
| २७ | डिभिजन सहकारी कार्यालय, जूम्ला | ८१ | ० | २ | ० |
| २८ | डिभिजन सहकारी कार्यालय, धादिङ | ३१ | ० | ८ | ० |
| २९ | डिभिजन सहकारी कार्यालय, नुवाकोट | ३८ | १ | ९ | ० |
| ३० | डिभिजन सहकारी कार्यालय, दोलखा | ६७ | १ | ० | ० |
| ३१ | डिभिजन सहकारी कार्यालय, बाग्लुङ | १४३ | ४ | ० | ० |
| ३२ | डिभिजन सहकारी कार्यालय, कञ्चनपुर | १६ | ० | ३ | ० |
| ३३ | सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय बाँके | ३७ | ० | ० | ० |
| ३४ | डिभिजन सहकारी कार्यालय, बैतडी | २१ | ० | ० | १ |
| ३५ | डिभिजन सहकारी कार्यालय, बर्दिया | ३५ | १ | ३७ | ० |
| ३६ | डिभिजन सहकारी कार्यालय, दाङ | १०९ | ० | ५ | ० |
| ३७ | डिभिजन सहकारी कार्यालय, इलाम | ४७ | ० | २१ | ५ |
| ३८ | डिभिजन सहकारी कार्यालय, धनुकुटा | १४४ | ० | १०८ | ० |
| | जम्मा | २२१२ | २८ | ४७५ | १० |

# ३.११ महिलाद्धारा संचालित सहकारी संस्थाको जिल्लागत विवरण

| क्र.स. | जिल्ला | संस्थाहरुको संख्या | क्र.स. | जिल्ला | संस्थाहरुको संख्या |
|---|---|---|---|---|---|
| १ | काठमाडौं | १६७ | ३९ | ओखलढुङ्गा | २७ |
| २ | भक्तपुर | ६१ | ४० | उदयपुर | ५० |
| ३ | ललितपुर | ८७ | ४१ | सोलुखुम्बु | १७ |
| ४ | मकवानपुर | ९४ | ४२ | खोटाङ्ग | १५ |
| ५ | नुवाकोट | ६८ | ४३ | डोटी | २८ |
| ६ | रसुवा | १८ | ४४ | अछाम | ३२ |
| ७ | दोलखा | ५९ | ४५ | बझाङ | २६ |
| ८ | रामेछाप | ४० | ४६ | बाजुरा | १३ |
| ९ | सुर्खेत | ५६ | ४७ | दैलेख | २८ |
| १० | काभ्रे | १२६ | ४८ | जाजरकोट | १० |
| ११ | सिन्धुपाल्चोक | ४६ | ४९ | गोरखा | ८१ |
| १२ | कञ्चनपुर | ४९ | ५० | लमजुङ्ग | २८ |
| १३ | डडेल्धुरा | १६ | ५१ | मनाङ | ४ |
| १४ | धनुषा | १०३ | ५२ | झापा | ११८ |
| १५ | महोत्तरी | १११ | ५३ | बर्दिया | ५१ |
| १६ | सिन्धुली | ६६ | ५४ | दाङ | ११५ |
| १७ | बारा | ५५ | ५५ | सल्यान | १९ |
| १८ | पर्सा | ५२ | ५६ | रुकुम | ११ |
| १९ | बैतडी | २४ | ५७ | रोल्पा | १४ |
| २० | दार्चुला | १६ | ५८ | प्यूठान | ३० |
| २१ | सर्लाही | ७९ | ५९ | भोजपुर | २६ |
| २२ | चितवन | ९७ | ६० | संखुवासभा | १५ |
| २३ | कैलाली | ७५ | ६१ | तेऱ्हथुम | १३ |
| २४ | कास्की | ६२ | ६२ | इलाम | ६६ |
| २५ | सुनसरी | १०० | ६३ | पाँचथर | ३१ |
| २६ | सिराहा | ३९ | ६४ | ताप्लेजुङ्ग | २२ |
| २७ | सप्तरी | ६२ | ६५ | मोरङ | १३३ |
| २८ | वाग्लुङ | ४३ | ६६ | जूम्ला | २६ |
| २९ | पर्वत | ३२ | ६७ | मुगु | १० |
| ३० | म्याग्दी | २९ | ६८ | कालिकोट | ४ |
| ३१ | मुस्ताङ | ४ | ६९ | डोल्पा | ३ |
| ३२ | स्याङ्जा | ३१ | ७० | हुम्ला | ७ |
| ३३ | तनहूँ | ४२ | ७१ | रुपन्देही | ५७ |
| ३४ | रौतहट | ८६ | ७२ | कपिलबस्तु | ५५ |
| ३५ | नवलपरासी | १०२ | ७३ | अर्घाखाचीँ | २४ |
| ३६ | धनकुटा | ३५ | ७४ | बाँके | ५५ |
| ३७ | पाल्पा | ३६ | ७५ | धादिङ | ८७ |
| ३८ | गुल्मी | ३७ | | जम्मा | **३६५६** |

## ३.१२ वित्तीय कारोबारका आधारमा सहकारी संस्थाहरुको संख्यात्मक विवरण

| क्र.स. | जिल्ला | रु १ देखि ५ करोड सम्म | रु ५ करोड देखि ५० करोड सम्म | रु. ५० करोड भन्दा माथी | क्र.स. | जिल्ला | रु १ देखि ५ करोड सम्म | रु ५ करोड देखि ५० करोड सम्म | रु. ५० करोड भन्दा माथि |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सहकारी संस्थाको संख्या | | | | | संख्या | | |
| १ | काठमाडौं | ९२३ | २०५ | १६ | ३९ | रुपन्देही | ८७ | ४५ | |
| २ | भक्तपुर | १३९ | ५४ | ३ | ४० | नवलपरासी | ९२ | २४ | १ |
| ३ | ललितपुर | १४७ | ६१ | ४ | ४१ | तनहुँ | २२ | १४ | - |
| ४ | मकवानपुर | २० | १० | - | ४२ | गोरखा | ११ | १ | - |
| ५ | नुवाकोट | २४ | ४ | - | ४३ | लमजुङ | ११ | ४ | १ |
| ६ | रसुवा | ३ | ० | - | ४४ | मनाङ | ० | ० | - |
| ७ | सुर्खेत | २९ | ५ | - | ४५ | बाँके | १३ | ७ | - |
| ८ | जाजरकोट | १ | ० | - | ४६ | बर्दिया | २५ | ११ | - |
| ९ | दैलेख | १ | ० | - | ४७ | दाङ | २० | १ | - |
| १० | काभ्रे | २० | २१ | २ | ४८ | सल्यान | ४ | ० | - |
| ११ | सिन्धुपाल्चोक | ० | ० | - | ४९ | प्युठान | ४ | ० | - |
| १२ | धादिङ | ४२ | ८ | - | ५० | रुकुम | १ | १ | - |
| १३ | दोलखा | ३० | ११ | - | ५१ | रोल्पा | १ | ० | - |
| १४ | रामेछाप | ६ | ३ | - | ५२ | झापा | १०७ | २५ | २ |
| १५ | चितवन | ९५ | ३४ | - | ५३ | मोर’ | १२५ | २२ | - |
| १६ | धनुषा | २७ | ४ | - | ५४ | डोल्पा | ० | ० | - |
| १७ | महोत्तरी | १३ | ० | - | ५५ | हूम्ला | ० | ० | - |
| १८ | सिन्धुली | ६ | १ | - | ५६ | जुम्ला | ८ | ० | - |
| १९ | डडेल्धुरा | ५ | १ | - | ५७ | मुगु | १ | ० | - |
| २० | कन्चनपुर | ९ | ३ | - | ५८ | कालिकोट | २ | ० | - |
| २१ | बारा | १० | ६ | - | ५९ | उदयपूर | १४ | ० | - |
| २२ | पर्सा | ० | ९ | - | ६० | खोटा’ | ३ | ० | - |
| २३ | सुनसरी | ४१ | २१ | - | ६१ | ओखलढूंगा | ४ | ० | - |
| २४ | सर्लाही | १९ | ७ | - | ६२ | सोलूखूम्बू | १ | ० | - |
| २५ | कैलाली | २० | ३ | २ | ६३ | धनूकुटा | ३ | ० | - |
| २६ | सिराहा | ९ | ४ | - | ६४ | भोजपुर | ० | ० | - |
| २७ | सप्तरी | ८ | ४ | - | ६५ | तेह्रथुम | २ | ० | - |
| २८ | वाग्लुङ | १६ | ३ | - | ६६ | संखूवासभा | ० | ० | - |
| २९ | म्याग्दी | ५ | ४ | - | ६७ | डोटी | १ | ० | - |
| ३० | मुस्ताङ | ० | ० | - | ६८ | अछाम | ० | ० | - |
| ३१ | पर्वत | ० | ० | - | ६९ | वझा’ | १ | ० | - |
| ३२ | रौतहट | १० | २ | - | ७० | वाजूरा | २ | ० | - |
| ३३ | कास्की | १९० | ६५ | २ | ७१ | वैतडी | ४ | ० | - |
| ३४ | पाल्पा | २१ | ४ | - | ७२ | दार्चूला | २ | ० | - |
| ३५ | गुल्मी | १६ | २ | - | ७३ | इलाम | १२ | २ | - |
| ३६ | स्याङजा | १७ | १२ | - | ७४ | पाँचथर | ५ | १ | - |
| ३७ | कपिलवस्तु | १४ | ७ | - | ७५ | ताप्लेजू’ | ३ | १ | - |
| ३८ | अर्घाखाचीँ | ८ | ० | - | | **जम्मा** | **२५३५** | **७३७** | **३३** |

# ३.१३ विभिन्न तालीम कार्यक्रममा लैंङ्गिक सहभागिता

| क्र.स. | कार्यालय | महिला | पुरुष | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | केन्द्रीय सहकारी प्रशिक्षण केन्द्र | ३८० | ५२२ | ९०२ | अधिकृत स्तरिय आवासीय तालीम |
| २ | सहकारी प्रशिक्षण तथा डिभिजन कर्यालय, सुनसरी | ६११ | ५३२ | ११४३ | सहायक स्तरीय आवासीय आधारभूत तालीम |
| ३ | सहकारी प्रशिक्षण तथा डिभिजन कर्यालय, चितवन | ६०१ | ५३३ | ११३४ | सहायक स्तरीय आवासीय आधारभूत तालीम |
| ४ | सहकारी प्रशिक्षण तथा डिभिजन कर्यालय, कास्की | ७५४ | ५१९ | १२७३ | सहायक स्तरीय आवासीय आधारभूत तालीम |
| ५ | सहकारी प्रशिक्षण तथा डिभिजन कर्यालय, बाँके | ६७३ | ४४६ | १११९ | सहायक स्तरीय आवासीय आधारभूत तालीम |
| ६ | सहकारी प्रशिक्षण तथा डिभिजन कर्यालय, कैलाली | ४९५ | ४१९ | ९१४ | सहायक स्तरीय आवासीय आधारभूत तालीम |
| ७ | डिभिजन सहकारी कार्यालय, झापा | ३२९ | ४२४ | ७५३ | सहायक स्तरीय गैर आवासीय आधारभूत तालीम |
| ८ | डिभिजन सहकारी कार्यालय, इलाम | ५६३ | ७५६ | १३१९ | सहायक स्तरीय गैर आवासीय आधारभूत तालीम |
| ९ | डिभिजन सहकारी कार्यालय, धनकुटा | ५१८ | ६६० | ११७८ | सहायक स्तरीय गैर आवासीय आधारभूत तालीम |
| १० | डिभिजन सहकारी कार्यालय, मोरङ | ४४३ | ५१७ | ९६० | सहायक स्तरीय गैर आवासीय आधारभूत तालीम |
| ११ | डिभिजन सहकारी कार्यालय, सिराहा | ५४० | २४२ | ७८२ | सहायक स्तरीय गैर आवासीय आधारभूत तालीम |
| १२ | डिभिजन सहकारी कार्यालय, उदयपुर | ६३२ | ४०५ | १०३७ | सहायक स्तरीय गैर आवासीय आधारभूत तालीम |
| १३ | डिभिजन सहकारी कार्यालय, धनुषा | २१८ | ६६६ | ८८४ | सहायक स्तरीय गैर आवासीय आधारभूत तालीम |
| १४ | डिभिजन सहकारी कार्यालय, सर्लाही | ४०५ | ६२० | १०२५ | सहायक स्तरीय गैर आवासीय आधारभूत तालीम |
| १५ | डिभिजन सहकारी कार्यालय, रौतहट | ६५० | ३३२ | ९८२ | सहायक स्तरीय गैर आवासीय आधारभूत तालीम |
| १६ | डिभिजन सहकारी कार्यालय, बारा | २५० | ५२५ | ७७५ | सहायक स्तरीय गैर आवासीय आधारभूत तालीम |
| १७ | डिभिजन सहकारी कार्यालय, पर्सा | २४४ | ७७७ | १०२१ | सहायक स्तरीय गैर आवासीय आधारभूत तालीम |
| १८ | डिभिजन सहकारी कार्यालय, मकवानपुर | ७५५ | ५७० | १३२५ | सहायक स्तरीय गैर आवासीय आधारभूत तालीम |
| १९ | डिभिजन सहकारी कार्यालय, दोलखा | ५५५ | ५३४ | १०८९ | सहायक स्तरीय गैर आवासीय आधारभूत तालीम |
| २० | डिभिजन सहकारी कार्यालय, काभ्रे | ४५८ | ६३९ | १०९७ | सहायक स्तरीय गैर आवासीय आधारभूत तालीम |
| २१ | डिभिजन सहकारी कार्यालय, भक्तपुर | २९८ | ३५७ | ६५५ | सहायक स्तरीय गैर आवासीय आधारभूत तालीम |
| २२ | डिभिजन सहकारी कार्यालय, काठमाडौं | ३२८ | ६९७ | १०२५ | सहायक स्तरीय गैर आवासीय आधारभूत तालीम |
| २३ | डिभिजन सहकारी कार्यालय, ललितपुर | ७२२ | ४८५ | १२०७ | सहायक स्तरीय गैर आवासीय आधारभूत तालीम |
| २४ | डिभिजन सहकारी कार्यालय, नुवाकोट | ४९२ | ७३० | १२२२ | सहायक स्तरीय गैर आवासीय आधारभूत तालीम |
| २५ | डिभिजन सहकारी कार्यालय, धादिङ | ६२० | ४०८ | १०२८ | सहायक स्तरीय गैर आवासीय आधारभूत तालीम |
| २६ | डिभिजन सहकारी कार्यालय, तनहुँ | ९७५ | ६५५ | १६३० | सहायक स्तरीय गैर आवासीय आधारभूत तालीम |
| २७ | डिभिजन सहकारी कार्यालय, बाग्लुङ | ८७२ | २८७ | ११५९ | सहायक स्तरीय गैर आवासीय आधारभूत तालीम |
| २८ | डिभिजन सहकारी कार्यालय, स्याङ्जा | ४७० | ४२३ | ८९३ | सहायक स्तरीय गैर आवासीय आधारभूत तालीम |
| २९ | डिभिजन सहकारी कार्यालय, पाल्पा | ४१३ | ५०९ | ९२२ | सहायक स्तरीय गैर आवासीय आधारभूत तालीम |
| ३० | डिभिजन सहकारी कार्यालय, नवलपरासी | ७७८ | ५०१ | १२७९ | सहायक स्तरीय गैर आवासीय आधारभूत तालीम |
| ३१ | डिभिजन सहकारी कार्यालय, रुपन्देही | ५२७ | ३९० | ९१७ | सहायक स्तरीय गैर आवासीय आधारभूत तालीम |
| ३२ | डिभिजन सहकारी कार्यालय, कपिलवस्तु | ३२७ | ८१५ | ११४२ | सहायक स्तरीय गैर आवासीय आधारभूत तालीम |
| ३३ | डिभिजन सहकारी कार्यालय, दाङ | ६९२ | ५८२ | १२७४ | सहायक स्तरीय गैर आवासीय आधारभूत तालीम |
| ३४ | डिभिजन सहकारी कार्यालय, सुर्खेत | ३२४ | ४८० | ८०४ | सहायक स्तरीय गैर आवासीय आधारभूत तालीम |
| ३५ | डिभिजन सहकारी कार्यालय, बर्दिया | २८९ | ४१३ | ७०२ | सहायक स्तरीय गैर आवासीय आधारभूत तालीम |
| ३६ | डिभिजन सहकारी कार्यालय, जुम्ला | ३५० | ५०० | ८५० | सहायक स्तरीय गैर आवासीय आधारभूत तालीम |
| ३७ | डिभिजन सहकारी कार्यालय, डोटी | ८७० | ४७१ | १३४१ | सहायक स्तरीय गैर आवासीय आधारभूत तालीम |
| ३८ | डिभिजन सहकारी कार्यालय, कञ्चनपुर | ५२० | ३१८ | ८३८ | सहायक स्तरीय गैर आवासीय आधारभूत तालीम |
| ३९ | डिभिजन सहकारी कार्यालय, बैतडी | ४५२ | ४५० | ९०२ | सहायक स्तरीय गैर आवासीय आधारभूत तालीम |
| | **जम्मा** | **२०३९३** | **२०१०९** | **४०५०२** | |

# परिच्छेद – ४

## आ.व. २०७०/७१ मा विभाग र अन्तरगतका कार्यालयहरुमा संचालित कार्यक्रमहरुको प्रगति विवरणः

### ४.१ सहकारी क्षेत्र सुदृढीकरण आयोजना (३१२१३४–३/४) :

**पृष्ठभुमि :**
सहकारी ऐन, २०४८ तथा सहकारी नियमावली, २०४९ लागु भए पछि सहकारी संघ/संस्थाहरु प्रत्यक्षरुपमा सरकारी निर्देशन र नियन्त्रणवाट मुक्त भई स्वशासित एवं स्वायत्त संस्थाको रुपमा सञ्चालन हुने कानुनी प्रावधानको थालनी भयो । वर्तमान अवस्थामा सहकारी क्षेत्रको विकासको सन्दर्भमा सरकारको भुमिका नियमकको साथै सहजकर्ता र प्रवर्द्धनात्मक बन्न पुगेको छ । आ.व. २०७०/७१ को अन्त्य सम्म देशमा ३१५०७ सहकारी संघ/संस्थाहरु दर्ता भै सञ्चालनमा आएका छन् । सहकारी कार्यालयहरुको सहकारी संघ/संस्था दर्ता गर्ने र अनुगमन गर्ने आधारभुत काम मध्ये वजेटको अभावमा अनुगमन सम्बन्धी कार्य प्रभावकारी हुन सकेको छैन । सहकारिताको भावना अनुरुप सहकारी संस्थाहरुलाई दिगो तुल्याउन आवश्यक पर्ने कार्यक्रमहरु सहकारी विभाग तथा डिभिजन सहकारी कार्यालयहरु मार्फत सञ्चालनमा ल्याउन सकिएको खण्डमा सहकारी आन्दोलनलाई सकारात्मक दिशामा अगाडि बढाउन र गरिवी न्युनिकरणको लागि सहकारी अन्दोलनलाई परिचालित गर्न सकिने प्रवल संभावना रहेको छ । यसबाट सहकारी संघ/संस्थाहरु आफ्नो उद्देश्य अनुरुप क्रियाशिल भई सहकारी क्षेत्र सुदृढीकरण हुने तथा स्थानीय स्रोत साधनको परिचालन र उपयोगबाट सदस्य नागरिकहरुको आर्थिक स्थिति, सामाजिक जीवनस्तर तथा उद्यमशिलताको विकास समेत हुन गई सहशताब्दी विकास लक्ष्य र  आवधिक योजनामा परिलक्षियत गरीवी निवारण गर्ने उद्देश्य पुरा गर्नमा सघाउ पुग्ने अपेक्षाका साथ आ.व. २०७०/७१ मा निम्न कार्यक्रमहरु संचालन गरिएको थियो ।

### सहकारी सम्बन्धी वृत्तचित्र निर्माण तथा प्रशारण :

मुलुकको आर्थिक तथा सामाजिक प्रणालीलाई संस्थागत गर्न सहकारिताको प्रवर्द्धन, तथा विकासका निमित्त सहकारी प्रवर्द्धन सम्बन्धी सचेतनामुलक सामाग्री तयारी गर्नु जरुरी भएको छ । यसैक्रममा सहकारी विभागले विगत वर्षहरु देखि यस प्रकारका प्रवर्द्धनात्मक कार्यक्रम संचालन गर्दै आएको छ । यसै क्रममा आ.व. ०७०/७१ मा सहकारी सम्वन्धी सुचना तथा चेतनामुलक प्रवर्द्धन सम्बन्धी जानकारी प्रदान गर्ने

उद्देश्यका साथ सहकारी **'सहकारी चिया उत्पादक'** नामक बृत्तचित्र तथा २ वटा सन्देशमुलक जिङ्गलको निर्माण गरी उक्त सामाग्रीको प्रशारण मार्फत सहकारी संवन्धी सन्देशमुलक विषयहरुलाई आम नागरिकहरु माझ पुऱ्याउने कार्यक्रम रहेको थियो । यस प्रकारको सहकारी श्रव्यदृश्य सामाग्रीको निर्माण तथा प्रशारण मार्फत सहकारीका आधारभुत मान्यताका अतिरिक्त सहकारीउद्यमको सफलताको निमित्त आवश्यक विषयवस्तुहरुको जानकारी दिने र सहकारीको नाममा हुने अप्राकृतिक क्रियाकलापका विरुद्ध खबरदारी गर्दै आम जनतालाई सुसुचित गर्ने लक्ष्य बमोजिम आ.व.२०७०/७१ मा सहकारीको इतिहास झल्कने गरी आम श्रोतालाई जानकारी प्रदान गर्ने उद्धेश्यले सहकारी विगत र बर्तमान नामक बृत्तचित्र निर्माण र प्रसारण गरिएको थियो ।

## संस्थागत सुदृढिकरण कार्यक्रम :

सहकारी विभाग अन्तर्गतका निकायहरुको संस्थागत एवं भौतिक पक्ष निकै कमजोर रहेको कारण ती कार्यालयहरुमा कर्मचारीहरुलाई काममा उत्प्रेरित समेत गराउन सकिएको छैन । यस परिप्रेक्ष्यमा दैनिक कार्य संचालनका निमित्त आवश्यक वस्तु तथा सेवाका आपुर्ति गरी कार्य सम्पादन प्रक्रियालाई प्रभावकारी वनाउनु जरुरी भएको छ । यसै क्रममा विभाग र अर्न्तगतका कार्यालयहरुका लागि आवश्यक न्युनतम भौतिक पुर्वाधार सेवाहरुको निर्माण तथा व्यवस्थापन गरी कार्मचारीहरुलाई आर्कषित गर्नुका साथै कार्यालय संचालनमा समेत सुगमता ल्याउन प्रस्तुत कार्यक्रम संचालन गरिएको थियो । आ.व. २०७०/७१ मा डिभिजन सहकारी कार्यालय धनुषाको कार्यालय भवनको निर्माण काम सम्पन्न भएको र डिभिजन सहकारी कार्यालय सर्लाहीको कार्यालय भवनको निर्माण कामको लागि  माटो परिक्षण सम्पन्न गरी बोलपत्र आह्वान गर्ने काम सम्पन्न भई भवन निर्माणको काम चालु अवस्थामा रहेको छ ।

**फर्निचर तथा फिक्चर्स खरिदः**

आ.व. २०७०/७१ मा सहकारी विभाग, केन्द्रीय सहकारी प्रशिक्षण केन्द्र, डिभिजन सहकारी कार्यालय र सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय चितवन, कास्की, बाँके र कैलालीमा छात्रावास तथा कार्यलयको लागि आवश्यक फर्निचर (कुर्ची, सोफा, दराज, टेबुल, फाइल क्यावीनेट आदि) खरिद गरिएको थियो ।

**कृषि जन्य सहकारी प्रशोधन उद्योगको स्थापना अनुदानः**

तीन वर्षिय अन्तरिम योजना (२०७०/७१-२०७२/७३) तेह्रौ योजनामा सहकारी संघ संस्थाहरुको सहकार्यमा २२५ वटा साना, ३ वटा मझौला सहकारी उद्योगहरु स्थापना गर्ने लक्ष वमोजिम आ.व. २०७०/७१ मा  मह-१, चिया-१, दुग्ध-१, कफि-१, उखु-१, अदुवा-१, महिला/खाद्य-७, माछा-२, दलित-३, पशुपालन-२५ (गाई, बाखा, भेडा र बंगुर) समेतका ४३ वटा सहकारी उद्यमको लागि मेशिनरी औजार लगायत पुजिगत खर्च तर्फ रु १,३३,०० हजार अनुदान दिने काम भएको थियो ।

**महिला सहकारी द्धारा खाद्य प्रशोधन उद्योगको स्थापना अनुदानः**

महिला सहकारी संस्था द्धारा संचालित ससाना  ७ वटा खाद्य प्रशोधन उद्यमको लागि रु.१७,०० हजार अनुदान दिने काम भएको थियो ।

**सहकारी कृषि फार्म स्थापना अनुदानः**

सहकारी संघ संस्थाहरु द्धारा स्थापित गाई, बाखा र बंगुर फार्म संचालनको लागि २५ वटा संस्थाहरुलाई रु.८४,०० हजार अनुदान वितरण भयो ।

**सहकारी शीतभण्डार स्थापना अनुदानः**

न्युनतम २५ वटा सहकारी संघ संस्थाहरु मिलेर विकासक्षेत्रगत रुपमा शितभण्डार निर्माणको लागि आवेदन गरेमा सम्भाब्यताको आधारमा प्रत्येक विकासक्षेत्रमा १।१ वटा शीतभण्डारको लागि नेपाल सरकारले कुल पुँजीगत लागतको ५०% सम्म अनुदान दिने लक्ष्य लिएकोमा आ.व. ०७०।७१ मा मध्यमाञ्चलको चितवन जिल्लामा स्थापित चितवन चनौली सहकारी शीत

भण्डारको निर्माणको लागि रु ७५,०० हजार  समेत हाल सम्म रु १,३७,५० हजार बराबरको पुँजीगत अनुदान उपलब्ध गराईएको थियो ।

**दलितको परम्परागत पेशाको आधुनिकरणको लागि पुंजीगत अनुदान :**

दलितहरुको परम्परागत पेशा मध्ये छालाको काम गर्ने सहकारी संस्था-१ र सिलाई कटाईको काम गर्ने सहकारी संस्था-२ गरी जम्मा ३ वटा सहकारी संस्थाको लागि रु ८,०० हजार पुंजीगत अनुदान उपलब्ध गराउने काम सम्पन्न भयो ।

**राष्ट्रिय सहकारी संघ लि.को केन्द्रीय भवन निर्माण अनुदान :**

राष्ट्रिय सहकारी संघको केन्द्रीय भवन निर्माणको लागि आ.व.०६७।६८ मा रु ९७ लाख ८५ हजार, आ.व. ०६८।६९ मा रु १ करोड, आ.व. २०६९/७० मा रु. २ करोड, आ.व. २०७०/७१ मा रु १,००,०० हजार वरावरको अनुदान रकम भवन निमार्ण तर्फ भुक्तानी भएकोले हाल सम्म राष्ट्रिय सहकारी संघको भवन निर्माण तर्फ रु ४ करोड ९७ लाख ८५ हजार भुक्तानी भई भवन निर्माण सम्पन्न भएको छ ।

**सहकारी विभाग परिसर सुधार तथा व्यवस्थापन :**

आ.व. ०७०।७१ मा केन्द्रीय सहकारी प्रशिक्षण केन्द्र र सहकारी विभागको परिसरलाई व्यवस्थित गराउंने काम भएको छ । कार्यालयको वातावरण सुन्दर र प्रभावकारी बनाउन परिसर सुधारको काम गरिएको हो । सहकारी विभागमा थप कक्ष निर्माण र परिसरको ढल मर्मत सुधार गरी भौतिक वातावरणमा सुधार गर्न, **कार्यालय सुरक्षा गर्ने प्रयोजनका लागि प्रस्तुत कार्यक्रम संचालन गरिएको थियो ।** सहकारी विभाग/केन्द्रीय सहकारी प्रशिक्षण केन्द्र र डिभिजन सहकारी कार्यालय दोलखा, उदयपुर, मोरङ, नुवाकोट, पाल्पा, दाङ, बैतडी, कञ्चनपुर र स.प्र.डि.का. कास्कीको परिसर सुधारको काम भएको थियो ।

## सहकारी तथ्यांक व्यवस्थापन एवं प्रतिवेदन प्रकाशन :

प्रत्येक जिल्लामा संचालनमा रहेका विभिन्न प्रकृतिका सहकारी संघ/संस्थाको संख्या, सदस्य संख्या (महिला/पुरुष), शेयरपुँजि, बचत परिचालन, लगानी र प्रत्यक्ष रोजगारी लगायत अन्य कारोवारहरुको विषयमा जानकारी प्राप्त गरी ती अभिलेखलाई कम्प्युटरकृत (Computerised) गर्ने कार्य सहकारी विभागले अध्यावधिक रुपमा गर्दै आएकोछ । प्रत्येक डिभिजन कार्यालयमा सुचनाहरुलाई अद्यावधिक गरी सहकारी तथ्यांक सम्बन्धी जिल्ला प्रोफाइल प्रकाशन गर्नुका साथै जागरण प्रकाशन कार्यलाई नियमित तुल्याई सहकारी संस्थाहरुको प्रवर्द्धन तथा नियमन कार्यमा सहयोग  जुटाउने काम भएको छ । सुचनाको क्षेत्रमा विभिन्न डिभिजन कार्यालयको पहुँचलाई सुगम तुल्याउन र सरोकारवालाहरुलाई उपलब्ध गराउन यो कार्य जरुरी महसुस भएको छ । जिल्लाले अद्यावधिक गरेको तथ्यांकहरुलाई विभागबाट एकिकृत गरी अभिलेखको रुपमा सहकारी संघ संस्थाहरुको तथ्यांक प्रकाशिन गर्ने योजना अनुसार गतसाल कै निरन्तर कार्यक्रमको रुपमा यो कार्यक्रम संचालन गरिएको थियो ।

## कार्यलय निरीक्षण र संघ/संस्था तथा अनुदान प्राप्त परियोजना अनुगमन :

सहकारी ऐन २०४८ ले सहकारी संघ/संस्थाको दर्ता, विनियम संशोधन, खारेजी लगायतका कार्यहरु गर्न सहकारी विभागका रजिष्ट्रार वा रजिष्ट्रारले तोकेको अधिकृत कर्मचारीलाई अधिकार प्रत्यायोजन हुन सक्ने व्यवस्था गरेको छ । सहकारी विभाग अन्तर्गतका सम्पुर्ण डिभिजन सहकारी कार्यालयमा अधिकृतको पदपुर्ति हुन नसकेको कारण सेवाग्राहीको निमित्त सर्वसुलभ रुपमा सहकारी सम्बन्धी सेवा दिन नसकिएको परिप्रेक्ष्यमा सहकारी सम्बन्धी सेवालाई घुम्ति टोली मार्फत सेवा प्रदान गर्दा प्रभावकारी हुने महसुश गरी आ.ब. २०७०/७१ मा विभागवाट र आवश्यकता अनुसार डिभिजन कार्यालयवाट अधिकृत सहितको टोली सम्वन्धित स्थानमा गई सहकारी सम्बन्धी सेवा दिने उद्देश्यले प्रस्तुत कार्यक्रम संचालन गरिएको थियो । त्यसै गरी सहकारी विभागका रजिष्ट्रार तथा अन्य कर्मचारीहरुवाट ७५ पटक विभिन्न डिभिजन कार्यालयहरुको निरीक्षण तथा परियोजना अनुगमनको काम भएको थियो ।

## सहकारी संस्थाको सघन अनुगमन :–

आ.व.२०७०/७१ मा बचत तथा ऋृणको कारोबार गर्ने ५०० ठुला सहकारी (रु. ५ करोड भन्दा बढीको कारोबार भएका) संस्थाहरु सघन अनुगमन गरी सहकारी सुशासनमा सुधार गर्ने कार्यक्रम बमोजिम काठमाण्डौं उपत्यकामा

२२३ वटा र उपत्यका बाहिर १९५ गरी जम्मा ४१८  वटा संस्थाको अनुगमन गरी प्रतिवेदन दिने, प्रतिवेदन उपर छलफल गराउने र सुझाव दिने काम भएको थियो ।

**सहकारी सुचना प्रसारण एवं प्रकाशन :**

## क.  सहकारी सम्बन्धी श्रव्य/दृष्य सामाग्री प्रशारण

सहकारी सम्वन्धी विभिन्न प्रकारका सन्देशमुलक रेडियो तथा टेलिभिजन सन्देशहरु आर्थिक वर्ष ०७०/७१ मा २१ पटक प्रशारण गर्ने लक्ष्य राखिएकोमा विगत आ.व. मा निर्माण भएको सहकारी हुन्छ जहां विकास हुन्छ त्यहां, दाजुभाई र दाइजो नामक टेलिचलचित्र समेत प्रशारण गरिएको थियो । नेपाल टेलिभिजन र रगरमाथा टेलिभिजनबाट अल न्युज प्याकेज कार्यक्रम अन्तरगत दैनिक क्रमशः १० पटक र १४ पटक दश/दश दिन सम्म जम्मा २४० पटक सहकारी प्रवर्द्धन तथा दियमन विषयक सार्वजनिक सेवा उद्घोष प्रशारण भएको साथै पपुलर मेडिया एण्ड इन्टरटेनमेन्ट प्रा.लि.बाट कालिका, गोरखा, मेरो र स्टार एफ.एम.बाट सहकारी नियमन र सुशासन सम्बन्धी सार्वजनिक सेवा उद्घोष (जिङ्गल) १५ दिन सम्म  दिनको ४ पटक प्रशारण गर्ने गरी जम्मा ६० पटक सहकारी सन्देश प्रशारण गरिएको थियो । त्यसै गरी उज्यालो ९० एफ.एम. मार्फत देशभर सुन्न सकिने गरी ३० दिन सम्म दैनिक दुई पटक जम्मा ६० पटक सहकारी प्रवर्द्धन तथा नियमन विषयक सार्वजनिक उद्घोष प्रशारण गरिएको थियो । यस प्रकारका सन्देशमुलक सामाग्रीहरुको प्रशारणवाट आम नागरीकहरुमा सहकारी सम्वन्धी सचेतना अभिवृद्धि भई सहकारी प्रतिको दृष्टिकोणलाई समेत सकारात्मक वनाउन सहयोग पुगेको अनुमान गरिएको छ, । त्यसै गरी सहकारीकर्मीहरुलाई संस्था संचालनको विषयमा थप जानकारी तथा सुचना प्राप्त भई सहकारी भावनाको विकासमा सहयोग पुगेको अनुमान गरिएको छ । कार्यक्रम संचालनको प्रभाव सकारात्मक नै रहेको कारण आगामी दिनमा समेत सहकारी विभागको नियमनात्मक र प्रवर्द्धनकारी भुमिका वहन गर्न सहायक हुने गरी यो कार्यक्रमको निरन्तर रुपमा  संचालन गरिदै आएको देखिन्छ ।

## ख. पत्र पत्रिका मार्फत सहकारी सम्बन्धी सुचना प्रकाशन

सहकारी सम्वन्धी सुचना तथा जानकारीहरुको प्रवाह नियमित रुपमा हुन सकेमा नै सहकारी नियमनमा प्रभावकारीता आउन सक्ने तथ्यलाई मध्यनजर राखी सहकारी सम्वन्धी विभिन्न प्रकृतिका सुचना तथा जानकारीहरुलाई पत्र

पत्रिकामा प्रकाशित गर्ने कार्यक्रम गत आ.व. देखि निरन्तर रुपमा हुदैं आएको छ । नेपाल सरकारले निर्दिष्ट गरेका राष्ट्रिय स्तरका दैनिक पत्र पत्रिकामा तथा स्थानीय पत्र पत्रिकामा सुचना प्रकाशित यी सुचना तथा जानकारीहरुको पहुँच समेत राष्ट्रिय स्तरमा गराउन सहयोग पुग्ने भएकोले सहकारी विभागको तर्फवाट प्रचार गर्नु पर्ने विषयहरुलाई नियमित रुपमा प्रकाशन गर्ने उद्देश्यले आ.व. ०७०/७१ मा यो कार्यक्रम संचालन गरिएको थियो । विभागवाट ३६ पटक र डिभिजन कार्यालयवाट १५२ पटक सार्वजनिक सुचना जारी भएको थियो ।

**क्षेत्रीयस्तरमा वजेट तर्जुमा तथा सहकारी सुचना व्यवस्थापन विधि र उपयोग सम्बन्धी अन्तरक्रिया/छलफल :**

व्यवस्थापकीय कार्यको कार्यकुशलताको आधार हो सुचना व्यवस्थापन । सही सुचनाको व्यवस्थापनले नीतिगत निर्णय गर्न र सरोकारवालाहरुमा आवश्यक सुचनाहरु प्रवाहित गर्न मद्दत पुग्दछ । सहकारी सम्वन्धी तथ्यगत एवं सुचनाले सहकारी प्रणाली मार्फत भए गरेका कार्यको योगदान समेत मुल्याङ्कन गर्नुका साथै कार्यालयको दैनिक कार्यसम्पादनमा समेत योगदान पुग्ने निश्चित छ । यस प्रकारका सुचनाहरुका अतिरिक्त नेपाल सरकारका कार्यालयहरुले सुरक्षित राख्नु पर्ने प्रकृतिका सुचना एवं तथ्याङ्कहरुलाई सुरक्षित राख्ने र तीनको उपयोग गर्ने क्षमता समेत अभिवृद्धि गर्ने प्रयोजनका निमित्त अधिराज्यका पाँच विकास क्षेत्र समेटिने गरी सम्बन्धित सहकारी कार्यालय तथा सहकारी संघ एंव संस्था समेतको प्रतिनिधित्वमा चारवटा बजेट कार्यक्रम तर्जुमा तथा सहकारी सुचना विधि विषयक क्षेत्रीय गोष्ठी आयोजना र संचालन गरिएको थियो ।

**सहकारी प्रवर्द्धन विषयक अन्तरक्रिया (गोष्ठी)**

नेपालमा कृषि उत्पादन, उत्पादकत्व एवं वजारीकरणको निमित्त कृषकहरुकै सहभागिता र व्यवस्थापनमा संचालन हुने सहकारी संस्थाहरु प्रभावकारी हुने र उपभोक्ता सहकारी संस्थाहरुको प्रवर्द्धन गरी ग्रामीण क्षेत्रका नागरिकहरुका निमित्त वजार व्यवस्थापन तथा संगठनात्मक पक्षका वारेमा सहकारी सम्वन्धी भावी क्रियाकलाप र भुमिकालाई वृद्धि गर्नुपर्ने देखिन्छ । राष्ट्रिय सहकारी नीति २०६९ र राष्ट्रिय कृषि नीति २०६१ ले सहकारी उद्यम विकास तथा व्यावसायिक कृषिको विकास गर्न आवश्यक पक्षहरुको अभिवृद्धि गर्ने कार्यक्रम राखेको सर्न्दभमा कृषि सहकारी संस्थाहरुको प्रभावकारीता अभिवृद्धी गर्दै सहकारी खेति प्रवर्द्धनका निमित्त आवश्यक पक्षहरुको पहिचान र विकासका लागि अर्न्तराष्ट्रिय क्षेत्रको अनुभव समेतका आधारमा नयाँ नीति तथा कार्यक्रम

तर्जुमा गर्न सहायक हुने अपेक्षा सहित केन्द्रीय तथा सहकारी संघ र सहकारी पत्रकार समाज सहकार्यमा तथा सम्बन्धित क्षेत्रका विज्ञहरुको संलग्नतामा सहकारीको भुमिका विषयक एकदिने अन्तरक्रिया कार्यक्रम तथा केन्द्रीय सहकारी प्रशिक्षण केन्द्रको सहकार्यमा एक दिने **'सहकारीमा क्षमता विकास'** विषयक अर्न्तक्रिया गोष्ठी संचालन गरिएको थियो ।

**वार्षिक समिक्षा गोष्ठी :**

सहकारी विभाग र अर्न्तगतका डिभिजन सहकारी कार्यालयहरुको कार्यसम्पादनमा सुधार गर्ने र स्तर अभिवृद्धि गर्न आपसमा सम्बाद बढाउदै सहकारी गतिविधिको संचालन र प्रवर्द्धनमा कायम रहेको विभागीय नीति तथा कार्यक्रमको वारेमा जानकारी दिई स्थानीय स्तरमा देखिएका कमि/कमजोरीहरु सुधार गरी कार्यमा प्रभावकारीता ल्याउनुका साथै विभागीय कार्यक्रम र नीतिका बारेमा समेत जानकारी दिलाउने र विगतका कार्यक्रमको प्रगति समिक्षा गरी भावी कार्यक्रमको स्तर बृद्धि गर्ने प्रयोजनका लागि नियमित कार्यक्रम कै स्वरुपमा प्रस्तुत कार्यक्रम संचालन गरिएको थियो ।

**सहकारी सम्बन्धी ऐन, नियम र कार्यविधिका मस्यौदा निर्माण :**

सहकारी क्षेत्रको ब्यवसायिक कारोवार तिव्र गतिमा रुपमा अगाडि बढदै गएको छ । सहकारी संघ संस्थाहरुको कारोवारको आधारमा ठुला सहकारी संघ संस्थाहरुको सघन अनुगमन कार्यक्रमलाई व्यवस्थि तगर्न सहकारी अनुगमन कार्यविधिको मस्यौदा, सहकारी ऐन २०४८ तथा सहकारी नियमावली २०४९ को संशोधन मस्यौदा तयार गरिएको र स्वीकृतिको लागि पेश भएको थियो ।

**सहकारी सुचना प्रविधि सम्बन्धी सफ्टवयेर खरिद :**

नेपालमा सहकारी संघ संस्थाहरुको संख्यात्मक वृद्धिको तुलनामा गुणात्मक वृद्धि हुन नसकेको सन्दर्भमा विभागका विभिन्न शाखाहरुबीच सुचना नेट वर्किङ र विभागको कार्य पद्धतिमा परिमार्जन गर्ने काम सम्पन्न भएको छ । साथै सहकारी विभागको Website अपडेट, होस्टिङ र विद्युतीय हाजिरी संबन्धी मेशीन खरिद गरिएको थियो ।

**नमुना जिल्ला सहकारी प्रवर्द्धन कार्यक्रमः**

यस कार्यक्रम अन्तरगत सहकारी संघ/संस्थाहरुको सहभागितामा घनकुटा, दोलखा, पाल्पा, रोल्पा, कञ्चनपुर र बैतडी जिल्लामा अन्तरक्रिया गोष्ठीको आयोजना गरी स्थानीय क्षेत्रमा सहकारीको अवसर र सम्भावनाको बारेमा छलफल भएको थियो ।

**सहकारी विभागको संगठन ब्यवस्थापन सर्भेक्षणः**

सहकारी संघ संस्थाहरुको संख्यात्मक वृद्धिको तुलनामा सेवा प्रदायक सरकारी

निकायहरुको संख्या अत्यन्त न्युन महशुस भएकोले सहकारी विभाग र अन्तरगतका कार्यालयहरुको संगठन र ब्यउवस्थापन सर्भेक्षण गर्नेकाम सम्पन्न भएको छ ।

**सहकारी दिवस कार्यक्रम :-**

सहकारीताको अवधारणालाई जीवन पद्धतीको आधारको रुपमा स्वीकार गर्ने परम्परा र राष्ट्रिय अर्थतन्त्रको विकास र सीमान्त तह सम्म आर्थिक क्रियाकलाप प्रवाहित गर्न महत्वपुर्ण माध्यमको रुपमा स्वीकार गरिएको छ । राष्ट्रिय जीवनका प्रत्येक क्षेत्रमा सहकारीको भावनालाई मुर्त रुप दिने प्रयास भएकै सन्दर्भमा नेपालमा सहकारी आन्दोलनले विधिवत रुपमा संस्थागत रुप लिएको चैत्र २० गतेलाई सहकारी कर्मिहरुसंगको सहभागिता एवं समन्वयमा सहकारी दिवस कार्यक्रम आयोजना गर्ने, सहकारीताको भावनाका वारेमा व्यापक प्रसार /प्रसार गर्ने उदेश्यले प्रस्तुत कार्यक्रम देश भर संचालन गरिएको थियो ।

**सहकारी प्रवर्द्धन तथा जागरण सामाग्री पुस्तक तथा प्रतिवेदन प्रकाशन :**

सहकारी संघ संस्थाहरुको संख्या क्रमशः बढ्दै गैरहेको कुरा अध्ययनबाट देखिएको छ । सहकारी क्षेत्रमा संलग्न सदस्य संख्या पनि बढ्दै गएको छ । सहकारी प्रतिको जागरुकताका कारण नयाँ सहकारी संस्थाहरु स्थापना हुने तथा पुराना सहकारी संस्थाहरु पनि प्रभावकारी वन्ने क्रम वढ्दै गएको छ । आम नागरिकहरुलाई सहकारी संघ/संस्थाहरु तथा यसमा संलग्न सदस्यहरुले निभाउनु पर्ने भुमिका एवं यसलाई कुशलतापुर्वक संचालन गर्न अपनाउनु पर्ने विधि तथा सहकारी प्रणालीमा हुन सक्ने दुरुपयोगको संभावनालाई अन्त्य गर्न सरोकारवाला तथा नागरीकहरुमा तत्सम्बन्धी सचेतना तथा जागरुकता सिर्जना गर्ने प्रकृतिका पुस्तक, बुलेटिन, मुखपत्र, प्रतिवेदन, पुस्तिका, जानकारी विवरण, लिफलेट आदि प्रकाशन गर्ने उद्देश्यले यो कार्यक्रम संचालन गरिएको थियो । आ.व. २०७०/७१ मा वार्षिक प्रगति प्रतिवेदन, सहकारी सचेतना पुस्तिका, सहकारी सदस्य शिक्षा माला, सहकारी दर्पण, सहकारी तथ्याङ्क, अंग्रेजी/नेपाली फोल्डर, सहकारी संघ संस्था दर्ता संचालन, लेखा परिक्षण, अनुगमन तथा नियमन संबन्धी मापदण्ड, सहकारी ऐन, नियम र मापदण्ड संगालो २०७०, नेपालको सहकारीको परिचय विषयक अंग्रेजी पुस्तिका आदि समेत ८ वटा प्रकाशनहरु प्रकाशित गरिएको थियो ।

## सहकारी संघसंस्था अनुगमन/पर्ल्स अनुगमन तालीम कार्यक्रम :

सहकारी विभाग अन्तर्गत हाल कुल ५९४ कर्मचाारीहरुको दरवन्दी रहेको छ । यी दरवन्दीहरु मध्ये बहुसंख्यक कर्मचारीहरु नेपाल प्रशासन सेवाका कर्मचारीहरु कार्यरत रहेका छन् । यी कर्मचारीहरुको पुर्ण परिचालन विना सहकारी गतिविधिको प्रभावकारिता अभिबृद्धि हुन सक्दैन । सहकारी विभागमा जनशक्ति विकाससंग सम्बन्धित कार्यक्रमको अभावमा कर्मचारीहरुलाई आकर्षित तथा उत्प्रेरित गर्न र स्थिायित्व कायम गराउन नसकिएको सर्न्दभमा कर्मचारीहरुलाई सहकारी सम्बन्धी विषयमा तालिम प्रदान गरेको खण्डमा उनीहरुको कार्य दक्षतामा सुधार ल्याउन सकिन्छ । कुशल र प्रशिक्षित जनशक्ति नै संगठनको प्रभावकारिताको आधार भएको तथ्यलाई मध्येनजर राखि सहकारी विभाग/केन्द्रीय सहकारी प्रशिक्षण केन्द्रबाट विभिन्न तहका कर्मचारीहरुलाई संलग्न गरी आ.व. २०७०/७१ मा १५ दिवसीय सहकारी संघसंस्थाको अनुगमन/पर्ल्स अनुगमन तालीम कार्यक्रम संचालन गरिएको थियो ।

## अध्ययन अवलोकन भ्रमण कार्यक्रम :-

विगतमा विभिन्न मित्रराष्ट्रहरुको तर्फबाट प्राप्त हुने छात्रबृत्तिको मात्रा र संख्यामा समेत कटौती भएको दृष्यलाई मध्येनजर राख्दा सहकारीता सम्बन्धी तालिम वा अध्ययन भ्रमणको अवसर हाल असाध्यै न्युन रहेको छ । कुशल र प्रशिक्षित जनशक्ति नै संगठनको प्रभावकारिताको आधार भएको तथ्यलाई मध्येनजर राख्दै सहकारी विभागले आ.व. २०७०/७१ मा सहकारी सम्बन्धी विषयमा कर्मचारीहरुलाई अध्ययन प्रदान गर्न वैदेशिक भ्रमणको लागि प्रस्तुत कार्यक्रम संचालन गरिएको थियो । यस आ.व.मा श्रीमान् रजिष्ट्रार ज्युबाट सहकारी विभागको प्रतिनिधित्व गर्दै वेलायत, दक्षिण अफ्रिका,  मलेशिया र भारतको भ्रमण गरिएको थियो । त्यसै गरी मन्त्रालयको आयोजनामा विभाग तथा अन्तरगतका कार्यालयका पदाधिकारीहरुबाट विदेश भ्रमण भएको थियो ।

## डिभिजन सहकारी कार्यालयहरु

सहकारी विभाग अन्तर्गत ३८ वटा सहकारी कार्यालयहरु संचालनमा रहेका छन । ती मध्ये ५ वटा सहकारी प्रशिक्षण तथा डिभिजन कार्यलय र ३३ वटा डिभिजन सहकारी कार्यालयहरु रहेका छन् । विभाग अन्तर्गतका उल्लेखित निकायहरुबाट आ.व. २०७०/७१ मा संचालन भएका कार्यक्रमहरुको विवरण निम्नानुसार रहेको थियो ।

**(क) समुह सहकारीकरण तथा पुर्व सहकारी शिक्षा कार्यक्रम :**

गत आ.व.०७०/७१ मा विभिन्न प्रकृतिका समुहहरुलाई तालीमको माध्यमबाट सहकारीकरण गर्ने कार्यक्रम रहे बमोजिम ८०८ वटा समुहहरुलाई पुर्व सहकारी शिक्षा तालिम संचालन गरी सहकारीकरण कार्यक्रम सम्पन्न गरिएको थियो । यस कार्यक्रम अर्न्तगत कृषि, पशु, महिला विकास, बन, स्वास्थ्य, खानेपानी, स्थानीय विकास, गरिबी निवाराण कोष, गैरसरकारी निकाय आदि क्षेत्रवाट प्रवर्द्धित विभिन्न प्रकारका समुहहरुलाई सहकारी क्षेत्रमा आवद्ध गर्न उत्पेरित गर्ने उद्देश्यले ३८ वटा डिभिजन कार्यालय मार्फत ७५ जिल्लामा कार्यक्रम संचालन गर्ने काम गरिएको थियो । यस कार्यक्रमबाट २० हजार भन्दा बढी व्यक्तिहरु लाभान्वित भएका थिए ।

**(ख) सहकारी सुशासन र पारदर्शिताको लागि लेखापरीक्षकहरु वीचको अर्न्तक्रिया :**

सहकारी संघसंस्थाको पारदर्शिता र सुशासनलाई व्यवस्थित बनाउन जिल्लामा रहेका लेखापरीषकहरु बीच अन्तक्रिया गोष्ठीको कार्यक्रम संचालन गरी सहकारी संघसंस्थाको लेखापरीक्षणमा अप्नाउनु पर्ने मापदण्डको वारेमा छलफल गर्ने उद्देश्यले नेपाल राज्य भरका ३८ वटा सहकारी कार्यालयहरुमा यस प्रकारको कार्यक्रम संचालन गर्ने लक्ष्य रहेकोमा ३८ स्थानमा अर्न्तक्रिया गोष्ठी सम्पन्न भएको थियो ।

**ग) सहकारी सुशासन र समन्वयको लागि सहकारी कर्मीहरु वीचको अर्न्तक्रियाः**

सहकारी व्यवस्थापन र सुशासनलाई व्यवस्थित बनाउन जिल्लामा रहेका सहकारी कर्मीहरु बीच अन्तक्रिया गोष्ठीको कार्यक्रम संचालन गरी सहकारी सुशासन र व्यवस्थापनमा अप्नाउनु पर्ने नीति तथा मापदण्डको वारेमा छलफल गर्ने उद्देश्यले नेपाल राज्य भरका ३८ वटा सहकारी कार्यालयहरुमा यस प्रकारको कार्यक्रम संचालन गर्ने लक्ष्य रहेकोमा ३८ स्थानमा मात्र अर्न्तक्रिया सम्पन्न भएको थियो ।

**(घ) स्थानीय लाईन एजेन्सीका पदाधिकारीहरुसँगको अर्न्तक्रिया गोष्ठी** :
डिभिजन सहकारी कार्यालय अन्तरगत संचालित सहकारी संघ संस्थहरुको सहकार्य र सहभागितामा अन्तर जिल्ला अध्ययन भ्रमणको शीलशीलामा सफल सहकारीहरुको भ्रमण गरी अनुभव आदान प्रदान गरिएको छ । यो कार्यक्रम ३८ वटै डिभिजनवाट सम्पन्न भएको थियो ।

**(ङ) सहकारी संस्थाहरुको ऐकिकरण दर्ता खारेजी तथा लिक्विडेशन :**

यस अर्न्तगत विभिन्न डिभिजन कार्यालयमा दर्ता भएका संघसंस्थाहरुको संस्थागत सुशासन सुदृढ गर्ने उद्देश्य बमोजिम ३०९ सहकारी संघ/सस्थाहरुको एकिकरण, दर्ता खारेजी र लिक्वीडेशन-गर्ने लक्ष्य रहेकोमा २८ वटा एकिकरण, ४७५ वटा संस्थाहरुको दर्ता खारेजी र १० वटा संस्थाको लिक्वीडेशन गर्ने कार्य सम्पन्न गरिएको थियो ।

**(च) सहकारी दिवस :**

प्रत्येक डिभिजन कार्यालयबाट सहकारी दिवसका विभिन्न तोकिएका कार्यक्रमहरु संचालन गर्ने कार्यक्रम बमोजिम आ.व. ०७०/७१ मा ३८ वटै सहकारी कार्यालयहरुबाट सहकारी अभियानकर्मीहरुसँग समेत समन्वय गरी सहकारी दिवस मनाउने काम सम्पन्न भएको थियो ।

**(छ) अनुगमन निरीक्षण प्रतिवेदन :**

डिभिजन सहकारी कार्यालय अर्न्तगत विभिन्न जिल्लामा गठन भएका सहकारी संघ/संस्थाहरुको नियमित अनुगमन र निरीक्षण गरी सुझाव सहित प्रतिवेदन तयार पार्ने कार्यक्रम रहे बमोजिम आ.व. ०७०/७१ मा ७८७८ वटा संस्थाहरुको निरीक्षण अनुगमन गर्ने लक्ष्य रहेकोमा ७७३८ सहकारी संघ संस्थाको अनुगमन निरीक्षणको काम सम्पन्न भएको थियो ।

**(ज) जागरण सामाग्री प्रकाशन र एफ.एम.प्रशारण :**

सहकारी कार्यालयबाट सहकारी सचेतना सम्बन्धी विभिन्न जागरण सामाग्री प्रकाशन र प्रशारण गरी सहकारी शिक्षा सुचना र संचारको कार्यक्रम संचालन गर्ने लक्ष्य बमोजिम ११४ वटा विभिन्न जागरण सामाग्रीहरु प्रकाशन तथा वितरण र एफ.एम.प्रसारण गरिएको थियो ।

**(झ) सहकारी नियमनको लागि सुचना प्रकाशन :**

सहकारी सम्बन्धि विभिन्न सुचना र जानकारीहरु प्रकाशन गरी सहकारी शिक्षा र संचारको कार्यक्रम संचालन गर्ने कार्यक्रम बमोजिम १५२ पटक सुचना प्रकाशन कार्यक्रम रहेकोमा विभिन्न ३८ डिभिजन सहकारी कार्यालयहरुवाट १४९ वटा विभिन्न सुचनाहरु प्रकाशन गरिएको थियो ।

**(ञ) सहकारी सुचना ब्यवस्थापन गरी प्रोफाइल तयार गर्ने :**

यस कार्यक्रम अर्न्तगत ३८ डिभिजन सहकारी कार्यालयबाट आफ्नो प्रादेशिक कार्यक्षेत्र भित्र संचालित सहकारी संघ संस्थाहरुको जिल्लागत तथ्याङ्क सहितको प्रोफायल तयार गर्ने कार्यक्रम समेत रहेकोमा ३८ वटा डिभिजन सहकारी कार्यालयबाट प्रोफाईल तयार गर्ने काम पुरा भएको थियो ।

**(ट) सहकारी शिक्षा र तालिम :**

सहकारी क्षेत्र सुदुढीकरण आयोजना अन्तरगत ३३ वटा डिभिजन सहकारी कार्यालयवाट आ.व. २०७०/७१ मा देहाय अनुसारका तालीमहरु संचालन भएका थिए :

**१. सहभागितात्मक सहकारी लेखापालन तालिम**

नेपालमा सहकारी संस्थाहरु दिनानुदिन वृद्धि हुनुको साथै सदस्य संख्यामा पनि वृद्धि भैरहेको सन्दर्भमा सहकारी तालिम कार्यक्रम प्रयाप्त नभएको र तालिम कार्यक्रमलाई पनि लागत सहभागितामुखि गर्न र साझेदारी कार्यक्रमको रुपमा संचालन गर्दा अपनत्वको अनुभुति भै कार्यक्रम प्रभावकारी हुने, सहकारी संस्थाहरुको शिक्षा कोषको सदुपयोग हुने र नेपाल सरकारको व्ययभार समेत कम गर्दै भविष्यमा उनीहरुलाई नै सशक्तिकरण गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिएको थियो । यस्तो कार्यक्रममा संस्थाबाट कार्ययोजना सहित तालिम माग भै आएमा नेपाल सरकारले र संस्थाको स
मेत योगदान रहने गरी कार्यक्रम संचालन गर्न मनासिव हुने उद्देश्य बमोजिम १८४ वटा सहभागितात्मक सहकारी लेखापालन तालिम कार्यक्रम सञ्चालन गर्ने लक्ष्य रहेकोमा १७७ वटाका तालिम सम्पन्न भई ४४२५ जना सहकारीकर्मीहरु लाभान्वित भएका थिए ।

**२. सहकारी सेचतना तालीम :**

जिल्लास्तरमा दिइने सहकारी सचेतना तालिमको लक्षित संख्या २५८ रहेकोमा २५७ वटा तालीम संचालन भई ६४२५ जना सहकारी संस्थाका संचालक तथा साधारण सदस्यहरु लाभान्वित भएका थिए । यो कार्यक्रम संचालन गर्दा नेपाल सरकारका विषयगत निकायहरु, जिल्ला सहकारी संघ एवं विषयगत संघसंग समेत समन्वय गरी संचालन गरिएको थियो ।

### (ठ) डिभिजन सहकारी कार्यालयहरुको कार्यालय भवन निर्माण :

डिभिजन सहकारी कार्यालय सर्लाही र धनुषाको कार्यालय भवन निर्माणको काम शुरु भएकोमा डिभिजन सहकारी कार्यालय धनुषाको कार्यालय भवन निर्माणको काम सम्पन्न भएको र डि.स.का. सर्लाहीको कार्यालय भवन निर्माणमा प्रक्रियागत चरणहरु पुरा गर्न लामो समय लागेकोले आ.व. ०७१/७२ मा निर्माण काम अगाडी बढाउने गरी बोलपत्र आह्वानको काम सम्पन्न भएको छ ।

## ४.२ सहकारी प्रशिक्षण केन्द्र (३१२१३३–३/४)

**पृष्ठभुमि :**
सहकारी प्रशिक्षण केन्द्रको प्रमुख उद्देश्य सहकारी शिक्षा र प्रशिक्षणको माध्यमबाट सहकारीमा संलग्न जनशक्तिको क्षमता विकास गर्नु हो । यस संस्थाले आफ्नो स्थापनाकाल देखि नै सहकारी शिक्षा तथा तालिम संचालन गर्दै आएको छ । सहकारी क्षेत्र तथा वातावरणमा आएको परिवर्तनसंगै तालिम संचालन गर्ने पद्धतिमा समय सापेक्ष सुधार गर्दै आएको छ । सहकारी संघ संस्थाहरु खोलेर सो मार्फत व्यवसायिक काम कारोवार गर्ने पद्धतिमा केही वर्ष यता विकास हुंदै आएको हुनाले सहकारी संस्थाको संख्यामा दिनानुदिन वृद्धि हुंदै गइरहेको छ । यसै तथ्यलाई मध्यनजर गरी यस सहकारी प्रशिक्षण केन्द्रलाई केन्दीय सहकारी प्रशिक्षण केन्द्रमा परिणत गरी देशका अन्य विभिन्न छ जिल्लामा समेत सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय स्थापना गरी उच्चतहका तालिमहरु केन्द्रीय सहकारी प्रशिक्षण केन्द्रमा प्रारम्भिक तालिमहरु सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालयबाट संचालन हुने र चेतनामुलक कार्यक्रमहरु डिभिजन सहकारी कार्यालयबाट संचालन भएको थियो ।

यसरी सहकारी प्रशिक्षण केन्द्रबाट संचालित विभिन्न तालिम कार्यक्रम अन्तर्गत दीर्घकालिन कृषि विकासको अवधारणालाई समेत मद्दत पुग्ने गरी कृषकहरुको आर्थिक हितलाई टेवा पुऱ्याउन दुग्ध उत्पादक सहकारी संस्था, वहुउदेश्यीय सहकारी संस्था, महिला सहकारी संस्था, वचत तथा ऋण सहकारी संस्था जस्ता सहकारी समुहका संचालक/व्यवस्थापक तथा सदस्यहरुलाई सहकारी शिक्षा, सचेतना तथा आधारभुत सहकारी व्यवस्थापन तालिम प्रदान गर्ने कार्यक्रम राख्दै आएको छ ।

यी कार्यक्रमको विभिन्न समयमा गरिएको अध्ययनबाट सहकारी संस्थाहरुको कारोवारमा विविधिकरण मुनाफा आर्जन क्षमतामा वृद्धि र व्यवसायिक सोचको विकास भै सकारात्मक स्थितिको संकेत समेत देखापरेको छ । यस अतिरिक्त दिनानुदिन वढ्दै गएका वहुमुखी एवं वचत तथा ऋण सहकारी संस्थाहरुको कारोवारलाई ध्यानमा राखेर सम्वन्धित सहकारी संस्थाका संचालक तथा व्यवस्थापकहरुलाई आधारभुत सहकारी व्यवस्थापन तालिम र व्यवसाय प्रवर्द्धन तालिम पनि संचालन गर्दै आएको छ । आगामी दिनमा उपभोक्ता तथा शेयरहोल्डरहरुको हित संरक्षणमा सचेतता ल्याउन प्रशिक्षणलाई घुम्ती रुपमा पनि संचालन गर्नु पर्ने आवश्यकता वढेको छ । साथै कृषि सहकारीलाई वजारीकरण गर्नेतर्फ ध्यान पुऱ्याउनु पर्ने महसुस भै यस केन्द्रको तालिम पाठ्यक्रमहरुमा समयानुसार सुधार गर्दै लगिएको छ । अनुगमन पक्षलाई सशक्त र सुदृढ गर्न सहकारीमा कार्यरत जनशक्तिलाई लेखा विश्लेषण गर्न सक्षम

तुल्याउन लेखापालन तालिम र संस्थाका सदस्यहरुलाई सहकारी शिक्षा, सचेतना तथा तालिम पनि संचालन हुंदै आएको छ र आगामी वर्ष पनि निरन्तरता दिनु पर्ने आवश्यकता छ । प्रशिक्षण दिने क्रममा सम्वद्ध कर्मचारीको दक्षता र क्षमता विकास गर्नु पनि आवश्यक हुन्छ । सो को लागि सहकारी विभाग र प्रशिक्षण केन्द्रका कर्मचारीहरुलाई प्रशिक्षक प्रशिक्षण तालिमका माध्यमबाट प्रशिक्षण सीप विकास गर्ने र अध्ययन अनुसन्धानका कार्यक्रमहरु संचालन गरी तालिम पाठ्यक्रम र पाठयोजना परिमार्जन गर्ने कार्यलाई पनि निरन्तरता दिंदै आइरहेको छ ।

**उद्देश्य**

यस केन्द्रको मुख्य उद्देश्य, सहकारी क्षेत्रमा संलग्न रहेका पदाधिकारीहरु, व्यवस्थापक र कर्मचारीहरुको सीप, ज्ञान र व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन तालिम र अनुसन्धान कार्यक्रम संचालन गर्नु रहेको छ । यसका अतिरिक्त केन्द्रको उद्देश्यहरु देहाय वमोजिम छन्:

**क**) सहकारी संघ संस्थाका पदाधिकारी एवं सदस्यहरुमा व्यवसायिक सोचको विकास गर्ने ।

**ख**) सहकारी संघ संस्थामा संलग्न पदाधिकारीहरुको व्यवस्थापकीय क्षमतामा अभिबृद्धि गर्ने ।

**ग**) सहकारी शिक्षाको माध्यबाट सहकारीका सर्वमान्य सिद्धान्त नीति लगायत काम कर्तव्य र कार्यक्षेत्रको वारेमा सचेतता जगाई सोही अनुसार संस्था संचालन गर्न उत्प्रेरित गर्ने ।

## नीति तथा रणनीति

१. सहकारी व्यवसायमा संलग्न रहेका सहकारी संस्थाका पदाधिकारी तथा व्यवस्थापकहरुलाई केन्द्रस्तरमा तालिम प्रदान गर्ने ।

२. सहकारी आन्दोलनमा लागेका सहकारी संस्थाका संचालक सदस्यहरुलाई क्षेत्रस्तरमा तालिम संचालन गर्ने,

३. आधारभुत तहमा संचालन हुने तालिमहरुलाई प्रभावकारी र प्रशिक्षार्थी केन्द्रीत वनाउन तालिम सामाग्री तयार गर्ने ।

४. विभिन्न समुहहरुलाई सहकारीको माध्यमद्वारा व्यवसायिक कृयाकलापमा संलग्न हुन सहकारी शिक्षा सम्वन्धी तालिम संचालन गर्ने ।

५. सहकारी तालिम र अनुसन्धानमा दक्षता ल्याउन केन्द्रका प्रशिक्षकहरु, जिल्लाका अधिकृतहरुलाई तालिम प्रदान गर्ने ।

## आ.व.२०७०।७१ मा संचालित प्रशिक्षण कार्यक्रमहरुः

१. **अधिकृतस्तर प्रशिक्षक प्रशिक्षण तालीम (१५ दिने)** : सहकारी क्षेत्रमा कार्यरत कर्मचारीहरुमा सहकारी लेखा सम्वन्धित क्षमता अभिवृद्धि गर्ने उद्देश्य राखी सहायकस्तरमा एउटा तालिम संचालन गरियो । यो तालिम १५ कार्य दिनको रहेको थियो । यस तालिममा अधिकृतस्तरका २५ जना सहभागीलाई प्रशिक्षण संचालन गरियो ।

२. **सहायकस्तर प्रशिक्षक प्रशिक्षण तालीम (१५ दिने)** : सहकारी क्षेत्रमा कार्यरत सहायकस्तरका कर्मचारीहरुमा प्रशिक्षण क्षमता वृद्धि गर्ने उद्देश्य राखी सहायकस्तरमा एउटा तालिम दिने कार्यक्रम रहेको थियो । उपरोक्त प्रशिक्षक प्रशिक्षण तालिम १५ कार्य दिनको हुने गरी सञ्चालन भएको थियो । यो तालिममा सहायकस्तरका २५ जना सहभागीलाई प्रशिक्षण दिइएको थियो ।

३. **उद्यमशीलता तथा सहकारी व्यवसाय प्रवर्द्धन तालिम** : सहकारी संस्थाको व्यवसायिक दक्षता वृद्धि भई उत्पादनमा समेत वृद्धि भइरहेको छ । तर सहकारी संस्थामा वजार ज्ञानको अभावमा उनीहरु आफ्ना उत्पादनको विक्री वितरण र वजारीकरणमा पछाडि परेका छन् । अतः सहकारी संस्थाका संचालक र व्यवस्थापकमा सहकारी व्यवसाय तथा वजार सम्वन्धी ज्ञानको अभिवृद्धि गर्न यो तालिम सञ्चालन गरिएको थियो । यो तालिम, व्यवसायिकतामा आएका सहकारी संचालकहरुलाई केन्द्रीत गरी उच्चस्तरको सीप र ज्ञान प्रदान गरीने गरी सञ्चालन गरिएको थियो । यो तालिम १० कार्य दिनको हुने गरी २ वटा तालिममा ५० जना सहभागिहरुलाई प्रशिक्षण प्रदान गरिएको थियो ।

४. **व्यवस्थापन सीप विकास तालिम** : सहकारी संस्थाका संचालक तथा व्यवस्थापकहरुमा सहकारी संस्था संचालन गर्दा आईपर्ने कार्यालय व्यवस्थापन, कर्मचारी व्यवस्थापन, अभिलेख व्यवस्थापन, लेखा व्यवस्थापन आदिको प्याकेज वनाई प्रशिक्षण दिइनेछ । यसमा १५ कार्य दिनको हुने गरी २ वटा तालिममा ५० जना सहभागिहरुलाई प्रशिक्षण प्रदान गरिएको थियो ।

५. **रणनैतिक योजना तर्जुमा सम्वन्धी तालिमः** सहकारी संस्थाका संचालक तथा व्यवस्थापकहरुलाई सम्वन्धित सहकारीहरुको संस्थागत विकासको लागि सोच, रणनीति, लक्ष, उद्देश्य लगायतको योजना प्रकृया सम्वन्धी विषयको प्रशिक्षण दिने लक्ष्य सहित १० कार्य दिनको रणनैतिक योजना तर्जुमा सम्वन्धी ३ वटा तालिममा ७५ जना सहभागिहरुलाई प्रशिक्षण प्रदान गरिएको थियो ।

६. **सहकारीमा व्यवसायिक नेतृत्व विकास तालिम** : जिल्ला संघहरुमा

कार्यरत संचालक पदाधिकारीहरु र व्यवस्थापकहरुलाई सम्वन्धित विषयको व्यवसायिक नेतृत्व सीप प्रदान गर्ने उद्देश्यले यो तालिम कार्यक्रम संचालन गरिएको थियो । यो तालिम १० कार्य दिनको हुने गरी २ वटा तालिममा ५० जना सहभागिहरुलाई प्रशिक्षण प्रदान गरिएको थियो ।

७. **प्रशिक्षक प्रशिक्षण तालिम :** सहकारी संस्थाको संख्या दिन प्रतिदिन वृद्धि हुंदै गइरहेको छ । सरकारद्वारा संचालित तालिमले सहकारी संस्थाको साह्रै सानो हिस्सा मात्र ओगट्न सकेको अवस्था छ । कतिपय सहकारी संघ संस्थाहरुले आफ्नै स्रोत र साधनको उपयोग गरी तालिम कार्यक्रम सञ्चालन गर्ने गरेका छन् । तर उनीहरुसंग राम्रा प्रशिक्षकहरुको अभाव छ । त्यसैले सहकारी संघ संस्थाका संचालक/ व्यवस्थापकहरुलाई प्रशिक्षक प्रशिक्षण तालिम प्रदान गरी उनीहरुमार्फत सहकारी तालिम प्रदान गर्दा प्रभावकारी हुने मनसायले १५ कार्य दिन कायम गरी १० वटा प्रशिक्षक प्रशिक्षण तालिम संचालन गरी २५० जना सहभागिलाई प्रशिक्षक प्रशिक्षण तालिम दिइएको थियो । राष्ट्रिय सहकारी संघ एवं केन्द्रिय संघको आवश्यकता अनुसार समन्वय गरी प्रशिक्षक प्रशिक्षण तालिम संचालन गरिएको थियो ।

८. **संस्थागत क्षमता विकास तालिम** : सहकारी संघ संस्थाको संख्यात्मक वृद्धि हुंदै गइरहेको भएता पनि यसको गुणात्मक विकास पछाडि परेको छ । सरकारद्वारा संचालित तालिमले सहकारी संस्थाको साह्रै सानो हिस्सा मात्र ओगट्न सकेको छ । त्यसैले सहकारी संघ संस्थाका संचालक/व्यवस्थापकहरुलाई क्षमता विकास तालिम प्रदान गरी उनीहरुमार्फत सहकारी तालिम प्रदान गर्दा प्रभावकारी हुने मनसायले ७ वटा संस्थागत क्षमता विकास तालिम आयोजना गरी १७५ जना सहभागिलाई संस्थागत क्षमता विकास तालिम दिने काम सम्पन्न भएको थियो ।

९. **सहकारी ब्यवस्थापन र लेखापालन तालीमः** : सहकारी संघ संस्थाका संचालक/ व्यवस्थापकहरुलाई प्रशिक्षक प्रशिक्षण तालिम प्रदान गरी उनीहरु मार्फत सहकारी क्षेत्रमा तालिम प्रदान गर्न सकुन भन्ने उद्देश्यका साथ ३ वटा लेखा तथा ब्यवस्थापन विषयक ३० दिने तालीम संचालन गरिएको र यसवाट ७५ जना सहभागिहरुले प्रशिक्षण प्रशिक्षण सुविधा प्राप्त गरेका थिए ।

१०. **सहकारी लेखापालन तालीमः**

सहकारी संघ/संस्थाका पदाधिकारी तथा कर्मचारीहरुको लेखा व्यवस्थापन सम्बन्धी क्षमता अभिवृद्धि गर्ने उद्देश्यका साथ तीन वटा सहकारी लेखापालन तालीम सञ्चालन गरी ७५ जना प्रशिक्षार्थीहरुलाई १० दिने प्रशिक्षण प्रदान गरिएको थियो ।

११. **सहकारी क्षेत्रको अध्ययन, अनुसन्धान, प्रवर्द्धन र विकासः**

- विभिन्न सहकारी संस्थाको तालीम आवश्यकता पहिचान अध्ययन गरी प्रतिवेदन तयारीको कार्यक्रम राखिएको थियो । यसका लागि रु. ३०० हजारको कार्यक्रम संचालन गरिएको थियो । सहकारी संस्थाहरुको अनुसन्धान गरी प्रतिवेदन तयार गर्ने काम भएको थियो ।
- **तालिम सामाग्री तयारी तथा प्रकाशन :** यस सहकारी प्रशिक्षण केन्द्रले तालिमको अतिरिक्त विभिन्न अध्ययन सम्वन्धी प्रशिक्षण सामाग्री, पाठ्यपुस्तकहरु तयार गर्दै आइरहेको छ र भविष्यमा पनि गर्दै जानेछ । यसरी तयार गरेका पुस्तक, अध्ययनमालाहरु छपाई गरी क्षेत्रीय प्रशिक्षण केन्द्र तथा जिल्ला सहकारी कार्यालयहरु मार्फत सहकारीकर्मीहरुलाई वितरण गर्ने काम भएको थियो । सहकारिता सम्वन्धी प्रशिक्षण सामाग्री प्रकाशन गर्नका लागि कुल रु. २६४ हजारको कार्यक्रम संचालन भएको थियो ।
- **तालीम म्यानुअल प्रकाशनः** केन्द्रीय सहकारी प्रशिक्षण केन्द्र, सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय र डिभिजन सहकारी कार्यालयबाट संचालन गरिने विभिन्न तालीम प्याकेजहरुको लागि आवश्यकता अनुसार तालीम म्यानुअल प्रकाशन गरिएको थियो ।
- **मुखपत्र (सहकारी पुञ्ज) प्रकाशनः** केन्द्रीय सहकारी प्रशिक्षण केन्द्रको मुखपत्रको रुपमा वार्षिक दुई अंक **सहकारी पुञ्ज** ६/६ महिनामा प्रकाशित गरी वितरण गरिएको थियो ।

**११. अनुगमन/मुल्यांकन/प्रतिवेदन कार्यक्रम :** सहकारी प्रशिक्षण कार्यक्रम केन्द्रमा मात्र सीमित नराखी क्षेत्र र जिल्लास्तरबाट समेत संचालन गर्ने नीति अनुरुप स.प्र.डि.का. ५ र डि.स.का. ३३ समेत जम्मा ३८ कार्यालयहरुबाट प्रशिक्षणको काम हुदै आएको छ । यसरी जिल्लास्तरमा तालिम कार्यक्रम संचालन गरेर मात्र नपुगी सो तालिम कार्यक्रमको प्रभावकारी अनुगमन गर्ने व्यवस्था हुन सकेमा मात्र उक्त तालिमको प्रभावकारिता हुन सक्नेछ । यस वाहेक त्यस्ता कार्यालयहरुमा सयम सयममा भ्रमण गरी प्रतिवेदन समेत प्राप्त गर्नुपर्ने हुन्छ । यसै तथ्यलाई मध्यनजर राखी जिल्लास्तरका तालिमको अनुगमन गर्ने उद्देश्य राखी सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय र डिभिजन सहकारी कार्यलयहरुमा तालीम अनुगमन गर्ने लक्ष्य राखिएको छ ।

**१२. पुस्तकालय सुदढीकरण कार्यक्रम :** सहकारी प्रशिक्षण केन्द्रमा रहेका सन्दर्भ पुस्तक तथा तालीम सामग्रीहरुका लागि रु. १ लाख ५० हजार विनियोजन गरिएको थियो । नयां र परिवर्तन सापेक्ष स्वदेशी र विदेशी

पाठ्यपुस्तकहरु आवश्यक पर्ने र पुस्तकालयलाई समयसापेक्ष अत्याधुनिक वनाउँदै पुस्तकालयलाई समेत सुदृढ गर्ने उद्देश्य राखी यो कार्यक्रम राखिएको थियो ।

**१३. निर्मित सार्वजनिक संपत्ति संभार खर्च (केन्द्रस्तर)** : यस केन्द्रिय सहकारी प्रशिक्षण केन्द्रको भौतिक संरचना पुरानो भई नियमित मर्मतको टड्कारो आवश्यकता महसुस भएकोले भवनका छाना, खानेपानी, ढल, तथा शौचालयहरुको मर्मतका लागि रु. ३०० हजारको कार्यक्रम संचालन गरिएको थियो ।

## क्षेत्रीयस्तर (सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय – ५) वटा संचालित तालीम कार्यक्रमहरु

(१) **आधारभुत सहकारी व्यवस्थापन तालिम (सहायकस्तर)**
वचत तथा ऋण सहकारी, वहुउद्देश्यीय सहकारी, कृषि क्षेत्रमा आधारित सहकारी आदि जस्ता विविध विषयमा आधारित सहकारी संस्थाका सदस्यहरुलाई यस प्रकारको प्रशिक्षण दिइएको थियो । यस्तो प्रशिक्षण क्षेत्रीय तालीम केन्द्र मार्फत संचालन गरिएको थियो । यी तालिम संचालन गर्दा राष्ट्रिय सहकारी संघसंग आवद्ध जिल्ला संघहरुमा आवश्यक समन्वय गरी संचालन गरिएको थियो । क्षेत्रीयस्तरमा दिइने ६ दिने यो तालिम जम्मा २७ वटा संचालन गरिएको र यसवाट ६७५ जना सहभागी लाभान्वित भएका थिए ।

(२) **आधारभुत सहकारी लेखापालन तालिम (सहायकस्तर)**
सहकारी संस्थाका व्यवस्थापक र लेखा समितिका सदस्यहरुलाई यो तालिममा सहभागी गराइएको थियो । तालिम संचालन गर्दा राष्ट्रिय सहकरी संघसंग आवद्ध जिल्ला संघहरुमा आवश्यक समन्वय गरी संचालन गरिएको थियो । विभिन्न क्षेत्रमा गरी ३४ वटा तालीम संचालन गरी जम्मा ८५० जना सहकारीका व्यवस्थापक र लेखा समितिका सदस्यहरुलाई तालीम उपलव्ध गराइएको थियो ।

(३) **विषयगत सहकारी व्यवसाय अभिबृद्धि तालिम (सहायकस्तर)**
विभिन्न विषयगत प्रकृतिका सहकारी संस्थाहरु दर्ता गर्ने क्रम वढ्दो रहको छ । तर संस्था दर्ता भए अनुसार सहकारी व्यवसायको विकास भने हुन सकेको छैन । यस अवस्थामा सहकारी संस्थाहरुकमो विषयगत प्रकृति अनुसार सहकारी व्यवसाय अभिबृद्धि गर्न विषयगत सहकारी व्यवसाय अभिबृद्धि तालिम कार्यक्रम संचालन गरिएको थियो । यस

शीर्षकमा ५ वटा तालिम संचालन गरी जम्मा १२५ जना सहकारीकर्मीहरु लाभान्वित भएका थिए ।

(४) **सहभागितात्मक सहकारी लेखापालन तालिम**

सहकारी संस्थाहरु दिनानुदिन बृद्धि भए अनुरुप सदस्य संख्यामा पनि बृद्धि भैरहेको र तालिम कार्यक्रम प्रयाप्त नभएको सन्दर्भमा तालिम कार्यक्रमलाई लागत सहभागितामुखी बनाउन र साझेदारी कार्यक्रमको रुपमा संचालन गर्दा अपनत्वको अनुभुति भै कार्यक्रम प्रभावकारी हुने, सहकारी संस्थाहरुको शिक्षा कोषको सदुपयोग हुने र नेपाल सरकारको व्ययभार समेत कम गर्दै लगी भविष्यमा उनीहरुलाई नै सशक्तिकरण गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिएको थियो । यस्तो कार्यक्रममा संस्थाबाट कार्ययोजना सहित तालिम माग भै आएमा नेपाल सरकारले र संस्थाको समेत योगदान रहने गरी कार्यक्रम संचालन गर्न मनासिव हुने हुँदा आ.ब. २०७०/७१ को लागि सहभागितात्मक सहकारी लेखापालन तालिम कार्यक्रम तर्फ २६ वटा तालीमबाट ५५० जना सहकारीकर्मीहरु लाभान्वित भएका थिए ।

(५) **अभिलेख व्यवस्थापन तालिम**

सहकारी संस्थाको सुचना प्रणालीलाई प्रभावकारी वनाउन संस्थामा कार्यरत संचालक र व्यवस्थापकहरुलाई व्यवस्थित अभिलेख राख्ने सम्वन्धी १ दिने कार्यक्रम सञ्चालन गरिएको थियो । ५ वटा अभिलेख व्यवस्थापन तालिम संचालन गरी १२५ जनालाई तालीम प्रदान गरिएको थियो ।

(६) **सहकारी सचेतना तालिम**

सहकारी शिक्षालाई आम नागरिकहरु वीच प्रचार प्रसार गरी सहकारी अभियानलाई प्रभावकारी वनाउन संघ संस्थामा कार्यरत पदाधिकारीहरुलाई व्यवस्थित ज्ञान दिनका लागि सहकारी सचेतना कार्यक्रम सञ्चालन गरिएको थियो । १९ वटा तालिम बाट ४५० जनालाई तालीम प्रदान गरिएको थियो ।

(७) **छात्रावास भवन निर्माण कार्य :**

पाँच विकास क्षेत्रमा रहेका सहकारी प्रशिक्षण केन्द्रहरुलाई स्तरोउन्नति गर्दै जाने उद्देश्यले आगामी आ.व. मा सम्पन्न हुने हिसावले तालीम हल सहितको छात्रावास भवन निर्माणको काम शुरु भएकोमा सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय, कास्की, कैलाली र चितवनको छात्रावास भवन सम्पन्न भएको अवस्था छ भने अन्य दुई क्षेत्र बाँके र सुनसरीमा छात्रावास निर्माणको काम चालु अवस्थामा रहेको छ ।

# परिच्छेद–५
# विभिन्न कार्यक्रमहरुको भारित तथा वित्तीय प्रगति

## ५.१ पृष्ठभुमि

सहकारी विभागले सहकारी ऐन, नियम अनुसार दिएको जिम्मेवारी पुरा गर्दै आईरहेको छ । सहकारीका अन्तरराष्ट्रिय सिद्धान्त यसको परिपालना गरी मुल्य र मान्यतामा (Value based) आधारित सहकरीताको प्रवर्द्धनका लागि प्रवर्द्धनात्मक कार्य पनि संग संगै लागु गर्नु पर्दछ भन्ने मान्यता अनुरुप सहकारी क्षेत्रमा आ.ब. २०५६।५७ देखि सहकारी सुदृढिकरण आयोजना अन्तर्गत विकास बजेटको रुपमा सहकारी संघ/संस्थाको प्रवर्द्धनका लागि बजेटको विनियोजन गरी तदनुरुप विभिन्न तालिम, शिक्षा र सहकारीताको संस्थागत विकासका लागि निर्माण, अध्ययन अनुसन्धान, निरीक्षण, अनुगमन लगायततका कार्यहरु सम्पन्न गरिंदै आएको पाइन्छ । नेपालमा सर्वप्रथम २०१९ सालमा केन्द्रीय सहकारी प्रशिक्षण केन्द्रको स्थापना भई सहकारी शिक्षा, सुचना र संचारका कामहरु हुदै आएकोमा आ.व. २०६०/०६१ मा सहकारी विभागको संरचना परिवर्तन पछि पांच विकास क्षेत्रमा पर्ने गरी पांच वटा सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालयहरु स्थापना भई तालीम तथा प्रशिक्षणका कामहरु हुदै आएका छन । यहि परप्रेक्ष्यमा आ.व. २०७०/७१ मा सहकारी क्षेत्रमा निम्न लिखित कार्यक्रमहरु संचालित भएका थिए ।

## ५.२ कार्यकमगत भारित प्रगति सारांश

| कार्यक्रमको नाम | बजेट शिर्षक | भारित प्रगति प्रतिशत | वित्तीय प्रगति प्रतिशत |
|---|---|---|---|
| सहकारी क्षेत्र सुदृढीकरण आयोजना | ३१२१३४-३/४ | ९०.८७ | ९३.५४ |
| सहकारी प्रशिक्षण केन्द्र | ३१२१३३-३/४ | ९९.४९ | ९९.२८ |
| सहकारी विभाग | ३१२०१७-३/४ | - | ९९.१५ |
| सहकारी डिभिजन कार्यालय | ३१२०१८-३/४ | - | ९४.०० |

माथि उल्लेखित विभिन्न कार्यकम/आयोजनाहरु कमशः सहकारी क्षेत्र सुढ्ढीकरण आयोजना र सहकारी प्रशिक्षण केन्द्र तर्फको बार्षिक भारित प्रगति कमशः ९०.८७ प्रतिशत, ९९.४९ र वित्तीय प्रगति कमशः ९३.५४ र ९९.२८ प्रतिशत रहेको थियो ।

## ५.३ विनियोजित वजेट तथा खर्च र वित्तिय प्रगति

| कार्यक्रमको नाम | वजेट विनियोजन रु हजारमा | बजेट निकासा रु.हजारमा | खर्च रकम रु हजारमा | वितीय प्रगति प्रतिशत |
|---|---|---|---|---|
| सहकारी क्षेत्र सुदृढीकरण आयोजना (३१२१३४-३/४) | ११०५४० | १०३४०२ | १०३४०२ | ९३.५४ |
| सहकारी प्रशिक्षण केन्द (३१२१३३-३/४) | ४८९५८ | ४८६०४ | ४८६०४ | ९९.२८ |
| डिभिजन सहकारी कार्यालय (३१२०१८-३/४) | १५२९९१ | १४३८१२ | १४३८१२ | ९४.०० |
| सहकारी विभाग (३१२०१७-३/४) | १२५७० | १२४६४ | १२४६४ | ९९.१५ |

माथि उल्लेखित विभिन्न कार्यक्रम/आयोजनाहरु क्रमशः सहकारी क्षेत्र सुढृढीकरण आयोजना, सहकारी प्रशिक्षण केन्द्र, डिभिजन सहकारी कार्यालय र सहकारी विभाग तर्फको बार्षिक वितीय प्रगति क्रमशः ९३.५४ प्रतिशत, ९९.२८ प्रतिशत, ९४.०० प्रतिशत र ९९.१५ प्रतिशत भई कार्य सम्पादन स्तर उत्तम रहेको थियो ।

# ५.४ सहकारी क्षेत्र सुदृढीकरण आयोजना बार्षिक प्रगति प्रतिवेदन (उपलब्धि विवरण)

रायोआ(केअमू)फा.नं२
पाना.नं २
(रकम रु.हजारमा)

१.आयोजनाको नाम : सहकारी क्षेत्र सुदृढीकरण

२.जग्गा प्राप्ति (हे):-

३.जनशक्ति आपुर्पि:-

४.कल्सल्टेण्टको नियुक्ति :-

(क) विदेशी :-

(ख) स्वदेशी:-

८. आयोजनको उपलव्धी प्रतिफल विवरण

५.ठेक्का पट्टा स्थिति:-

(क) यस अवधिमा ठेक्का लगाउने लक्ष्य रहेको कार्यको लागत (रु)

(ख) कति लागतको कार्य ठेक्कामा दिइयो(रु):

६.दार्त संस्थामा लेखापरीक्षण रिपोर्ट पठाएको (संख्या):

७. शोधभर्ना स्थिति:

(क) माग गर्नुपर्ने रकम (रु):

(ख) माग गरेको रकम (रु):

(ग) प्राप्त हुने बांकी रकम(रु):

| क्र. सं. | कार्यक्रम र कियाकलाप | इकाई | प्रथम चौमासिक | | द्वितिय चौमासिक | | तृतीय चौमासिक | | बार्षिक | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | लक्ष्य परिमाण | प्रगति परिमाण | लक्ष्य परिमाण | प्रगति परिमाण | लक्ष्य परिमाण | प्रगति परिमाण | लक्ष्य परिमाण | प्रगति परिमाण | |
| १ | पुजीगत खर्च अन्तर्गतका कार्यक्रमहरु | | | | | | | | | | |
| २ | कार्यालय परिसर सुधार | पटक | ० | ० | १ | १ | १ | १ | २ | २ | |
| ३ | फर्निचर तथा फिर्क्चस खरिद | पटक | ० | ० | १ | १ | १ | १ | २ | २ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | चालु खर्च अन्तर्गतका कार्यक्रमहरु | | | | | | | | | |
| ५ | सरकार - सहकारी साझेदारीमा साना कृषि जन्य सहकारी प्रशोधन उद्योग ( चिया, कफि, अदुवा, अलैंची, लप्सी, फलफुल, मह, उखु, जडिवुटी, दुग्ध, सुपारी, वेसार तथा अन्य मसला वाली) स्थापना गर्न पुजिगत अनुदान | पटक | ० | ० | ५ | ५ | ५ | २ | १० | ६ | |
| ६ | सरकार - सहकारी साझेदारीमा महिला द्धारा संचालित स-साना सहकारी उद्योगहरु (सस, अचार, भुजिया, चिप्स, पापड, चाउचाउ, सस, जाम जेली, चिउरा, मसला आदि) उद्यम स्थापना गर्न बीउ पुजि अनुदान | पटक | ० | ० | ५ | ५ | ५ | १ | १० | ६ | |
| ७ | दलितहरुको परम्परागत पेशालाई ब्यवसायिक सहकारीमा संगठित गरी आधुनिक ब्यवसायमा रुपान्तरण गर्न अनुदान, | पटक | ० | ० | ० | ० | ५ | ३ | ५ | ३ | |
| ८ | सरकार/सहकारी/नीजि क्षेत्र साझेदारीमा कृषि फर्म स्थापना, | पटक | ० | ० | १५ | १५ | १५ | १३ | ३० | २८ | |
| ९ | राष्ट्रिय सहकारी संघको केन्द्रीय भवन निमार्ण | संख्या | ०।५ | ०।५ | ०।५ | ०।५ | | | १ | १ | |
| १० | सरकार सहकारी साझेदारीमा शितभण्डार | पटक | १ | ० | १ | १ | ० | १ | २ | २ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | निमार्ण कार्य | | | | | | | | | |
| ११ | सुचना सञ्जाल व्यवस्थापनको लागि सञ्चालन सेवा करार | पटक | ३ | ३ | ३ | ३ | ० | ० | ३ | ३ | |
| १२ | सहकारी सम्वन्धी श्रव्य/दृष्य सामाग्री उत्पादन | | ० | ० | १ | १ | १ | १ | २ | २ | |
| १३ | सहकारी सम्वन्धी श्रव्य/दृष्य सामाग्री प्रशारण ( एफ.एम. प्रशारण समेत) | संख्या | ७ | ७ | ७ | ७ | ७ | ७ | २१ | २१ | |
| १४ | पत्रपत्रिका मार्फत सहकारी सम्वन्धी सुचना प्रकाशन | संख्या | १२ | १२ | १२ | १२ | १२ | १२ | ३६ | ३६ | |
| १५ | बार्षिक प्रगति प्रतिबेदन, सहकारी तथ्याङक, सन्देश, मुखपत्र, वुलेटिन तथा प्रर्वद्धन र जागरण सामाग्री लेखन, सम्पादन तथा प्रकाशन | संख्या | ३ | ३ | ३ | ३ | ४ | २ | १० | ८ | |
| १६ | वार्षिक कार्यक्रम तर्जुमा, चौमासिक प्रगति समीक्षा तथा सहकारी सुचना व्यवस्थापन विधि विषयक क्षेत्रीय गोष्ठी/अन्तरक्रिया | संख्या | ० | ० | २ | १ | २ | ३ | ४ | ४ | |
| १७ | वार्षिक प्रगति समिक्षा गोष्ठी | संख्या | १ | १ | ० | ० | ० | ० | १ | १ | |
| १८ | राष्ट्रिय तथा अन्तरराष्ट्रिय अध्ययन, तालिम र भ्रमण | संख्या | १ | १ | १ | १ | १ | १ | ३ | ३ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १९ | सहकारी प्रवर्द्धन अन्तरक्रिया गोष्ठी ( साझेदारी कार्यक्रम) | संख्या | १ | २ | १ | ० | १ | १ | ३ | ३ | |
| २० | क्षेत्र स्तरीय  नमुना सहकारी प्रवर्द्धन कार्यक्रम-धनकुटा, दोलखा, पाल्पा, रोल्पा र कञ्चनपुर) | संख्या | १ | १ | २ | २ | २ | २ | ५ | ५ | |
| २१ | सहकारी दिवस कार्यक्रम | संख्या | ० | ० | ० | ० | १ | १ | १ | १ | |
| २२ | सहकारी संघ संस्था नियमन सम्वन्धी कार्यविधि कानुन निर्माण | संख्या | २ | १ | २ | १ | १ | १ | ५ | ३ | |
| २३ | सहकारी अनुदान प्रस्ताव मुल्यांकनको लागि प्रविधिक समितिको बैठक | संख्या | ० | ० | ९ | ९ | ९ | ८ | १८ | १७ | |
| २४ | सहकारी सुचना प्रविधि विकास, विस्तार, नविकरण र विद्युतीय हाजिरी खरिद | संख्या | १ | १ | २ | १ | १ | १ | ४ | ३ | |
| २५ | सहकारी कार्यालय निरीक्षण, अनुदान प्राप्त परियोजनाहरुको अनुगमन र बचत ऋण तथा बहुउद्देश्यीय सहकारी संस्थाहरुको सघन अनुगमन | संख्या | ५० | २५ | ५० | १५ | ५० | ३५ | १५० | ७५ | |
| २६ | रु ५ करोड भन्दा बढिको कारोबार गर्ने पाचँ सयवटा सहकारी संस्थाहरुको स्थलगत अध्ययन अनुगमन गर्ने । | संख्या | १०० | ६६ | २०० | १५० | २०० | १६४ | ५०० | ४१८ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २७ | राष्ट्रिय तथा केन्द्रीय सहकारी संघहरुको क्षमता विकास तथा सस्थागत सुदृढीकरण अनुदान कार्यक्रम | संख्या | ६ | १ | ६ | १ | ६ | १२ | १८ | १४ | |
| | जम्मा | | **८३१५०** | **५७१५०** | **१२११५०** | **८२१५०** | **१२२** | **९५** | **३२४** | **२३१** | |

## ५.५) सहकारी क्षेत्र सुदृढिकरण आयोजना (व.हि.नं ३१२१३४(३/४) को एकमुष्ठ भारितप्रगति विवरण

रकम रु हजारमा

| सि.नं | कार्यक्रम/आयोजना | वार्षिक कार्यक्रम बजेट | वार्षिक भार | वार्षिक चौमासिक | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | Reported एक मुष्ठ प्रगति प्रतिशत | भारित प्रगति | जम्मा भारित | प्रगति कम हुनाका कारणहरु |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
| १ | सहकारी क्षेत्र सुदृढिकरणा आयोजना (केन्द्र, विभाग) | ५३८७३ | ४८।७३६ | ९०।००० | ४३।८६३ | | |
| २ | सहकारी क्षेत्र सुदृढिकरण आयोजना (सुनसरी) | ६१८ | ०।५५९ | १००।००० | ०।५५९ | | |
| ३ | सहकारी क्षेत्र सुदृढिकरण आयोजना (चितवन) | ६९८ | ०।६३१ | १००।००० | ०।६३१ | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | सहकारी क्षेत्र सुदृढिकरण आयोजना (कास्की) | ७४८ | ०।६७७ | ९९।८४० | ०।६७६ | | |
| ५ | सहकारी क्षेत्र सुदृढिकरण आयोजना (बाँके) | ६१८ | ०।५५९ | ८९।००० | ०।४९८ | | |
| ६ | सहकारी क्षेत्र सुदृढिकरण आयोजना (कैलाली) | २४०० | २।१७१ | १००।००० | २।१७१ | | |
| ७ | सहकारी क्षेत्र सुदृढिकरण आयोजना (इलाम,ताप्लेजुङ्ग,पांचथर) | १२४३ | १।१२४ | ९९।१५० | १।११५ | | |
| ८ | सहकारी क्षेत्र सुदृढिकरण आयोजना (झापा) | ११३८ | १।०२९ | १००।००० | १।०२९ | | |
| ९ | सहकारी क्षेत्र सुदृढिकरण आयोजना (मोरङ्ग) | २०८७ | १।८८८ | ९८।००० | १।८५० | | |
| १० | सहकारी क्षेत्र सुदृढिकरण आयोजना (धनकुटा,तेहथुम,संखुवासभा,भोजपुर) | १३०३ | १।१७९ | ९६।००० | १।१३२ | | |
| ११ | सहकारी क्षेत्र सुदृढिकरण आयोजना (सिराहा, सप्तरी) | ९९८ | ०।९०३ | १००।००० | ०।९०३ | | |
| १२ | सहकारी क्षेत्र सुदृढिकरण आयोजना (उदयपुर,ओखलढुङ्गा,खोटोङ्ग,सोलखुम्वु) | १४८८ | १।३४६ | ९८।७७० | १।३३० | | |
| १३ | सहकारी क्षेत्र सुदृढिकरण आयोजना (दोलखा,रामेछाप) | १५७३ | १।४२३ | १००।००० | १।४२३ | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४ | सहकारी क्षेत्र सुदृढिकरण आयोजना (धनुषा, महोत्तरी,सिन्धुली) | ५२७८ | ४।७७५ | ८५।६७० | ४।०९१ | | |
| १५ | सहकारी क्षेत्र सुदृढिकरण आयोजना (सर्लाही, ) | ४५३८ | ४।१०५ | २६।६३० | १।०९३ | भवन निर्माणको काम गर्न आवश्यक प्रक्रिया अर्थमन्त्रालयको सहमति, ल.ई. तयारी तथा स्वीकृति, माटो परिक्षण र बोलपत्र आह्वानको काम पुरा गर्न समय लागेकोले लक्ष्य अनुसार प्रगति नभएको । | |
| १६ | सहकारी क्षेत्र सुदृढिकरण आयोजना (रौतहट) | १०३८ | ०।९३९ | ९९।००० | ०।९३० | | |
| १७ | सहकारी क्षेत्र सुदृढिकरण आयोजना (काठमाण्डौ) | १३७८ | १।२४७ | १००।००० | १।२४७ | | |
| १८ | सहकारी क्षेत्र सुदृढिकरण आयोजना (ललितपुर) | ११९८ | १।०८४ | १००।००० | १।०८४ | | |
| १९ | सहकारी क्षेत्र सुदृढिकरण आयोजना ( भक्तपुर) | १०६३ | ०।९६२ | ९७।३७० | ०।९३६ | | |
| २० | सहकारी क्षेत्र सुदृढिकरण आयोजना ( काभेपन्चौक,सिन्धुपाल्चोक) | १२४८ | १।१२९ | ९८।८८० | १।११६ | | |
| २१ | सहकारी क्षेत्र सुदृढिकरण आयोजना (नुवाकोट, रसुवा) | १३५३ | १।२२४ | ९९।९०० | १।२२३ | | |
| २२ | सहकारी क्षेत्र सुदृढिकरण आयोजना (धादिङ्ग) | १०७३ | ०।९७१ | १००।००० | ०।९७१ | | |
| २३ | सहकारी क्षेत्र सुदृढिकरण आयोजना (बारा) | १०३८ | ०।९३९ | १००।००० | ०।९३९ | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २४ | सहकारी क्षेत्र सुदृढिकरण आयोजना (पर्सा) | १०३८ | ०।९३९ | १००।००० | ०।९३९ | | |
| २५ | सहकारी क्षेत्र सुदृढिकरण आयोजना (मकवानपुर) | ११०३ | ०।९९८ | १००।००० | ०।९९८ | | |
| २६ | सहकारी क्षेत्र सुदृढिकरण आयोजना (तनहुँ,गोरखा, लमजङ मनाङ) | १२६८ | १।१४७ | ९९।९०० | १।१४६ | | |
| २७ | सहकारी क्षेत्र सुदृढिकरण आयोजना (बाग्लुङ, पर्वत, मुस्ताङ, म्याग्दी) | १२६८ | १।१४७ | १००।००० | १।१४७ | | |
| २८ | सहकारी क्षेत्र सुदृढिकरण आयोजना (स्याङ्जा) | ९८८ | ०।८९४ | १००।००० | ०।८९४ | | |
| २९ | सहकारी क्षेत्र सुदृढिकरण आयोजना (नवलपरासी) | १०७३ | ०।९७१ | १००।००० | ०।९७१ | | |
| ३० | सहकारी क्षेत्र सुदृढिकरण आयोजना (रुपन्देही) | १०७३ | ०।९७१ | १००।००० | ०।९७१ | | |
| ३१ | सहकारी क्षेत्र सुदृढिकरण आयोजना (पाल्पा, गुल्मी) | १८९८ | १।७१७ | ९९।८०० | १।७१४ | | |
| ३२ | सहकारी क्षेत्र सुदृढिकरण आयोजना (कपिलबस्तु, अहाखाची) | ११९८ | १।०८४ | ७७।६४० | ०।८४१ | | |
| ३३ | सहकारी क्षेत्र सुदृढिकरण आयोजना (दाङ, सल्यान,रुकुम,रोल्पा,प्युठान) | १५०८ | १।३६४ | १००।००० | १।३६४ | | |
| ३४ | सहकारी क्षेत्र सुदृढिकरण आयोजना (वर्दिया) | ९६८ | ०।८७६ | १००।००० | ०।८७६ | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३५ | सहकारी क्षेत्र सुदृढिकरण आयोजना (सुर्खेत, जाँजरकोट, दैलेख,) | ११०८ | ११।००२ | १००।००० | ११।००२ | | |
| ३६ | सहकारी क्षेत्र सुदृढिकरण आयोजना (बझाङ्ग, वाजुरा, अछाम, डोटी) | १२५३ | ११।३४ | ९५।४५० | ११।०८२ | | |
| ३७ | सहकारी क्षेत्र सुदृढिकरण आयोजना ( जुम्ला,हुम्ला,मुगु,डोल्पा,कालिकोट) | १२७३ | ११।५२ | १००।००० | ११।५२ | | |
| ३८ | सहकारी क्षेत्र सुदृढिकरण आयोजना (कन्चनपुर, डडेलधुरा) | १४५० | ११।३१२ | ९७।८७० | ११।२८४ | | |
| ३९ | सहकारी क्षेत्र सुदृढिकरण आयोजना (वैतडी, दार्चुला) | १२३३ | ११।११५ | ९९।०७० | ११।०५ | | |
| ४० | के.स.प्र. के. | २८५० | २।५७८ | १००।००० | २।५७८ | | |
| | जम्मा | ११०५४० | १०० | ९०।८७१ | | | |

## ५.६) सहकारी क्षेत्र सुदृढीकरण आयोजना (ब.हि.नं. ३५२१३४-३/४) तर्फको वार्षिक वित्तिय प्रगति विवरण :-

| क्र. सं. | कार्यालय | वार्षिक वजेट रु. हजारमा | वार्षिक खर्च रु. हजारमा | वित्तिय प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | सहकारी विभाग | ५३८७३ | ५१८३० | ९६।२१ | |
| २ | सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय, सुनसरी | ६१८ | ६१८ | १००।०० | |
| ३ | सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय, चितवन | ६९८ | ६८८ | ९८।५७ | |
| ४ | सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय, कास्की | ७४८ | ७४७ | ९९।८६६ | |
| ५ | सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय, वाँके | ६१८ | ४९९ | ८०।७८८ | |
| ६ | सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय, कैलाली | २४०० | २४०० | १०० | |
| ७ | डिभिजन सहकारी कार्यालय, इलाम | १२४३ | १२४३ | १०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | डिभिजन सहकारी कार्यालय, झापा | ११३८ | ११३६ | ९९।८२४ | |
| ९ | डिभिजन सहकारी कार्यालय, मोरङ्ग | २०८७ | २०२८ | ९७।१७३ | |
| १० | डिभिजन सहकारी कार्यालय, धनकुटा | १३०३ | १२५३ | ९६।२ | |
| ११ | डिभिजन सहकारी कार्यालय, सिरहा, लहान | ९९८ | ९७९ | ९८।०९६ | |
| १२ | डिभिजन सहकारी कार्यालय, उदयपुर | १४८८ | १४८८ | ९९।९९३ | |
| १३ | डिभिजन सहकारी कार्यालय, दोलखा | १५७३ | १५७३ | १०० | |
| १४ | डिभिजन सहकारी कार्यालय, धनुषा | ५२७८ | ४५२१ | ८५।६५७ | |
| १५ | डिभिजन सहकारी कार्यालय, सर्लाही | ४५३८ | १२४८ | २७।५०१ | |
| १६ | डिभिजन सहकारी कार्यालय, रौटहट | १०३८ | १०२८ | ९९।०३७ | |
| १७ | डिभिजन सहकारी कार्यालय, काठमाडौ | १३७८ | १३७३ | ९९।६३७ | |

| | | | | | |
|---|---|---|---|---|---|
| १८ | डिभिजन सहकारी कार्यालय, ललितपुर | ११९८ | ११९८ | १००।०० | |
| १९ | डिभिजन सहकारी कार्यालय, भक्तपुर | १०६३ | ८६६ | ८१।४६८ | |
| २० | डिभिजन सहकारी कार्यालय, काभ्रे | १२४८ | १२४२ | ९९।५१९ | |
| २१ | डिभिजन सहकारी कार्यालय, नुवाकोट | १३५३ | १३५२ | ९९।९४५ | |
| २२ | डिभिजन सहकारी कार्यालय, धादिङ्ग | १०७३ | १०७३ | १०० | |
| २३ | डिभिजन सहकारी कार्यालय, बारा | १०३८ | १०३८ | १०० | |
| २४ | डिभिजन सहकारी कार्यालय, पर्सा | १०३८ | १०३८ | १०० | |
| २५ | डिभिजन सहकारी कार्यालय, मकवानपुर | ११०३ | ११०३ | १०० | |
| २६ | डिभिजन सहकारी कार्यालय, तनहुँ | १२६८ | १२६७ | ९९।९२ | |
| २७ | डिभिजन सहकारी कार्यालय, बाग्लुङ्ग | १२६८ | १२६८ | १००।०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| २८ | डिभिजन सहकारी कार्यालय, स्याङ्जा | ९८८ | ९७७ | ९८।८८७ | |
| २९ | डिभिजन सहकारी कार्यालय, नवलपरासी | १०७३ | १०७३ | १०० | |
| ३० | डिभिजन सहकारी कार्यालय, रुपन्देहि | १०७३ | १०७३ | १००।० | |
| ३१ | डिभिजन सहकारी कार्यालय, पाल्पा | १८९८ | १८९४ | ९९।७९५ | |
| ३२ | डिभिजन सहकारी कार्यालय, कपिलवस्तु | ११९८ | ९१८ | ७६।६२८ | |
| ३३ | डिभिजन सहकारी कार्यालय, दाङ्ग | १५०८ | १५०८ | १०० | |
| ३४ | डिभिजन सहकारी कार्यालय, वर्दिया | ९६८ | ९६८ | १०० | |
| ३५ | डिभिजन सहकारी कार्यालय, सुर्खेत | ११०८ | ११०८ | १००।० | |
| ३६ | डिभिजन सहकारी कार्यालय, डोटी | १२५३ | ११९६ | ९५।४५१ | |
| ३७ | डिभिजन सहकारी कार्यालय, जुम्ला | १२७३ | १२५१ | ९८।२७२ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३८ | डिभिजन सहकारी कार्यालय, कन्चनपुर | १४५० | १४०८ | ९७।१०३ | |
| ३९ | डिभिजन सहकारी कार्यालय, बैतडी | १२३३ | १२२२ | ९९।११ | |
| ४० | केन्द्रीय सहकारी प्रशिक्षण केन्द्र | २८५० | २७०८ | ९५।०३ | |
| | जम्मा | ११०५४० | १०३४०२ | ९३।५४३ | |

| | |
|---|---|
| वित्तिय प्रगति प्रतिशत | ९३.५४३ |

## ५.७ सहकारी प्रशिक्षण केन्द्र :

### ५.७.१. केन्द्रिय सहकारी प्रशिक्षण केन्द्रद्वारा सम्पादित कार्यहरु

१. विकेन्द्रीकरणको परिप्रेक्ष्यमा सहकारी कार्यक्रम तर्जुमा कार्यान्वयन, अनुगमन तथा मुल्यांकन ।

२. राजपत्रांकित तथा राजपत्रअनंकित कर्मचारीहरुको लागी प्रशिक्षक प्रशिक्षण तालीम तथा संघसंस्था अनुगमन तालीम, व्यवसायिक नेतृत्व विकास तालीम, रणनीतिक योजना तर्जुमा तालीम, लेखापालन तथा व्यवस्थापन तालीम, व्यवस्थापन शीप विकास तालीम, सहकारी कर्मीहरुको लागी प्रशिक्षक प्रशिक्षण तालीम, उद्यमशीलता तथा सहकारी व्यवसाय प्रवर्द्धन तालीम र संस्थागत क्षमता विकास तालीम संचालन ।

३. सहकारी सिद्धान्त र सहकारी सफलताको अन्तरसम्बन्ध सम्बन्धी अध्ययन ।

४. तालिम सामाग्री तयारी तथा प्रकाशन ।

५. तालिम अुगमन कार्यक्रम ।

६. पुस्तकालय सुदृढीकरण ।

७. प्रशिक्षक प्रशिक्षण तालिम ।

८. सहकारीमा तालीम आवश्यकता पहिचान सम्बन्धी अध्ययन कार्य ।

९. सहकारी प्रशिक्षण केन्द्रको परिसर सुधार तथा ढल निर्माण सुधार कार्य ।

१०. प्रशिक्षण कक्षको निर्माण तथा विस्तार ।

११. मेशिनरी तथा सवारी साधन खरिद ।

१२. निर्मित सार्वजनिक सम्पत्तिको सुधार ।

१३. बचत तथा ऋृण सहकारी संस्थाको संचालन व्यवस्थापकलाई दिइने तालिमका पाठ्ययोजना सहितको म्यानुअल तयारी ।

## ५.७.२ केन्द्रीय सहकारी प्रशिक्षण केन्द्रबाट सम्पादित तालीम कार्यक्रमको लक्ष्य/प्रगति सारांश :

| क्र.सं. | तालीम कार्यक्रम | लक्ष्य | प्रगति |
|---|---|---|---|
| १ | प्रशिक्षक प्रशिक्षण तालिम (अधिकृत स्तर कर्मचारीहरु) १५ दिने | १ (२५) | १(२५) |
| २ | प्रशिक्षक प्रशिक्षण तालिम (सहायक स्तर कर्मचारीहरु) १५ दिने | २(५०) | २(५०) |
| ३ | उद्यमशीलता तथा सहकारी व्यवसाय प्रर्वद्धन तालिम ( १० दिने) | २(५०) | २(५०) |
| ४ | व्यवस्थापन शिप विकास तालिम (१५ दिने) | २(५०) | २(५०) |
| ५ | रणनीतिक योजना तर्जुमा सम्वन्धी तालिम (१० दिने) | ३(७५) | ३(७५) |
| ६ | व्यवसायिक नेतृत्व विकास तालिम (१० दिने) | २(५०) | २(५०) |
| ७ | प्रशिक्षक प्रशिक्षण तालिम (१५ दिने) | १०(२५०) | १०(२५०) |
| ८ | सहकारी व्यवस्थापन र लेखापालन तालिम (३० दिने) | ३(७५) | ३(७५) |
| ९ | संस्थागत क्षमता विकास तालीम (जिल्लामा) ७ दिने | ७(१२५) | ७(१७५) |
| १० | सहकारी लेखापालन तालीम (१० दिने) | ३(७५) | ३(७५) |
| ११ | सहकारी संघसंस्था अनुगमन तालीम (१० दिने) | १ (२५) | १(२५) |
| | जम्मा | ३६ (९००) | ३६(९००) |

## ५.७.३ सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालयबाट सम्पादित कार्यहरुको भौतिक लक्ष्य/प्रगति :

| क्र.स. | तालीम कार्यक्रम | लक्ष्य | प्रगति |
|---|---|---|---|
| १ | आधारभुत सहकारी व्यवस्थापन तालिम | २७(६७५) | २७(६७५) |
| २ | आधारभुत सहकारी लेखापालन तालिम | ३४(८५०) | ३४(८५०) |
| ३ | विषयगत सहकारी अभिबृद्धि तालिम | ५(१२५) | ५(१२५) |
| ४ | सहभागितात्मक आधारभुत सहकारी लेखापालन तालिम | २६(६५०) | २६(६५०) |
| ५ | अभिलेख व्यवस्थापन तालिम | ५(१२५) | ५(१२५) |
| ६ | सहकारी सचेतना | २०(५००) | १९(४७५) |
| | जम्मा | ११७(२९२५) | ११६(२९००) |

## ५.७.४ सहकारी प्रशिक्षण केन्द्रको उपलब्धि/प्रतिफल विवरण :

| क्र.सं | आयोजनाको लक्ष्य अनुसार अपेक्षित प्रतिफल | इकाई | प्रथम चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | यस आ.व. को कूल | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति |
| १ | प्रशिक्षक प्रशिक्षण तालीम (अधिकृतस्तर प्रशिक्षक निर्माण) | संख्या | १ | १ | | | | | १ | १ |
| २ | प्रशिक्षक प्रशिक्षण तालीम (सहायकस्तर प्रशिक्षक निर्माण) | संख्या | ० | ० | १ | १ | १ | १ | २ | २ |
| ३ | उद्यमशीलता तथा सहकारी व्यवसाय प्रवर्द्धन तालिमबाट संघ संस्थाका संचालकहरुमा सहकारी व्यवसाय तथा वजार सम्वन्धी ज्ञान हासिल हूने । | संख्या | ० | ० | ० | ० | २ | २ | २ | २ |
| ४ | प्रशिक्षक प्रशिक्षण तालीमवाट सहकारी क्षेत्रमा कार्यरत संचालक, कर्मचारीहरुमा तालिम संचालन सीप अभिवृद्धि हूने | संख्या | ३ | २ | ३ | ४ | ४ | ४ | १० | १० |
| ५ | व्यवस्थापन शीप विकास तालीम (सहकारी संस्थाको संचालक□व्यवस्थापकलाई दिइने तालिम) | संख्या | १ | १ | ० | ० | १ | १ | २ | २ |
| ६ | सहकारी व्यवस्थापन र लेखा तालीम ( सहकारी संस्थाको संचालक□व्यवस्थापकलाई दिइने तालिम) | संख्या | १ | १ | १ | १ | १ | १ | ३ | ३ |
| ७ | व्यसायिक नेतृत्व विकास तालीम | संख्या | ० | ० | ० | ० | २ | २ | २ | २ |
| ८ | संस्थागत क्षमता विकास तालीम | संख्या | १ | १ | २ | २ | ४ | ४ | ७ | ७ |
| ९ | रणनीतिक योजना तर्जूमा तालीम कार्यक्रमबाट क्षैत्रस्तर र जिल्लास्तरमा तालिम प्रभावकारी हूने । | संख्या | १ | १ | १ | १ | १ | १ | ३ | ३ |
| १० | सहकारी लेखापालन तालिम | संख्या | १ | १ | १ | १ | १ | १ | ३ | ३ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | पूस्तकालय सूदृढीकरण कार्यक्रमवाट तालिम तथा अध्ययन अनूसन्धान सामाग्रीहरुको पहुँच वृद्धि भई प्रशिक्षँक, प्रशिक्षँार्थीहरु तथा अन्य अनूसन्धानकर्ताहरुको कार्यमा सहयोग पूग्ने | संख्या | ० | ० | १ | १ | ० | ० | १ | १ |
| १२ | सार्वजनिक सम्पत्तिको संभारवाट सम्पत्तिको दीर्घकालिन प्रयोग हूने । | संख्या | १ | १ | १ | १ | १ | १ | ३ | ३ |
| १३ | सहकारी तालिमको आवश्यकता पहिचान अध्ययनवाट सहकारी क्षैत्रको व्यवसायिकरणमा टेवा पूग्ने । | संख्या | ० | ० | ० | ० | १ | १ | १ | १ |
| १४ | तालीम सामाग्री तयारी र प्रकाशन | संख्या | १ | १ | १ | १ | १ | १ | ३ | ३ |
| १५ | तालीम म्यानूअल तथा सहकारी पूंज तयारी प्रकाशन | संख्या | १ | १ | १ | १ | १ | १ | ३ | ३ |
| १६ | अनूगमन मूल्या' कन र प्रतिवेदन | संख्या | ९ | ९ | ९ | ९ | ९ | ९ | २७ | २७ |
| १७ | पाले पहरा | संख्या | ३ | ३ | ३ | ३ | ३ | ३ | ९ | ९ |
| १८ | केन्द्रीय सहकारी प्रशिक्षण केन्द्र परिसरको ढल निर्माण | संख्या | ० | ० | ० | ० | १ | १ | १ | १ |
| १९ | आधारभूत सहकारी व्यवस्थापन तालिम (क्षेत्रस्तरीय) | संख्या | ८ | ८ | १० | १० | ९ | ९ | २७ | २७ |
| २० | आधारभूत सहकारी लेखापालन तालिम (क्षेत्रस्तरीय) | संख्या | १० | १० | १२ | १२ | १२ | १२ | ३४ | ३४ |
| २१ | विषयगत सहकारी व्यवसाय अभिवृद्धि तालिम (क्षेत्रस्तरीय) | संख्या | ५ | ५ | ० | ० | ० | ० | ५ | ५ |
| २२ | सहभागितात्मक आधारभूत सहकारी लेखा व्यवस्थापन तालिम (क्षेत्रस्तरीय) | संख्या | ८ | ३ | ९ | १२ | ९ | ११ | २६ | २६ |
| २३ | अभिलेख व्यवस्थापन तालिम (क्षेत्रस्तरीय) | संख्या | ० | ० | ५ | ५ | ० | ० | ५ | ५ |
| २४ | सहकारी सचेतना तालिम (क्षेत्रस्तरीय) | संख्या | ५ | ३ | ८ | ९ | ७ | ७ | २० | १९ |

## ५.७.५ सहकारी प्रशिक्षण केन्द्र तर्फको एकमुष्ठ भारित प्रगति विवरण :

| सि.नं | कार्यक्रम□आयोजना | वार्षिक बजेट रु. हजारमा | वार्षिक भार | वार्षिक | |
|---|---|---|---|---|---|
| | | | | Reported एकमष्ठ प्रगति प्रतिशत | भारित प्रगति |
| १ | केन्द्रीय सहकारी प्रशिक्षण केन्द्र | २७१३८ | ५५।४३१ | १००।००० | ५५।४३१ |
| २ | सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय (सुनसरी) | ८२२० | १६।७९० | १००।००० | १६।७९० |
| ३ | सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय (चितवन) | २८४० | ५।८०१ | १००।००० | ५।८०१ |
| ४ | सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय (कास्की) | २५०० | ५।१०६ | १००।००० | ५।१०६ |
| ५ | सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय (बाँके) | ६२८० | १२।८२७ | ९६।००० | १२।३१४ |
| ६ | सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय (कैलाली) | १९८० | ४।०४४ | १००।००० | ४।०४४ |
| | जम्मा | ४८९५८ | १०० | | ९९।४८७ |

## ५.७.६ सहकारी प्रशिक्षण केन्द्र तर्फको  वित्तिय प्रगति :

| क्र.सं. | कार्यालय | वार्षिक वजेट | वार्षिक खर्च | वित्तिय प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १ | केन्द्रीय सहकारी प्रशिक्षण केन्द्र | २७१३८ | २७१२२ | ९९।९४१ |
| २ | सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय (सुनसरी) | ८२२० | ८२२० | १०० |
| ३ | सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय (चितवन) | २८४० | २७८५ | ९८।०६ |
| ४ | सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय (कास्की) | २५०० | २५०० | १०० |
| ५ | सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय (बाँके) | ६२८० | ६००० | ९५।५५ |
| ६ | सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय (कैलाली) | १९८० | १९८० | १०० |
|  | जम्मा | ४८९५८ | ४८६०७ | ९९।२८४ |

# परिच्छेद – ६

## आ.व. २०७०/७१ को वार्षिक प्रगति समीक्षा गोष्ठी

(२०७१/०४/२९ र ३०)

### ६.१ संक्षिप्त झलक :

नेपाल सरकारका सवै विषयगत निकायहरुले वार्षिक रुपमा स्वीकृत कार्यक्रमहरुको प्रगति समीक्षा गर्ने परम्परा भए अनुसार नेपाल सरकार, सहकारी तथा गरिवी निवारण मन्त्रालय, सहकारी विभागको आ.व. ०७०।०७१ मा स्वीकृत वार्षिक कार्यक्रमको प्रगति समीक्षा गोष्ठी २०७१ श्रावण  २९ र ३० गते केन्द्रिय सहकारी प्रशिक्षण केन्द्रको सभाहलमा सुसम्पन्न भयो । वार्षिक प्रगति समीक्षा गोष्ठीको उद्धेश्य निमनासार रहेको थियो :

१) वार्षिक रुपमा संचालित कार्यक्रमहरुको लेखाजोखा गर्नु ।

२) कार्यालयगत समस्या पहिचान गरी प्रगति कम हुनाका कारणहरु, कार्यक्रमका सवल तथा सुधारोनमुख पक्ष पहिल्याउनु ।

३) भावी कार्यक्रम निमार्ण र र कार्यान्वनमा पृष्ठपोषण प्राप्त गुर्नु ।

४) एक अर्काका राम्रा पक्ष, सहभागिहरु वीच सेयरिङ्ग गर्नु ।

५) सहकारी संग सम्बन्धित सबै पक्षहरुले वार्षिक रुपमा संचालित कार्यक्रमहरुवारे यर्थात जानकारी प्राप्त गर्नु ।

६) नीतिगत सुधारका विषयहरु पहिचान गर्नु ।

७) सहकारी विकासका आगामी कार्यदिशा निर्माण गर्नु ।

यस प्रगति समिक्षा गोष्ठी अवधिभर श्रीमान् सचिव  ज्य, सहसचिवज्य र रजिष्ट्रारज्य लगायत सहकारी विभागका सम्पर्ण कर्मचारीहरु, केन्द्रिय सहकारी प्रशिक्षण केन्द्र-१, सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालयहरु ५, डिभिजन सहकारी कार्यालय ३३ का कार्यालय प्रमुख र आर्थिक प्रशासन/योजना शाखा प्रमुखको सहभागिता रहेको थियो । वार्षिक प्रगति समिक्षा  कार्यक्रमको उदघाटन सत्रको अध्यक्षता सहकारी विभागका रजिष्ट्रार श्री विष्णुहरि पौडेलज्यले गर्नु भएको थियो भने प्रमुख अतिथी तथा विशिष्ठ अतिथीमा क्रमशः राष्ट्रिय सहकारी संघका अध्यक्ष मा.केशव प्रसाद वडाल, प्रतिनिधि सभा सदस्य र सहकारी तथा गरिवी निवारण मन्त्रालयका सचिव श्री सुरेशमान श्रेष्ठज्य रहनु भएको थियो । अन्य अतिथीहरुमा सहकारी तथा गरिवी निवारण मन्त्रालयका सहसचिव श्री

सुरेश प्रधानज्य, राष्ट्रिय योजना आयोगको सचिवालयका कार्यक्रम निर्देशक श्री श्याम प्रसाद भण्डारी, केन्द्रीय विषयगत संघका अध्यक्ष तथा प्रतिनिधीहरु-श्री सुरेन्द्र भण्डारी, श्री दीपकराज पौडेल, श्री कपिल गौतम, श्री बाबुराम अधिकारी, श्री गणेश बहादुर बस्नेत, श्री दुर्गा प्रसाद ढकाल, श्री दीपक कोइराला, गोविन्द दाहाल, गोविन्द वराकोटी, धर्मराज पौडेल, बाबुल खनाल, गुलाव चौधरी लगायत पत्रकारहरुको सहभागिता रहेको थियो । प्रगति समीक्षा गोष्ठीमा सहकारी कार्यालयमा वार्षिक रुपमा स्वीकृत कार्यक्रम र विनियोजित वजेटको वित्तीय तथा भारित प्रगति लगायत समग्र कार्यप्रगति कस्तो रहन गयो, राम्रा र सुधारोनमुख पक्ष के के रहे ? सहकारी कार्यालयले भोग्नु परेका समस्या र उपलब्ध अवसरहरु के के छन् ? आदि विषयमा छलफल भएको थियो । प्रगति समीक्षा गोष्ठीको शुरुमा राष्ट्रिय सहकारी संघ तथा बिषयगत केन्द्रिय सहकारी संघहरुको तर्फबाट प्रगति प्रस्तुत गरिएको थियो । सहकारी कार्यालय तर्फ सहकारी विभाग, केन्द्रिय सहकारी प्रशिक्षण केन्द्र, सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय र डिभिजन सहकारी कार्यालयका प्रमुखहरुले आफ्नो कार्यालयको वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो । प्रगति समीक्षा कार्यक्रमको संचालन सहकारी विभागका उपरजिष्ढार श्री नारायण प्रसाद ज्ञावलीले गर्नु भएको थियो भने स्वागत मन्तब्य केन्द्रीय सहकारी प्रशिक्षण केन्द्रका प्राचार्य श्री गणेश अर्यालले गर्नु भएको थियो । विभागका बरिष्ठ कृषि अर्थविज्ञ श्री विष्णु प्रसाद घिमिरेले विभाग र अन्तरगतका कार्यालयहरुको समग्र प्रगति प्रस्तुत गर्नु भएको थियो । वार्षिक प्रगति समीक्षा गोष्ठीलाई व्यवस्थित ढंगले अगाडी बढाउन विभिन्न सत्रहरुमा विभाजन गरिएको थियो । जुन यस प्रकार छ :

## क) प्रथम सत्र (उद्घाटन सत्र)

सहकारी विभागद्वारा आयोजित आर्थिक वर्ष ०७०/७१ को वार्षिक प्रगति समीक्षा गोष्ठी यहि २०७१ श्रावण २९ र ३० गते सम्पन्न भएको छ । सहकारी विभागका रजिष्ट्रार विष्णुहरि पौडेलको अध्यक्षतामा आयोजित समीक्षा गोष्ठीको शुभारम्भ सत्रको समुद्घाटन प्रमुख अतिथि राष्ट्रिय सहकारी संघका अध्यक्ष एवं प्रतिनिधि सभाका सभासद् मा. केशव प्रसाद बडालले गर्नुभएको थियो भने विशेष आतिथ्य सहकारी तथा गरिवी निवारण मन्त्रालयका सचिव सुरेशमान श्रेष्ठले गर्नुभएको थियो । सो गोष्ठीको उद्घाटन समारोहलाई संबोधन गर्दै प्रमुख अतिथि संघका अध्यक्ष वडालले उत्पादन शक्तिलाई प्रोत्साहन गर्दै उत्पादन बृद्धि तथा रोजगार सिर्जनाका कार्यक्रमहरु संचालन गर्न सहकारिता अत्यन्त उपयुक्त पद्धति

भएको भन्दै देशमा आयात प्रतिस्र्थापन तथा निर्यात बृद्धि गर्न कृषि क्षेत्रको भमिकालाई प्रवल बनाउन आवश्यक रहेको विचार व्यक्त गर्नुभयो । उहाँले सहकारी क्षेत्रले ५३ हजार जनशक्तिलाई रोजगारी दिनु चानचुने कुरा नभएको बताउँदै सहकारी क्षेत्रमा रहेको जनशक्ति तथा संचालक पदाधिकारी तालिम, प्रशिक्षण पर्वाधारमा समेत राज्यले लगानी बढाउनुपर्ने आवश्यकता औल्याउँनुभयो ।

सहकारीमा व्यवसायिक जनशक्ति बढाउनका लागि निजामती ऐनमा छुट्टै सहकारी सेवा समह आवश्यक रहेको औल्याउँदै अध्यक्ष बडालले आर्थिक प्रजातन्त्र बलियो हुन सहकारी हुनु जरुरी रहेको कुरामा जोड दिनुभयो । विशिष्ट अतिथि सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव सुरेश श्रेष्ठले समीक्षा गोष्ठीका माध्यमबाट विगतको समीक्षा गरेर आगामी बाटो तय गर्ने बताउँदै आगामी वर्षको लागि के गर्ने विषयमा गोष्ठीबाट घोषणा पत्र जारी गर्नुपर्ने आवश्यकता औलाउनुभयो ।

संघका नवनिर्वाचित अध्यक्ष केशव प्रसाद बडाल लगायत संघको सिंगो संचालक समितिलाई बधाई दिँदै सचिव श्रेष्ठले सहकारीमा भएका विकृति विसंगतिहरु चिरफार गर्न संघद्धारा सरकारलाई सहजीकरण गरिदिन समेत आह्वान गर्नुभयो । सहकारीका ७ सिद्धान्तहरुलाई व्यवहारमा लागु गर्नुपर्ने कुरामा जोड दिँदै उहाँले अहिलेको सहकारी क्षेत्रलार्य सोही दिशाबोध गर्न राष्ट्रिय सहकारी संघले पुनः मल्यांकन गर्न जरुरी रहेको स्मरण गर्नुभयो । समस्याग्रस्त सहकारीहरुको सम्पत्ति व्यवस्थापन गर्न समिति गठन गरिन लागेको जनाउँदै सचिव श्रेष्ठले सहकारी तथा गरिबी निवारण कोष र युवा तथा साना व्यवसायिी स्वरोजगार कोषलाई मन्त्रालय मातहत ल्याउन जरुरी रहेको धारणा राख्नुभयो ।

सहकारी तथा गरिबी निवारण मन्त्रालयका सहसचिव सुरेश प्रधानले सहकारी मन्त्रालय भर्खर गठन भएको भए पनि सहकारीको लामो इतिहास रहेको भन्दै सहकारी नीतिको कार्यान्वयन कार्ययोजना र मासिक कार्य योजना हुनु जरुरी रहेको बताउनुभयो । सहसचिव प्रधानले अबको ५ वर्षको सहकारी क्षेत्रले राज्यको कुल गार्हस्थ उत्पादनमा निश्चित योगदान पुऱ्याउने गरी योजनावद्ध ढंगले काम गर्न JICA Nepal, GIZ लगायतका निकायहरुले समेत सहयोगको हात अगाडि बढाएको जनकारी दिँदै अबको केही समय भित्र सहकारी क्षेत्रमा सकारात्मक परिवर्तन हुने कुरामा आफ आशावादी रहेको धारणा राख्नु भयो ।

राष्ट्रिय योजना आयोगका निर्देशक श्याम प्रसाद भण्डारीले

सहकारीले संस्थागत रुपमा बलियो रुप धारणा गरेको औंल्याउँदै बित्तीय क्षेत्र मात्र नभै उत्पादनमलक क्षेत्रमा सहकारीको योगदान बृद्धि गर्नु जरुरी रहेको कुरा औंल्याउनु भयो । विषयगत केन्द्रीय सहकारी संघहरु एवं राष्ट्रिय सहकारी बैंकका तर्फबाट बोल्दै केन्द्रीय मौरीपालन सहकारी संघका अध्यक्ष गणेश बस्नेतले २० जिल्लामा डिभिजन सहकारी कार्यालयहरुको विस्तार हुनु पर्ने माग गर्दै सहकारी तथा गरिबी निवारण मन्त्राय भनेर मात्र नहुने भन्दै गरिबी निवारण, उत्पादन प्रशोधन लगायतका क्षेत्रहरुमा मन्त्रालयले दरिलो पहलकदमी लिनु पर्ने आवश्यकता औंल्याउनुभयो ।

विभिन्न ८ वटा केन्द्रीय सहकारी संघहरु (मौरीपालन, फलफुल तरकारी, जुनार, उखु, जडिबुटि, बिउबिजन, चिया र उपभोक्ता) लाई सहकारी विभागद्धारा प्रदान गरिएको ६ लाख अनुदान र सम्बन्धित केन्द्रीय संघहरुको लागत सहभागितामा काठमाण्डौंको शान्तिनगर गेटमा सहकारी बजार स्थापना गर्न लागिएको जानकारी दिँदै उहाँले आगामी वर्षमा समेत अनुदान सहयोग उपलब्ध भएमा थप काम गर्न सकिने प्रतिवद्धता व्यक्त गर्नुभयो । कार्यक्रमको अध्यक्षता गरिरहनु भएका सहकारी विभागका रजिष्ट्रार विष्णुहरि पौडेलले राम्रा र रचनात्मक काम गर्न नीतिलाई कार्यक्रममा बदलेर जानु पर्ने आवश्यकता औंल्याउँदै सहकारी अभियान र सहकारी विभाग हातेमालो गरेर अघि बढ्नुपर्ने खाँचो रहेको कुरामा जोड दिनुभयो । अभियानले सरकारलाई Back Support गर्नुपर्ने धारणा राख्दै रजिष्ट्रार पौडेलले सहकारीका समस्या सच्याउनका लागि ऐन नियम संशोधन गर्न विभाग र सहकारी अभियान मिलेर जानुको विकल्प नभएको कुरा किटान गर्नुभयो ।

सहकारी विभागका वरिष्ठ कृषि अर्थविज्ञ विष्णु प्रसाद घिमिरेले सहकारी विभाग र अन्तरगतका निकायहरुको संक्षिप्त वार्षिक प्रगति प्रस्तुत गर्दै आ.व. २०७०/७१ को जेष्ठ महिना सम्म नेपाल राज्यभर १ राष्ट्रिय सहकारी संघ, १८ वटा विषयगत केन्द्रीय सहकारी संघ, १ राष्ट्रिय सहकारी बैंक, जिल्ला सहकारी संघहरु ६९ वटा र विषयगत जिल्ला स्तरीय संघहरु २४१ र विभिन्न विषयका कुल ३० हजार २ सय ५२ सहकारी संस्थाहरु रहेको प्रारम्भिक तथ्यांक सम्बन्धी विषयमा जानकारी दिनुभयो ।

उहाँका अनुसार आ.व. २०७०/७१ मा विभाग अन्तरगत १२१२ संस्था दर्ता, ४ सय १८ वटा ठला सहकारीको सघन अनुगमन, राष्ट्रिय सहकारी संघको भवन निर्माण, ४३ वटा उद्यमलाई १ करोड ३३ लाख अनुदान वितरण, डिभिजन सहकारी कार्यालय मार्फत ८०८ पर्व सहकारी शिक्षा तालिमबाट २० हजार २ सय जना लाभान्वित भएको , ६४५० जनालाई सहकारी सचेतना तालिम प्रदान गरिएको, ४६०० जनालाई लेखा

व्यवस्थापन तालीम प्रदान गरिएको, केन्द्रीय सहकारी प्रशिक्षण केन्द्रबाट विभिन्न ३६ वटा तालिम मार्फत ९०० जना लाभान्वित भएको र सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालयहरुबाट २९०० जनालाई तालिम दिइएको थियो । उहाँले सहकारी नियमन र प्रशासन फितलो, सहकारी ऐन, नियम पालनामा उदासिनता र दण्डहिनता, सबै जिल्लामा कार्यालय नभएकाले सेवा प्रवाहमा समस्या, दरबन्दी अनुसार पदपर्तिमा कमी लागयतका समस्या र सहकारी क्षेत्र तर्फ सहकारी सिद्धान्त, ऐन नियम र विनियम पालनामा उदासिनताका कारण सुशासन कायम गर्न समस्या, शिक्षा तथा तालिमको अभावमा सहकारी संघ/संस्थाहरुमा उद्यमशिलताको अभाव लगायतका समस्याहरु रहेको जानकारी दिनुभयो ।

केन्द्रीय सहकारी प्रशिक्षण केन्द्रका प्राचार्य गणेश अर्याललले गोष्ठीमा उपस्थित प्रमुख अतिथि, विशेष अतिथि, अतिथि, प्रतिनिधि तथा सहभागीहरुलाई स्वागत अभिवादन गर्नुभएको थियो । कार्यक्रमको संचालन उपरजिष्ट्रार नारायण ज्ञवलीले गर्नुभएको थियो ।

**दोश्रो सत्रः**

दोश्रो सत्रको सभापतित्व सहकारी विभागका रजिष्ट्रार श्री विष्णुहरि पौडेलले गर्नुभएको थियो । कार्यक्रमको दोश्रो सत्र अन्तरगत केन्द्रीय दुग्ध सहकारी संघका तर्फबाट उपाध्यक्ष बाबुराम अधिकारी, बहुउद्देश्यीय केन्द्रीय सहकारी संघका तर्फबाट अध्यक्ष सुरेन्द्र भण्डारी, केन्द्रीय कफी सहकारी संघको तर्फबाट गोविन्द बराकोटी, केन्द्रीय विद्युत सहकारी संघका अध्यक्ष धर्मराज पौडेल, केन्द्रीय मौरीपालन सहकारी संघका अध्यक्ष गणेश बस्नेत र उपाध्यक्ष अर्जुन पोखरेल, केन्द्रीय चिया सहकारी संघका अध्यक्ष गोविन्द दाहाल, नेपाल कृषि सहकारी केन्द्रीय संघका तर्फबाट अधिकृत कपिल गौतम, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघका तर्फबाट कार्यक्रम अधिकृत दुर्गा प्रसाद ढकाल लगायतले आ-आफ्ना संघहरु मार्फत सम्पादित गतिविधिहरु प्रस्तुत गर्नुभएको थियो ।

**तेश्रो सत्रः**

तेश्रो सत्रको सभापतित्व सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव श्री सुरेशमान श्रेष्ठले गर्नुभएको थियो । कार्यक्रमको दोश्रो दिन सुरुमा राष्ट्रिय सहकारी संघको तर्फबाट वरिष्ठ प्रवन्धक बाबुल खनालले सहकारी क्षेत्र सुदृढिकरण आयोजना अन्तरगत विभागद्धारा प्रदान गरिएको १ करोड २४ लाख अनुदान बराबरको संघको भवन निर्माण, तालीम तथा शिक्षा, दुर्गम क्षेत्र पहुँच विस्तार, मुक्त कमैया उत्थान, संघहरु

सुदृढिकरण, लैंगिक सशक्तिकरण, राष्ट्रिय अन्तर्राष्ट्रिय सहकारी दिवस एवं आईसीए सदस्यता शुल्क भुक्तानी सम्बन्धी विवरणहरु प्रस्तुत गर्नुभएको थियो । केन्द्रीय मत्स्य सहकारी संघका तर्फबाट गुलाव चौधरीले विगत एक वर्ष भित्र संघले सम्पन्न गरेका कामहरु प्रस्तुत गर्नुहुदैं आगामी दिनहरुमा सरकारी क्षेत्रबाट सहयोग भएमा थप राम्रा कामहरु गर्न सकिने जानकारी गराउनु भएको थियो । केन्द्रीय सहकारी प्रशिक्षण केन्द्रका तर्फबाट प्राचार्य गणेश अर्यालले आ.व. ०७०/७१ मा सम्पन्न भएका प्रशिक्षण लगायत सार्वजनिक निर्माण सुधार एवं प्रशासनिक गतिविधिहरुको संक्षिप्त प्रस्तुति गर्नुभएको थियो । उहाँका अनुसार विगत एक वर्षमा केन्द्रीय प्रशिक्षण केन्द्रमा ३६ वटा तालीम कार्यक्रम संचालन गरी ३८० जना महिला र ५२२ जना पुरुष सहित जम्मा ९०२ जना प्रशिक्षार्थीहरुलाई तालीम प्रदान गरेको जानकारी गराउनुभयो । त्यसपछि सहकारी विभागका रजिष्ट्रार श्री विष्णुहरि पौडेलले छोटो समय लिएर कार्यक्रमको सभापति गरिरहनुभएका श्रीमान सचिवज्यको सरुवाको सम्बन्धमा सहभागिहरुलाई जानकारी गराउदै विभाग र अन्तरगतका कार्यालयको तर्फबाट विदाईको पर्व सन्ध्यामा उहाँको उत्तरोत्तर प्रगतिको शुभकामना र मन्त्रालयमा रही विभागलाई प्रदान गर्नुभएको संरक्षकत्व र मार्गदर्शनको लागी आभार प्रकट गर्नुभएको थियो । तेश्रो सत्रको अन्यमा सभापतिको हैसियलते श्रीमान सचिवज्यले उपस्थित सबै कर्मचारीहरुलाई निर्देशन दिँदै सहकारी संघसंस्थाको प्रवर्द्धन र विकासमा सबैले आ-आफ्नो क्षेत्रबाट सहजीकरण र सहकार्य गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो । साथै कार्यालयको तर्फबाट गरिने हरेक कामहरुमा पारदर्शिता र अपेक्षित गोपनियता बीच सन्तुलन गर्नुपर्ने बताउनु भयो । सबैले सकारात्मक सोचका साथ काम गर्नुपर्ने र बेरुजु फछ्यौटमा प्रभावकारीता ल्याउनु पर्ने बताउनु भयो । अन्तमा आफु सरुवा भएर सहकारी राजदुतको हैसियतले अन्यत्र मन्त्रालयमा जान लागेकोले सधैं सहकारीको विकास र प्रवर्द्धनमा आफ्नो तर्फबाट सक्दो सहयोग रहने धारणा व्यक्त गर्नुभयो ।

**चौथो सत्र :**

गोष्ठीको चौथो सत्रको सभापतित्व सहकारी विभागका रजिष्ट्रार विष्णुहरि पौडेलले गर्नुभएको थियो । प्रगति समीक्षा कार्यक्रमको दोश्रो दिन विभिन्न डिभिजन सहकारी कार्यालय तथा सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालयको प्रगति प्रतिवेदन प्रस्तुत गर्ने काम शुरु भयो । सम्बन्धित कार्यालयबाट भएको प्रगति प्रस्तुतीको विवरण यस प्रकार रहेको छ ।

१. **डिभिजन सहकारी कार्यालय, बैतडी :** सर्वप्रथम डिभिजन सहकारी कार्यालय बैतडीका सहकारी निरीक्षक तिलक खत्रीले आफ्नो कार्यालयको

तर्फबाट प्रगति प्रस्तुत गर्दै भारित तर्फ ९९.०७ प्रतिशत र वित्तीय तर्फ ९९.११ प्रतिशत प्रगति हासिल भएको व्यहोरा जानकारी गराउनु भयो । यस कार्यालयको प्रादेशिक क्षेत्र भित्रका बैतडी र दार्चुला जिल्लामा सहकारी संस्थाको संख्या क्रमशः १९५ र १२१ रहेको र संघ तर्फ क्रमशः २/२ वटा गरी जम्मा ४ वटा संघहरु संचालनमा रहेको जानकारी गराउनु भयो । त्यसैगरी महिलाद्वारा संचालित सहकारी संस्थाको संख्या बैतडी र दार्चुलामा क्रमशः २४ र १६ गरी जम्मा ४० वटा रहेको बताउनु भयो । बैतडी जिल्लामा गत आ.व. ०७०/७१ मा एउटा मात्र संस्था लिक्वीडेशन गरिएको थियो ।

२. **सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय, कैलाली** : प्रशिक्षण तर्फ यस कार्यालयको कार्यक्षेत्र सेती र महाकाली अञ्चलका ९ वटा जिल्ला र नियमन तर्फ कैलाली जिल्ला रहेको छ । ०७०/७१ मा सहकारी प्रशिक्षण केन्द्र तर्फ भारित र वित्तीय प्रगति क्रमशः १०० प्रतिशत र १०० प्रतिशत रहेको, सहकारी सुदृढीकरण तर्फ भारित र वित्तीय प्रगति क्रमशः १०० प्रतिशत र १०० प्रतिशत हासिल भएको, यस आ.ब.मा प्रशिक्षण केन्द्र तर्फ २४४ जना र सहकारी क्षेत्र सुदृढीकरण आयोजना तर्फ ६७० जना समेत जम्मा ९१४ प्रशिक्षार्थीहरुलाई तालिम प्रदान गरिएको, कैलाली जिल्लामा ५२१ वटा सहकारी संस्था र ४ वटा सहकारी संघ संचालनमा रहेको, एउटा संस्था खारेज गरिएको, ११२ संस्थाको निरिक्षण गरिएको, रु १०७९७१ गैर कर राजश्व संकलन गरिएको, महिलाद्वारा संचालित संस्थाको संख्या ७५ वटा रहेको, शेयर पँजि रु. ३९ करोड, बचत परिचालन रु. २.२ अर्ब, लगानी रु ३.० अर्ब र सहकारी संघसंस्थाबाट सृजना भएको रोजगारी १०२५ रहेको साथै उक्त आ.व.मा कार्यालय परिसर निर्माण सुधार अन्तरगत पुरानो कार्यालय भवनको मर्मत सुधार र बाटो निर्माणको काम सम्पन्न भएको व्यहोरा प्रचार्य श्री खेमराज विष्टले बताउनु भयो ।

३. **डिभिजन सहकारी कार्यालय कञ्चनपुर** : डिभिजन सहकारी कार्यालय कञ्चनपुरका कार्यालय प्रमुख श्री राम बहादुर खातीले आफ्नो कार्यालयको तर्फबाट प्रगति प्रस्तुत गर्दै भारित तर्फ ९७.८७ प्रतिशत र वित्तीय तर्फ ९७.१० प्रतिशत प्रगति हासिल भएको व्यहोरा जानकारी गराउनु भयो । यस कार्यालयको प्रादेशिक क्षेत्र भित्रका कञ्चनपुर र डडेलधुरा जिल्लामा प्रारम्भिक सहकारी संस्थाको संख्या क्रमशः ३६३ र १७४ रहेको र संघ तर्फ क्रमशः ५ र ४ वटा गरी जम्मा ९ वटा संघहरु संचालनमा रहेको जानकारी गराउनु भयो । त्यसैगरी महिलाद्वारा संचालित सहकारी संस्थाको संख्या कञ्चनपुर र डडेलधुरामा क्रमशः ४९ र १६ गरी जम्मा ६५ वटा

रहेको बताउनु भयो । यस डिभिजन कार्यालय अन्तरगत तीन वटा संस्थाको खारेजी गरिएको, रु. १२१०० गैर कर राजश्व संकलन गरिएको र कार्यालय भवनको कोरिडर मर्मत सुधार गरिएको थियो ।

४. **डिभिजन सहकारी कार्यालय डोटी :** डिभिजन सहकारी कार्यालय डोटीका कार्यालय प्रमुख श्री लक्ष्मी कुमार वि.क.ले आफ्नो कार्यालयको तर्फबाट प्रगति प्रस्तुत गर्दै आ.व. ०७०/७१ मा कार्यक्रम तर्फ भारित तर्फ ९५.४५ प्रतिशत र वित्तीय तर्फ ९५.४५ प्रतिशत प्रगति हासिल भएको व्यहोरा जानकारी गराउनु भयो । यस कार्यालयको प्रादेशिक क्षेत्र भित्रका डोटी, बझाङ, अछाम र बाजुरा जिल्लामा प्रारम्भिक सहकारी संस्थाको संख्या क्रमशः १९९, १२२, १९७ र ८८ समेत जम्मा ६०६ रहेको र संघ तर्फ क्रमशः २, २, २ र ३ वटा गरी जम्मा ९ वटा संघहरु संचालनमा रहेको जानकारी गराउनु भयो । त्यसैगरी महिलाद्वारा संचालित सहकारी संस्थाको संख्या डोटी, बझाङ, अछाम र बाजुरामा क्रमशः २८, २६, ३२ र १३ गरी जम्मा ९९ वटा रहेको बताउनु भयो । यस डिभिजन कार्यालय अन्तरगत चार वटा संस्थाको खारेजी गरिएको, तीन वटा सुपथ मुल्य सहकारी पसलको रकम रु तीन लाख सम्बन्धित संस्थाबाट फिर्ता गरी राजश्व दाखिला गरिएको थियो ।

५. **डिभिजन सहकारी कार्यालय जुम्ला :** डिभिजन सहकारी कार्यालय जुम्लाका कार्यालय प्रमुख श्री नारायण प्रसाद चापागाँईले आफ्नो कार्यालयको तर्फबाट प्रगति प्रस्तुत गर्दै आ.व. ०७०/७१ मा कार्यक्रम तर्फ भारित तर्फ १०० प्रतिशत र वित्तीय तर्फ ९८.२७ प्रतिशत प्रगति हासिल भएको व्यहोरा जानकारी गराउनु भयो । यस कार्यालयको प्रादेशिक क्षेत्र भित्रका जुम्ला, हुम्ला, मुगु, डोल्पा र कालिकोट जिल्लामा प्रारम्भिक सहकारी संस्थाको संख्या क्रमशः १८७, ९१, ७९, ५३ र ९१ समेत जम्मा ५०१ रहेको र संघ तर्फ क्रमशः ३, ०, ०, ० र १ वटा गरी जम्मा ४ वटा संघहरु संचालनमा रहेको जानकारी गराउनु भयो । त्यसैगरी महिलाद्वारा संचालित सहकारी संस्थाको संख्या जुम्ला, हुम्ला, मुगु, डोल्पा र कालिकोटमा क्रमशः २६, ७, १०, ३ र ४ गरी जम्मा ५० वटा रहेको बताउनु भयो । यस डिभिजन कार्यालय अन्तरगत दुई वटा संस्थाको खारेजी गरिएको र दुई वटाको संस्थाको लिक्वीडेशन गरिएको थियो । यस डिभिजन कार्यालय अन्तरगत रु. १६,२४० गैरकर राजश्व असुली गरिएको थियो ।

६. **डिभिजन सहकारी कार्यालय सुर्खेत :** डिभिजन सहकारी कार्यालय सुर्खेतका कार्यालय प्रमुख श्री देवी पौडेलले आफ्नो कार्यालयको तर्फबाट प्रगति प्रस्तुत गर्दै आ.व. ०७०/७१ मा कार्यक्रम तर्फ भारित तर्फ १०० प्रतिशत

र वित्तीय तर्फ १०० प्रतिशत प्रगति हासिल भएको व्यहोरा जानकारी गराउनु भयो । यस कार्यालयको प्रादेशिक क्षेत्र भित्रका सुर्खेत, दैलेख र जाजरकोट जिल्लामा प्रारम्भिक सहकारी संस्थाको संख्या क्रमशः ५७४, २५२ र १३९ समेत जम्मा ९६५ रहेको र संघ तर्फ क्रमशः ५, २ र २ वटा गरी जम्मा ९ वटा संघहरु संचालनमा रहेको जानकारी गराउनु भयो । त्यसैगरी महिलाद्वारा संचालित सहकारी संस्थाको संख्या सुर्खेत, दैलेख र जाजरकोटमा क्रमशः ५६, २८ र १० गरी जम्मा ९४ वटा रहेको बताउनु भयो । यस डिभिजन कार्यालय अन्तरगत चार वटा संस्थाको खारेजी गरिएको र दुई वटाको संस्थाको एकिकरण गरी एउटा संस्था बनाउने काम गरिएको थियो । यस डिभिजन कार्यालय अन्तरगत रु. ८३,५०० गैरकर राजश्व असुली गरिएको थियो ।

७. **डिभिजन सहकारी कार्यालय बर्दिया :** डिभिजन सहकारी कार्यालय बर्दियाका कार्यालय प्रमुख श्री बुद्ध प्रकाश पौडेलले आफ्नो कार्यालयको तर्फबाट प्रगति प्रस्तुत गर्दै आ.व. ०७०/७१ मा कार्यक्रम तर्फ भारित तर्फ १०० प्रतिशत र वित्तीय तर्फ १०० प्रतिशत प्रगति हासिल भएको व्यहोरा जानकारी गराउनु भयो । यस कार्यालयको प्रादेशिक क्षेत्र भित्र एउटा मात्र बर्दिया जिल्लामा प्रारम्भिक सहकारी संस्थाको संख्या क्रमशः ३४५ रहेको र संघ तर्फ विभिन्न ६ वटा संचालनमा रहेको जानकारी गराउनु भयो । त्यसैगरी महिलाद्वारा संचालित सहकारी संस्थाको संख्या ५१ वटा रहेको बताउनु भयो । यस डिभिजन कार्यालय अन्तरगत ३७ वटा संस्थाको खारेजी गरिएको, ३५ वटा संस्था नयाँ दर्ता गरिएको, कुल सहकारी संस्था मध्ये ४६ वटा निष्कृय अवस्थामा रहेको र दुई वटा संस्थाको एकिकरण गरी एउटा संस्था बनाउने काम गरिएको थियो । यस डिभिजन कार्यालय अन्तरगत रु. ६५,००० गैरकर राजश्व असुली गरिएको थियो ।

८. **सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय, बाँके :** यस कार्यालय अन्तरगत प्रशिक्षण तर्फ यस कार्यालयको कार्यक्षेत्र भेरी, राप्ती र कर्णाली अञ्चलका १५ वटा जिल्ला र नियमन तर्फ बाँके जिल्ला रहेको छ । आ.व. ०७०/७१ मा सहकारी प्रशिक्षण केन्द्र तर्फ भारित र वित्तीय प्रगति क्रमशः ९६ प्रतिशत र ९५.५ प्रतिशत रहेको, सहकारी सुदृढीकरण तर्फ भारित र वित्तीय प्रगति क्रमशः ८९ प्रतिशत र ८१ प्रतिशत हासिल भएको, महिला ६७३ र पुरुष ४४६ गरी १११९ जना प्रशिक्षार्थीहरुलाई विभिन्न प्रकृतिको तालिम प्रदान गरिएको, बाँके जिल्लामा ४१० वटा सहकारी संस्था र विभिन्न ५ वटा सहकारी संघहरु संचालनमा रहेको, ३७ वटा नयाँ संस्था दर्ता, रु ६४,३०० गैर कर राजश्व संकलन गरिएको र महिलाद्वारा

संचालित संस्थाको संख्या ५५ वटा रहेको थियो । यस आ.व.मा कार्यालय भवन निर्माण सुधार अन्तरगत छात्रावास भवनको निर्माण काम सम्पन्न भएको तर बजेट कम भएकोले आगामी आ.ब. मा रु २६,५०,००० भुक्तानी दिन बाँकी रहेको साथै परिसर सुधारको काम समेत गर्नु पर्ने व्यहोरा प्रचार्य श्री प्रकाश राज पौडेलले बताउनु भयो ।

९. **डिभिजन सहकारी कार्यालय दाङ :** डिभिजन सहकारी कार्यालय दाङका कार्यालय प्रमुख श्री विनोद कुमार पौडेलले आफ्नो कार्यालयको तर्फबाट प्रगति प्रस्तुत गर्दै आ.व. ०७०/७१ मा कार्यक्रम तर्फ भारित तर्फ १०० प्रतिशत र वित्तीय तर्फ १०० प्रतिशत प्रगति हासिल भएको व्यहोरा जानकारी गराउनु भयो । यस कार्यालयको प्रादेशिक क्षेत्र भित्र दाङ, प्युठान, सल्यान, रुकुम र रोल्पा जिल्लामा प्रारम्भिक सहकारी संस्थाको संख्या क्रमशः ५७३, १५८, १३५, १३१ र १२५ गरी जम्मा ११२२ रहेको र संघ तर्फ क्रमशः ५, ३, २, ४ र ३ समेत १७ वटा संचालनमा रहेको जानकारी गराउनु भयो । त्यसैगरी महिलाद्वारा संचालित सहकारी संस्थाको संख्या २०७ वटा रहेको बताउनु भयो । यस डिभिजन कार्यालय अन्तरगत ५ वटा संस्थाको खारेजी गरिएको, १०९ वटा संस्था नयाँ दर्ता गरिएको, यस डिभिजन कार्यालय अन्तरगत रु. १,०७,६०० गैरकर राजश्व असुली गरिएको थियो ।

१०. **डिभिजन सहकारी कार्यालय कपिलबस्तु :** डिभिजन सहकारी कार्यालय दाङका कार्यालय प्रमुख श्री लेखनाथ पौडेलले आफ्नो कार्यालयको तर्फबाट प्रगति प्रस्तुत गर्दै आ.व. ०७०/७१ मा कार्यक्रम तर्फ भारित तर्फ ७७.६४ प्रतिशत र वित्तीय तर्फ ७६.६२ प्रतिशत प्रगति हासिल भएको व्यहोरा जानकारी गराउनु भयो । यस कार्यालयको प्रादेशिक क्षेत्र भित्र कपिलवस्तु र अर्घाखाची जिल्लामा प्रारम्भिक सहकारी संस्थाको संख्या क्रमशः ४५७ र १४७ गरी जम्मा ६०४ रहेको र संघ तर्फ क्रमशः ३ र २ समेत ५ वटा संचालनमा रहेको जानकारी गराउनु भयो । त्यसैगरी महिलाद्वारा संचालित सहकारी संस्थाको संख्या ७९ वटा रहेको बताउनु भयो । यस डिभिजन कार्यालय अन्तरगत २३ वटा संस्था नयाँ दर्ता गरिएको र यस डिभिजन कार्यालय अन्तरगत रु. ९१,७०० गैरकर राजश्व असुली गरिएको थियो ।

११. **डिभिजन सहकारी कार्यालय रुपन्देही :** डिभिजन सहकारी कार्यालय रुपन्देहीका कार्यालय प्रमुख श्रीमती रमा आचार्यले आफ्नो कार्यालयको तर्फबाट प्रगति प्रस्तुत गर्दै आ.व. ०७०/७१ मा कार्यक्रम तर्फ भारित तर्फ १०० प्रतिशत र वित्तीय तर्फ १०० प्रतिशत प्रगति हासिल भएको व्यहोरा जानकारी गराउनु भयो । यस कार्यालयको प्रादेशिक क्षेत्र भित्र रुपन्देही जिल्लामा प्रारम्भिक सहकारी संस्थाको संख्या क्रमशः ६४९ रहेको

र संघ तर्फ ५ वटा संचालनमा रहेको जानकारी गराउनु भयो । त्यसैगरी महिलाद्वारा संचालित सहकारी संस्थाको संख्या ५७ वटा रहेको बताउनु भयो । यस डिभिजन कार्यालय अन्तरगत २४ वटा संस्था खारेजी, २८ वटा संस्था नयाँ दर्ता गरिएको र यस डिभिजन कार्यालय अन्तरगत रु. ६१,५०० गैरकर राजश्व असुली गरिएको थियो ।

१२. **डिभिजन सहकारी कार्यालय पाल्पा :** डिभिजन सहकारी कार्यालय पाल्पाका कार्यालय प्रमुख श्री रुक्मागत अर्यालले आफ्नो कार्यालयको तर्फबाट प्रगति प्रस्तुत गर्दै आ.व. ०७०/७१ मा कार्यक्रम तर्फ भारित तर्फ १०० प्रतिशत र वित्तीय तर्फ ९९.५ प्रतिशत प्रगति हासिल भएको व्यहोरा जानकारी गराउनु भयो । यस कार्यालयको प्रादेशिक क्षेत्र भित्र पाल्पा र गुल्मी जिल्लामा प्रारम्भिक सहकारी संस्थाको संख्या क्रमशः २२७ र २२५ गरी जम्मा ४५२ रहेको र संघ तर्फ ५ र ६ वटा गरी जम्मा ११ वटा संचालनमा रहेको जानकारी गराउनु भयो । त्यसैगरी महिलाद्वारा संचालित सहकारी संस्थाको संख्या क्रमशः ३६ र ३७ गरी जम्मा ७३ वटा रहेको बताउनु भयो । यस डिभिजन कार्यालय अन्तरगत ८ वटा संस्था खारेजी, २८ वटा संस्था नयाँ दर्ता गरिएको र यस डिभिजन कार्यालय अन्तरगत रु. ३३,२५० गैरकर राजश्व असुली गरिएको थियो ।

१३. **डिभिजन सहकारी कार्यालय स्याङ्जा :** डिभिजन सहकारी कार्यालय स्याङ्जाका कार्यालय प्रमुख श्री कृष्ण बहादुर कुँवरले आफ्नो कार्यालयको तर्फबाट प्रगति प्रस्तुत गर्दै आ.व. ०७०/७१ मा कार्यक्रम तर्फ भारित तर्फ १०० प्रतिशत र वित्तीय तर्फ १०० प्रतिशत प्रगति हासिल भएको व्यहोरा जानकारी गराउनु भयो । यस कार्यालयको प्रादेशिक क्षेत्र भित्र एउटा जिल्ला स्याङ्जा रहेको सो जिल्लामा प्रारम्भिक सहकारी संस्थाको संख्या ३०२ रहेको र संघ तर्फ ८ वटा संचालनमा रहेको जानकारी गराउनु भयो । त्यसैगरी महिलाद्वारा संचालित सहकारी संस्थाको संख्या ३१ वटा रहेको बताउनु भयो । यस डिभिजन कार्यालय अन्तरगत २३ वटा संस्था खारेजी, २९ वटा संस्था नयाँ दर्ता गरिएको थियो ।

१४. **सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय, कास्की :** यस कार्यालय अन्तरगत प्रशिक्षण तर्फ यस कार्यालयको कार्यक्षेत्र गण्डकी, लुम्विनी र धवलागिरी अञ्चलका १६ वटा जिल्ला र नियमन तर्फ कास्की जिल्ला रहेको छ । आ.व. ०७०/७१ मा सहकारी प्रशिक्षण केन्द्र तर्फ भारित र वित्तीय प्रगति क्रमशः १०० प्रतिशत र १०० प्रतिशत रहेको, सहकारी सुदृढीकरण तर्फ भारित र वित्तीय प्रगति क्रमशः ९९.८४ प्रतिशत र ९९.८६ प्रतिशत हासिल भएको, महिला ७५४ र पुरुष ५१९ गरी १२७३ जना प्रशिक्षार्थीहरुलाई विभिन्न प्रकृतिको तालिम प्रदान गरिएको, कास्की

जिल्लामा ५६३ वटा सहकारी संस्था र विभिन्न ६ वटा सहकारी संघहरु संचालनमा रहेको, २३ वटा नयाँ संस्था दर्ता, ५ वटा संस्थाको खारेजी, रु १,२२,१०० गैरकर राजस्व संकलन गरिएको र महिलाद्वारा संचालित संस्थाको संख्या ६२ वटा रहेको ब्यहोरा जानकारी भयो । उक्त आ.व.मा कार्यालय भवन तथा परिसर सुधारको काम समेत सम्पन्न भएको व्यहोरा प्रचार्य श्री नारायण प्रसाद अर्यालले बताउनु भयो ।

१५. **सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय, बाग्लुङ :** डिभिजन सहकारी कार्यालय बाग्लुङका निमित्त कार्यालय प्रमुख श्री गिरी बहादुर के.सी.ले आफ्नो कार्यालयको तर्फबाट प्रगति प्रस्तुत गर्दै आ.व. ०७०/७१ मा कार्यक्रम तर्फ भारित तर्फ १०० प्रतिशत र वित्तीय तर्फ १०० प्रतिशत प्रगति हासिल भएको व्यहोरा जानकारी गराउनु भयो । यस कार्यालयको प्रादेशिक क्षेत्र भित्र बाग्लुङ, पर्वत, म्याग्दी र मुस्ताङ जिल्लामा प्रारम्भिक सहकारी संस्थाको संख्या क्रमशः ३८२, २८०, १८२ र ३५ गरी जम्मा ८७९ रहेको र संघ तर्फ क्रमशः ७, ५, ५ र ० समेत १७ वटा संचालनमा रहेको जानकारी गराउनु भयो । त्यसैगरी महिलाद्वारा संचालित सहकारी संस्थाको संख्या १०८ वटा रहेको बताउनु भयो । यस डिभिजन कार्यालय अन्तरगत ८ वटा संस्था एकिकरण गरी ३ वटा संस्थाको निर्माण गरिएको, १४३ वटा संस्था नयाँ दर्ता गरिएको थियो ।

१६. **डिभिजन सहकारी कार्यालय, तनहुँ :** डिभिजन सहकारी कार्यालय तनहुँका कार्यालय प्रमुख श्री गौतम भण्डारीले आफ्नो कार्यालयको तर्फबाट प्रगति प्रस्तुत गर्दै आ.व. ०७०/७१ मा कार्यक्रम तर्फ भारित तर्फ ९९.९० प्रतिशत र वित्तीय तर्फ ९९.९२ प्रतिशत प्रगति हासिल भएको व्यहोरा जानकारी गराउनु भयो । यस कार्यालयको प्रादेशिक क्षेत्र भित्र तनहुँ, गोरखा, लमजुङ र मनाङ जिल्लामा प्रारम्भिक सहकारी संस्थाको संख्या क्रमशः ३३०, ३८७, २८१ र ८ गरी जम्मा १००६ रहेको र संघ तर्फ क्रमशः ६, ६, ४ र ० समेत १६ वटा संचालनमा रहेको जानकारी गराउनु भयो । त्यसैगरी महिलाद्वारा संचालित सहकारी संस्थाको संख्या १९७ वटा रहेको बताउनु भयो । यस डिभिजन कार्यालय अन्तरगत ४ वटा संस्था एकिकरण गरी २ वटा संस्थाको निर्माण गरिएको, १७४ वटा संस्था नयाँ दर्ता गरिएको र निष्कृय रुपमा रहेका ७ संस्थाको दर्ता खारेजी गरिएको थियो । यस डिभिजन कार्यालय अन्तरगत रु. ९९,१०० गैरकर राजश्व असुली गरिएको थियो ।

१७. **सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय, नुवाकोट :** डिभिजन सहकारी कार्यालय नुवाकोटका कार्यालय प्रमुख श्री रोमाकान्त काफ्लेले आफ्नो कार्यालयको तर्फबाट प्रगति प्रस्तुत गर्दै आ.व. ०७०/७१ मा कार्यक्रम

तर्फ भारित तर्फ ९९.९० प्रतिशत र वित्तीय तर्फ ९९.९४ प्रतिशत प्रगति हासिल भएको व्यहोरा जानकारी गराउनु भयो । यस कार्यालयको प्रादेशिक क्षेत्र भित्र नुवाकोट र रसुवा जिल्लामा प्रारम्भिक सहकारी संस्थाको संख्या क्रमशः ४३१ र १२६ गरी जम्मा ५५७ रहेको र संघ तर्फ क्रमशः ४ र ० समेत ४ वटा संचालनमा रहेको जानकारी गराउनु भयो । त्यसैगरी महिलाद्वारा संचालित सहकारी संस्थाको संख्या ८६ वटा रहेको बताउनु भयो । यस डिभिजन कार्यालय अन्तरगत २ वटा संस्था एकिकरण गरी १ वटा संस्थाको निर्माण गरिएको, ३८ वटा संस्था नयाँ दर्ता गरिएको र निष्कृय रुपमा रहेका ९ संस्थाको दर्ता खारेजी गरिएको थियो । यस डिभिजन कार्यालय अन्तरगत रु. २७,२०० गैरकर राजश्व असुली गरिएको थियो ।

१८. **डिभिजन सहकारी कार्यालय नवलपरासी :** डिभिजन सहकारी कार्यालय नवलपरासीका कार्यालय प्रमुख श्री बासुदेव भट्टराईले आफ्नो कार्यालयको तर्फबाट प्रगति प्रस्तुत गर्दै आ.व. ०७०/७१ मा कार्यक्रम तर्फ भारित तर्फ १०० प्रतिशत र वित्तीय तर्फ १०० प्रतिशत प्रगति हासिल भएको व्यहोरा जानकारी गराउनु भयो । यस कार्यालयको प्रादेशिक क्षेत्र भित्र एउटा जिल्ला नवलपरासी रहेको सो जिल्लामा प्रारम्भिक सहकारी संस्थाको संख्या ४६९ रहेको र संघ तर्फ ६ वटा संचालनमा रहेको जानकारी गराउनु भयो । त्यसैगरी महिलाद्वारा संचालित सहकारी संस्थाको संख्या १०२ वटा रहेको बताउनु भयो । यस डिभिजन कार्यालय अन्तरगत २३ वटा संस्था खारेजी, १६ वटा संस्था नयाँ दर्ता गरिएको थियो । यस डिभिजन कार्यालय अन्तरगत रु. ५६,८०० गैरकर राजश्व असुली गरिएको थियो ।

१९. **डिभिजन सहकारी कार्यालय धादिङ :** डिभिजन सहकारी कार्यालय धादिङका कार्यालय प्रमुख श्री कृष्ण बहादुर बोहराले आफ्नो कार्यालयको तर्फबाट प्रगति प्रस्तुत गर्दै आ.व. ०७०/७१ मा कार्यक्रम तर्फ भारित तर्फ १०० प्रतिशत र वित्तीय तर्फ १०० प्रतिशत प्रगति हासिल भएको व्यहोरा जानकारी गराउनु भयो । यस कार्यालयको प्रादेशिक क्षेत्र भित्र एउटा मात्र जिल्ला धादिङ रहेको सो जिल्लामा प्रारम्भिक सहकारी संस्थाको संख्या ४०१ रहेको र संघ तर्फ ६ वटा संचालनमा रहेको जानकारी गराउनु भयो । त्यसैगरी महिलाद्वारा संचालित सहकारी संस्थाको संख्या ७८ वटा रहेको बताउनु भयो । यस डिभिजन कार्यालय अन्तरगत ८ वटा संस्था खारेजी, ३१ वटा संस्था नयाँ दर्ता गरिएको थियो । यस डिभिजन कार्यालय अन्तरगत रु. ३२,००० गैरकर राजश्व असुली गरिएको थियो ।

२०. **सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय, चितवन :** यस कार्यालय

अन्तरगत प्रशिक्षण तर्फ यस कार्यालयको कार्यक्षेत्र बागमति, नारायणी र जनकपुर अञ्चलका १९ वटा जिल्ला र नियमन तर्फ चितवन जिल्ला रहेको छ । आ.व. ०७०/७१ मा सहकारी प्रशिक्षण केन्द्र तर्फ भारित र वित्तीय प्रगति क्रमश: १०० प्रतिशत र ९८.६० प्रतिशत रहेको, सहकारी सुदृढीकरण तर्फ भारित र वित्तीय प्रगति क्रमश: १०० प्रतिशत र ९८.५७ प्रतिशत हासिल भएको, महिला ६०१ र पुरुष ५३३ गरी ११३४ जना प्रशिक्षार्थीहरुलाई विभिन्न प्रकृतिको तालिम प्रदान गरिएको, चितवन जिल्लामा ६४८ वटा प्रारम्भिक सहकारी संस्था र विभिन्न ८ वटा सहकारी संघहरु संचालनमा रहेको, ३४ वटा नयाँ संस्था दर्ता, २२ वटा संस्थाको खारेजी, ४ वटा संस्था एकिकरण गरी २ वटा निर्माण गरिएको, रु १,६१,९०० गैरकर राजस्व संकलन गरिएको र महिलाद्वारा संचालित संस्थाको संख्या ९७ वटा रहेको ब्यहोरा कार्यालयका प्राचार्य श्री केशव बहादुर थापाले जानकारी गराउनु भयो ।

२१. **डिभिजन सहकारी कार्यालय काठमाण्डौं :** डिभिजन सहकारी कार्यालय काठमाण्डौंका कार्यालय प्रमुख श्री बलराम निरौलाले आफ्नो कार्यालयको तर्फबाट प्रगति प्रस्तुत गर्दै आ.व. ०७०/७१ मा कार्यक्रम तर्फ भारित तर्फ १०० प्रतिशत र वित्तीय तर्फ ९९.६३ प्रतिशत प्रगति हासिल भएको व्यहोरा जानकारी गराउनु भयो । यस कार्यालयको प्रादेशिक क्षेत्र भित्र एउटा मात्र जिल्ला काठमाण्डौं रहेको सो जिल्लामा प्रारम्भिक सहकारी संस्थाको संख्या ३६८५ रहेको र संघ तर्फ ६ वटा संचालनमा रहेको जानकारी गराउनु भयो । त्यसैगरी महिलाद्वारा संचालित सहकारी संस्थाको संख्या १६७ वटा रहेको बताउनु भयो । यस डिभिजन कार्यालय अन्तरगत १९ वटा संस्था खारेजी, ४ वटा संस्थाको एकिकरण गरी २ वटा निर्माण गरिएको, ५३ वटा संस्था नयाँ दर्ता गरिएको थियो । यस डिभिजन कार्यालय अन्तरगत रु. १०,६४, ८०० गैरकर राजश्व असुली गरिएको थियो ।

२२. **डिभिजन सहकारी कार्यालय ललितपुर :** डिभिजन सहकारी कार्यालय ललितपुरका कार्यालय प्रमुख श्री रामहरि लामिछानेले आफ्नो कार्यालयको तर्फबाट प्रगति प्रस्तुत गर्दै आ.व. ०७०/७१ मा कार्यक्रम तर्फ भारित तर्फ १०० प्रतिशत र वित्तीय तर्फ १०० प्रतिशत प्रगति हासिल भएको व्यहोरा जानकारी गराउनु भयो । यस कार्यालयको प्रादेशिक क्षेत्र भित्र एउटा मात्र जिल्ला ललितपुर रहेको सो जिल्लामा प्रारम्भिक सहकारी संस्थाको संख्या १०३९ रहेको र संघ तर्फ ९ वटा संचालनमा रहेको जानकारी गराउनु भयो । त्यसैगरी महिलाद्वारा संचालित सहकारी संस्थाको संख्या ८७ वटा रहेको बताउनु भयो । यस डिभिजन कार्यालय अन्तरगत

८ वटा संस्था खारेजी, ४ वटा संस्थाको एकिकरण गरी २ वटा निर्माण गरिएको, ३५ वटा संस्था नयाँ दर्ता गरिएको थियो । यस डिभिजन कार्यालय अन्तरगत रु. १,९६,०५० गैरकर राजश्व असुली गरिएको थियो ।

२३. **डिभिजन सहकारी कार्यालय भक्तपुर :** डिभिजन सहकारी कार्यालय भक्तपुरका कार्यालय प्रमुख श्री डेक राज पोखरेलले आफ्नो कार्यालयको तर्फबाट प्रगति प्रस्तुत गर्दै आ.व. ०७०/७१ मा कार्यक्रम तर्फ भारित तर्फ ९७.३७ प्रतिशत र वित्तीय तर्फ ८१.४७ प्रतिशत प्रगति हासिल भएको व्यहोरा जानकारी गराउनु भयो । यस कार्यालयको प्रादेशिक क्षेत्र भित्र एउटा मात्र जिल्ला भक्तपुर रहेको सो जिल्लामा प्रारम्भिक सहकारी संस्थाको संख्या ६२१ रहेको र संघ तर्फ ५ वटा संचालनमा रहेको जानकारी गराउनु भयो । त्यसैगरी महिलाद्वारा संचालित सहकारी संस्थाको संख्या ६३ वटा रहेको बताउनु भयो । यस डिभिजन कार्यालय अन्तरगत १६ वटा संस्था नयाँ दर्ता गरिएको र रु.६०,००० गैरकर राजश्व असुली गरिएको थियो

२४. **डिभिजन सहकारी कार्यालय काभ्रे :** डिभिजन सहकारी कार्यालय काभ्रेका कार्यालय प्रमुख श्री हरि पौडेलले आफ्नो कार्यालयको तर्फबाट प्रगति प्रस्तुत गर्दै आ.व. ०७०/७१ मा कार्यक्रम तर्फ भारित तर्फ ९८.८८ प्रतिशत र वित्तीय तर्फ ९९.५१ प्रतिशत प्रगति हासिल भएको व्यहोरा जानकारी गराउनु भयो । यस कार्यालयको प्रादेशिक क्षेत्र भित्र काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोक दुई जिल्ला रहेको सो जिल्लामा प्रारम्भिक सहकारी संस्थाको संख्या क्रमशः १३६४ र ६२५ समेत जम्मा १९८९ रहेको र संघ तर्फ क्रमशः ७ र ६ गरी जम्मा १३ वटा संचालनमा रहेको जानकारी गराउनु भयो । त्यसैगरी महिलाद्वारा संचालित सहकारी संस्थाको संख्या २७२ वटा रहेको बताउनु भयो । यस डिभिजन कार्यालय अन्तरगत ८ वटा संस्था खारेजी, २ वटा संस्थाको एकिकरण गरी १ वटा निर्माण गरिएको, ७३ वटा संस्था नयाँ दर्ता गरिएको थियो । यस डिभिजन कार्यालय अन्तरगत रु. ८७,८७५ गैरकर राजश्व असुली गरिएको थियो ।

२५. **डिभिजन सहकारी कार्यालय मकवानपुर :** डिभिजन सहकारी कार्यालय मकवानपुरका कार्यालय प्रमुख श्री भीम बहादुर परियारले आफ्नो कार्यालयको तर्फबाट प्रगति प्रस्तुत गर्दै आ.व. ०७०/७१ मा कार्यक्रम तर्फ भारित तर्फ १०० प्रतिशत र वित्तीय तर्फ १०० प्रतिशत प्रगति हासिल भएको व्यहोरा जानकारी गराउनु भयो । यस कार्यालयको प्रादेशिक क्षेत्र भित्र एउटा मात्र जिल्ला मकवानपुर रहेको सो जिल्लामा प्रारम्भिक सहकारी संस्थाको संख्या ५१७ रहेको र संघ तर्फ ५ वटा संचालनमा रहेको जानकारी गराउनु भयो । त्यसैगरी महिलाद्वारा संचालित सहकारी संस्थाको

संख्या ९४ वटा रहेको बताउनु भयो । यस डिभिजन कार्यालय अन्तरगत १७ वटा संस्था खारेजी, ४ वटा संस्थाको एकिकरण गरी २ वटा निर्माण गरिएको, २४ वटा संस्था नयाँ दर्ता गरिएको थियो । यस डिभिजन कार्यालय अन्तरगत रु. ७७,२०० गैरकर राजश्व असुली गरिएको थियो ।

२६. **डिभिजन सहकारी कार्यालय दोलखा :** डिभिजन सहकारी कार्यालय दोलखाका कार्यालय प्रमुख श्री मोहन अधिकारीले आफ्नो कार्यालयको तर्फबाट प्रगति प्रस्तुत गर्दै आ.व. ०७०/७१ मा कार्यक्रम तर्फ भारित तर्फ १०० प्रतिशत र वित्तीय तर्फ १०० प्रतिशत प्रगति हासिल भएको व्यहोरा जानकारी गराउनु भयो । यस कार्यालयको प्रादेशिक क्षेत्र भित्र दोलखा र रामेछाप दुई जिल्ला रहेको सो जिल्लामा प्रारम्भिक सहकारी संस्थाको संख्या क्रमशः ५१३ र ४१२ समेत जम्मा ९२५ रहेको र संघ तर्फ क्रमशः ६ र ४ गरी जम्मा १० वटा संचालनमा रहेको जानकारी गराउनु भयो । त्यसैगरी महिलाद्वारा संचालित सहकारी संस्थाको संख्या ९९ वटा रहेको बताउनु भयो । यस डिभिजन कार्यालय अन्तरगत २ वटा संस्थाको एकिकरण गरी १ वटा निर्माण गरिएको, ६७ वटा संस्था नयाँ दर्ता गरिएको थियो । यस डिभिजन कार्यालय अन्तरगत रु. १,९१,५०० गैरकर राजश्व असुली गरिएको थियो ।

२७. **डिभिजन सहकारी कार्यालय पर्सा :** डिभिजन सहकारी कार्यालय पर्साका कार्यालय प्रमुख श्री शंकर राज पाठकले आफ्नो कार्यालयको तर्फबाट प्रगति प्रस्तुत गर्दै आ.व. ०७०/७१ मा कार्यक्रम तर्फ भारित तर्फ १०० प्रतिशत र वित्तीय तर्फ १०० प्रतिशत प्रगति हासिल भएको व्यहोरा जानकारी गराउनु भयो । यस कार्यालयको प्रादेशिक क्षेत्र भित्र एउटा मात्र जिल्ला पर्सा रहेको सो जिल्लामा प्रारम्भिक सहकारी संस्थाको संख्या ६०८ रहेको र संघ तर्फ ३ वटा संचालनमा रहेको जानकारी गराउनु भयो । त्यसैगरी महिलाद्वारा संचालित सहकारी संस्थाको संख्या ५२ वटा रहेको बताउनु भयो । यस डिभिजन कार्यालय अन्तरगत ४४ वटा संस्थाको नयाँ दर्ता, १३ वटा संस्थाको खारेजी र रु. १,५५,३०० गैरकर राजश्व असुली गरिएको थियो ।

२८. **डिभिजन सहकारी कार्यालय बारा :** डिभिजन सहकारी कार्यालय बाराका निमित्त कार्यालय प्रमुख श्री मुरारी प्रसाद तिमल्सिनाले आफ्नो कार्यालयको तर्फबाट प्रगति प्रस्तुत गर्दै आ.व. ०७०/७१ मा कार्यक्रम तर्फ भारित तर्फ १०० प्रतिशत र वित्तीय तर्फ ९९.९८ प्रतिशत प्रगति हासिल भएको व्यहोरा जानकारी गराउनु भयो । यस कार्यालयको प्रादेशिक क्षेत्र भित्र एउटा मात्र जिल्ला बारा रहेको सो जिल्लामा प्रारम्भिक सहकारी संस्थाको संख्या ७५५ रहेको र संघ तर्फ ५ वटा संचालनमा रहेको जानकारी

गराउनु भयो । त्यसैगरी महिलाद्वारा संचालित सहकारी संस्थाको संख्या ५५ वटा रहेको बताउनु भयो । यस डिभिजन कार्यालय अन्तरगत १८ वटा संस्था खारेजी, २ वटा संस्थाको एकिकरण गरी १ वटा निर्माण गरिएको, ७० वटा नयाँ संस्था दर्ता गरिएको थियो । यस डिभिजन कार्यालय अन्तरगत रु. १,०४,००० गैरकर राजश्व असुली गरिएको थियो ।

२९. **डिभिजन सहकारी कार्यालय रौतहट** : डिभिजन सहकारी कार्यालय रौतहटका निमित्त कार्यालय प्रमुख श्री मधुसुधन उपाध्यायले आफ्नो कार्यालयको तर्फबाट प्रगति प्रस्तुत गर्दै आ.व. ०७०/७१ मा कार्यक्रम तर्फ भारित तर्फ ९९ प्रतिशत र वित्तीय तर्फ ९९ प्रतिशत प्रगति हासिल भएको व्यहोरा जानकारी गराउनु भयो । यस कार्यालयको प्रादेशिक क्षेत्र भित्र एउटा मात्र जिल्ला रौतहट रहेको सो जिल्लामा प्रारम्भिक सहकारी संस्थाको संख्या ६६४ रहेको र संघ तर्फ ५ वटा संचालनमा रहेको जानकारी गराउनु भयो । त्यसैगरी महिलाद्वारा संचालित सहकारी संस्थाको संख्या ८६ वटा रहेको बताउनु भयो । यस डिभिजन कार्यालय अन्तरगत १२ वटा संस्था खारेजी, २ वटा संस्थाको एकिकरण गरी १ वटा निर्माण गरिएको, ११२ वटा नयाँ संस्था दर्ता गरिएको थियो । यस डिभिजन कार्यालय अन्तरगत रु. २२,००० गैरकर राजश्व असुली गरिएको थियो ।

३०. **डिभिजन सहकारी कार्यालय सर्लाही** : डिभिजन सहकारी कार्यालय सर्लाहीका कार्यालय प्रमुख श्री रविन्द्र यादवले आफ्नो कार्यालयको तर्फबाट प्रगति प्रस्तुत गर्दै आ.व. ०७०/७१ मा कार्यक्रम तर्फ भारित तर्फ २६.६३ प्रतिशत र वित्तीय तर्फ २७.५० प्रतिशत प्रगति हासिल भएको व्यहोरा जानकारी गराउनु भयो । लक्ष्य अनुसारको प्रगति हासिल हुन नसक्नुको मुख्य कारण कार्यालय भवन निर्माण तर्फ विनियोजित बजेट खर्च गर्नु पर्व माटो परिक्षण, नाप नक्सा तयारी, लागत अनुमान तयारी र स्वीकृती, अर्थमन्त्रालयको सहमति र बोलपत्र आह्वान आदि जस्ता प्रकृया पुरा गर्न लामो समय लागेकोले भवन निर्माण तर्फको बजेट खर्च हुनु नसकि फ्रिज भएको व्यहोरा जानकारी गराइएको थियो । यस कार्यालयको प्रादेशिक क्षेत्र भित्र एउटा मात्र जिल्ला सर्लाही रहेको सो जिल्लामा प्रारम्भिक सहकारी संस्थाको संख्या ८३६ रहेको र संघ तर्फ ४ वटा संचालनमा रहेको जानकारी गराउनु भयो । त्यसैगरी महिलाद्वारा संचालित सहकारी संस्थाको संख्या ७९ वटा रहेको बताउनु भयो । यस डिभिजन कार्यालय अन्तरगत ६ वटा संस्था खारेजी, ३० वटा नयाँ संस्था दर्ता गरिएको थियो । यस डिभिजन कार्यालय अन्तरगत रु. ५०,४५० गैरकर राजश्व असुली गरिएको थियो ।

३१. **डिभिजन सहकारी कार्यालय धनुषा** : डिभिजन सहकारी कार्यालय धनुषाका

निमित्त कार्यालय प्रमुख श्री परमेश्वर यादवले आफ्नो कार्यालयको तर्फबाट प्रगति प्रस्तुत गर्दै आ.व. ०७०/७१ मा कार्यक्रम तर्फ भारित तर्फ ८५.६७ प्रतिशत र वित्तीय तर्फ ८५.६५ प्रतिशत प्रगति हासिल भएको व्यहोरा जानकारी गराउनु भयो । यस कार्यालयको प्रादेशिक क्षेत्र भित्र धनुषा, महोत्तरी र सिन्धुली गरी तीन जिल्ला रहेको, ती जिल्लामा प्रारम्भिक सहकारी संस्थाको संख्या क्रमशः ८१०, ६७१ र ४७७ समेत जम्मा १९५८ रहेको र संघ तर्फ क्रमशः ५, ७ र ७ गरी जम्मा १९ वटा संचालनमा रहेको जानकारी गराउनु भयो । त्यसैगरी महिलाद्वारा संचालित सहकारी संस्थाको संख्या २८० वटा रहेको बताउनु भयो । यस डिभिजन कार्यालय अन्तरगत ९ वटा संस्था खारेजी, ३ वटा संस्थाको एकिकरण गरी १ वटा निर्माण गरिएको, १८८ वटा संस्था नयाँ दर्ता गरिएको थियो । यस डिभिजन कार्यालय अन्तरगत रु. १,९०,५०० गैरकर राजश्व असुली गरिएको थियो ।

३२. **डिभिजन सहकारी कार्यालय सिराहा :** डिभिजन सहकारी कार्यालय सिराहाका कार्यालय प्रमुख श्री रेखनाथ दाहालले आफ्नो कार्यालयको तर्फबाट प्रगति प्रस्तुत गर्दै आ.व. ०७०/७१ मा कार्यक्रम तर्फ भारित तर्फ १०० प्रतिशत र वित्तीय तर्फ ९७.८५ प्रतिशत प्रगति हासिल भएको व्यहोरा जानकारी गराउनु भयो । यस कार्यालयको प्रादेशिक क्षेत्र भित्र सिराहा र सप्तरी दुई जिल्ला रहेको, ती जिल्लामा प्रारम्भिक सहकारी संस्थाको संख्या क्रमशः ५३४ र ५७९ समेत जम्मा १११३ रहेको र संघ तर्फ क्रमशः ५ र ३ गरी जम्मा ८ वटा संचालनमा रहेको जानकारी गराउनु भयो । त्यसैगरी महिलाद्वारा संचालित सहकारी संस्थाको संख्या १०१ वटा रहेको बताउनु भयो । यस डिभिजन कार्यालय अन्तरगत १८ वटा संस्था दर्ता खारेजी, ९६ वटा संस्था नयाँ दर्ता र रु. ८७,८७५ गैरकर राजश्व असुली गरिएको थियो ।

३३. **डिभिजन सहकारी कार्यालय, उदयपुर :** डिभिजन सहकारी कार्यालय उदयपुरका कार्यालय प्रमुख श्री पुण्य प्रसाद पौडेल आफ्नो कार्यालयको तर्फबाट प्रगति प्रस्तुत गर्दै आ.व. ०७०/७१ मा कार्यक्रम तर्फ भारित तर्फ ९८.७७ प्रतिशत र वित्तीय तर्फ ९९.९९ प्रतिशत प्रगति हासिल भएको व्यहोरा जानकारी गराउनु भयो । यस कार्यालयको प्रादेशिक क्षेत्र भित्र उदयपुर, खोटाङ, ओखलढुंगा र सोलुखुम्बु जिल्लामा प्रारम्भिक सहकारी संस्थाको संख्या क्रमशः २७०, १५६, १३७ र ५७ गरी जम्मा ६२० रहेको र संघ तर्फ क्रमशः ३, १, १ र ३ समेत ८ वटा संचालनमा रहेको जानकारी गराउनु भयो । त्यसैगरी महिलाद्वारा संचालित सहकारी संस्थाको संख्या ९९ वटा रहेको बताउनु भयो । यस डिभिजन कार्यालय अन्तरगत २

वटा संस्था एकिकरण गरी १ वटा संस्थाको निर्माण गरिएको, ६५ वटा संस्था नयाँ दर्ता गरिएको र निष्कृय रुपमा रहेका ८ संस्थाको दर्ता खारेजी गरिएको थियो । यस डिभिजन कार्यालय अन्तरगत रु. ४१,५०० गैरकर राजश्व असुली गरिएको थियो ।

३४. **सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय, सुनसरी** : यस कार्यालय अन्तरगत प्रशिक्षण तर्फ यस कार्यालयको कार्यक्षेत्र सगरमाथा, कोशी र मेची अञ्चलका १६ वटा जिल्ला र नियमन तर्फ सुनसरी जिल्ला रहेको छ । आ.व. ०७०/७१ मा सहकारी प्रशिक्षण केन्द्र तर्फ भारित र वित्तीय प्रगति क्रमशः १०० प्रतिशत र १०० प्रतिशत रहेको, सहकारी सुदृढीकरण तर्फ भारित र वित्तीय प्रगति क्रमशः १०० प्रतिशत र १०० प्रतिशत हासिल भएको, महिला ६११ र पुरुष ५३२ गरी ११४३ जना प्रशिक्षार्थीहरुलाई विभिन्न प्रकृतिको तालिम प्रदान गरिएको, सुनसरी जिल्लामा ५८५ वटा सहकारी संस्था र विभिन्न ५ वटा सहकारी संघहरु संचालनमा रहेको, ४२ वटा नयाँ संस्था दर्ता, ४ वटा संस्थाको खारेजी र महिलाद्वारा संचालित संस्थाको संख्या १०० वटा रहेको ब्यहोरा जानकारी भयो । उक्त आ.व.मा कार्यालय भवन तथा परिसर सुधारको काम समेत सम्पन्न भएको व्यहोरा निमित्त प्रचार्य श्री गुरुभक्त श्रेष्ठले बताउनु भयो ।

३५. **डिभिजन सहकारी कार्यालय, धनकुटा** : डिभिजन सहकारी कार्यालय धनकुटाका कार्यालय प्रमुख श्री गोरख मिश्र आफ्नो कार्यालयको तर्फबाट प्रगति प्रस्तुत गर्दै आ.व. ०७०/७१ मा कार्यक्रम तर्फ भारित तर्फ ९६ प्रतिशत र वित्तीय तर्फ ९६.२० प्रतिशत प्रगति हासिल भएको व्यहोरा जानकारी गराउनु भयो । यस कार्यालयको प्रादेशिक क्षेत्र भित्र धनकुटा, भोजपुर, संखुवासभा र तेह्रथुम जिल्लामा प्रारम्भिक सहकारी संस्थाको संख्या क्रमशः २७५, १५७, ११५ र १५२ गरी जम्मा ६९९ रहेको र संघ तर्फ क्रमशः ४, ३, २ र ४ समेत १३ वटा संचालनमा रहेको जानकारी गराउनु भयो । त्यसैगरी महिलाद्वारा संचालित सहकारी संस्थाको संख्या ८९ वटा रहेको बताउनु भयो । यस डिभिजन कार्यालय अन्तरगत १४४ वटा संस्था नयाँ दर्ता गरिएको र निष्कृय रुपमा रहेका १०८ वटा संस्थाको दर्ता खारेजी गरिएको थियो । यस डिभिजन कार्यालय अन्तरगत रु. १,१३,६०० गैरकर राजश्व असुली गरिएको थियो ।

३६. **डिभिजन सहकारी कार्यालय मोरङ** : डिभिजन सहकारी कार्यालय मोरङका निमित्त कार्यालय प्रमुख श्री अम्बिका प्रसाद चौलागाईले आफ्नो कार्यालयको तर्फबाट प्रगति प्रस्तुत गर्दै आ.व. ०७०/७१ मा कार्यक्रम तर्फ भारित तर्फ ९८ प्रतिशत र वित्तीय तर्फ ९७ प्रतिशत प्रगति हासिल भएको व्यहोरा जानकारी गराउनु भयो । यस कार्यालयको प्रादेशिक क्षेत्र

भित्र एउटा मात्र जिल्ला मोरङ रहेको सो जिल्लामा प्रारम्भिक सहकारी संस्थाको संख्या १०५१ रहेको र संघ तर्फ ८ वटा संचालनमा रहेको जानकारी गराउनु भयो । त्यसैगरी महिलाद्वारा संचालित सहकारी संस्थाको संख्या १३३ वटा रहेको बताउनु भयो । यस डिभिजन कार्यालय अन्तरगत ३० वटा संस्था खारेजी, ८८ वटा नयाँ संस्था दर्ता गरिएको र २ वटा संस्था एकिकरण गरी एउटा संस्था निर्माण गरिएको थियो । यस डिभिजन कार्यालय अन्तरगत रु. १,२३,१०१ गैरकर राजश्व असुली गरिएको थियो ।

३७. **डिभिजन सहकारी कार्यालय झापा :** डिभिजन सहकारी कार्यालय झापाका कार्यालय प्रमुख श्री नेत्र प्रसाद घिमिरेले आफ्नो कार्यालयको तर्फबाट प्रगति प्रस्तुत गर्दै आ.व. ०७०/७१ मा कार्यक्रम तर्फ भारित तर्फ १०० प्रतिशत र वित्तीय तर्फ ९९.८ प्रतिशत प्रगति हासिल भएको व्यहोरा जानकारी गराउनु भयो । यस कार्यालयको प्रादेशिक क्षेत्र भित्र एउटा मात्र जिल्ला झापा रहेको सो जिल्लामा प्रारम्भिक सहकारी संस्थाको संख्या ७९० रहेको र संघ तर्फ ९ वटा संचालनमा रहेको जानकारी गराउनु भयो । त्यसैगरी महिलाद्वारा संचालित सहकारी संस्थाको संख्या ११८ वटा रहेको बताउनु भयो । यस डिभिजन कार्यालय अन्तरगत २ वटा संस्था खारेजी, २ वटा संस्थाको हरहिसाव फरफारेक गरी लिक्विडेशेन, ८२ वटा नयाँ संघ/संस्था दर्ता गरिएको र ४ वटा संस्था एकिकरण गरी २ संस्था निर्माण गरिएको थियो । यस डिभिजन कार्यालय अन्तरगत रु. ९८,८०० गैरकर राजश्व असुली गरिएको थियो ।

३८. **डिभिजन सहकारी कार्यालय इलामः** डिभिजन सहकारी कार्यालय इलामका कार्यालय प्रमुख श्री माधव प्रसाद पोखरेलले आफ्नो कार्यालयको तर्फबाट प्रगति प्रस्तुत गर्दै आ.व. ०७०/७१ मा कार्यक्रम तर्फ भारित तर्फ ९९.१० प्रतिशत र वित्तीय तर्फ १०० प्रतिशत प्रगति हासिल भएको व्यहोरा जानकारी गराउनु भयो । यस कार्यालयको प्रादेशिक क्षेत्र भित्र तीन वटा जिल्ला इलाम, पाँचथर र ताप्लेजुङ्ग जिल्ला रहेको ती जिल्लामा प्रारम्भिक सहकारी संस्थाको संख्या ५२२, २१३ र १३४ गरी जम्मा ८६९ रहेको र संघ तर्फ क्रमशः ५, ४ र २ गरी जम्मा ११ वटा संचालनमा रहेको जानकारी गराउनु भयो । त्यसैगरी महिलाद्वारा संचालित सहकारी संस्थाको संख्या ११९ वटा रहेको बताउनु भयो । यस डिभिजन कार्यालय अन्तरगत २१ वटा संस्था खारेजी, ५ वटा संस्थाको हरहिसाव फरफारेक गरी लिक्विडेशेन, ४७ वटा नयाँ संघ/संस्था दर्ता गरिएको र रु. १,२५,१०० गैरकर राजश्व असुली गरिएको थियो ।

माथि उल्लेखित विभिन्न कार्यालयहरुबाट कार्यक्रम कार्यान्वयनको क्रममा समग्रमा निम्नानुसारका समस्या, प्रतिक्रिया र सुझावहरु प्राप्त भएका थिए :

- तालीममा सहभागीहरुले प्राप्त गर्ने भत्ताको नर्म्स धेरै पुराना भएकोले समय सापेक्ष रुपमा पुनरावलोकन गर्नु पर्ने ।
- पुराना साझा र सहकारी संस्थाहरुको सम्पती, दायित्व धितो सम्वन्धमा मन्त्रालय र विभागले अवाश्यक निर्णय गर्नु पर्ने ।
- तालीम कार्यक्रमहरुलाई क्रमश: विकेन्द्रीकरण गर्दै लैजानु पर्ने ।
- सहभागीहरुबाट सम्वन्धित कार्यालयहरुमा जनशक्ति तथा भौतिक श्रोत साधनहरुको कमी भएकोले पुर्ति गर्न अनुरोध भै आएको थियो । कार्यालयमा सवारी साधन, फर्निचर, कम्प्युटर, मल्टीमेडिया, क्यामेरा आदि अप्रयाप्त भएकोले पुरा गरिदिन ध्यानाकर्षण गरिएको थियो ।
- कृषि विकास कार्यालयले दर्ता गरेको संस्थाको रेकर्ड अध्यावधिक गर्न र नियमित गर्न कठिनाई भएको समस्या ।
- सहकारी संस्थाको संख्यात्मक वृद्धिलाई नियन्त्रण गरी गुणात्मक वृद्धिमा जोड दिनु पर्ने र यसका लागि दर्ता प्रकृयालाई ब्यवस्थित गर्न र एकिकरणलाई प्रोत्साहित गर्न आवश्यक प्रकृया अगाडी वढाउनु पर्ने ।
- वैदेशिक तालीम, अध्ययन भ्रमणमा जिल्लाबाट पनि समानुपातिक ढंगले समावेश गर्दा उपयुक्त हुने ।
- सफल सहकारी संस्थाको अध्ययन अवलोकन भ्रमण कार्यक्रम समावेश गर्नु पर्ने ।
- गरिवी निवारण कोष र युवा स्वरोजगार कोषको कार्यक्रम सहकारी मार्फत कार्यान्वयन गर्न विभाग र मन्त्रालयले सक्रिय पहल र अध्ययन गर्नु पर्ने ।

**पाचौ सत्र (समापन सत्र) :**

वार्षिक प्रगति समीक्षा गोष्ठीको समापन समारोह मिति ०७१।४।३० गते दिउसो ६:०० वजे सहकारी विभागका रजिष्ट्रार श्री विष्णुहरि पौडेलज्यको अध्यक्षतामा सहकारी तथा गरिबी निवारण मन्त्रालयका उप-सचिव श्री बाबुराम भुसाल, राष्ट्रिय योजना आयोगको सचिवालयका कार्यक्रम निर्देशक श्री श्याम प्रसाद भण्डारी समेतका अतिथिहरुको उपस्थितिमा सम्पन्न भएको थियो । कार्यक्रम संचालन विभागका व.कृषि अर्थविज्ञ विष्णु प्रसाद घिमिरले गर्नु भएको थियो । समापन सत्रमा  श्रीमान रजिष्ट्रारज्यबाट उपस्थित सबै पदाधिकारी तथा कर्मचारीहरुलाई सकृय सहभागिताको लागी धन्य निष्कृय सहकारी संस्थाहरुको खारेजी, शहर केन्द्रित र ठुला बचतऋण सहकारीको सघन अनुगमन, काममा लापरवाहि गर्ने ठेकदारलाई जरिवाना, कार्यालय सरसफाई र अभिलेख व्यवस्थापनमा जोड, कर्मचारी तालिम, तालिम र अनुसन्धानलाई एकैसाथ अगाडी बढाउने, भवन निर्माणको रणनीति बनाउने, अभियानबाट पृष्ठपोषण लिएर काम गर्ने, संघहरुको क्षमता बिकास गर्ने र स्थानीय निकायबाट समेत साधन स्रोत परिचालन गरी काम गर्न कार्यालय प्रमुखहरुलाई निर्देशन दिनुभयो । कार्यक्रमका सभापति तथा मन्त्रालयका सहसचिव श्री रामकृष्ण सुवेदीज्युले सबै प्रतुतकर्ताहरुको प्रस्तुती सुनीसकेपछि बोर्डिङ्ग स्कुल र सहकारीलाई तुलना गर्दै कानुन उल्लङ्घन गर्ने जो कोहि लाई सजाय गर्नुपर्ने बताउनु भयो । त्यसैगरी सहसचिव सुवेदीले डिभिजन कार्यालयहरुको प्रस्तुती राम्रो भएकोमा सराहना गर्दै धन्यवाद दिनुभएको थियो भने व्यरुजु शुन्य बनाउन कार्ययोजना बनाई कायान्वयन गर्न निर्देशन दिनुभयो । कर्मचारी प्रशासनलाई व्यवस्थित गर्न अधिकृत स्तर भन्दा माथीका सबैको व्यक्तिगत विवरण राख्नु पर्ने बताउनु भयो । अन्तमा यस सत्रको सभापतिको तर्फबाट सबै सहभागीहरुलाई धन्यवाद दिदै समीक्षा गोष्ठीको समापन गर्नुभयो । प्रगति समीक्षाकै क्रममा विभागका रजिष्ट्रार श्री विष्णुहरि पौडेलज्यले मातहतका निकायहरुमा श्रोत साधनको समस्या रहेको आफुलाई जानकारी भएको र श्रोत साधन युक्त वनाउन विभाग क्रियाशिल भएको जानकारी गराउनु हुदै सिमित श्रोत साधनको महत्तम प्रयोग गरी नागरिकलाई सेवा प्रदान गर्न र सहकारी नियमन र प्रवर्द्धनमा खरो उत्रन सहभागीहरुलाई निर्देशन दिनु भयो । श्रोत साधनको प्राथमिकीकरण गर्दै अघि वढ्न, उदाहरणीय कामहरुको प्रचार प्रसार गर्न र Innovative कामहरुको अरु समकक्षीहरुसँग साझेदारी गरी सिक्न

सिकाउन समेत निर्देशन दिनु भयो । साथै यस प्रकारकार गोष्ठी नीतिगत रुपमा पृष्ठपोषण गर्न ज्यादै उपयोगी हुने कुरा औल्याउनु हुँदै गोष्ठीको सारहरु प्रगति प्रतिवेदनको रुपमा विभागबाट प्राप्त हुनेनैछ भन्ने विश्वास ब्यक्त गर्नु भयो ।

## ६.२ समीक्षा गोष्ठीका प्रस्तुत गरिएका कार्यपत्रहरु

### क) सहकारी विभाग र अर्न्तगतका कार्यालयबाट आ.व. ०७०।७१ मा संचालित कार्यक्रमहरुको वार्षिक प्रगति प्रतिवेदन

विष्णु प्रसाद घिमिरे
बरिष्ठ कृषि अर्थविज्ञ

**नेपालमा सहकारीको ऐतिहासिक पृष्ठभूमि**

- ❖ सयौ वर्ष देखि समुदायमा आपसी सहयोग आदान प्रदानको माध्यमको रुपमा परिचित सहकारी प्रणाली– ढिकुरी, पर्मा, गुठी, धर्मभकारी, किपट आदि ।
- ❖ सहकारी विभागको स्थापना वि.सं. २०१०
- ❖ नेपालमा २०१३ चैत्र २० मा स्थापित प्रथम सहकारी संस्था ( वखान सहकारी संस्था )
- ❖ सहकारी संस्था ऐन, २०१६ तथा सहकारी संस्था नियमावली, २०१८ जारी
- ❖ सहकारी प्रशिक्षण केन्द्रको स्थापना, २०१९
- ❖ साझा संस्था ऐन, २०४१ तथा साझा संस्था नियमावली, २०४३ जारी
- ❖ सहकारी ऐन, २०४८ तथा सहकारी नियमावली, २०४९ जारी
- ❖ सहकारी विभाग र अन्तरगतका कार्यालयहरुको पुनः संरचना
- ❖ राष्ट्रिय सहकारी नीति, २०६९ जारी
- ❖ सहकारी तथा गरिबी निवारण मन्त्रालयको स्थापना, २०६९ जेष्ठ ५

**नेपालमा सहकारीको योगदान**

- ❖ करीव ६७ प्रतिशत जनता कृषिमा आधारीत
- ❖ कूल ग्राहस्थ उत्पादनमा कृषिको योगदान करीव ३३ प्रतिशत
- ❖ राष्ट्यि अर्थतन्त्रमा सहकारीको योगदान ३ प्रतिशत पुगेको अनुमान छ ।
- ❖ संस्था संख्या ३०,२५२ संघ ३३०, सदस्य संख्या करिव ४४ लाख (४४% महिला सदस्य)।
- ❖ वित्तिय क्षेत्रमा सहकारी क्षेत्रको योगदान १८ प्रतिशत रहेको अनुमान छ ।
- ❖ सहकरी क्षेत्रवाट करीव रु ३५० अर्वको कारोवार संचालन हुदै आएकोछ ।

(शेयर पूजी करीव ३९ अर्व, बचत परिचालन करीव रु.१६३ अर्व, लगानी करीव रु १५८ अर्व)

- ❖ सहकारी क्षेत्रबाट ५३ हजार जनशक्तिलाई प्रत्यक्ष र करीब ७ लाख व्यक्तिलाई अप्रत्यक्ष रोजगारी ।
- ❖ लाखौ जनतालाई उद्योग, व्यापार, पेशा ,व्यवसाय मार्फत रोजगारी
- ❖ सामाजिक, सास्कृतिक र जनचेतनाको क्षेत्रमा अतुलनीय योगदान

**सहकारी क्षेत्रमा सरकारको उपस्थिति**

- सहकारी तथा गरिबी निवारण मन्त्रालयको स्थापना–२०६९
- सहकारी विभागको स्थापना– २०१० (विभागमा हाल ३५ जना मात्र कर्मचारीहरुको दरवन्दीं व्यवस्था रहेको)
- केन्द्रिय सहकारी तालीम केन्द्र १,
- क्षेत्रीय स्तरमा सहकारी प्रशिक्षण डिभिजन कार्यालय ५
- (सुनसरी, चितवन, कास्की, बाके र कैलाली)
- डिभिजन सहकारी कार्यालय ३३,
- (इलाम, झापा, धनकुटा, मोरंग, सिराहा, उदयपुर, धनुषा, सर्लाही, दोलखा, वारा, पर्सा, रौतहट, मकवानपुर, काभ्रे, नुवाकोट, धादिङ्ग, काठमाण्डौ, ललितपुर, भक्तपुर, नवलपरासी, तनहु, स्याङ्गजा, पाल्पा, रुपन्देही, वागलुङ, कपिलवस्तु, दांङ, सुर्खेत, वर्दिया, कन्चनपुर, डोटी, जुम्ला र बैतडी)
- राष्ट्रिय सहकारी विकास वोर्ड (माननीय मन्त्रीज्यूको अध्यक्षतामा)

**सहकारी विभाग**

- नेपाल सरकारको सहकारी क्षेत्रको नियमनकारी निकाय ।
- आ.व.२०६१ सालमा.सहकारी विभागको पुनसंरचना हुदा ६८ जिल्ला सहकारी कार्यालयवाट ३८ डिभिजन सहकारी कार्यालय कायम ।
- विभिन्न सहकारी संस्था तथा संघहरुको गठन र संचालन व्यवस्था ।
- नेपालमा सहकारी मूल्य, मान्यता, तथा सिद्धान्त अनुसार सहकारी संस्थाहरुको स्थापना र संचालन गराउने जिम्मेवारी ।
- सहकारी क्षेत्रको नीति निर्माण, संघ, संस्थाहरुको नियमन, प्रवर्द्धन, क्षमता विकास तथा सरकार र सहकारी क्षेत्र बीचको समन्वयकारी भूमिका निर्वाह गर्ने निकाय ।

विभाग र अन्तर्गत कर्मचारी दरवन्दी विवरण

| पद श्रेणी | स्वीकृत दरवन्दी | पदपर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|
| राजपत्रांकित | ८६ | ७४ | १३ | उप सचिव स्तर-४, शाखा अधिकृत स्तर-९ |
| राजपत्र अनंकित | ३६९ | २९९ | ७० | नायबसुब्बा-२२, लेखापाल-३, स.ले.पा.-६, स.स.नि-२४, क.अ.-१, स.क.अ.-१४ |
| श्रेणी विहिन | १३९ | १३९ | ० | |
| जम्मा | ५९४ | ५२५ | ८३ | |

## सहकारी कार्यालयको भौतिक अवस्था

- ❖ आफनै भवन भएका कार्यालय २७ (विभाग र के.स.प्र.के समेत),
- ❖ निर्माणाधिन कार्यालय २ (मोरङ र सर्लाही),
- ❖ भवन नभएका कार्यालयको संख्या ११ (सिरहा, काठमाडौ, ललितपुर, भक्तपुर, काभ्रे, नवलपरासी, स्याङ्जा, कपिलवस्तु, जुम्ला, बर्दिया, डोटी)
- ❖ सवारी साधन १५ (गाडी १० वटा चालु, ५ वटा काम नलाग्ने )
- ❖ मोटर साईकल (८० मध्ये ५९ चालु, २१ चल्न नसक्ने)
- ❖ सवै कार्यालयहरुमा कम्प्यूटर तथा फयाक्स सुविधा
- ❖ अनुगमन, निरीक्षण तथा नियमन निकायको लागी मोटर गाडि र अन्य भौतिक सुविधाको अभाव रहेकोछ ।

# सहकारी सम्वन्धी नीति, योजना र ऐन नियम

- राष्ट्रिय सहकारी नीति, २०६९ स्वीकृत भएको ।
- सहकारी ऐनमा रहेको नियमनकारी व्यवस्था अपर्याप्त रहेको छ ।
- सहकारीको गुरु योजना तर्जुमा नभएको अवस्था छ ।
- आवधिक योजना तथा अन्य नीतिहरुमा समेत सहकारीको सम्बन्धमा सामान्य व्यवस्था रहेको छ ।
- राष्ट्रिय कृषि नीति, २०६१ तथा कृषि व्यवसाय प्रवर्धन नीति, २०६४ मा सहकारी प्रवर्द्धन सम्बन्धी केही प्रावधान उल्लेख छ ।
- संघ संस्थाहरुको दर्ता सहकारीका सिद्धान्त, मूल्य र मान्यतामा आधारित भएर स्वीकृति दिने गरिएको छ ।

# सहकारी ऐन २०४८ को व्यवस्था

- देशमा कृषक, कालीगढ, कमपूजीवाल र निम्न आयवर्ग श्रमिक, भूमिहिन तथा वेरोजगार वा सामाजिक कार्यकर्ताले सर्वसाधारण उपभोक्ताको आर्थिक तथा सामाजिक विकासको लागी पारस्परिक सहयोग र सहकारीताको आधारमा विभिन्न किसिमका सहकारी संस्था तथा संघहरुको गठन र संचालन सम्वन्धी व्यवस्था गर्न वनेको ऐन ।
- ऐनमा संस्था वा संघको गठन, सदस्यता, संस्था संघको कार्यसंचालन विधि,रजिष्ट्रारको नियूक्ति र अधिकार प्रत्यायोजन,संस्था तथा संघहरुको आर्थिक श्रोत परिचालन, एकिकरण र विभाजन, सूचना अभिलेख तथा हिसाव जांच, संस्था वा संघलाई छुट र सुविधा, संस्था वा संघको विघटन र दर्ता खारेजी र दण्ड जरिवाना सम्वन्धी व्यवस्था रहेका छन ।
- सहकारी ऐन धेरै पुरानो भएकोले तत्काल सुधारको खाचो छ ।

# सहकारी विभाग, कार्यालयहरुवाट सम्पादन गर्ने कामहरु:

- ❖ सहकारी ऐन २०४८ तथा नियमावली २०४९ अनुसार सम्पादन गरिनु पर्ने कामहरु
- ❖ संघ/संस्थाहरुको दर्ता गर्ने।
- ❖ सहकारी संघ/संस्थाको विनिमय संसोधन गर्ने।
- ❖ सहकारी संघ संस्थाहरुको निरिक्षण गर्ने।
- ❖ सहकारी संघ/संस्थाहरुको हिसाव तथा विवरण दाखिला गराउने।
- ❖ सहकारी संघ/संस्थाहरुको लेखा परीक्षणका निमित्त लेखा परीक्षक तोक्ने।
- ❖ सहकारी संस्थाहरुको एकिकरण वा विभाजन गर्ने।
- ❖ संस्थाहरुको विघटन र दर्ता खारेज गर्ने।
- ❖ सहकारी संघ/संस्थाले पाउने छुट सुविधाको सिफारिस गर्ने।
- ❖ सहकारी संघ/संस्थाको लिक्विडेशन सम्वन्धी कार्य गर्ने।

## सहकारी संघसंस्थाहरुको संख्यात्मक विवरण :

| | |
|---|---|
| ❖ प्रारम्भिक सहकारी संस्थाहरु | ३०,२५२ |
| ❖ जिल्ला संघहरु | ६९ |
| ❖ विषयगत जिल्ला संघहरु | २४१ |
| ❖ विषयगत केन्द्रिय संघहरु | १८ |
| ❖ राष्ट्रिय सहकारी संघ | १ |
| ❖ राष्ट्रिय सहकारी बैंक | १ |
| ❖ जम्मा | ३०,५८२ |

# आ.व ०७०/७१ मा सम्पादित मुख्य मुख्य कार्यहरु

- नीति निर्माणमा सहभागिता (सहकारी नियमावली, २०४९ को संशोधन मस्यौदा, सहकारी संघसंस्थाको सघन अनुगमन सम्बन्धी कार्यविधि, २०७० को मस्यौदा, सहकारी ऐन २०४८ को संशोधन मस्यौदा आदी)
- राज्यभर आ.व. २०७०/७१ मा ७२६ संस्था दर्ता, सहकारी उद्यम प्रवर्द्धन अनुदान (उच्च मुल्यका कृषि वस्तु प्रशोधन ६, महिलाद्वारा खाद्य प्रशोधन ६, दलित पेशा प्रवर्द्धन ३, कृषि फार्म २८) ३८२ वटा निष्कृय संस्थाको दर्ता खारेजी तथा लिक्वीडेशन र संस्था एकिकरण।
- सहकारी प्रवर्द्धन र विकास सम्बन्धि गोष्ठी सम्पन्न (३ पटक), नमुना जिल्ला सहकारी प्रवर्द्धन कार्यक्रम संचालन (धनकुटा, दोलखा, पाल्पा, रोल्पा, कञ्चनपुर र बैतडी),
- डिभिजन सहकारी कार्यालय, धनुषा र राष्ट्रिय सहकारी संघको भवन निर्माण
- क्षेत्रीय स्तरमा ४ वटा सूचना व्यवस्थापन तथा वजेट/कार्यक्रम तर्जुमा गोष्ठी सम्पन्न
- नेपालभर संचालित संघ/संस्थाहरुको तथ्यांक कम्प्युटर प्रणालीबाट अद्यावधिक गरी नेपालको सहकारी संस्थाहरुको एकिकृत तथ्यांकीय विवरण तथा जिल्ला प्रोफायल प्रकाशन
- सहकारी सचेतना पुस्तिका, सहकारी सदस्य शिक्षा माला, सहकारी ऐन नियम तथा मापदण्ड सागालो प्रकाशन, सहकारी दपर्ण प्रकाशन, सहकारीको संक्षिप्त परिचय नामक अंग्रेजि पुस्तिका र सहकारी ब्रोसर प्रकाशन, ४१८ वटा ठूला सहकारी संस्थाको सघन अनुगमन, स्वीकृत वार्षिक कार्यक्रमको केन्द्र र जिल्ला स्तरीय कार्यहरु सम्पन्न।
- सहकारी जागरणको लागि बृत्तचित्र निर्माण (१), जिङ्गल निर्माण (२), श्रव्य/दृश्य रेडियो तथा टेलिभिजनमा प्रशारण (२१), सहकारी सूचना प्रकाशन (३६) पटक
- कार्यालय तथा परियोजना अनुगमन निरीक्षण ७५ पटक।
- अनुदान तर्फ सहकारी साझेदारीमा उद्योग स्थापना गर्न ४३ वटा सहकारी उद्यमलाई रु १ करोड ३३ लाख, राष्ट्रिय सहकारी संघ समेतको भवन निर्माणको लागि रु.१ करोड र शितभण्डार निर्माणको लागि रु. १ करोड अनुदान वितरण।
- सहकारी सुदृढीकरण कार्यक्रम तर्फ डिभिजन सहकारी कार्यालय मार्फत ८०८ पूर्व सहकारी शिक्षा तालिमबाट २०,२०० जनालाई एक दिने प्रशिक्षण प्रदान, २५८ सहकारी सचेतना तालिमबाट ६४५० जनालाई २ दिने तालिम प्रदान र १८४ सहकारी लेखा ब्यवस्थापन तालिमबाट ४६०० जनालाई ६ दिने तालिम प्रदान।
- के.स.प्र. केन्द्रवाट ७-३० दिन सम्मको ३६ वटा विभिन्न तालीम संचालन गरी ९०० जनालाई तालिम प्रदान।

## आ.व. २०७०/७१ को भारित तथा वित्तिय प्रगति सारांश

| क्र. सं. | कार्यक्रम | वार्षिक भारित प्रगति | वार्षिक वित्तीय प्रगति |
|---|---|---|---|
| १ | सहकारी विभाग | ९०.०० | ९६.२१ |
| २ | सहकारी क्षेत्र सुदृढीकरण आयोजना (३५२१३४-३□४) (एकमुष्ठ) | ९०.८७ | ९३.५४ |
| ३ | सहकारी प्रशिक्षण केन्द्र (३५२१३३-३□४) (एकमुष्ठ) | ९९.४९ | ९९.२८ |

**बजेट विनियोजन तथा उपयोगको स्थिति** (२०७०/७१)

**रकम रु हजारमा**

| **कार्यक्रम□बजेट उपशिर्षक** | **वजेट विनियोजन** | **वजेट निकासा** | **बजेट खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| सहकारी क्षेत्र सदृढिकरण आयोजना (३५२१३४ ३/४) | ११,०५,४० | १०,३४,०२ | १०,३४,०२ | ९३.५४ |
| सहकारी प्रशिक्षण केन्द्र (३१२१३३ ३/४) | ४,८९,५८ | ४,८६,०४ | ४,८६,०४ | ९९.२८ |
| साधारण विभाग ( ३१२०१७ ३/४) | १,२५,७० | १,२४,६४ | १,२४,६४ | ९९.१५ |
| साधारण, जिल्ला (३१२०१८ ३/४) | १५,२९,९१ | १४,३८,१२ | १४,३८,१२ | ९४.०० |

**सहकारी विभागबाट सम्पादित कार्यहरु :**

| क्र. सं | कार्यक्रम | लक्ष्य | प्रगति | प्रतिशत |
|---|---|---|---|---|
| क) | सहकारी कार्यालय तथा परियोजना अनुगमन | १५० | ७५ | ५० |
| ख) | सहकारी श्रव्यदृष्य निमार्ण (वृत्तचित्र तथा जिंगल) | २ | २ | १०० |
| ग) | सहकारी श्रब्य दृश्य सामाग्री प्रशारण (पटक) | २१ | २१ | १०० |
| घ) | सहकारी सूचना संप्रेशण (पटक) | ३६ | ३६ | १०० |
| ङ) | विभाग स्तरीय वार्षिक प्रगति समिक्षा (पटक) | १ | १ | १०० |
| च) | सहकारी विभागको वार्षिक प्रगति तथा अन्य पुस्तक,पुस्तिका प्रकाशन (गोटा) | १० | ८ | ८० |
| ज) | सहकारी शीतघर निर्माण अनुदान | २ | २ | १०० |
| झ) | अर्न्तराष्ट्रिय अवलोकन भ्रमण (पटक) | ३ | ३ | १०० |
| ञ) | ठुला सहकारी संस्थाहरुको सघन अनुगमन मूल्यात्तन | ५०० | ४१८ | ८४ |
| ट) | वजेट तर्जुमा तथा सूचना ब्यवस्थापन क्षेत्रीय गोष्ठी | ४ | ४ | १०० |
| ठ) | सहकारी प्रवर्द्धन गोष्ठी –उत्पादन, सेवा र वित्तीय) | ३ | ३ | १०० |
| ड) | कार्यविधि तर्जुमा तथा सहकारी नमूना विनियम निर्माण | ३ | ३ | १०० |
| ढ) | राष्ट्रिय सहकारी संघको भवन निर्माण अनुदान | १ | १ | १०० |
| ण) | कृषिजन्य सहकारी उद्योगहरुलाई अनुदान वितरण | ५० | ४३ | ८६ |
| त) | सहकारी विभागको परिसर सुधार | १ | १ | १०० |
| थ) | सहकारी विभाग र अर्न्तगत कार्यालयको लागि फर्निचर खरिद पटक | २ | २ | १०० |

## स.प्र तथा डि.का ५ र डि.स.का ३३ वाट सम्पादित कार्यहरु

| क्र.सं | कार्यक्रम | लक्ष्य | प्रगति | प्रतिशत |
|---|---|---|---|---|
| क) | सचना प्रविधिमा आधारित तथ्यांक व्यवस्थापन र प्रकाशन | ३८ | ३८ | १०० |
| ख) | कृषक समह सहकारीकरण तथा पर्व सहकारी शिक्षा | ८०८ | ८०८ | १०० |
| ग) | सहकारी संस्थाको दर्ता खारेज तथा लिक्विडेशन | ३०९ | ३८२ | १२४ |
| घ) | संघ संस्थहरुको अनुगमन निरीक्षण (जिल्लास्तर) | ७८७८ | ७७३८ | ९८ |
| ङ) | सहकारी सुशासन र समन्वयका लागि सहकारी कर्मीहरुको अर्न्तक्रिया | ३८ | ३८ | १०० |
| च) | सहकारी दिवस | ३८ | ३८ | १०० |
| ज) | सहकारी जागरण सामाग्री प्रकाशन र वितरण तथा एफ.एम. प्रशारण | ११४ | ११४ | १०० |
| झ) | सहकारी सचना प्रकाशन | १५२ | १४९ | ९८ |
| ञ) | सहकारी सचना संजाल विस्तार | ३८ | ३८ | १०० |
| ट) | लाइन एजेन्सीका पदाधिकारीसंग सहकारी विषयक अन्तरकिया | ३८ | ३८ | १०० |
| ठ) | सहकारी सचेतना तालीम | २५८ | २५८ | १०० |
| ढ) | सहभागितात्मक सहकारी लेखापालन तालीम | १८४ | १७७ | ९६ |
| ण) | भवन निर्माण - राष्ट्रिय सहकारी संघ लि. र डि.स.का. धनुषा | २ | २ | १०० |
| त) | फर्निचर खरिद -विभाग, के.स.प्र.के.-१ र डि.स.का.-३३ | ३५ | ३५ | १०० |
| थ) | सार्वजनिक सम्पतिको संभार ( विभाग, दोलखा, कास्की, कैलाली, मोरङ, उदयपुर, दाङ, बैतडी, रौतहट, नुवाकोट, पाल्पा, कञ्चनपुर, | १२ | १२ | १०० |

## केन्द्रीय सहकारी प्रशिक्षण केन्द्रद्धारा सम्पादित कार्यहरु :

| सम्पादित कार्यक्रमहरु | लक्ष्य | प्रगति |
|---|---|---|
| ❖ प्रशिक्षक प्रशिक्षण तालिम (अधिकृत स्तर कर्मचारीहरु) १५ दिने | १ (२५) | १(२५) |
| ❖ प्रशिक्षक प्रशिक्षण तालिम (सहायक स्तर कर्मचारीहरु) ( १५ दिने) | २(५०) | २(५०) |
| ❖ उद्यमशिलता तथा सहकारी व्यवसाय प्रर्वद्धन तालिम ( १० दिने) | २(५०) | २(५०) |
| ❖ व्यवस्थापन शिप विकास तालिम ( १५ दिने ) | २(५०) | २(५०) |
| ❖ रणनैतिक योजना तर्जुमा सम्वन्धी तालिम ( १० दिने ) | ३(७५) | ३(७५) |
| ❖ व्यवसायिक नेतृत्व विकास तालिम ( १० दिने ) | २(५०) | २(५०) |
| ❖ प्रशिक्षक प्रशिक्षण तालिम ( १५ दिने ) | १०(२५०) | १०(२५०) |
| ❖ सहकारी ब्यवस्थापन र लेखापालन तालिम ( ३० दिने ) | ३(७५) | ३(७५) |
| ❖ संस्थागत क्षमता विकास तालीम (जिल्लामा) ७ दिने | ७(१७५) | ७(१७५) |
| ❖ सहकारी लेखापालन तालीम (१० दिने) | ३(७५) | ३(७५) |
| ❖ सहकारी संघसंस्था अनुगमन तथा पर्ल्स अनुगमन तालीम (१० दिने) | १ (२५) | १ (२५) |
| जम्मा तालीम संख्या प्रशिक्षार्थि | **३६ (९००जना)** | **३६ (९०० जना)** |
| म्यानुअल, मुखपत्र र तालिम सामाग्री तयारी र प्रकाशन (पटक) | ६ | ६ |
| अनुगमन मल्याक्तन (पटक) | २७ | २७ |
| सहकारी प्रशिक्षण केन्द्रको ढल निर्माण सुधार | १ | १ |
| मेशिनरी खरिद (संख्या) | १० | १० |
| सवारी साधन खरिद (बस, कार) | २ | २ |

## सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालयहरु ( ५) वाट संचालित तालीमः

| संचालित कार्यकमहरु | लक्ष्य | प्रगति |
|---|---|---|
| ❖ आधारभत सहकारी व्यवस्थापन तालिम | २७(६७५) | २७(६७५) |
| ❖ आधारभत सहकारी लेखापालन तालिम | ३४(८५०) | ३४(८५०) |
| ❖ विषयगत सहकारी अभिबृद्धि तालिम | ५(१२५) | ५(१२५) |
| ❖ आधारभत सहभागितात्मक सहकारी लेखापालन तालिम | २६(६५०) | २६(६५०) |
| ❖ अभिलेख व्यवस्थापन तालिम | ५(१२५) | ५(१२५) |
| ❖ सहकारी सचेतना | २०(५००) | १९(४७५) |
| ❖ जम्मा | **११७ (२९२५)** | **११६ (२९००)** |
| ❖ छात्रवास निर्माण (बाके र सुनसरी) | २ | २ |

## सहकारी उद्योग प्रवर्द्धन :

रकम रु हजारमा

| क.सं | उद्योगको किसिम | संख्या | अनुदान |
|---|---|---|---|
| क) | चिया कारखाना स्थापना | १ | ५,०० |
| ख) | उखु प्रशोधन उद्यम (मिठा) | १ | ३,०० |
| ग) | महिला द्वारा खाद्य प्रशोधन उद्यम | ७ | १७,०० |
| घ) | दुग्ध प्रशोधन उद्यम | १ | ४,०० |
| ङ) | कृषि फार्म स्थापना अनुदान (गाई, बाख्रा, बंगुर र माछा) | २८ | ९०,०० |
| च) | दलित पेशा आधुनिकीकरण अनुदान | ३ | ८,०० |
| छ) | अदुवा प्रशोधन | १ | ३,०० |
| ज) | कफी प्रशोधन | १ | ३,०० |
| | जम्मा | ४३ | १,३३,०० |

**सहकारी पूर्वाधार निर्माण (सहकारी सुदृढिकरण कार्यक्रम)**

| क.सं | उद्योगको किसिम | संख्या | अनुदान रकम रु हजारमा | कैफियत |
|---|---|---|---|---|
| क) | शीतघर निर्माण अनुदान | २ | १,००,०० | चितवन र स्यांजा |
| ख) | राष्ट्रिय सहकारी संघको भवन निर्माण | १ | १,००,०० | |
| | जम्मा | ३ | २,००,०० | |

## सहकारी विभाग र अन्तर्गतको वेरुज रकमको स्थिति

| वेरुजू विवरण | वेरुजू रकम रु | फछ्र्यौट रकम रु | वांकी वेरुजू रु. | फछ्र्यौट प्रतिशत |
|---|---|---|---|---|
| आ.व. ०५९□६० सम्मको वेरुजू रकम (म.ले.प.को वार्षिक प्रतिवेदन २०६१) | ० | ० | ० | ० |
| आ.व. ०६०□६१ देखि ०६७□६८ सम्मको वेरुजू रकम (म.ले.प.को वार्षिक प्रतिवेदन २०६८) | १,१२,२८,००० | ९३,५८,००० | १८,७०,००० | ८३.३५ |
| आ.व. २०६८□०६९ मा कायम वेरुज (म.ले.प.को वार्षिक प्रतिवेदन २०६९) | ५७,१४,००० | ४,८१,८७,००० | २१,५०,००० | ६२.३७ |
| जम्मा | १,६९,४२,००० | १,२९,२२,००० | ४०,२०,००० | ७६.२७ |
| आ.व. २०६९□०७० मा थप वेरुज<br>**जम्मा बाकी बेरुजू** | ५,४८,००० | ० | ५,४८,०००<br>**४५,६८,०००** | - |

## उपलब्धि सम्बन्धि विवरण

| **क्र.स.** | **कार्यक्रम** | **उपलब्धि** |
|---|---|---|
| १. | समुह सहकारीकरण तथा पर्व सहकारी शिक्षा तालिम संचालन | ८०८ वटा समहहरु सहकारीकरण गरी २०२०० जनालाई एक दिने पर्व सहकारी तालिम मार्फत सहकारीको गठन सम्बन्धि ज्ञान उपलब्ध गराईएको । |
| २. | सहकारी संस्थाको सघन अनुगमन | ४१८ वटा संस्थाहरुको सघन अनुगमनबाट सहकारी सुशासनमा सुधार भएको । |
| ३. | सहकारी सदस्यहरुको क्षमता विकास | के.स.प्र.के.बाट ३६ र स.प्र.डि.काबाट ११६ समेत १५२ वटा तालिम सञ्चालनबाट ३,८०० जना व्यक्तिहरुलाई तालिम प्रदान |
| ४. | सहकारी उद्यम प्रर्वद्धन ( सरकार-सहकारी साझेदारी कार्यक्रम संचालन) | चिया, दुग्ध, मह, खाद्य प्रशोधन र गाई, बाखा, माछा तथा बंगुरपालन एवम् दलितको पेशा आधुनिकीकरण गर्न ४३ वटा उद्यम प्रर्वद्धनमा सहयोग पुगेको । |
| ५. | सहकारी कार्यालयको भौत्तिक पर्वाधार निर्माण | ४ वटा भवन निर्माण भएको । धनुषा, वाके, सुनसरी र राष्ट्रिय सहकारी संघको केन्द्रीय भवन) |

| | | |
|---|---|---|
| ६. | सहकारी सचेतना तथा लेखा संवन्धी क्षमता अभिवृद्धि तालीम | डि.स.का.स्तरबाट ४३५ वटा तालिम संचालन गरी १०,८७५ जना व्यक्तिलाई छोटो समयको तालिम प्रदान |
| ७. | सहकारी संघसंस्था दर्ता (संघ- २६, संस्था- ७२६) | ७५२ वटा नयाँ सहकारी संस्थाको गठन गरी सदस्यहरुबीच आर्थिक, सामाजिक सशक्तिकरणमा योगदान । |
| ८. | निष्कृय सहकारी संस्थाको दर्ता खारेजी | ३८२ वटा सहकारी संस्थाको दर्ता खारेज गरी सहकारी नियमन तथा सुशासन प्रभावकारी बनाउने काम भएको । |

## समस्याहरु:

**सरकारी नियमन र प्रशासन तर्फ :**

- **नीति, योजना र बजेट कार्यक्रम बीच असमानजस्यता ।**
- **फितलो सहकारी ऐन, नियम र निर्देशिकाको कारण दण्डहिनता ।**
- **सवै जिल्लामा कार्यालय नभएको (हाल ३८ जिल्लामा कायम)**
- **जनशक्ति दरबन्दी कमी (कामको तुलनामा ५९४ को दरबन्दी ज्यादै कम)**
- **पदपर्तिमा कमी -हाल पनि दरवन्दी अनुसार १३ अधिकृत र ७० जना सहायक कर्मचारी समेत ८३ जनाको पद पर्ति नभएको अवस्था छ ।**
- **जनशक्ति उत्प्रेरणको कमी, क्षमता अभाव, विकास कार्यक्रमको कमी ।**
- **जनशक्ति , भौतिक तथा वित्तिय साधनको कमी ।**

**सहकारी क्षेत्र विकास तर्फ**

- **सहकारी सिद्धान्त, ऐन, नियम र विनियम पालनामा उदासिनताका कारण सहकारी सुशासन कायम गर्नमा समस्या ।**
- **सहकारीका सदस्यहरुलाई सहकारीताको शिक्षा तथा ज्ञानको कमी ।**
- **सहकारी संस्थाहरुको प्रभावकारी नियमन गर्न काननको अभाव ।**
- **सहकारी संस्थाहरुको अनुगमन तथा निरीक्षणको लागी जनशक्ति, साधनश्रोत र पर्वाधारको अभाव ।**
- **सहकारी संघ संस्थाहरुमा उद्यमशिलता र व्यवसायिक क्षमताको कमी ।**
- **पुराना सहकारी संस्थाका सम्पत्ति तथा दायित्व फरफारकमा समस्या ।**
- **संस्था संचालकहरुमा इमान्दारीता तथा व्यावसायीकताको कमी ।**

## चुनौतीहरु:

- **सहकारी क्षेत्र मार्फत गरिबी निवारण ।**
- **नियमन, नियन्त्रण, अनुगमन र स्वःअनुशासन वीचको खाडल ।**
- **सहकारीताको विश्वसनियता र सदस्यहरुको हित संरक्षण ।**
- **सीमित भौतिक तथा मानवीय श्रोतवाट व्यापक क्षेत्रको जिम्मेवारी ।**
- **सहकारी क्षेत्रमा गैर सदस्यसंग कारोवार संचालन र अपारदर्शी कारोवार ।**
- **सीमित जनशक्ति र नवशक्तिशाली संस्थाहरुको व्यवस्थापन बीचको तादात्म्यता ।**
- **सरकारी, सहकारी, गैरसरकारी क्षेत्र वीचको समन्वय र सहकार्य ।**
- **सदस्यहरुको संख्या र सहकारी शिक्षा, चेतनाको स्तर तथा व्यवस्था ।**
- **शहरी क्षेत्रमा बचत तथा ऋण सहकारी संस्थाहरुको दर्ता र नियमनको चाप ।**

## चुनौती  समाधानका उपायहरु:

- समग्र र क्षेत्रगत सहकारी नीति तथा योजना र आवधिक कार्यक्रम तर्जमा ।
- मन्त्रालय तथा विभाग र अन्तर्गतको  संगठन पुनरावलोकन ।
- जनशक्ति व्यवस्था, उत्प्रेरणा, पर्याप्त भौतिक सुविधा र वित्तिय व्यवस्था ।
- सहकारी ऐन, नियम तथा निर्देशिकाहरुमा सामयिक संशोधन र नयां तर्जुमा
- संघ संस्था निरिक्षण तथा अनुगमनको  मापदण्ड र संस्थागत व्यवस्था ।
- सहकारी शिक्षा, चेतना र जागरण तथा तालिममा नयां सोच ।
- सहकारी उद्यम विकासको लागी एएऋए अवधारणा अवलम्बन ।
- सहकारी क्षेत्रको विकास र प्रवर्द्धनका लागि नीतिगत प्राथमिकता निर्धारण ।
- सहकारी उद्यमको प्रवर्द्धन र उत्पादन तथा रोजगारी अभिवृद्धि ।
- सहकारी अभियान र नेपाल सरकारबीचको सहकार्य, जिम्मेवारी र जवाफदेहिता ।
- सहकारी शिक्षा, तालीम र सचनाको पहुच विस्तार ।

# परिच्छेद ७
# लेख रचना

## ७.१) सहकारी संघ/संस्थाको नियमन तथा अनुगमनमा देखिएका समस्या र समाधानका उपाय

**विष्णुहरि पौडेल** *

सहकारी संघ/संस्थाहरु सामुहिक व्यवसाय वा उद्यम वा आर्थिक निकायहरु (Economic Entities) हुन् । सहकारी ब्यवसायमा मालिक, संचालक, वितरक र उपभोगकर्ता सबै यसमा संलग्न सदस्यहरु नै हुन । सदस्यहरुको हित नै सहकारी व्यवसायको ध्येय (Mission) पनि हो । सदस्यहरुको आवश्यकता र चाहना बमोजिम संघसंस्थाको निर्माण हुन्छ । सदस्यहरुको हितलाई ध्यानमा राखेर सहकारी उद्यम व्यवसायको छनौट गरिन्छ । सहकारी उद्यमबाट आर्थिक गतिविधि प्रभावकारी उवम् कार्यदक्ष बनाउनको लागि व्यवस्थापनका विभिन्न औजारहरु प्रयोग गरिन्छ । व्यवस्थापनका विभिन्न औजारहरु मध्ये नियमन, तालीम र अनुगमन प्रमुख औजारहरु हुन् । नियमन, तालीम र अनुगमन सहकारी विभाग लगायतका नियमित कार्यहरु हुन् । नियमन कार्य अन्तरगत संघ संस्था दर्ता, विघटन, लिक्वीडेशन, विभाजन, एकीकरण, दण्डजरिवाना, छुट सुविधा आदि काम समावेश हुन्छन भने तालीम अन्तरगत सहकारी संघसंस्थाका संचालक, कर्मचारी र सदस्यहरुको क्षमता विकासका कामहरु पर्दछन । अनुगमनबाट संस्थागत सूचना प्रणालीलाई अद्यावधिक गरी सरोकारवाला, निर्णयकर्ता र नियमनकारी निकायलाई आवश्यकता अनुसार सुचना उपलब्ध गराउने काम गरिन्छ ।

सहकारी संघसंस्थाहरु स्वायत्त र स्वतन्त्र हुन्छन् । सरकारले सहजकर्ता र उत्प्रेरकको काम गर्दछ । सदस्यहरु मध्येबाट प्रजातान्त्रिक तवरले संचालक समिति, लेखा समिति लगायतका अन्य उपसमितिका पदाधिकारीहरुको चयन गरी संघसंस्था संचालन र आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था गरिएकोले सहकारीलाई एउटा स्वनियमनकारी (Self regulatory) निकायको रुपमा व्याख्या गरिन्छ । सहकारी ऐन र सहकारी नियमावलीको परिपालना गर्नुको साथै प्रत्येक संघसंस्थाहरुले आ-आफ्नो

---

* रजिष्ट्रार, सहकारी विभाग ।

छुट्टाछुट्टै विनियम स्वीकृत गरी लागु गरेका हुन्छन् । आफ्नो व्यवसायिक कार्यप्रकृति अनुसार संस्थाको विनियमसंग नवाभिने गरी साधारण सभाबाट उपविनियम तथा नीतिहरु पारित गरी लागु गर्न सकिने हुँदा सदस्यहरुद्वारा नै संघसंस्थाको गतिवधि प्रभावकारी रुपमा अनुगमन हुन सक्दछ । सहकारी ऐन, २०४८ र सहकारी नियमावली, २०४९ अनुसार नियमनकारी निकायवाट निश्चित कार्य क्षेत्र भित्र बस्ने २५ जना नेपाली नागरिक सदस्यहरुको रुपमा संगठित भई संस्था गठन गर्न सक्ने अधिकार प्रत्याभूत गरेकोले सहकारीको दर्ता प्रकृया सहज र सरल भएको कारण संघसंस्थाको संख्या र कारोवार समेत बृद्धि हुन पुगेको देखिन्छ । एउटा गांउमा एउटा मात्र सहकारी भएमा पुग्ने अवस्थामा धेरै संख्यामा सहकारी संस्था गठन हुन पुगेका छन । कानूनले प्रत्याभूत गरेको अधिकारलाई नियमनकारी निकायले रोक्न र अस्वीकार गर्न सक्ने अवस्था छैन् । संस्था सदस्यहरुको सक्रियता र संघसंस्थामा गठित समिति तथा उपसमितिको कार्य प्रभावकारिताले आन्तरिक नियन्त्रणलाई मजवुत बनाउन सक्ने प्रचुर संभावनाहरु रहेको भएता पनि नेपालको सहकारी अभियानमा व्यक्तिगत रुपमा सदस्यहरुको निस्कृयता र सांगठानिक रुपमा समिति तथा उपसमितिहरुको लापरवाहीले गर्दा समग्र सहकारी क्षेत्र एउटा जोखिमको व्यवसाय वन्न पुगेको महशुस भएको छ । आम जनता तथा सदस्यहरुबाट संकलित बचतको सुरक्षा अहिलेको प्रमुख चुनौती बन्न पुगेको छ । केही सहकारी संस्थाका सञ्चालकहरुको लापरवाहीबाट हजारौको संख्यामा निक्षेपकर्ता/बचतकर्ताहरुले ठगिएको महशुस गरी सरकार समक्ष उजुरी दर्ता गराएको अवस्था छ ।

सहकारी विभागको संगठन संरचना सानो र कर्मचारीहरुको संख्या समेत थोरै छ । सवै जिल्लामा सहकारीका कार्यालयहरु स्थापना भई सेवा प्रवाह र पहुच विस्तार हुन सकेको छैन । सवै जिल्लामा सहकारी कार्यालय विस्तारको माग भएता पनि नीतिगत र कानूनी अवरोधका कारण नयां कार्यालय थप हुन सकेको छैन । यस परिप्रेक्ष्यमा सहकारी विभाग एउटा नियमनकारी निकाय भएको नाताले सार्वजनिक क्षेत्रमा उठेका सवालहरुको जवाफ दिनु पर्ने हुँदा केही प्रतिनिधि सहकारी संस्थाको सघन अनुगमन गरी कारोवारसंग सम्वन्धित तथ्यांङ्क र सुचनाहरु संकलन, विश्लेषण र व्याख्या गर्नु पर्ने अवस्था सृजना भएको छ । वर्तमान अवस्थामा रु.पांच करोड भन्दा वढीको कारोवार गर्ने संघसंस्थाहरुको सघन अनुगमन विभागवाट र रु. एक करोड देखि पांच करोड सम्मको कारोवार गर्ने संघसंस्थाहरुको सघन अनुगमन डिभिजन कार्यालयहरुवाट हुदै आएको छ ।

सहकारी लगायत अन्य व्यवसाय तथा परियोजनाको अनुगमन गर्दा साधारणतया निम्नानुसार तीन किसिमको अनुगमन गर्न सकिन्छ :

१. साधन स्रोतको अनुगमन (Inputs monitoring),
२. प्रतिफल अनुगन (Outputs monitoring),
३. प्रकयागत अनुगमन (Process monitoring)

साधनश्रोत परिचालन र प्रतिफल वितरणको अनुगमन अन्तरिक रुपमा सहकारी कार्यालयवाट र सरकारको तर्फबाट विशेष गरी प्रकयागत अनुगमन (Process monitoring) लाई प्राथमिकतामा राखी प्रचलित सिद्धान्त, मुल्य, ऐन कानुन, नीति र संस्थाको विनियम तथा स्वीकृत कार्यक्रम बमोजिम संघसंस्था सञ्चालन भए/नभएको जाँच गर्नुपर्ने देखिन्छ । उल्लेखित कुराहरुको अतिरिक्त विभिन्न समयमा जारी भएका परिपत्र, निर्देशन र मापदण्डमा उल्लेखित बुँदाहरुलाई सुचकांक (Indicators) को रुपमा उपयोग गरी संस्थाको गतिविधिको चेक जाँच गरी अनुगमन कार्यलाई अगाडी बढाउनु पर्दछ ।

**सहकारी नियमन र अनुगमनका क्रममा देखिएका मुख्य समस्यहरु :**

१. अधिकांश सहकारी संघसंस्थाले अन्तर्राष्ट्रिय सिद्धान्त र प्रचलित मूल्यमान्यता, प्रचलित ऐन, नियमावली र संघसंस्थाको आफ्नै विनियम विपरित कार्य क्षेत्र भन्दा वाहिर गई गैर सदस्यसंग बचत तथा ऋृण कारोवार गरेको देखिन्छ ।
२. सिमित व्यक्तिहरुले शेयरमा धेरै लगानी गर्ने तर बचत संकलन र ऋृण लगानी प्रयोजनका लागि रु.१०० वरावरको एक कित्ताको शेयर सदस्य (कारोवारी सदस्यको दर्जा) बनाई कारोवार गर्ने गरेको देखिन्छ ।
३. सहकारी संस्थाहरुमो एक जनाले मात्र साधारण सभाको निर्णय अनुसार प्रवन्ध संचालकको रुपमा तलब भत्ता सुविधा लिन पाउनेमा प्रायः सवै संचालनकहरु र लेखा समितिका सदस्यहरुले समेत मासिक तलव, भत्ता र अन्य सुविधाहरु लिने गरेको देखिन्छ ।
४. सहकारी संस्थाहरु बाह्य नियन्त्रण र अनुगमन भन्दा प्रजातान्त्रिक आन्तरिक नियन्त्रण पद्धतिबाट संचालन हुनु पर्नेमा अधिकांश संस्थाहरुका सदस्यहरुको निस्कृयताको कारण संचालकहरुले मनोमानी ढंगले संस्था संचालन गरेको देखिन्छ ।

५. संस्था संचालन र स्वनियमका लागि आवश्यक पर्ने विभिन्न नीति एवं विनियमावली तयार नगरेको, आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत बनाउन आवश्यक पर्ने समिति, उप-समितिहरु गठन नगरेको, आन्तरिक लेखा परीक्षणका लागि लेखा समिति सकृय नभएको देखिन्छ ।

६. मापदण्ड अनुसार सदस्यहरुको शेयर र बचतको अनुपान १:१० हुनुपर्नेमा सर्वसाधारणलाई आकर्षक विज्ञापन र उपहारको कार्यक्रम संचलान गरी सो भन्दा बढी बचत रकम संकलन गरेको ।

७. सामान्यतया ३ वर्षसम्मको अवधि सम्मको आवधिक बचत खाता संचालन गर्न सकिने प्रावधान विपरित ५ वर्षे वा सो भन्दा बढी समयको मुद्धती खाता खोल्न लगाई अत्याधिक बचत रकम संकलन गर्ने गरेको देखिन्छ ।

८. सदस्यहरुको बचतलाई छिटो छिटो आम्दानी गर्ने क्षेत्रमा ऋण लगानी गर्नुपर्नेमा संचालकहरुको निजी स्वार्थ भएको व्यवसाय वा कम्पनीमा असुरक्षित लगानी गर्ने गरेको देखिन्छ ।

९. घरजग्गा जस्ता अनुत्पादक क्षेत्रमा तत्कालिन फाइदाका लागि ठुलो रकम लगानी गरेको देखिन्छ । हाल घरजग्गामा आएको मन्दीले यस्ता सहकारी संस्थामा रहेको सर्वसाधारणको बचत जोखिममा रहेको देखिन्छ ।

१०. एक प्रारम्भिक सहकारी संस्थाले अर्को समानस्तरको सहकारी संस्थामा बचत जम्मा गर्नु नहुनेमा अधिकांश सहकारी संस्थाहरुले समानस्तरका सहकारी संस्थाहरुमा बचत जम्मा गर्नेगरेको पाईन्छ ।

११. अधिकांश सहकारी संस्थाहरुले विभिन्न बैंक तथा वित्तिय संस्थाहरुको शेयरमा लगानी गरेको र हाल शेयर बजार मन्दी रहेको अवस्थामा यस्तो लगानी जोखिममा रहेको देखिन्छ ।

१२. मापदण्ड अनुसार वा लेखाको सामान्य सिद्धान्त अनुसार व्याज खर्चलाई Accrual र व्याज आम्दानीलाई Cash Basis मा लेखांकन गर्नुपर्नेमा सो नगरी केही सहकारी संस्थाहरुले नगदमा प्राप्त नभएको व्याजलाई आम्दानी जनाई लाभांश वितरण गर्दै आएको देखिन्छ ।

१३. मापदण्ड अनुसार कर्जाको वर्गीकरण गरी ऋण जोखिम कोषमा रकम छुट्टाउनु पर्नेमा नछुट्टाई कृत्रिम आम्दानी देखाई अधिकांश सहकारी संस्थाहरुले लाभाशं वितरण गर्ने गरेको देखिन्छ ।

१४. प्रचलित मापदण्ड अनुसार संस्थाले वचत दिने र ऋणमा लिने व्याजदरको अन्तर औषतमा ६ प्रतिशत भन्दा वढी हुनु नहुनेमा

अधिकांश सहकारी संस्थाहरुले बचतमा कम व्याज दिने र ऋणमा बढी व्याज लिने लिई सदस्य सेवा भन्दा नाफा मुलक प्रबृत्ति रहेको देखिन्छ ।

१५. विनियममा ब्यवस्था भए अनुसार खूद बचत वा नाफावाट खडा गर्नु पर्ने कोषहरुमा छुट्टईएको रकम तत् तत् प्रयोजनमा खर्च लेख्नु पर्नेमा आफू खुसी खर्च लेखेको देखिन्छ । संरक्षित पूंजी फिर्ता कोषमा छुट्टईएको रकम कारोवारको अधारमा सदस्यहरुलाई प्रतिफलको रुपमा वितरण गर्नु पर्नेमा सो नभई सिमित सदस्य र संचालकहरुले संस्थाको नाफा शेयर लाभांशको रुपमा उपयोग गर्ने गरेको पाइयो ।

१६. ठुला सहकारी संस्थाहरुको सम्पत्ती तथा दायित्वको गुणात्मक र प्रभावकारी व्यवस्थापन नभएको हुँदा दीर्घकालमा तरलता जोखिम हुनसक्ने सम्भावना रहेको देखिन्छ ।

१७. खास खास व्यक्तिहरु मिलि विभिन्न नामका फरक फरक स्थानमा सहकारी संस्था खोल्ने गरेको र समानान्तर प्रारम्भिक सहकारी संस्थाहरुमा अन्तर सहकारी कारोवारको नाउमा अनियमित कारोवार गर्ने प्रवृत्ति भएकोले कुनै एक संस्थामा परेको समस्याले अन्य सहकारीमा पनि असर पर्ने देखिएको छ ।

**समाधानका उपायहरु**

- सहकारी ऐनमा परिमार्जन र संशोधन गरी  वित्तिय कारोवार गर्ने सहकारीहरुलाई वित्तिय अपराध सम्वन्धि बैकिङ्ग कसुर सरहको कारवाहीको प्रावधान समावेश हुनु पर्ने ।
- सहकारी दर्ता नियमनलाई व्यवस्थित गर्न विद्यमान मापदण्डलाई समयानुकुल सुधार गर्नुपर्ने ।
- अनुगमन सम्वन्धि छुट्टै नियमावली तयार हुनुपर्ने ।
- अनुगमनका लागि पर्याप्त बजेट र दक्ष प्राविधिक जनशक्तिको व्यवस्था हुनुपर्ने ।
- डिभिजन सहकारी कार्यालयहरुको विस्तार हुनु पर्ने ।

## ७.२) सहकारी उद्यम ब्यवसाय प्रवर्द्धनमा अनुदानको महत्व र औचित्यता

**विष्णु प्रसाद घिमिरे**
**ब.कृषि अर्थविज्ञ**

ब्यक्तिहरु वीचको सहकार्यवाट सहकारी प्रणालीको जन्म हुन्छ । ब्यक्तिहरु मिलेर आफुहरुसंग भएको साधन श्रोत संकलन र परिचालन गरी सामुहिक रुपमा ब्यवसाय गर्ने माध्यम हो सहकारी । एक तर्फ सहकारी आर्थिक सामाजिक प्रणाली हो भने अर्को तर्फ यो सामुहिक स्वामित्वमा संचालित उद्यम हो । यो उद्यम सदस्यहरुद्धारा संचालित र नियन्त्रित हुन्छ । वदलिदो विश्व परिवेश अनुसार जसरी आज मानिस एक सामाजिक प्राणि मात्र नरहेर आर्थिक प्राणि बन्न पुगेको छ त्यसै गरी सहकारी संघ संस्थाहरु पनि सामाजिक संस्था मात्र नरहेर आर्थिक संस्था समेत बन्न पुगेका छन । त्यसैले सहकारी संस्थालाई एउटा उद्यम/ब्यवसायको रुपमा परिभाषित गर्न थालिएको छ । हरेक उद्यम ब्यवसाय प्रतिफल प्राप्तिको लागि संचालन गरिएको हुन्छ । सहकारी ब्यवसाय भित्र सामाजिक उत्तरदायित्व सहितका आर्थिक क्रियाकलापहरु संचालन गरिएका हुन्छन । ब्यवसायमा बस्तु र सेवाको उत्पादनको साथै विनिमय मार्फत स्वमित्व हस्तान्तरण गरिएको हुन्छ । ब्यवसाय संचालनमा लगानीको आवश्यकता पर्दछ । लगानी गर्न बचतको आवश्यकता पर्दछ । लगानीकर्ताहरुले प्रतिफलका लागि व्यवसायिक कारोवार संचालन गरेका हुन्छन । उनीहरुले कारोवारमा योगदान गरेको आधारमा वित्तीय प्रतिफलको रुपमा मुनाफा र सामाजिक प्रतिफलको रुपमा सामाजिक शुरक्षा, शिक्षा, सुचना, अपनत्व र स्नेह प्राप्त गरेका हुन्छन ।

नेपाल सरकारले सहकार मार्फत ब्यवसाय प्रवर्द्धनको नीति लिएको छ । हरेक सहकारी संस्थालाई ब्यसायिक रुपमा अगाडि बढाउने र त्यस मार्फत आय अर्जन र रोजगारी बृद्धि गरी सदस्यहस्को जीवनस्तरमा सुधार ल्याउने सरकारी नीति रहेको छ । सहकारीताको विकासलाई दिगो वनाउन संस्थाहरुलाई ब्यवसायिक वनाउनु पर्दछ । सदस्यहरुबाट आफ्नो क्षमता अनुसार सहकारीको शेयर खरिदबाट पुँजी संकलन गरी उत्पादन र वजारिकरण कार्यमा लगानी गर्नु पर्दछ । सहकारी ब्यवसायमा धेरै ब्यक्तिहरुको सामुहिक लगानी भएको हुन्छ । शेयर लगानी गरी सदस्यता लिई सके पछि प्रत्येक सदस्य संस्थाको दैनिक कारोवारमा संलग्न हुनु पर्दछ । सहकारी संस्थाका सदस्यहरुले लगानी अनुसारको प्रतिफलको साथै आई पर्ने जोखिमहरुको सामना समेत आफैं गर्नु पर्दछ ।

सहकारी व्यवसायमा लगानीकर्ता, संचालक, उत्पादक, वितरक, आपुर्तिकर्ता, उपभोक्ता र मालिक पनि सदस्यहरु हुने हुँदा सहकारी व्यवसायमा नियन्त्रण र रेखलेखको जिम्मा पनि उनीहरुको नै हुन्छ । सहकारी एउटा सदस्य नियन्त्रित व्यवसाय हो । सहकारी व्यवसायले उत्पादन गर्ने वस्तु र सेवाले अन्य निजी क्षेत्रको उत्पादन र वजार सँग प्रतिस्पर्धा गर्नु पर्ने हुन्छ । समाजमा आवश्यक वस्तु र सेवाको निरन्तर आपुर्ति गर्ने सन्दर्भमा निजी क्षेत्रले अतिरिक्त मुनाफाको लागि कृतिम अभावको सृजना गरी मुल्य वृद्धि गरेको वा कालोवजारी गरेको पाईन्छ । कृतिम अभाव र कालोवजारीलाई हतोत्साहि गर्न र उपभोक्ताहरुलाई गुणात्मक वस्तु/सेवा उचित .मुल्यमा आपुर्ति गर्न सहकारी व्यवसायको अत्यन्त महत्वपुर्ण भुमिका रहेको हुन्छ । व्यवसायिक कारोवार संचालन गरी समाजमा रोजगारी सृजना गर्न सहकारी संस्थाहरुको योगदान महत्वपुर्ण हुन्छ । विश्वमा आज सहकारी व्यवसायहरुले बहुराष्ट्रिय कम्पनी भन्दा २० प्रतिशत वढी रोजगारी सृजना गरेका छन् । विश्वमा सहकारी व्यवसाय वृद्धिदर १४% रहेको अनुमान छ । सहकारी अर्न्तगत विभिन्न व्यवसायहरु संचालन भएका छन् । खासगरी वित्त व्यवसायमा जर्मनी र फ्रान्सका सहकारी संस्थाहरु अग्रस्थानमा रहेका छन् । विश्वमा कृषि व्यवसाय सँग सम्वन्धित उत्पादन मुलक सहकारीको संख्या अत्याधिक रहेको छ । जापान, कोरीया, भारतमा कृषि सहकारी व्यवसायको राम्रो विकास भएको छ । छिमेकि मुलुक भारतमा दुग्ध सहकारीको नमुनाको रुपमा अमुल तथा त्रिमुल रहेका छन् भने रासायनिक मल उत्पादनमा IFFOC ले महत्वपुर्ण स्थान लिएको छ । त्यसै गरी भारतको चिनी उत्पादनमा सहकारीको योगदान करिव ६०% रहेको अनुमान छ । उल्लेखित सहकारी व्यवसायबाट स्थानीय तहमा राम्रो आय आर्जन र रोजगारीको सृजना भएको छ ।

नेपालमा वित्तीय सहकारीको संख्या अत्याधिक रहेकोछ । जुनसुकै वर्गको सहकारी संस्था भएता पनि आफ्ना सदस्यहरु वीच बचत तथा ऋणको कारोवार संचालन भएका छन् । कृषि पेशा सँग सँवन्धित कृषि, तरकारी फलफुल, जुनार, कफि, चिया, मह, उखु, जडिवुटी, दुग्ध आदिमा पनि व्यवसायिक उत्पादन भन्दा बचत तथा ऋणको कारोवार तर्फ संस्थाहरु वढी उत्साहित रहेका छन् । त्यो प्रवृतिमा परिवर्तन गरी व्यवसायिक उत्पादन, प्रशोधन र वजारिकरण तर्फ सम्वन्धित क्षेत्रको ध्यान जानु जरुरी छ । नेपाल सरकारले एघारौं आवधिक योजना देखि व्यवसाय प्रवर्द्धनको लागि उत्पादन मुलक सहकारी संस्थाहरुले संचालन गर्ने व्यवसायहरुमा मेशिनरी औजार लगायतको पुँजीगत खर्चमा ५०% सम्म अनुदान दिने नीति लिएको छ ।

नेपाल सरकारको ऋण सहयोगमा मध्य पश्चिमाञ्चल क्षेत्रको कोहलपुर बाँकेमा ३००० मे.टन क्षमताको शीतघर निर्माण भई संचालनमा रहेको छ भने पश्चिमाञ्चलको स्यांजा र मध्यामाञ्चलको चितवनमा सरकार सहकारी सहकार्यमा शीतघर निर्माणका काम शुरु भएको अवस्था छ ।

नेपाल आज पनि एउटा कृषि प्रधान मुलुकको अवस्थामा गुज्रदै आएको छ । यस क्षेत्रले करिव ६७ प्रतिशत जनतालाई रोजगारी प्रदान गर्दै आएको छ । रोजगारीको लागि उत्पादनशिल युवा जनशक्ति विदेश पलायन भएको कारण ग्रामीण क्षेत्रमा कृषि व्यवसाय प्रति अरुचि देखिएता पनि शहरी क्षेत्र सँग जोडिएका असपासका क्षेत्रहरुमा कृषिको व्यवसायिक उत्पादन शुरु भएको अवस्था छ । नेपालमा ७५ प्रतिशत भन्दा वढी परिवार सँग १ हेक्टर भन्दा कम जमिन भएको कारण कृषि क्षेत्रमा यन्त्रिकरण र व्यवसायिकरणको कार्य कठिन देखिन्छ । यस परिप्रेक्ष्यमा सहकारी खेती तथा उत्पादन प्रणाली एउटा राम्रो विकल्प हुन सक्तछ । जमिन नहुनेहरुले पनि सहकारीमा संगठित भई सहकारी उत्पादन प्रणालीमा संलग्न हुन सक्ने वातावरणको निर्माण गरी निश्चित समयको लागि जग्गा लिजमा लिएर व्यवसायिक उत्पादन गर्न प्रोत्साहन प्रदान गर्नु पर्दछ ।

वर्तमान अवस्थामा सहकारीको माध्यमबाट ऋण प्राप्त गरी कृषक सदस्यहरुले केही मात्रामा व्यवसायिक उत्पादन शुरु गरेका छन् । तर ठुलो पैमानामा उत्पादन प्रशोधन गर्न सहकारी संस्थाहरुबाट नै पहल हुनु पर्ने देखिन्छ । उदाहरणको लागि सहकारीमा संगठित किसानहरुले सिन्धुली र रामेछाप जिल्लामा जुनार खेतीको राम्रो उत्पादन गरेका र सहकारी संस्थाको पहलमा ताजा जुनार विक्रि वितरण भएको छ । मुलुकको मागलाई दृष्टीगत गर्दा सहकारी संस्थाद्वारा जुनार प्रशोधन गरी जुस उत्पादन भएमा त्यसको वजारीकरण सहज हुनुको साथै लामो समय सम्म जुस सुरक्षित रुपमा भण्डारण गर्न सकिने र मुल्य अभिबृद्धि हुने हुँदा व्यवसायिक रुपमा उत्पादन र प्रशोधन तर्फ जानु पर्ने आवश्यकता देखिन्छ ।
तराई क्षेत्रमा उखु उत्पादक किसानहरु संगठित भई सहकारी संस्था निर्माण गरेका छन् । उनीहरुलाई व्यवसायिक उत्पादन तर्फ आकर्षित गर्न संस्थाहरुको पहलमा प्रशोधन उद्योगको स्थापना गर्नु आवश्यक छ । मह उत्पादक किसानहरुलाई सहकारीमा संगठित गरी मह संकलन र प्रशोधनको साथै प्याकिङ्ग, व्राण्डिङ र लेवलिङको काम एकै साथ अगाडी वढाई स्थानीय उत्पादनलाई अन्तर्राष्ट्रिय वजार सम्म पुऱ्याउनु पर्ने आवश्यकता छ । त्यसैगरी करिव १७०० को संख्यामा छरिएर रहेको दुग्ध उत्पादक सहकारी संस्थाहरुको प्रयाशमा स्थानीय स्तरमा दुग्ध प्रशोधन केन्द्र स्थापना र संचालन

गरी पशुपालन व्यवसायलाई सुरक्षाको साथै आकर्षण गर्नु पर्ने अवस्था छ । तरकारी तथा फलफुल खेतीको व्यवसायिकरण र वजारीकरणको लागि सहकारी संस्थाहरुले व्यवसायिक उत्पादन गर्नुको साथै वातानुकुलित/फ्रोजेन ट्रकको माध्यमबाट वजार सम्म ढुवानी गर्नुको साथै वजार क्षेत्रमा वाताकुकुलित/फ्रोजेन तरकारी तथा फलफुल वजारको स्थापना र संचालन गर्ने तर्फ महल गर्नु पर्दछ । त्यसैगरी सहकारीको माध्यमबाट जडिवुटी खेती तथा संकलन गर्नुको साथै जडिवुटी प्रशोधन कारखाना स्थापना गरी मुल्य अभिवृद्धि गर्नु पर्दछ ।

विगत केही वर्ष देखि उच्च मुल्यका कृषि उपजहरु जस्तै चिया, कफि, अलैची, अदुवा, लप्सी, सुपारी, जुनार आदिको प्रशोधन उद्योग स्थापना र संचालन गर्न चाहने सहकारीलाई पुँजीगत अनुदान दिने काम हुदै आएको छ । झापा जिल्लाको पृथ्वीनगरमा साना किसान सहकारी संस्था र नेपाल सरकारको लागतमा चिया कारखाना स्थापना भएको छ । त्यस क्षेत्रका कृषकहरुले उत्पादन गरेको हरियो पत्ती निजी ब्यापारिहरुलाई अत्यन्त न्युन मुल्य दिनु पर्ने अवस्थाको अन्त्य भएको छ । विगत ४ वर्ष यता नेपाल सरकारले सहकारी उद्योग ब्यवसाय प्रवर्द्धनको लागि निम्नानुसारका उद्यमहरुमा पुँजीगत अनुदान वितरण गरेको थियो ।

## सहकारी विभागवाट अनुदान प्राप्त उद्यम ब्यवसायको संख्यात्मक विवरण

| क्र.सं. | सहकारी उद्यमको किसिम | ०६५/६६ | ०६६।६७ | ०६७६८ | ०६८।६९ | ०६९।७० | ०७०/७१ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | अदुवा प्रशोधन | - | ३ | ६ | १ | - | १ | ११ |
| २ | चिया प्रशोधन | - | २ | ४ | ९ | १ | १ | १७ |
| ३ | मह प्रशोधन | ३ | ७ | ५ | ३ | १ | १ | २० |
| ४ | सुपारी प्रशोधन | - | - | - | ४ | - | – | ४ |
| ५ | जुनार प्रशोधन | १ | १ | - | १ | - | – | ३ |
| ६ | अलैचि प्रशोधन | - | - | - | १ | - | – | १ |
| ७ | दुग्ध प्रशोधन | ११ | १७ | १४ | - | ३ | १ | ४६ |
| ८ | लप्सी प्रशोधन | - | - | १ | - | - | – | १ |
| ९ | जडिवुटी प्रशोधन | १ | ४ | १ | - | - | – | ६ |
| १० | कफि प्रशोधन | २ | १ | १ | - | - | १ | ५ |
| ११ | उखु प्रशोधन | - | - | १ | - | - | १ | २ |
| १२ | गोलभेडा (सस्) | १ | - | १ | - | - | – | २ |
| १३ | बेमौसमी तरकारी | - | - | - | ३ | - | – | ३ |
| १४ | खाद्य प्रशोधन | १ | - | ६ | ११ | ३ | ६ | २७ |
| १५ | चिया कारखाना | - | - | - | १ | | | १ |
| १६ | कृषि फार्म | - | - | - | २९ | २९ | २८ | ८६ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | (गाई/वाखा/भेडा/वंगुर/माछा) | | | | | | | |
| १७ | दलित पेशा आधुनिकरण | - | - | - | ४ | ३ | ३ | १० |
| १८ | शीत भण्डार निर्माण | - | - | - | २ | चालु | चालु | २ |
| १९ | राष्ट्रिय सहकारी संघको केन्द्रीय भवन निर्माण | - | - | १ | टँ ल | चालु | सम्पन्न | १ |
| २० | सामुदायिक भवन निर्माण | - | - | १ | चालू | सम्पन्न | - | १ |
| | **जम्मा** | **२०** | **३५** | **४२** | **७०** | **४०** | **४३** | **२५०** |

## आ.व. २०६५।०६६ मा अनुदान प्राप्त सहकारी संस्थाहरुको नामावली :

| क्र.सं. | संस्थाको नाम ठेगाना | उद्योगको किसिम | मेशिनरी औजार | अनुदान |
|---|---|---|---|---|
| १. | गाँउसुधार दुग्ध स.स.लि.तिनदोवाटो, स्याङ्जा । | दुग्ध चिस्यान | २१०००००।- | ५०००००।- |
| २. | गुणस्तरीय कफि उत्पादक सहकारी संस्था लि., गिम्दी, ललितपुर । | कफि प्रशोधन | ३४५०००।- | ८६२५० |
| ३. | साना किसान कृषि सहकारी संस्था लि., सलाङ, धादिङ्ग । | टमाटो सस् प्रशोधन | ३००००००।- | ५०००००।- |
| ४. | कफि सहकरी संस्था लि., ललितपुर | कफि प्रशोधन | १३८०००० ।- | ३४५०००।- |
| ५. | स्वाबलम्बी बचत तथा ऋण सहकारी संस्था लि. हतपते, सिन्धुली । | दुग्ध चिस्यान | १३४१९०० ।- | ३३५४७५।- |
| ६. | कृषि जागरण सहकारी संस्था लि. बर्दिवास, महोत्तरी । | दुग्ध चिस्यान | २०५००००।- | ५०००००।- |
| ७. | ललितपुर जिल्ला दुग्ध उत्पादक सहकारी संस्था लि. चापागाँउ, ललितपुर । | दुग्ध चिस्यान | २०५००००।- | ५०००००।- |
| ८. | जुनार केन्द्रीय सहकारी संस्था लि., तिनकुने । | जुनार जुस उद्योग | १२७५००० ।- | ३२०००० |
| ९. | मौरीपालन केन्द्रीय सहकारी संस्था लि. भरतपुर, चितवन । | मह प्रशोधन | २६५९३०००।- | ५०००००।- |
| १०. | सिद्धनाथ दुग्ध सहकारी संस्था लि. श्रीपुर, बेलारी, कञ्चनपुर । | मह प्रशोधन | २००००००।- | ५०००००।- |
| ११. | पुर्नवास सहकारी संस्था लि. कञ्चनपुर । | दुग्ध चिस्यान | १९९८००० ।- | ४९९५००।- |
| १२. | साना किसान कृषि सहकारी संस्था लि. मनहरी, मकवानपुर । | दुग्ध चिस्यान | | २३४०००।- |
| १३. | साना किसान कृषि सहकारी संस्था लि. दुधराक्ष, रुपन्देही । | दुग्ध चिस्यान | ३०१४०००।- | २३४०००।- |
| १४. | कर्णाली मौरीपालन सहकारी संस्था लि. चन्दननाथ जुम्ला । | मह प्रशोधन | १४२४००० ।- | ३४६२५० |
| १५. | लालपुर दुग्ध उत्पादक सहकारी संस्था लि. वनकटवा, वाकें । | दुग्ध चिस्यान | ५०००००।- | १२५००० ।- |
| १६. | गैर काष्ठ वन श्रोत ब्यावस्थापन सहकारी संस्था लि. कोहलपुर, वाकें | जडिवुटी प्रशोधन | १११००० ।- | २८०००।- |
| १७. | वसन्तपुर दुग्ध उत्पादक सहकारी संस्था लि. तिलकपुर नवलपरासी । | दुग्ध चिस्यान | ४१७०००।- | १०५०००।- |
| १८. | भुमहि दुग्ध उत्पादक सहकारी संस्था लि. भुमही, नवलवरासी । | दुग्ध चिस्यान | १२००००० ।- | ३०००००।- |

| | | | | |
|---|---|---|---|---|
| १९. | साना कृषि सहकारी संस्था लि.माकर नवलपरासी । | राईस मिल | २८२४६००।- | ५०००००।- |
| २०. | अमृत दुग्ध विकास सहकारी संस्था लि. सुरुङ्गा, झापा | दुग्ध चिस्यान | १५७१५७० ।- | ३९००००।- |
| | जम्मा | | | ७२४३००० |

# आ.व. २०६६/०६७ मा सहकारी विभागबाट अनुदान प्राप्त गर्ने उद्यमहरुको विवरण तालीका

| सि.नं | संस्थाको नाम ठेगाना | उद्योगको किसिम | मेशिनरी औजारको लागत | अनुदान रकम रु. |
|---|---|---|---|---|
| १. | साना किसान स.स.लि. सुडा कञ्चनपुर | दुग्ध प्रशोधन | ६०००००।- | १२५०००।- |
| २. | शिव बचत ऋण सहकारी संस्था लि., बर्दिया | जडिबुटि प्रशोधन | ९०००००।- | ४४००००।- |
| ३. | साना किसान कृषि सहकारी संस्था लि., चैनपुर, धादिङ्ग | कफि प्रशोधन | २५०००००।- | ५०००००।- |
| ४. | साना किसान कृषि सहकारी संस्था लि., ज्याम्रुक, धादिङ्ग | अदुवा प्रशोधन | ३०००००।- | १५००००।- |
| ५. | साना किसान कृषि सहकारी संस्था लि., मैदि, धादिङ्ग (अदुवा) | अदुवा प्रशोधन | ३०००००।- | १५००००।- |
| ६. | पशुपति दुग्ध उत्पादक सहकारी संस्था लि.,निलकण्ठ, धादिङ्ग | दुग्ध प्रशोधन | ५०००००।- | १२५०००।- |
| ७. | प्रयत्नशील जडिबुटि सहकारी संस्था लि.,निलकण्ठ, धादिङ्ग | जडिवुटी प्रशोधन | ६०००००।- | ३०००००।- |
| ८. | सगरमाथा चिया विकास सहकरी संघ लि., चिलाउने ५, उदयपुर । | चिया प्रशोधन | १८००००० ।- | ४५००००।- |
| ९. | आरुघाट बचत तथा ऋण सहकारी संस्था लि. आरुघाट, गोरखा | जडिबुटि प्रशोधन | २५०००० ।- | १२५०००।- |
| १० | जिल्ला दुग्ध उत्पादक सहकारी संघ लि. गोरखा | दुग्ध प्रशोधन | १५०००००।- | ३७००००।- |
| ११ | नव जनकल्याण दुग्ध उत्पादक सहकारी संस्था लि. चितवन | दुग्ध प्रशोधन | १२०००००।- | ३०००००।- |
| १२ | जुनार कृषि सहकारी संस्था लि., रामेछाप | जुनार प्रशोधन | ६८०००० ।- | १७००००।- |
| १३ | समाज रुपान्तरण बचत ऋण सहकारी संस्था लि. | अदुवा प्रशोधन | ७०००००।- | ३५००००।- |

| | | | | |
|---|---|---|---|---|
| | ठुलोसिरुवारी, सिन्धुपाल्चोक | | | |
| १४ | जनजागृति दुग्ध सहकारी संस्था लि. श्यामा, दोलखा | दुग्ध प्रशोधन | २४००००।- | ६००००।- |
| १५ | वाणगंगा मौरीपालन तथा मह उत्पादक सहकारी संस्था लि. कपिलबस्तु | मह प्रशोधन | ५००००० ।- | २५००००।- |
| १६ | कृष्ण डेरी दुग्ध उत्पादक सहकारी संस्था लि. महोत्तरी, | दुग्ध प्रशोधन | ८०००००।- | २०००००।- |
| १७ | साना किसान सहकारी संस्था लि. सन्तपुर, रौतहट | दुग्ध प्रशोधन | ६०००००।- | १५००००।- |
| १८ | कर्नाली जडिबुटि उत्पादक सहकारी संस्था लि. कालिकोट | दुग्ध प्रशोधन | ८००००० ।- | ४०००००।- |
| १९ | रञ्जनी कृषि बहु. सहकारी संस्था लि. दर्बेसा मोरङ | दुग्ध प्रशोधन | ८०००००।- | २०००००।- |
| २० | सहकारी संस्था लि. झोराहट, मोरङ | दुग्ध प्रशोधन | ४००००० ।- | १०००००।- |
| २१ | राजघाट दुग्ध उत्पादक सहकारी संस्था लि. मोरङ | दुग्ध प्रशोधन | १२०००००।- | ३०००००।- |
| २२ | प्रगतिशिल मौरीपालन सहकारी संस्था लि. दर्बेसा, मोरङ | मह प्रशोधन | ४००००० ।- | २०००००।- |
| २३ | सतासी महिला मौरीपालन सहकारी संस्था लि. सतासीधाम, झापा | मह प्रशोधन | ४०००००।- | २०००००।- |
| २४ | माङमालुङ चिया उत्पादक सहकारी संस्था लि. इलाम | चिया प्रशोधन | २०००००० ।- | ५०००००।- |
| २५ | साना किसान कृषि स.स.लि., अग्यौली, नवलपरासी | दुग्ध प्रशोधन | १६०००००।- | ४०००००।- |
| २६ | गैडाकोट एकिकृत बहु.स.स.लि., नवलपरासी | दुग्ध प्रशोधन | १६०००००।- | ४०००००।- |
| २७ | सुर्यमुखि मौरीपालन स.स.लि., मकार नवलपरासी | मह प्रशोधन | ४०००००।- | २०००००।- |
| २८ | डाडापारी मोरीपालन स.स.लि., घर्तिछाप काभ्रे | मह प्रशोधन | २०००००।- | १०००००।- |
| २९ | सेतीदेवि दुग्ध उत्पादक स.स.लि., रवि २ काभ्रे | दुग्ध प्रशोधन | १००००००।- | २५००००- |

| | | | | |
|---|---|---|---|---|
| ३० | ईन्द्रावति बहु.स.स.लि., काभ्रे | दुग्ध प्रशोधन | ६०००००।- | १५००००।- |
| ३१ | हिमचुली कृषि स.स.लि., मान्मा ५ कालीकोट | दुग्ध प्रशोधन | ८०००००।- | २०००००।- |
| ३२ | मुलखर्क दुग्ध उत्पादक बहु.स.स.लि., कटहरे, धनकुटा | दुग्ध प्रशोधन | ६०००००।- | १५००००।- |
| ३३ | नागडाडा दुग्ध उत्पादक स.स.लि., ढिकुरपोखरी कास्की | दुग्ध प्रशोधन | ४०००००।- | १०००००।- |
| ३४ | वरनाथ आधुनिक मौरीपालन बहु.स.स.लि., दुर्गाभवानी वैतडी | मह प्रशोधन | ४०००००।- | २०००००।- |
| ३५ | लेकवेशि कृषि बहु.स.स.लि., वलेटक्सार गुल्मी | जडिवुटी प्रशोधन | २४००००।- | १२००००।- |
| ३६ | प्रगतिशिल मौरीपालन स.स.लि., मुसरीया कैलाली | मह प्रशोधन | ५०००००।- | २५००००।- |
| | **जम्मा** | | | **८६०००००।-** |

## आ.व. २०६७/०६८ मा सहकारी विभागबाट अनुदान प्राप्त गर्ने उद्यमहरुको विवरण :

| सि. नं | संस्थाको नाम ठेगाना | उद्योगको किसिम | मेशिनरी औजारको लागत | अनुदान रकम रु. |
|---|---|---|---|---|
| १ | जहरी खोला नमूना कृषि स.स.लि., खोलागाउ ४, रुकूम | अदूवा प्रशोधन | ३७५००० | १८७५०० |
| २ | कस्तूरी बहू.स.स.लि., खलंगा १, जाजरकोट | मह□अदूवा प्रशोधन | २७०००० | १३५००० |
| ३ | महिला मौरीलापन स.स.लि., नेत्रगंज ७, सर्लाही | मह प्रशोधन | ४००००० | २००००० |
| ४ | वावरी मौरीपालन स.स.लि., पांचथर | मह प्रशोधन | ४००००० | २००००० |
| ५ | काक्रेविहार मौरीपालन स.स.लि., सूर्खेत | मह प्रशोधन | ५००००० | २५०००० |
| ६ | नेपाल मौरीपालन केन्द्रीय सहकारी संघ लि., चितवन | मह प्रशोधन | १२००००० | ६००००० |
| ७ | सिर्जनशिल बह. स.स.लि., पर्वत | कफि प्रशोधन | २६५००० | १३३००० |
| ८ | ग्रामीण बहू कृषक स.स.लि., | अदूवा | २४०००० | १२०००० |

| | | | | |
|---|---|---|---|---|
| | सूकटिया ७, कालीकोट | प्रशोधन | | |
| ९ | जिल्ला सहकारी संघ लि., कालीकोट | मह प्रशोधन | ७१०००० | ३५५००० |
| १० | ऐरावति बहू. स.स.लि., ढूंगेगढी ३, प्यूठान | अदूवा प्रशोधन | २३५००० | ११७५०० |
| ११ | ईलामेलि चिया उत्पादक स.स.लि., फिक्कल,ईलाम | चिया प्रशोधन | १४३२५००० | ६००००० |
| १२ | अजम्वरे चिया उत्पादन स.स.लि., जितपूर, ईलाम | चिया प्रशोधन | १५०००००० | ६००००० |
| १३ | कन्याम चिया उत्पादक स.स.लि., कन्याम, ईलाम | चिया प्रशोधन | १५०००००० | ६००००० |
| १४ | लाफा कवूलियति बचत तथा ॠण स.स.लि., दारेचोक, चितवन | दूग्ध प्रशोधन | ६००००० | १५०००० |
| १५ | जिल्ला सहकारी संघ लि., कास्की | दूग्ध प्रशोधन | १८००००० | ४५०००० |
| १६ | जीवनधारा दूग्ध उत्पादक स.स.लि., चितवन | दूग्ध प्रशोधन | २३६००० | ६०००० |
| १७ | पिठूवा दूग्ध उत्पादक स.स.लि., चितवन | दूग्ध प्रशोधन | २३६००० | ६०००० |
| १८ | भद्रकाली दूग्ध उत्पादक स.स.लि., पिठवा, चितवन | दूग्ध प्रशोधन | ८३६००० | २१०००० |
| १९ | राधाकृष्ण बहूमूखि स.स.लि., ईनरुवा, सूनसरी | धान चामल | ८९७५०० | २२४००० |
| २० | तनहूं दूग्ध उत्पादक स.स.लि., तनहूं | दूग्ध प्रशोधन | १७१६००० | ४३०००० |
| २१ | शसि दूग्ध उत्पादक स.स.लि., धनूषा | दूग्ध प्रशोधन | ८७०००० | २२०००० |
| २२ | कृषि सहकारी संघ लि., नवलपरासी | तोरी तेल प्रशोधन | २४३०००० | ६००००० |
| २३ | साना किसान स.स.लि, मैनापोखर, वर्दिया | धान चामल प्रशोधन | २६३०५०० | ६००००० |
| २४ | दर्शन दूग्ध उत्पादक स.स.लि., घ्यालचोक | दूग्ध प्रशोधन | १४५५००० | ३६४००० |
| २५ | जनजागृति स.स.लि., रत्ननगर, | तोरी तेल | ८४०००० | २१०००० |

| | | | | |
|---|---|---|---|---|
| | चितवन | प्रशोधन | | |
| २६ | केन्द्रीय उखू उत्पादक स.संघ लि., वर्दिवास महोत्तरी | उखू प्रशोधन | २४००००० | ६००००० |
| २७ | सामूहिक कृषि उत्पादक स.स.लि., घ्याल्चोक, गोर्खा | सस् उद्योग प्रशोधन | ६००००० | १५०००० |
| २८ | भन्ज्यां' बहू. स.स.लि., नासिकास्थान,सागा, काभ्रे | लप्सी प्रशोधन | ९००००० | २२५००० |
| २९ | घ्याल्चोक दूग्ध उत्पादक स.स.लि., गोर्खा | दूग्ध प्रशोधन | ११२५००० | २८०००० |
| ३० | धूलिखेल उपभोक्ता स.स.लि., धूलिखेल, काभ्रे | अदूवा□के चव प्रशोधन | २२८००० | ११५००० |
| ३१ | कन्याम दूग्ध उत्पादक स.स.लि., ईलाम | दूग्ध प्रशोधन | १५२०००० | ३७०००० |
| ३२ | कल्याण बचत तथा ऋृण स.स.लि., वनिगामा, मोरंग | जडिवूटि प्रशोधन | ९१४००० | २२५००० |
| ३३ | राजघाट दूग्ध उत्पादक स.स.लि., मोर' | दूग्ध प्रशोधन | १२००००० | ३००००० |
| ३४ | विहानी दूग्ध उत्पादक स.स.लि., मोरंग | दूग्ध प्रशोधन | १०००००० | २५०००० |
| ३५ | कृषि सहकारी संघ लि., मोरंग | धान चामल | १७७०००० | ४४०००० |
| ३६ | साना किसान स.स.लि., सूडा कन्चनपूर | दूग्ध प्रशोधन | ६००००० | १५०००० |
| ३७ | मिलीजूल महिला बहू.स.स.लि., शिवमन्दिर ३, नवलपरासी | अदूवा प्रशोधन | ३७०००० | १८५००० |
| ३८ | माहाभारत दूग्ध उत्पादक स.स.लि., सिन्धूली | दूग्ध प्रशोधन | १२००००० | ३००००० |
| ३९ | नारी संकल्प बचत तथा ऋृण स.स.लि., उर्लावारी, मोर' | खाद्य प्रशोधन (मसला, तेल, पिठो, अचार) | ५३६००० | १३४००० |
| ४० | राम्चे अर्गानिक चिया | चिया | १२००००० | ६००००० |

| | | | | |
|---|---|---|---|---|
| | उत्पादक स.स.लि., धनकूटा | प्रशोधन | | |
| | जम्मा | | ७९०३०००० | १२०००००० |

## आ.व. २०६८।६९ मा अनुदान प्राप्त सहकारी संस्थाहरुको नामावली :

| क्र. सं. | संस्थाको नाम | उद्योगको किसिम | अनुदान रकम रु |
|---|---|---|---|
| १. | साना किसान सहकारी संस्था लि., पृथ्वीनगर, झापा | चिया प्रशोधन | २६०००००० |
| २. | तालेजुङ्ग चिया उत्पादन तथा प्रशोधन सहकारी संस्था लि., फिदिम, ९, पाँचथर | चिया प्रशोधन | १०००००० |
| ३. | महिला चेतना बहुउद्देश्यीय सहकारी संस्था लि., अर्जुनधारा, झापा | खाद्य प्रशोधन | १२५००० |
| ४. | चिया उत्पादक जिल्ला सहकारी संघ लि., ई.न.पा.२, ईलाम | चिया प्रशोधन | १०००००० |
| ५. | सातथुम्के चिया कृषक सहकारी संस्था लि., एकतिन,२, पाँचथर | चिया प्रशोधन | १०००००० |
| ६. | हरियाली जैवीक चिया उत्पादक सहकारी संस्था लि., माईपोखरी, १, ईलाम | चिया प्रशोधन | १०००००० |
| ७. | सिद्धिथुम्का चिया उत्पादक सहकारी संस्था लि., सिद्धिथुम्का, ईलाम | चिया प्रशोधन | १०००००० |
| ८. | तिनजुरे चिया कृषक सहकारी संस्था लि., फाकफोक, ईलाम | चिया प्रशोधन | १०००००० |
| ९. | केन्द्रीय चिया सहकारी संघ लि., ई.न.पा.,२, ईलाम | चिया प्रशोधन | १०००००० |
| १०. | मेची सहकारी संस्था लि., दमक, ११, झापा | गाई फार्म | ६००००० |
| ११. | साना किसान कृषि सहकारी संस्था लि., माहारानिझोडा, झापा | गाई फार्म | ६००००० |
| १२. | हंसे दुम्से दुग्ध उत्पादक सहकारी संस्था लि., दमक, ५, झापा | गाई फार्म | ४००००० |
| १३. | दोमुखा बहुउद्देश्यीय सहकारी संस्था लि., सुरुङ्गा, झापा | गाई फार्म | ४००००० |
| १४. | गौमुखि सुपारी सहकारी संस्था लि., शनिश्चरे, झापा | सुपारी प्रशोधन | १२५००० |
| १५. | सामना सुपारी सहकारी संस्था लि., वुधवारे, झापा | सुपारी प्रशोधन | २००००० |
| १६. | वाणगँगा सुपारी सहकारी संस्था लि., अर्जुनधारा, झापा | सुपारी प्रशोधन | १२५००० |
| १७. | श्रीकृष्ण सुपारी सहकारी संस्था लि.,वुधवारे,झापा | सुपारी | २५०००० |

| | | | |
|---|---|---|---|
| | | प्रशोधन | |
| १८. | साना किसान महिला कृषि स.स.लि., झापा | खाद्य प्रशोधन | २५०००० |
| १९. | सतासी महिला कृषि स.स.लि., झापा | खाद्य प्रशोधन | १५०००० |
| २०. | नौमति बचत तथा ऋण सहकारी संस्था लि., ईन्द्रपुर, ९, मोरङ | नौमति वाजा खरिद | २८०००० |
| २१. | चतरा सामुदायिक बहुउद्देश्यीय सहकारी संस्था लि., वराहक्षेत्र, ३, सुनसरी | गाई फार्म | ६००००० |
| २२. | कोशी बहुमुखी दुग्ध उत्पादक सहकारी संस्था लि., दर्वेसा, मोरङ | प्रजनन केन्द्र | १००००० |
| २३. | महिला विकास बहु.स.स.लि., धनकुटा | खाद्य प्रशोधन | ८५००० |
| २४ | पञ्चकन्या साना किसान स.स.लि., धनकुटा | चिया प्रशोधन | १०००००० |
| २५. | भोलेशंकर कृषि सहकारी संस्था लि., खडकपुर, ३, सप्तरी | तरकारी खेती | २००००० |
| २६. | शिव महिला कृषि सहकारी संस्था लि., हकपाडा-८, सिरहा | खाद्य प्रशोधन | १५०००० |
| २७. | संरक्षण कृषि सहकारी संस्था लि., वस्तीपुर, सिरहा | तरकारी खेती | २००००० |
| २८ | मिथिला गाई पालन कृषि सहकारी संस्था लि., हरिवन, सर्लाही | गाई फार्म | ६००००० |
| २९. | आम्रपाली बहुमुखी सहकारी संस्था लि., खोरिया,५, सर्लाही | तरकारी खेती | २००००० |
| ३०. | नव वाम्ती भण्डार बहुउद्देश्यीय सहकारी संस्था लि., वाम्ती भण्डार, रामेछाप | अलैची प्रशोधन | ६००००० |
| ३१. | आधुनिक कृषि तथा पशु विकास सहकारी संस्था लि., सुरी-५, दोलखा | गाई फार्म | २००००० |
| ३२. | जुनार केन्द्रीय सहकारी संघ लि., सिन्धुली | जुनार प्रशोधन | १०००००० |
| ३३. | दलित उत्थान कृषि सहकारी संस्था लि., सिन्धुली | दलित उत्थान कार्यक्रम | ३५०००० |
| ३४ | के टेम्के महिला उपभोक्ता सहकारी संस्था लि., ललितपुर, १४, ललितपुर | मसला प्रशोधन | २००००० |
| ३५. | सिद्धिगणेश महिला कृषि सहकारी संस्था लि., झोरमहांकाल, काठमाण्डौं | मसला प्रशोधन | ५०००० |
| ३६. | चिया उत्पादक सहकारी संघ लि., खुमलटार, ललितपुर | चिया प्रशोधन | ६००००० |
| ३७. | रसुवा बहुउद्देश्यीय सहकारी संस्था लि., धुन्चे, ५, रसुवा | वाखा फार्म | ४००००० |

| | | | |
|---|---|---|---|
| ३८. | गोसाईकुण्ड बहुउद्देश्यीय सहकारी संस्था लि., कविलास, नुवाकोट | गाई फार्म | ४००००० |
| ३९. | महिला साना किसान कृषि सहकारी संस्था लि., केवलपुर, धादिङ | तालीम हल निर्माण | ५००००० |
| ४० | प्राकृतिक प्रेमी मौरी सहकारी संस्था लि., गोंगवु, काठमाण्डौं | मह प्रशोधन | ३००००० |
| ४१. | दुप्चेश्वर बहुउद्देश्यीय सहकारी संस्था लि., खाँडीगाँउ, नुवाकोट | वाखा फार्म | २००००० |
| ४२ | फुल्पीङ्गडाँडा बहु.सहकारी संस्था लि., फुल्पीङ्गडाडा, ७, सिन्धुपाल्चोक | गाई फार्म | ४००००० |
| ४३. | कुविण्डे दुग्ध उत्पादक सहकारी संस्था लि., कुविण्डे, सिन्धुपाल्चोक | गाई फार्म | ४००००० |
| ४४ | नेपाल अपांग समाज बहु.स.स.लि., काठमाण्डौं | आय मुलक कार्य | १००००० |
| ४५ | त्रिशक्ति बहु.स.स.लि., ललितपुर | गाई फार्म | ४००००० |
| ४६ | साना किसान कृषि स.स.लि., सलाङ, धादिङ्ग | गाई फार्म | १५०००० |
| ४७ | चनौली शितभण्डार स.स.लि., चितवन | शितघर निर्माण | २५००००० |
| ४८ | आफ्नै कृषि सहकारी संस्था लि., हे.न.पा.-१, मकवानपुर | वाखा फार्म | २००००० |
| ४९ | कामधेनु दुग्ध उत्पादक सहकारी संस्था लि., ज्यामिरे, चितवन | गाई फार्म | ६००००० |
| ५० | सागर दुग्ध उत्पादक सहकारी संस्था लि., पटिहानी, ६, चितवन | गाई फार्म | ४००००० |
| ५१. | नव मिलिजुली दुग्ध उत्पादक सहकारी संस्था लि., जुटपानी, चितवन | गाई फार्म | ४००००० |
| ५२. | चेतनशिल दुग्ध उत्पादक सहकारी संस्था लि ., चिसापानी, मकवानपुर | गाई फार्म | ६००००० |
| ५३. | अन्नुपुर्ण दुग्ध उत्पादक सहकारी संस्था लि., गितानगर, चितवन | गाई फार्म | ६००००० |
| ५४ | जय अम्वे महिला बचत तथा ऋण स.स.लि., पर्सा | खाद्य प्रशोधन | १३०००० |
| ५५. | आत्मनिर्भर सामाजिक उद्यम महिला स.स.लि., चितवन | खाद्य प्रशोधन | ५०००० |
| ५६. | स्यांजा शितभण्डार स.स.लि., स्यांजा | शितघर निर्माण | २५००००० |
| ५७. | कृषि विकास सहकारी संस्था लि., ब्यास न.पा., ११, तनहुँ | वाखा फार्म | २००००० |

| | | | |
|---|---|---|---|
| ५८ | नमुना कृषि उत्पादक सहकारी संस्था लि., छोप्राक, ९, गोरखा | गाई फार्म | ६००००० |
| ५९ | चन्द्रज्योती दुग्ध उत्पादन सहकारी संस्था लि., विरेनचोक, गोरखा | गाई फार्म | ६००००० |
| ६०. | वेलवास दुग्ध उत्पादक सहकारी संस्था लि., वेलवास, १, तनहुँ | गाई फार्म | ४००००० |
| ६१. | पर्वतिय कृषि सहकारी संस्था लि., भिमकालीपाटन, कास्की | गाई फार्म | ६००००० |
| ६२. | जनसेवा स्वाबलम्वन बहुउद्देश्यीय सहकारी संस्था लि., दुधराक्ष, १, रुपन्देही | गाई फार्म | ४००००० |
| ६३. | हरिनायारण दुग्ध ब्यवसायिक सहकारी संस्था लि., आरुङ्गखोला, नवलपरासी | गाई फार्म | ५००००० |
| ६४ | लेकवेशी कृषि बहुउद्देश्यीय सहकारी संस्था लि., वलेटक्सार, गुल्मी | अदुवा प्रशोधन | ४००००० |
| ६५. | साना किसान कृषि सहकारी संस्था लि., दाउन्नेवेसी, नवलपरासी | गाई फार्म | ६००००० |
| ६६. | गोदावरी महिला बचत तथा ऋण स.स.लि., रुपन्देही | खाद्य प्रशोधन | २००००० |
| ६७. | कुर्घा चिसापानी बहु.स.स.लि., पर्वत | मह प्रशोधन | १००००० |
| ६८ | देउती वज्यै कृषि सहकारी संस्था लि., वानियाभार, ७, वर्दिया | दलित उत्थान कार्यक्रम | २५०००० |
| ६९. | सुर्यतारा मौरी पालन सहकारी संस्था लि., मगरागाडी, वर्दिया | मह प्रशोधन | २५०००० |
| ७० | कञ्चनपुर दलित उद्यमी सहकारी संस्था लि., महेन्द्रनगर, कञ्चनपुर | दलित उत्थान कार्यक्रम | ५६०००० |
| ७१. | जम्मा | | ५९५३०००० |

# आ.व. ०६९/७० मा अनुदानका लागि स्वीकृत भएका सहकारी संस्थाहरुको नामावली

| क्र.स | संस्थाको नाम | कार्य/उद्योग | स्वीकृत रकम | कैफियत |
|---|---|---|---|---|
| १ | जनकल्यान दुग्ध स.स.लि., निजगढ बारा | प्रशोधन उद्योग | ३५०००० | |
| २ | वागदेव दुग्ध उत्पादन स.स.लि., वारा | प्रशोधन उद्योग | ३५०००० | |
| ३ | फिर्केफ सामुदायीक विकास स.स.लि., नुवाकोट | प्रशोधन उद्योग | ३००००० | |
| ४ | मेलिफेरा मौरीपालन सहकारी संस्था लि., मोरङ | प्रशोधन उद्योग | १००००० | |
| ५ | श्री अर्थोडक्स कृषक बहुउद्धेश्यीय स.स.लि., नुवाकोट, बुङताङ ८ | प्रशोधन उद्योग | ४००००० | |
| ६ | कन्चनपुर दलित उद्यमी स.स.लि., कन्चनपुर | दलित पेशा अधुनिकीकरण | ४२५००० | |
| ७ | चौलानी दलित उद्यमी सहकारी संस्था लि., दार्चुला | दलित पेशा अधुनिकीकरण | २७५००० | |
| ८ | समानता बहुउद्धेश्यीय सहकारी संस्था लि., निलकण्ठ-५, धादिङ | दलित पेशा अधुनिकीकरण | ३००००० | |
| ९ | सिस्वा बहुउद्धश्यीय स.स.लि., काठमाडौं | महिला/खाद्य प्रशोधन | ४००००० | |
| १० | सुभलक्ष्मी महिला कृषी बहुउद्धेश्यीय स.स.लि., कन्चनपुर | महिला/खाद्य प्रशोधन | १००००० | |

| | | | | |
|---|---|---|---|---|
| ११ | प्रगतिशील महिला कृषि स.स.लि., भोजपुर | महिला/खाद्य प्रशोधन | ३००००० | |
| १२ | लेखवरी वहुउद्धेश्यीय उपभोक्ता स.स.लि., हुम्ला | कृषि फर्म (भेडा) | ३००००० | |
| १३ | साना किसान कृषी स.स.लि., वडागाउँ गुल्मी | कृषि फार्म (माछा) | २००००० | |
| १४ | वाहाफाट कृषी सहकारी संस्था लि., दिगाम ६, गुल्मी, | कृषि फार्म (माछा) | ३००००० | |
| १५ | रुपाताल पुर्नस्थापना तथा मत्स्य पालन स.स.लि., कास्की | कृषि फार्म (माछा) | २००००० | |
| १६ | अखिल नेपाल ट्रेड युनियन महासंघ कृषि स.स.लि., ललितपुर, विशंखुनारायण-९ | कृषि फार्म (बंगुर) | २००००० | |
| १७ | चाहना कृषी स.स.लि., बाँके | कृषि फार्म (बंगुर) | २००००० | |
| १८ | खहरे कृषि उत्पानद स.स.लि., तनहुँ | कृषि फार्म (बंगुर) | २००००० | |
| १९ | भुषाफेदा कृषि स.स.लि., दोलखा | कृषि फार्म (बंगुर) | २००००० | |
| २० | मध्य पशुपती कृषि स.स.लि., नुवाकोट | कृषि फार्म (बंगुर) | २००००० | |
| २१ | आरम्भ कृषी सहकारी संस्था लि., भक्तपुर | कृषि फार्म (बाख्रा) | २००००० | |
| २२ | बुद्ध कृषी स.स.लि., उदयपुर | कृषि फार्म (बाख्रा) | २००००० | |
| २३ | ठुलो पर्सेल कृषी स.स.लि.,काभ्रे | कृषि फार्म (बाख्रा) | २५०००० | |

| | | | | |
|---|---|---|---|---|
| २४ | अमुल्य कृषी स.स.लि., मकवानपुर | कृषि फार्म (बाखा) | २००००० | |
| २५ | बुद्ध कृषी स.स.लि., काठमाडौं | कृषि फार्म (बाखा) | ३००००० | |
| २६ | सुर्योदय बहुउद्धेश्यीय स.स.लि., बाजुरा | कृषि फार्म (बाखा) | २००००० | |
| २७ | जिल्ला सहकारी संघ लि., इलाम | कृषि फार्म (बाखा) | ३००००० | |
| २८ | प्रतिभा बहुउद्धेश्यीय स.स.लि., ललितपुर | कृषि फार्म (बाखा) | २००००० | |
| २९ | प्रशिद्ध महिला कृषि स.स.लि., सांगाचोक-६, सिन्धुपाल्चोक | कृषि फार्म (गाई) | ३००००० | |
| ३० | टारेभुमी कृषी स.स.लि., कास्की | कृषि फार्म (गाई) | २००००० | |
| ३१ | ढोरबेसी गाइपालन कृषी स.स.लि., कास्की | कृषि फार्म (गाई) | २००००० | |
| ३२ | ग्रामीण स्वाबलम्बी दुग्ध स.स.लि., गोर्खा | कृषि फार्म (गाई) | १००००० | |
| ३३ | प्राकृतिक कृषि स.स.लि., भक्तपुर | कृषि फार्म (गाई) | ४००००० | |
| ३४ | झुम्का कृषि स.स.लि., सुनसरी | कृषि फार्म (गाई) | ४००००० | |
| ३५ | शुभलक्ष्मी बहुउद्धेश्यीय स.स.लि., ओखलढुंगा | कृषि फार्म (गाई) | ३००००० | |
| ३६ | जनएकता बहुउद्धेश्यीय स.स.लि., जुम्ला | कृषि फार्म (गाई) | ४००००० | |
| ३७ | किसान जागरण दुग्ध उत्पादन स.स.लि., भक्तपुर | कृषि फार्म (गाई) | २००००० | |

| | | | | |
|---|---|---|---|---|
| ३८ | मेची कृषक बहुमुखी स.स.लि., झापा | कृषि फार्म (गाई) | ३००००० | |
| ३९ | माँकालीका दुग्ध स.स.लि., झापा | कृषि फार्म (गाई) | ३००००० | |
| ४० | बिन्जेल दुग्ध उत्पादन स.स.लि., सिन्धुपाल्चोक | कृषि फार्म (गाई) | २००००० | |
| | जम्मा | | १०४५०००० | |

**आर्थिक वर्ष २०७०/७१ मा अनुदान प्राप्त गर्ने सहकारी संस्थाहरुको विवरण**

| **क्र.स** | **संस्थाको नाम** | **कार्य/उद्योग** | **स्वीकृत रकम** |
|---|---|---|---|
| १ | अरुण बहुउद्देश्यीय सहकारी संस्था लि., लेगुवा ७, धनकुटा | कृषि फार्म (गाई) | ४००००० |
| २ | विनायक कृषि सहकारी संस्था लि., किर्तिपुर १४,काठमाण्डौं | कृषि फार्म (गाई) | ४००००० |
| ३ | सम्झना कृषि सहकारी संस्था लि., निवुवाटार ३,मकवानपुर | कृषि फार्म (गाई) | ४००००० |
| ४ | तपोभमी कृषि सहकारी संस्था लि., किर्तिपुर ७,काठमाण्डौं | कृषि फार्म (गाई) | ४००००० |
| ५ | बागेश्वरी बहुउद्देश्यीय सहकारी संस्था लि., वैरेनी ८,धादिङ | कृषि फार्म (गाई) | ४००००० |
| ६ | विराट कामधेनु महिला कृषि सहकारी संस्था लि., चारपाने ९,झापा | कृषि फार्म (गाई) | ४००००० |
| ७ | सामुहिक गौशाला सहकारी संस्था लि., वालीङ ९,स्याङ्जा | कृषि फार्म (गाई) | २००००० |
| ८ | चौफाल बहुउद्देश्यीय सहकारी संस्था लि., पचनाली ८,डोटी | कृषि फार्म (गाई) | ४००००० |

| | | | |
|---|---|---|---|
| ९ | पौरखी सामुदायिक कृषि सहकारी संस्था लि., ताथली ४,भक्तपुर | कृषि फार्म (वाख्रा) | ३००००० |
| १० | सिद्ध बाबा कृषि सहकारी संस्था लि., ग्वाल्लेक २,बैतडी | कृषि फार्म (वाख्रा) | ३००००० |
| ११ | बेत्यानी कृषि सहकारी संस्था लि., देउराली २,कास्की | कृषि फार्म (वाख्रा) | ३००००० |
| १२ | कान्तिपुर कृषक सहकारी संस्था लि., सोनपुर ५,दाङ | कृषि फार्म (वाख्रा) | ३००००० |
| १३ | सगुन कृषि सहकारी संस्था लि., काटाकुटी ८,दोलखा | कृषि फार्म (वाख्रा) | ३००००० |
| १४ | रानीवन कृषि सहकारी संस्था लि. रानीवन १,ओखलढुङ्गा | कृषि फार्म (वाख्रा) | ३००००० |
| १५ | साना किसान कृषि सहकारी संस्था लि., जिवनपुर ६, धादिङ्ग | कृषि फार्म (वाख्रा) | ३००००० |
| १६ | निसी महिला कृषी सहकारी संस्था लि., निसी ८ ,बागलुङ | कृषि फार्म (वाख्रा) | ३००००० |
| १७ | छहारी समाज कृषि सहकारी संस्था लि., चन्द्रनिगाहपुर ४,रौतहट | कृषि फार्म (वाख्रा) | ३००००० |
| १८ | यारी कृषि सहकारी संस्था लि., ईनामे ९, उदयपुर | कृषि फार्म (वाख्रा) | ३००००० |
| १९ | रुपनी कृषि सहकारी संस्था लि., रायपुर ८, सप्तरी | कृषि फार्म (वाख्रा) | ३००००० |
| २० | बेलैराज कृषि सहकारी संस्था लि., सित्तड १ बैतडी | कृषि फार्म (वाख्रा) | ३००००० |
| २१ | माझिगाउ वहुउद्देशिय सहकारी संस्था लि, सिखरपुर ४ ,सिन्धुपाल्चोक | कृषि फार्म (वंगुर) | ३००००० |
| २२ | पुनरवास प्रगतीशिल कृषि सहकारी संस्था लि, त्रिभुवन वस्ती कञ्चनपुर | कृषि फार्म (वंगुर) | २००००० |
| २३ | वंगुर ब्रिडर कृषक सहकारी संस्था लि, लेखनाथ ५, कास्की | कृषि फार्म (वंगुर) | ४००००० |
| २४ | रुद्र गंगा कृषक वहुउद्देश्यीय स.स. लि, लहरेपौवा १, रसुवा | कृषि फार्म (वंगुर) | २००००० |

| | | | |
|---|---|---|---|
| २५ | माझथुम कृषि सहकारी संस्था लि,कास्कीकोट ४, कास्की | कृषि फार्म (माछा) | ३००००० |
| २६ | महालक्ष्मी कृषि सहकारी संस्था लि, अनारमनी ३, झापा | महिला/खाद्य प्रशोधन | २००००० |
| २७ | जुनतारा महिला कृषि सहकारी संस्था लि., डाँगिवारी ९,झापा | महिला/खाद्य प्रशोधन | ३००००० |
| २८ | गरीमा कृषि सहकारी संस्था लि, एकतिन २, पाँचथर | महिला/खाद्य प्रशोधन | ३५०००० |
| २९ | अग्रसर महिला कृषि सहकारी संस्था लि, सुरुङगा ४,झापा | महिला/खाद्य प्रशोधन | २००००० |
| ३० | वीसहजारी सामाजिक उद्यमी महिला सहकारी संस्था लि, गीतानगर ९,चितवन | महिला/खाद्य प्रशोधन | ३००००० |
| ३१ | पुर्णिमा महिला मौरीपालन स.स.लि, होक्लावारी ४,मोरङ् | महिला/खाद्य प्रशोधन | १५०००० |
| ३२ | दलित अभिवृद्धि कृषि सहकारी संस्था लि. भक्तपुर, छालिंग २ | दलित पेशा अधुनिकीकरण | ४००००० |
| ३३ | दलित जनजागरण कृषि सहकारी संस्था लि.,मानेभञ्याङ ५, भोजपुर | दलित पेशा अधुनिकीकरण | २००००० |
| ३४ | जुनतारा सशक्तिकरण कृषक सहकारी संस्था लि. सम्सेरगंज ७ वांके | दलित पेशा अधुनिकीकरण | २००००० |
| ३५ | समृद्धि कृषि सहकारी संस्था लि. वाम्ती ३, रामेछाप | प्रशोधन उद्योग (दुग्ध) | ४००००० |
| ३६ | सिरुटार कफि उत्पादन स.स.लि. फोक्सींटार ८ काभ्रे | प्रशोधन उद्योग (कफि) | ३००००० |
| ३७ | हिमालचुली कृषि सहकारी संस्था लि. प्यारजुंग १ लम्जुंग | प्रशोधन उद्योग (अदुवा) | ३००००० |
| ३८ | सिंहदेवी चिया उत्पादक स.स.लि. सोल्मा ३, तेह्रथुम | प्रशोधन उद्योग (चिया) | ५००००० |
| ३९ | संकल्प कृषि सहकारी संस्था लि. वत्रौल ८ , सर्लाही | प्रशोधन उद्योग (उखु) | ३००००० |
| ४० | पुर्वार्ध कृषि सहकारी संस्था लि., शनिश्चरे ,झापा | कृषि फार्म (गाई) | ४००००० |

| | | | |
|---|---|---|---|
| ४१ | गतिशील महिला बहुउद्देश्यीय सहकारी सस्था लि., नुवाकोट | माछा पालन | ३००००० |
| ४२ | कञ्चन महिला बहुउद्देश्यीय सहकारी संस्था लि., रौता , उदयपुर | कृषि फार्म (वंगुर) | ३००००० |
| ४३ | सिस्वा बहुउद्देश्यीय सहकारी संस्था लि., काठमाण्डौं | खाद्य प्रशोधन | २००००० |
| | **जम्मा** | | **१३३००००००** |

नेपालमा जसरी सहकारी संघ संस्थाहरुको संख्यात्मक विकास भएको छ सो अनुसार गुणात्मक विकास हुन सकेको छैन । गुणात्मक विकासको लागि सहकारी संघ संस्थाहरुलाई आत्मनिर्भर बनाउने र उत्पादनशील कार्यमा लगाउनु पर्दछ । सहकारी संघ संस्थाहरुलाई ब्यवसायिक कृयाकलाप तर्फ उन्मुख बनाउदै लैजानु पर्ने आवश्यकता छ । सहकारी आन्दोलनको नेतृत्वदायि तहमा रहेका संघहरुको क्षमता कमजोर हुनुको साथै आत्मनिर्भर बन्न सकेको अवस्था छैन । केन्द्र तथा जिल्लास्तरमा संचालित सहकारी संघहरु आत्मनिर्भर बन्नको लागि उनीहरु पनि ब्यवसायिक र उत्पादनशील बन्नै पर्दछ । कानुनतः २५ जना सदस्य मिलेर प्रति व्यक्ति रु १०० का दरले शेयर खरिद गरी सदस्य बन्ने र संस्था खोल्न सक्ने प्रावधानले गर्दा कैयौं सहकारी संस्थाहरु विधिवत रुपमा गठन भए पनि राम्रो किससिमवाट संचालन हुन सकेको देखिदैन । संस्थालाई उत्पादनशील र व्यवसायिक बनाउन सदस्य संख्या वृद्धि गर्नु गर्ने अवस्था छ । संस्था आत्मनिर्भर बन्नको लागि साधन श्रोतको व्यवस्था गर्न सदस्य संख्यामा बृद्धि हुन पर्नेछ । कानुनी अडचनको कारणले गर्दा सहकारी संस्थाले उद्यम व्यवसाय संचालन गर्न चाहेको खण्डमा उद्योग मन्त्रालय संस्थागत रुपमा उद्योग दर्ता गर्न नसर्किको अवस्थाछ । सरकारले कानुनी रुपमा सहजीकरण गरी सहकारी संघ/संसथाहरु मार्फत उद्योग ब्यवसाय संचालन गर्ने वातावरण सृजना गर्नु पर्ने देखिन्छ । सहकारी संस्थाहरुलाई उद्योग र ब्यवसाय संचालन गर्न अनुदान दिने प्रावधानमा सुधार र संशोधन गरी वीउ पुँजीको रुपमा लगानी गर्ने गरी घुम्ती पुँजीकोष (Revolving Fund) को ब्यवस्था गर्नुको साथै मझौला र ठुला सहकारी उद्योगमा सरकारले समेत शेयर खरिद गरी साझेदारी उद्योगको रुपमा सहकारीको विकास गर्न सकिने अवस्था छ । सहकारी क्षेत्रलाई वढी उत्पादनशिल

वनाउन समान प्रकृतिका संघ संस्थाहरुको एकिकरण अभियानको थालनी गरी संस्थाको संचालन लागत समेत घटाउन सकिनेछ ।

सहकारी कानुन तथा प्रचलित अन्तर्राष्ट्रिय सिद्धान्त सिद्धान्त अनुसार अन्तर सहकारी सहयोगको प्रावधान रहेता पनि नेपालमा सहकारीहरु वीचको सहयोग प्रभावकारी वन्न सकेको छैन । सहकारी संस्थाहरु एक आपसमा परिपुरक र अन्तर निर्भर वन्न सकेका छैनन । एउटा सहकारीको उत्पादन अर्कोको लागि कच्चा वस्तु वन्ने (Factor-factor Relationship) वातावरणको सृजना हुन सकेको छैन । सहकारी क्षेत्रबाट संकलित बचत उत्पादनशिल क्षेत्रमा पुग्न सकेको छैन । शहरी क्षेत्रमा सहकारीबाट संचालित बचत, घरजग्गा र सामाजिक क्षेत्रमा प्रवाहित भएको अवस्था छ । अतः सहकारी क्षेत्रले ब्यवसायिक उत्पादनको लागि अन्तर सहकारी सहयोगको साथै अन्तरिक रुपमा लगानी वढाउनु पर्नेछ । यसको लागि सरकारले केही समयको लागि उत्पादनमुलक सहकारी संस्थाहरुलाई बीँउपुँजि अनुदान उपलब्ध गराएर उत्पादन र बजारीकरण कार्यमा आकर्षित गर्नु पर्ने देखिन्छ ।

# परिच्छेद – ८
# संघहरुको विवरण

## ८.१) राष्ट्रिय तथा केन्द्रीय सहकारी संघहरुको संक्षिप्त प्रगति विवरणः

१. **राष्ट्रिय सहकारी संघ लि.** : राष्ट्रिय सहकारी संघ लि. नेपाल राज्यभरका संपुर्ण सहकारी संघ संस्थाहरुको प्रतिनिधिमुलक छाता संगठन हो । सहकारी संघ संस्थाको प्रवर्द्धन विकास र हक हितका विषयहरुका साथै अन्तर्राष्ट्रिय क्षेत्रमा समेत नेपालको सहकारी आन्दोलनलाई पहिचान गराउन संघको भुमिका निर्णायक रहदै आएको छ । सहकारी ऐन २०४८ बमोजिम २०५० साल आषाढ ६ गते स्थापित यस संघमा हाल १८ वटा केन्द्रीय स्तरका संघहरु, ३०१ वटा जिल्ला सहकारी संघहरु तथा विषयगत जिल्ला सहकारी संघहरु, राष्ट्रिय सहकारी बैंक लि. १, र १२ वटा सहयोगी सदस्यहरु समेत जम्मा ३३२ सदस्यहरु आवद्ध रहेका छन् । यस संघले सन् १९९७ मा अन्तर्राष्ट्रिय सहकारी महासंघ (ICA) को सदस्यता प्राप्त गरी अर्न्तराष्ट्रिय सहकारी आन्दोलनमा सहभागी हुँदै आएको छ । संघको केन्द्रीय भवन निर्माणको लागि आ.व. ०७०।७१ को अन्त्य सम्म नेपाल सरकारबाट जम्मा रु ४ करोड ९७ लाख ८५ हजार समेत रु. ५ करोड २५ लाखको लागतमा केन्द्रीय भवन निर्माण कार्य सम्पन्न भएको छ । यस संघबाट आ.व. ०७०।७१ मा नेपाल सरकारबाट प्राप्त रु.२४ लाख रकमबाट विभिन्न १० जिल्लामा सहकारी शिक्षा तथा व्यवस्थापकीय तालिम, लैंगिक सशक्तिकरण र नेतृत्व विकास तालीम, दुर्गम क्षेत्र पहुँच विस्तार कार्यक्रम, मुक्त कमैया उत्थान कार्यक्रम व्यवस्थापकीय तालीम, अनुगमन, लेखा समितिको क्षमता अभिवृद्धि कार्यक्रम अर्न्तगत सहकारी क्षेत्रमा कर निर्धारण विषयक गोष्ठी, प्रशिक्षक प्रशिक्षण तालीम, ब्यवस्थापन तालीम, लेखा समितिको लागि तालीम, ब्यवस्थापक तालीम, सहकारी शिक्षा शिविर, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहकारी दिवस कार्यक्रम, उत्कृष्ट संघसंस्थाहरुलाई पुरस्कार वितरण, जिल्ला सहकारी संघ सुदृढीकरण कार्यक्रम अर्न्तगत ६ वटा संघहरुलाई कम्प्युटर हस्तान्तरण आदी कार्यक्रमहरु संचालन भएका थिए । जाइका नेपालको सहयोगमा २७ वटा सफल सहकारीहरुको अध्ययन राष्ट्रिय सहकारी संघको समन्वयमा २०७० साल चैत्र ११ गते देखि १३ गते सम्म सहकारी मार्फत दिगो आर्थिक

विकास तथा सामाजिक न्याय भन्ने नाराका साथ राष्ट्रिय सहकारी महासम्मेलन सम्पन्न भएको थियो ।

२. **केन्द्रीय दुग्ध उत्पादक सहकारी संघ लि., :** दुग्ध उत्पादन ब्यवसायलाई वढी प्रभावकारी वनाउन संगठित रुपमा देशका ग्रामीण ईलाकामा कृषकहरुद्वारा उत्पादित दुधको उचित मुल्य र सुरक्षित एवं भरपर्दो वजारको प्रवन्ध गरी दुग्ध उत्पादन एवं पशुपालन ब्यवसायमा रहेका सदस्यहरुको पहिचान गरी समाधान गर्ने, गराउने उद्देश्यले साथै देशलाई दुग्धजन्य पदार्थमा आत्मनिर्भर वनाउदै उत्पादन कार्यदेखि प्रशोधन र विक्रि वितरण सम्मका प्रक्रियाहरुमा कृषकहरुलाई सहभागी गराउदै जाने उद्देश्य लिएर सहकारी ऐन २०४८ बमोजिम २०४९।१२।२० मा केन्द्रीय दुग्ध उत्पादन सहकारी संघ लि.,को स्थापना भएको हो । राज्यभर स्थापना भएका सहकारी संघ संस्थाको ८ प्रतिशत दुग्ध उत्पादक सहकारी संघ संस्थाहरु रहेका छन् भने यसको सञ्जाल ६३ जिल्लामा विस्तार भई १७०० भन्दा बढी प्रारम्भिक संस्था संचालनमा रहेको छ । ३७ वटा जिल्लामा दुग्ध उत्पादन सहकारी संघ वनिसकेको छन् भने अरु जिल्लामा वन्ने क्रम जारी छ । यस संघमा ८४५ वटा प्रारम्भिक सहकारी संस्थाहरु र ३७ वटा संघहरु गरी जम्मा ८८२ संघसंस्थाहरु आवद्ध रहेका छन् । आ.व. ०७०।७१ मा सहकारी विभागबाट प्राप्त अनुदान रकम रु १ लाख र संघको लागत सहभागिता समेतमा ५०० जनालाई अभिमुखीकरण तालिम, बैदेशिक भ्रमण-२ र दुग्ध प्रर्वद्धन गोष्ठीमा २०० जनाको सहभागिता भएको थियो । युवा तथा साना व्यवसायी स्वरोजगार कोषबाट रु. १ करोड ५० लाख कर्जा प्राप्त गरी १५ वटा दुग्ध परियोजनामा लगानी गएिका छ ।

३. **नेपाल बचत तथा ऋृण केन्द्रीय सहकारी संघ लि., :** नेपाल बचत तथा ऋृण केन्द्रीय सहकारी संघको स्थापना २०५० साल भाद्रमा भएको हो । यो संघ बचत तथा ऋृण सहकारी संघ संस्थाहरुको विषयगत प्रतिनिधि मुलक संघ हो । यस संघसँग हाल ७१ जिल्लामा २००० बचत तथा ऋृण सहकारी संस्थाहरु र ५६ वटा विषयगत जिल्ला संघहरु समेत २०५६ संघसंस्थाको आवद्धता रहेको छ । यसको अतिरिक्त संघले एशियाली ऋृण महासंघ र सो मार्फत विश्व ऋृण परिषदसँग आवद्धता कायम गरेको छ । राष्ट्रियस्तरमा यो संघ राष्ट्रिय सहकारी वैंक र राष्ट्रिय सहकारी संघको सदस्य समेत रहेको छ । यस संघले आ.व. ०७०।७१ मा नेपाल सरकारबाट रु १ लाख ५० हजार अनुदान प्राप्त गरेकोमा आफ्नो श्रोत समेत परिचालन गरी मुलुकको

विभिन्न स्थानमा कार्यक्रम संचालन गरेको थियो । जसमा २० वटा उच्च स्तरका तालीम संचालन गरी ४४० जना, ६८ वटा मध्यम स्तरको तालिम सञ्चालन गरी १९०० जना र १०० वटा आधारभुत तालिम सञ्चालन गरी २४०० जना समेत जम्मा ४७४० जनालाई प्रशिक्षण दिएको र विभिन्न विषयसँग सम्वन्धित गोष्ठी संचालन गरी सरोकारवालाहरु वीच अन्तरक्रिया संचालन भएको थियो । यस संघमा हाल ६० कर्मचारीहरु कार्यरत रहेको छन् । यस संघ अर्न्तगत ७३ वटा संस्थाले नेकोश प्लस सफ्टवेर जडान गरेका छन् । यस संघ अर्न्तगत १० वटा फिल्ड कार्यालय र एउटा केन्द्रीय कार्यालय संचालनमा रहेको छ । यस संघले बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरुको लागी छुट्टै बचत तथा ऋण सहकारी ऐनको मस्यौदा तयार गरी नेपाल सरकार समक्ष पेश गरेको देखिन्छ ।

४. **नेपाल केन्द्रीय उपभोक्ता सहकारी संघ लि. :** खास गरेर उपभोग्य सामाग्रीहरुको ब्यवसाय संचालन गर्ने उपभोक्ता सहकारी संघ सस्थाहरु मिलेर आफ्नो हकहित, संरक्षण र विकासका लागि केन्द्रीय संगठनको रुपमा नेपाल केन्द्रीय उपभोक्ता सहकारी संघ लि.को स्थापना गरिएको हो । २०५० भाद्र ३ गते स्थापित यस संघमा नेपाल राज्यभर स्थापित १५०० उपभोक्ता सहकारी संस्थाहरु मध्ये हालसम्म १२३ उपभोक्ता सहकारी संघ संस्थाहरु आवद्ध रहेको देखिन्छ । आ.व. ०७०/७१ मा नेपाल सरकारबाट नेपाल केन्द्रीय उपभोक्ता सहकारी संघ लि. समेत ८ वटा केन्द्रीयस्तरका विभिन्न संघहरुलाई एकमुष्ठ रुपमा प्राप्त रु ६ लाख अनुदान र संघहरुको सहभागिता समेत गरी जम्मा रु २५ लाखको खर्चमा काठमाण्डौं महानगरपालिका वार्ड नं. ३४ मा सहकारी बजार संचालनको काम शुरु गरिएको थियो । यस संघमा १४ वटा जिल्ला उपभोक्ता संघ र १०९ वटा प्रारम्भिक सहकारी संस्था समेत गरी जम्मा १२३ संघसंस्थाहरुको आवद्धता रहेको देखिन्छ ।

५. **राष्ट्रिय सहकारी वैंक लि. :** अधिराज्यभर सहकारी संघ संस्थाहरुलाई वित्तीय क्षेत्रमा सहयोग पुऱ्याउन एक छुट्टै निकायको आवश्यकता परेको हुँदा सहकारी संघ संस्थाहरुको प्रयास र सरकारको सहयोगमा राष्ट्रिय सहकारी वैंकको स्थापना गरिएको हो । सहकारी ऐन २०४८ अनुरुप २०६०।३।२५ गते सहकारी विभागमा दर्ता भएको उक्त वैंकमा हालसम्म ७४ जिल्लामा ७००० सहकारी संघ संस्थाहरुले सदस्यता प्राप्त गरेका छन् । यस वैंकले नेपाल राष्ट्र वैंकबाट स्वीकृती प्राप्त गरी सिमित बैकिङ्ग कारोवार संचालन गर्दै आएको छ । यस अर्न्तगत हाल

सम्म ३३ वटा शाखा स्थापना भएका छन् । यस बैंकको शेयर पुँजि रु. ६१.२४ करोड, निक्षेप रु ७६९ करोड पुगेको छ भने लगानी रु. ३९६ करोड रहेको छ । आ.व.२०७०/७१ बैंकले खुद नाफा रु. १३ करोड आर्जन गर्न सफल रहेको देखिन्छ ।

६ **केन्द्रीय तरकारी तथा फलफुल सहकारी संघ लि. :** केन्द्रीय तरकारी तथा फलफुल सहकारी संघ लि. २०६३।११।६ का दिन सहकारी विभागमा दर्ता भएको हो । हाल यस संघको गतिविधि १३ जिल्लामा विस्तार भएको छ । यसका ५ वटा संघ सहित ६१ वटा संघ संस्थाहरु आवद्ध रहेका छन् । आ.व. ०७०/७१ मा नेपाल सरकारबाट केन्द्रीय तरकारी तथा फलफुल सहकारी संघ लि. समेत ८ वटा केन्द्रीयस्तरका विभिन्न संघहरुलाई एकमुष्ठ रुपमा प्राप्त रु ६ लाख अनुदान र संघहरुको सहभागिता समेत गरी जम्मा रु २५ लाखको खर्चमा काठमाण्डौं महानगरपालिका वार्ड नं. ३४ मा सहकारी बजार संचालनको काम शुरु गरिएको थियो ।

७ **नेपाल कृषि सहकारी केन्द्रीय संघ लि. :** नेपाल कृषि सहकारी केन्द्रीय संघको स्थापना ०६४।९।२९ गते भएको हो । यस संघले आफ्ना गतिविधिहरु मुलुकको ६७ जिल्लाको ९१५ गा.वि.स.मा विस्तार गरेको छ । यस संघमा ४९ वटा विषयगत जिल्ला संघहरु र ६२६ वटा प्रारम्भिक संस्थाहरु गरी जम्मा ६७५ संघ संस्थाहरु आवद्ध रहेका छन् । यस संघको शेयर पुँजी रु ४५ लाख रहेको छ । यस संघ अर्न्तगत संचालित सहकारी संस्थाहरुद्वारा प्रवद्धित साना किसान विकास बैंकको कारोवार रु ३ अर्व ५० करोड पुगेको छ । यस अर्न्तगत संचीलित सहकारीहरुले आफ्ना सदस्यहरुलाई करिव ९.८० अर्व वरावरको लघुकर्जा प्रवाह गरेको छ । यस संघ अर्न्तगतका संस्थाहरुबाट दुग्ध प्रशोधन कृषि हाटवजार संचालन, तरकारी संकलन केन्द्र स्थापना, खाद्य प्रशोधन, वाली सुरक्षा, सामुहिक सिँचाई, खानेपानी, पशुसेवा, वीउ बैंक, लोप उन्मुख जातीहरुमा सेवा विस्तार, पशु सुरक्षा ब्यवस्था, वैकल्पिक उर्जा, चिया खेती, स्कुल संचालन, वालवालीका स्याहार केन्द्र, ग्रामीण वैंक, पशुपालन, आदि जस्ता कार्यक्रमहरु संचालन हुँदै आएको छ । गत आ.व.०७०/७१ मा नेपाल सरकारबाट प्राप्त अनुदान रकम रु १.५ लाखबाट विभिन्न प्रकृतिका तालीम संचालन गरी १२५ जनालाई प्रशिक्षण प्रदान गरेको देखिन्छ । संघ अर्न्तगत केन्द्रीय स्तरमा १६ जना, फिल्ड स्तरमा २२ जना र विदेशी स्वयंसेवक ३ जना समेत ४१ जना कर्मचारीहरु कार्यरत छन् । यस संघको केन्द्रीय कार्यालय कुपण्डोल, ललितपुरमा रहेको छ । यस संघबाट आफ्नै केन्द्रिय स्तरको

प्रशिक्षण केन्द्र स्थापनाको लागी चितवन जिल्लाको बच्छौली गा.वि.स.मा रु. २ करोड ३० लाख बराबरको चार बिगाहा जमिन खरिद गरेको देखिन्छ ।

८ **नेपाल केन्द्रीय जडिवुटी सहकारी संघ लि., :** नेपाल केन्द्रीय जडिवुटी सहकारी संघ लि. को स्थापना २०६८ सालमा भएको हो । यस संघमा हाल सम्म २ वटा विषयगत जिल्ला संघ र ५० वटा प्रारम्भिक संस्था समेत जम्मा ५२ वटा संघ संस्थाहरुको आवद्धता छ । उक्त संघ अर्न्तगत हाल मुलुकको १६ जिल्लामा कर्याक्रम विस्तार भएको छ । आ.व. ०७०/७१ मा नेपाल सरकारबाट नेपाल केन्द्रीय जडिबुटी सहकारी संघ लि. समेत ८ वटा केन्द्रीयस्तरका विभिन्न संघहरुलाई एकमुष्ठ रुपमा प्राप्त रु ६ लाख अनुदान र संघहरुको सहभागिता समेत गरी जम्मा रु २५ लाखको खर्चमा काठमाण्डौं महानगरपालिका वार्ड नं. ३४ मा सहकारी बजार संचालनको काम शुरु गरिएको थियो ।

९ **केन्द्रीय उखु उत्पादक सहकारी संघ लि., :** अन्तर्राष्ट्रिय मुल्य मान्यता र सिद्धान्तहरुको आधारमा सदस्यहरुमा छरिएर रहेको श्रोत र साधनलाई एकीकृत गरी सदस्यहरुका निर्वाचित प्रतिनिधिहरुद्वारा संचालित एवं प्रजातान्त्रिक पद्धतिबाट नियन्त्रित सहकारी संस्थाहरुको माध्यमद्वारा उखु उत्पादक सहकारी संस्थाका सदस्यहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासको लागि एक उखु उत्पादक सहकारी गठन गरी संचालन गर्न आवश्यक भएकोले सहकारी ऐन, २०४८ अनुसार केन्द्रीय उखु उत्पादक सहकारी संघ लि.को मिति ०६६।१२।२७ मा दर्ता भएको हो । हाल संघको कार्यालय वर्दिवास, महोत्तरीमा रहेको छ र यस संघमा ४६ संस्था आवद्ध रहेको छ । यस संघले सिराहा जिल्लाको चन्द्रलालपुरमा मिठाभेली उद्योग संचालन गरेको छ । राष्ट्रिय सहकारी विकास बोर्डसंग समन्वय गरी २ दिवसीय नेतृत्व विकास र लेखापालन तालीम संचालन गरेको देखिन्छ । आ.व. ०७०/७१ मा नेपाल सरकारबाट केन्द्रीय उखु उत्पादक सहकारी संघ लि. समेत ८ वटा केन्द्रीयस्तरका विभिन्न संघहरुलाई एकमुष्ठ रुपमा प्राप्त रु ६ लाख अनुदान र संघहरुको सहभागिता समेत गरी जम्मा रु २५ लाखको खर्चमा काठमाण्डौं महानगरपालिका वार्ड नं. ३४ मा सहकारी बजार संचालनको काम शुरु गरिएको थियो ।

१० **नेपाल सुचना तथा संचार केन्द्रीय सहकारी संघ लि., :** नेपाल सुचना तथा संचार केन्द्रीय सहकारी संघ लि. को स्थापना ०६८।४।१६ मा

भएको हो । दर्ताको समयमा २७ वटा प्रारम्भिक संस्थाहरु आवद्ध रहेकोमा हाल ३६ वटा संस्थाहरुको आवद्धता रहेको छ । अन्तर्राष्ट्रिय सहकारी वर्षको उपलक्षमा यस संघका उपाध्यक्ष श्री शिव कुमार डाँगी समेतको टोलीले सहकारीको लोगो/प्रतिक चिन्ह र सहकारीको झण्डा मिति ०६८।२।१३ गते सगरमाथाको चुचुरोमा फहराउने काम सम्पन्न भएको थियो । नेपाल सरकारबाट आ.व. ०७०।७१ मा प्राप्त रु १ लाख अनुदान रकमबाट कम्प्युटर समेतका उपकरण सामाग्रीहरु खरिद गरिएको थियो । साथै सहकारीका भुमिका विषयक अन्तरक्रियामा ३० जना पत्रकारहरुलाई सहकारी सम्वन्धी तालीम प्रदान गर्ने काम भएको थियो ।

११ **जुनार केन्द्रीय सहकारी संघ लि.** : सहकारी मुल्य मान्यता र सिद्धान्त अनुरुप सहकारीताको माध्यमबाट जुनार उत्पादनको ब्यावसायिक विकास तथा वजार ब्यवस्थापन गरी सदस्य संघ संस्था तथा तिनका सदस्यहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास गर्नका लागि सदस्यहरुवीच समन्वय एवं अर्न्तसम्वन्धलाई सुदृढ गरी जुनार उत्पादन ब्यवायलाई प्रवर्द्धन र विकास गर्नका लागि २०६६ साल वैशाख १७ गते यो संघ सहकारी विभागमा दर्ता भएको हो । हाल यस संघमा रामेछाप र सिन्धुली जिल्लाका ४९ वटा प्रारम्भिक संस्थाहरु र २ वटा संघहरु समेत ५१ वटा संघसंस्थाहरु आवद्ध रहेको छन् । यस संघले गत आ.व.मा नेपाल सरकारबाट प्राप्त अनुदान रकम रु १ लाख र संघको तर्फबाट रु. ३ लाख ६० हजार समेत जम्मा रु ४ लाख ६० हजार बाट कम्प्युटर सेट-१, प्रिन्टर-१, मल्टिमेडिया प्रोजेक्टर-१, ह्वाइट वोर्ड-१ खरिद गर्नुको साथै आचारसंहिता विषयक-१ र बजार व्यवस्थापन विषयक-१ समेत जम्मा २ वटा गोष्ठी र जुनार खेती सम्वन्धी प्राविधिक क्यालेन्डर छपाईको काम भएको थियो । आ.व. २०७०/७१ मा जुनार खेती प्रविधि विषयक पुस्तक प्रकाशन गरेको थियो । आ.व.०७०/७१ मा नेपाल सरकारबाट नेपाल केन्द्रीय सहकारी संघ लि. समेत ८ वटा केन्द्रीयस्तरका विभिन्न संघहरुलाई एकमुष्ठ रुपमा प्राप्त रु ६ लाख अनुदान र संघहरुको सहभागिता समेत गरी जम्मा रु २५ लाखको खर्चमा काठमाण्डौं महानगरपालिका वार्ड नं. ३४ मा सहकारी बजार संचालनको काम शुरु गरिएको थियो । यस संघले सार्वजनिक, सहकारी र नीजि साझेदारीमा जुनार प्रशोधन उद्योग स्थापनामा सकृय सहभागिता गर्दै आएको छ ।

१२ **नेपाल मौरीपालन केन्द्रीय सहकारी संघ लि.** : अन्तर्राष्ट्रिय सहकारी महसंघले गरेको सहकारी मुल्य मान्यता र सिद्धान्त अनुरुप

सहकारीताको माध्यमबाट नेपालमा मौरीपालन तथा मह उत्पादनको ब्यावसासियक विकास तथा वजार ब्यवस्थापन गरी नेपालमा छरिएर रहेका मौरी ब्यवसाय सँग सम्वन्धित गरिव, विपन्न, दलित, पिछडिएको वर्ग, जाति तथा महिलाहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासगर्नको लागि मह उत्पादन ब्यवसायलाई प्रवर्द्धन र विकास गर्न आवश्यक महसुस गरी नेपाल मौरीपालन महासंघको पहलमा मिति ०६४।४।३२ मा वसेको पहिलो प्रारम्भिक भेलाको निर्णयानुसार देशभर २७ वटा सहकारी संस्थाहरुलाई आवद्ध गराई सहकारी ऐन, २०४८ बमोजिम ०६४।८।५ का दिन यो संघको स्थापना भएको हो । हाल यस संघमा ५७ वटा मौरीपालन सहकारी संस्थाहरु सदस्य रहेका छन् । आ.व.०७०/७१ मा नेपाल सरकारबाट नेपाल मौरीपालन केन्द्रीय सहकारी संघ लि. समेत ८ वटा केन्द्रीयस्तरका विभिन्न संघहरुलाई एकमुष्ठ रुपमा  प्राप्त रु ६ लाख अनुदान र संघहरुको सहभागिता समेत गरी जम्मा रु २५ लाखको खर्चमा काठमाण्डौं महानगरपालिका वार्ड नं. ३४ मा सहकारी बजार संचालनको काम शुरु गरिएको थियो ।

१३ **केन्द्रीय कफि सहकारी संघ लि.** : कफि उत्पादक कृषकहरुको आर्थिक तथा सामाजिक उत्थान गर्ने अभिप्रायले मुलुकभरका कफि उत्पादक सहकारी संघ संस्थाहरुलाई उपयुक्त मार्गदर्शन दिई ब्यवासयिक समन्वय, सहयोग र केन्द्रस्तरीय सेवा पुऱ्याउन केन्द्रीय कफि सहकारी संघ लि. को स्थापना भएको हो । सहकारी ऐन, २०४८ अनुसार गठित देशभर रहेका कफि सहकारी संघ संस्थाहरुको छाता संगठनको रुपमा २०६३ मंसीर ३ गते सहकारी विभागमा दर्ता भएको यस संघको प्रमुख उद्देश्य सहकारी संघ संस्था तथा कृषक सदस्यहरुलाई कफि खेती ब्यवसायको दीगो उत्पादन तथा उत्पादित कफिको नियमित वजार ब्यवस्था मिलाई सोको माध्यमबाट सदस्यहरुको आय स्तरमा वृद्धि गर्न उत्प्रेरित गरी सहकारीतालाई गरिवी निवारणको सशक्त अभियानको रुपमा अगाडी वढाउनु रहेको छ । यस संघमा हाल १० वटा संघ र ४३ वटा संस्था गरी ५३ वटा संघसंस्था आवद्ध रहेका छन् । यस संघले आ.व. २०७०/७१ मा नेपाल सरकारबाट रु ५० हजार र संघको लागत सहभागिताबाट पल्पिङ मेशिन खरिद गरेको देखिन्छ ।

१४ **नेपाल विद्युत केन्द्रीय सहकारी संघ लि.,** : सहकारी विभागद्वारा मिति ०६७।१२।११ मा नेपाल विद्युत केन्द्रीय सहकारी संघ लि.को दर्ता भएको हो । यस संघमा हाल ५९ वटा प्रारम्भिक विद्युत सहकारी संस्थाहरु संगठित रहेका छन् । आ.व. २०७०/७१ मा नेपाल सरकारबाट प्राप्त

अनुदान रकम रु ५० हजार समेत संख्याको लागत सहभागिताबाट यस संघको केन्द्रीय कार्यालयमा आवश्यक पर्ने फर्निचर खरिद गर्नुको साथै १ वटा अन्तरक्रिया गोष्ठी सम्पन्न भएको थियो ।

१५ **केन्द्रीय चिया सहकारी संघ लि. :** नेपालमा सन १९२० देखि चिया खेतीको सुरुवात भई खास गरी मुलुकको पुर्वि क्षेत्र- ईलाम, पाँचथर, झापा, धनकुटा लगायतका जिल्लाहरुमा नगदे वालीको रुपमा खेती गरिदै आएकोमा हालका वर्षहरुमा चिया खेतीको विस्तार भई अन्य जिल्लाहरुमा पनि ब्यवसायिक रुपमा उत्पादन सुरु भएको छ । सहकारी विभागमा मिति ०६७।५।३१ गते केन्द्रीय चिया सहकारी संघको दर्ता भई विशेष गरी प्रारम्भिक चिया सहकारी संस्थाहरुलाई आवश्यक सहयोग र नीतिगत सहयोग पु¥याउने काम हुँदै आएको छ । हाल सम्म यस संघमा ६८ वटा प्रारम्भिक संस्थाहरु आवद्ध रहेका छन् भने ५ वटा जिल्ला संघहरु आवद्ध रहेका छन् ।  आ.व. ०७०/७१ मा नेपाल सरकारबाट केन्द्रीय चिया सहकारी संघ लि. समेत ८ वटा केन्द्रीयस्तरका विभिन्न संघहरुलाई एकमुष्ठ रुपमा  प्राप्त रु ६ लाख अनुदान र संघहरुको सहभागिता समेत गरी जम्मा रु २५ लाखको खर्चमा काठमाण्डौं महानगरपालिका वार्ड नं. ३४ मा सहकारी बजार संचालनको काम शुरु गरिएको थियो । त्यसैगरी ४४ वटा चिया सहकारी संस्थाका प्रतिनीधिहरुलाई भारतमा अवलोकन भ्रमण, २० जनालाई पर्ल्स तालिम, ६० जनालाई व्यवसायिक नेतृत्व तालिम, २० वटा सहकारीको व्यवसायिक योजना तर्जुमा, चियाबारी एफ.एम. संचालन, चिया दिवस र अनुगमन निरीक्षणका कामहरु पनि सम्पन्न भएका थिए ।

१६ **नेपाल केन्द्रीय स्वास्थ्य सहकारी संघ लि. :**

सहकारी ऐन २०४८ अर्न्तगत रही देश भर संचालित स्वास्थ्य सहकारी संस्था तथा स्वास्थ्य सँग सम्वन्धित सेवालाई आफ्नो मुल उद्देश्यको रुपमा कार्यरत सहकारी संस्था तथा संघहरुको प्रवर्द्धन र विकासका लागि आवश्यक भुमिका निर्वाह गर्नका लागि मिति २०६८ श्रावण २२ गते सहकारी विभागमा दर्ता भई काठमाण्डौं महानगरपालिका-१५, ठुलो भरयाङ, स्वयम्भुमा आफ्नो कार्यालय स्थापना गरी संचालनमा रहेको छ । हाल देशभर दर्ता भएका कुल ७० वटा स्वास्थ्य सहकारी संस्थाहरु मध्ये पश्चिमको सल्यान देखि पुर्वको झापा सम्मका गरी ३२ वटा सहकारी संस्था र १ मात्र काठमाण्डौं जिल्ला स्वास्थ्य संघ यसमा आवद्ध भई सकेको छन् । यस संघको शेयर पुँजी रु ४ लाख ५ हजार रहेको छ ।

**१७ नेपाल बहुउद्देश्यीय केन्द्रिय सहकारी संघ लि.**

नेपाल बहुउद्देश्यीय केन्द्रिय सहकारी संघ लि. को स्थापना २०६९/८/२० मा भएको हो । हाल यस संघमा ८६ वटा प्रारम्भिक सहकारी संस्था र ६ वटा संघ समेत गरी जम्मा ९२ वटा संघसंस्थाहरुको आवद्धता रहेको छ । यो संघले राष्ट्रिय सहकारी संघको सदस्यता समेत प्राप्त गरेको देखिन्छ । यस संघको शेयर पँजि रु. ६४ लाख, बचत परिचालन रु. ६.५ करोड र आ.व. ०७०/७१ मा सम्पन्न कार्यहरु मध्ये सदस्यता विस्तार, अन्तरक्रिया गोष्ठी संचालन, नीतिगत लबिङ आदि भएको र यस आ.व.मा आम्दानी रु.९०.४१ लाख रहेको देखिन्छ ।

**१८ बीउ उत्पादक केन्द्रिय सहकारी संघ लि.**

केन्द्रिय बीउविजन सहकारी संघ लि. को दर्ता २०६९/८/२० गते भएको हो । संघको मुल उद्देश्य गुणस्तरीय बिउ उत्पादन र बजारीकरण गर्नु हो । हाल सम्म यस संघमा ११ जिल्लाका २९ वटा प्रारम्भिक सहकारी संस्थाहरुको आवद्धता रहेको छ । आ.व.०७०/७१ मा नेपाल सरकारबाट बीउ उत्पादक केन्द्रीय सहकारी संघ लि. समेत ८ वटा केन्द्रीयस्तरका विभिन्न संघहरुलाई एकमुष्ठ रुपमा प्राप्त रु ६ लाख अनुदान र संघहरुको सहभागिता समेत गरी जम्मा रु २५ लाखको खर्चमा काठमाण्डौं महानगरपालिका वार्ड नं. ३४ मा सहकारी बजार संचालनको काम शुरु गरिएको थियो ।

**१९) नेपाल केन्द्रीय मत्स्य सहकारी संघ लि.**

परम्पारगत माछापालन व्यवसायलाई आधुनिकीकरण र व्यावसायीकरण गर्ने उद्देश्यले नेपाल केन्द्रीय मत्स्य सहकारी संघ लि.को गठन २०७०/३/३० मा भएको हो । हाल यस संघमा ३२ वटा प्रारम्भिक संस्था र ३ वटा संघ आवद्ध रहेको छन् । यस अवधिमा संघले साधारणसभा सम्पन्न गरेको, माछापालन सम्बन्धी तालीम संचालन गरेको र माछा नीति निर्माण गरेको छ ।

# परिच्छेद ९
# सहकारी विभाग
## ९.१ वार्षिक कार्यक्रम संचालन कार्यविधि, २०७१

सहकारी विभाग अन्तर्गतका डिभिजन सहकारी कार्यालय र सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालयहरुले चालु आ.ब. २०७१/७२ मा सहकारी प्रशिक्षण केन्द तर्फ ब.शि.नं ३५२१३३-३/४ र सहकारी क्षेत्र सुदृढीकरण आयोजना तर्फ ब.शि.नं. ३५२१३४-३/४ अन्तर्गत स्वीकृत बार्षिक कार्यक्रमको कार्यान्वयनमा एकरुपता ल्याउने उद्धेश्यका साथ यो कार्यविधि तयार गरी लाग गरिएको छ ।

### तालिम तथा प्रशिक्षण (व.शि.नं. ३५२१३३-३/४) तर्फ

सहकारी विभागबाट प्राप्त अख्तियारी र राष्ट्रिय योजना आयोग/सहकारी तथा गरीवी निवारण मन्त्रालयबाट स्वीकृत बार्षिक/चौमासिक कार्यक्रम बमोजिम डिभिजन सहकारी कार्यालय र सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालयबाट संचालन हुने विभिन्न तालिम कार्यकम कार्यान्वयन गर्दा निम्न अनुसारको कार्यविधि अनिवार्य रुपमा पुरा गर्नुपर्नेछ ।

**(१) सहभागीहरुको छनौट :**

तालिम कार्यक्रममा समावेश हुने सहभागीहरुमा देहायको न्युनतम योग्यता पुगेका व्यक्तिहरु हुनु पर्नेछ :

- तालिम कार्यक्रममा सहभागी व्यक्तिहरु सहकारी संघ/संस्थाका सदस्य, संचालक र कर्मचारीहरु हुनुपर्ने ।
- जिल्लामा गठन भएका विभिन्न प्रकृतिका संस्था संख्याको आधारमा प्रशिक्षार्थी छनौंट गर्नु पर्ने ।
- पर्व सहकारी शिक्षा, सचेतना र आधारभत सहकारी ब्यवस्थापन तालीमको हकमा सामान्य लेखपढ गर्न जान्ने तर लेखापालन, पर्ल्स अनुगमन र अन्य अधिकृतस्तरको तालीमको हकमा एस.एल.सी. उर्त्तीण हुनु पर्नेछ ।
- सकभर जिल्लाका सबै भौगोलिक तथा सामाजिक क्षेत्रको प्रतिनिधित्व भएको हुनुपर्ने,
- सहभागीको संख्या प्रत्येक तालिममा कम्तिमा २५ जना हुनुपर्ने,
- एकै किसिमको तालिममा पहिले सहभागी भईसकेकोलाई पुनः समावेश नगर्ने ।

- पर्व सहकारी शिक्षा तालीमको लागि विधिवत गठित समहका सदस्य भएको हुनुपर्ने ।

## (२) प्रशिक्षकहरुको छनौट :

**क**)सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालयबाट संचालन गरिने तालिमको लागि प्रशिक्षकहरुमा देहायको योग्यता पुगेको हुनु पर्ने छः

- स्नातक वा सो भन्दा माथिको शैक्षिक योग्यता भई सहकारी क्षेत्रमा कार्य अनुभव भएको हुनु पर्ने ,
- प्रशिक्षक प्रशिक्षण तालिम प्राप्त (शिक्षण कार्यमा संलग्न हुन प्रशिक्षकले कम्तिमा एक हप्ताको TOT लिएको ) हुनुपर्ने
- कार्यालयको कर्मचारी भन्दा वाहिरवाट पनि योग्यता पुगेको व्यक्तिलाई प्रशिक्षकको रुपमा लिन सकिने ।

**ख**)डिभिजन सहकारी कार्यालय अन्तरगत सहकारी क्षेत्र सुदृढीकरण आयोजना समेतवाट संचालन हुने विभिन्न तालिमको लागिः प्रशिक्षकहरुमा देहायको योग्यता पुगेको हुनु पर्ने छ :

- कम्तीमा प्रमाण पत्र तह उतीर्ण भई सहकारी क्षेत्रमा कार्यरत रहेको ।
- प्रशिक्षक प्रशिक्षण तालिम प्राप्त वा प्रशिक्षणको क्षेत्रमा कार्यरत रहेको वा सहकारी प्रशिक्षण सम्वन्धी अनुभव भएको ।
- कार्यालयको कर्मचारी भन्दा वाहिर वाट पनि योग्यता पुगेको व्यक्तिलाई प्रशिक्षकको रुपमा लिन सकिने ।

## (३) तालिम कार्यक्रम संचालन गर्दा निम्न वमोजिमका प्रशिक्षण सामाग्रीहरुको प्रयोग भएको हुनुपर्नेछ :

- प्रशिक्षण कार्यक्रममा प्रशिक्षण सामाग्रीहरु, मार्कर, प्रशिक्षण बोर्ड, मल्टीमेडिया, Overhead Projector, Multi-media Projector, Flip chart, आदीको प्रयोग गर्नुपर्ने,
- तालीम सहभागितात्मक रुपमा संचालन गर्न समह छलफल/अन्तरकिया जस्ता क्रियाकलाप समेत संलग्न गर्नुपर्ने,
- संभव भएसम्म नजिकको उत्कृष्ट सहकारी संस्थाको आधा कार्यदिनको स्थलगत भ्रमण राख्ने ।

### (४) प्रशिक्षार्थीले प्राप्त गर्ने सुविधाहरु :

प्रशिक्षण कार्यक्रममा सहभागी भए वापत प्रशिक्षार्थीहरुलाई स्वीकृत नर्म्स वमोजिमको देहायका सुविधाहरु प्रदान गर्नु पर्नेछ । नेपाल सरकारवाट स्वीकृत गरेको नर्म्सको प्रतिलिपि अनुसची १ मा समावेश गरिएको छ ।

- दैनिक भत्ता (अर्थ मन्त्रालयवाट स्वीकृत नर्म्स, सहकारी तथा गरिवी निवारण मन्त्रालयको निर्देशन तथा अख्तियारी र आर्थिक कार्यविधि नियमावली २०६४ अनुसार),
- परिवहन सुविधा भए सो वापतको भाडा,
- स्टेशनरी सामान
- पाठ्य सामाग्री,
- खाजा, आदी ।

### (५) तालिम समापन भएपछि :

- तालिमको मल्यांकन गर्ने,
- प्रतिवेदन ( विभागमा प्रतिवेदन पठाउदा तालिम लिएका व्यक्ति र श्रोत व्यक्तिहरुको विवरण पनि पठाउने) ।
- तालिम पर्व परीक्षा (Pre-test) र तालिम पछिको परीक्षा (Post -test) लिई अध्यावधिक गर्ने ।
- तालिम प्राप्त गर्ने व्यक्तिहरुको अभिलेख राख्ने ।
- तालिम सम्पन्न भएपछि प्रमाण पत्र प्रदान गर्ने ।

## सहकारी क्षेत्र सुदृढीकरण आयोजना (व.शि.नं. ३५२१३४-३/४) तर्फ

सहकारी विभागबाट प्राप्त अख्तियारी र राष्ट्रिय योजना आयोग/सहकारी तथा गरीवी निवारण मन्त्रालयबाट स्वीकृत बार्षिक/चौमासिक कार्यक्रम अनुसार सहकारी क्षेत्र सुदृढीकरण आयोजना तर्फ समावेश भएका कार्यक्रमहरु कार्यान्वयन गर्दा निम्नानुसारको प्रकृया अवलम्वन गर्नुपर्नेछः

### १. सचना प्रविधिमा आधारित तथ्यांक व्यवस्थापन :

प्रत्येक डिभिजन सहकारी कार्यालय तथा सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालयले आफ्नो प्रादेशिक अधिकार क्षेत्र भित्रका जिल्लामा संचालित सहकारी संघ संस्थाहरुको तथ्याङक अध्यावधिक रुपमा संकलन, अभिलेखन, विश्लेषण सहित जिल्ला Profile प्रकाशन गर्ने । प्रादेशिक क्षेत्रका सचनाहरु कार्यालयको कम्प्यटरमा Store/Save गरी सुरक्षित साथ राख्ने । यस सिलसिलामा संकलन गरिने विवरणहरु सुरक्षित राख्न विभागले उपलव्ध

गराएको Format/Soft ware को प्रयोग गर्ने । सहकारी सचना सम्बन्धी अभिलेख तयार गरी Soft Copy / Hard Copy विभागमा पठाउने ।

**२. सहकारी सचना प्रविधि तथा इन्टरनेट सेवा विस्तार :**

सहकारी कार्यालयहरुले आफ्नो प्रादेशिक क्षेत्रभित्र संचालित प्रत्येक सहकारी संघ संस्थाहरुको तथ्यांक अध्यावधिक गरी प्रत्यक्ष रुपमा विभागमा पठाउन आवश्यक इन्टरनेट सेवा खरिद गरी अधिकतम रुपमा Internet सेवा प्रयोग गर्ने, आआफ्नो कार्यालयको Web Site निर्माण तथा विकास गरी सो को प्रयोग गर्ने र सुचना प्रविधि सँग सम्बन्धीत जनशक्ति विकास ( कम्प्यटर तालीम) को काम गर्ने । कार्यालयमा प्रयोग हुने Internet एवं E-mail लगायतका सुविधा समेत यसबाट उपयोग गर्न ब्यवस्था मिलाउनु पर्नेछ ।

**२(क). सहकारी सचना संजाल ब्यवस्थापनको लागि इन्टरनेट सेवा विस्तार तथा संस्थागत अभिलेख कम्प्यटरकृत एवं स्क्यानिङः**

सहकारी संघसंस्थाहरुको संख्या वढी रहेको सहकारी कार्यालयहरुले आफ्नो प्रादेशिक क्षेत्रभित्र संचालित प्रत्येक सहकारी संघ संस्थाहरुको तथ्यांक अध्यावधिक गरी इन्टरनेट सेवा खरिद गर्न, सुचना प्रविधि सँग सम्बन्धीत जनशक्ति करारमा लिने, सहकारी सचना संकलन गर्ने, कम्प्यटरमा अभिलेखन गर्ने, पुरानो फाइलवाट स्क्यानिङ गर्ने, स्क्यानिङ गरेको सचना कम्प्यटरमा राख्ने, विद्युतीय फाइलिङ गर्ने र अधिकतम रुपमा Internet सेवा प्रयोग गर्ने, आआफ्नो कार्यालयको Web Site निर्माण तथा विकास गरी सो को प्रयोग गर्ने र सुचना प्रविधि सँग सम्बन्धीत जनशक्ति विकास ( कम्प्यटर तालीम) को काम गर्ने । कार्यालयमा प्रयोग हुने Internet एवं E-mail लगायतका सुविधा समेत यसबाट उपयोग गर्न ब्यवस्था मिलाउनु पर्नेछ ।

**३.समह सहकारीकरणको लागि पर्व सहकारी शिक्षा तथा क्षमता विकास कार्यक्रमः**

